३६२

# भक्तपुर

मासिक

Bhaktapur Monthly

असार २०८३

ISSN 2705-4454




# भक्तपुर नपाको बीसौँ नगरसभा

- आ.व. २०८३/०८४ को नीति तथा कार्यक्रम
- आ.व. २०८३/०८४ को बजेट वक्तव्य
- नेपालको राजनीतिमा युवाहरूको भूमिका
- 'देशविरोधी अभिव्यक्तिको नेमकिपा विरोध गर्छ'
- 'नयाँ भेषमा लेन्डुप दोर्जे र जेलेन्स्कीहरू हामीलाई स्वीकार्य छैन'
- ब्लेज पास्कल
- राष्ट्रिय अनुसन्धान विभागको गोप्य प्रतिवेदन (जेन-जेड आन्दोलन)
- कीर्तिपुरवासीको नाक काट्ने आदेश : कति सत्य कति झूट ?
- वास्तुशिल्पको अनुपम नमुना : एक अविस्मरणीय पारिवारिक यात्रा
- भक्तपुर नपाको गतिविधि

## नेमकिपाका अध्यक्ष नारायणमान बिजुक्छँ (रोहित) बाट भक्तपुर नपाको बीसौं नगरसभाको उद्घाटन समारोह






# भक्तपुर नगरपालिकाद्वारा प्रकाशित

☎ ६६१३९५७, ६६१०३१० फ्याक्स : ६६१३२०६

website : http://bhaktapurmun.gov.np
email : info@bhaktapurmun.gov.np

Bhaktapur Municipality

BHAKTAPUR [MONTHLY] मासिक

जि.का.द.सं.१९/०३९/४० भ.पु.जि.हु.का.द.नं.१/०६१/०६२

jÌ{$#★cÆ *★g};≢!!$^★lj-;≢@)*#c;f/★A.D.2026

कार्यालय : भक्तपुर नगरपालिका कार्यालय भवन

फोन नं. : ०१-६६१३०४३

email : bhaktapurmasik@gmail.com

सम्पादक : लक्ष्मण जोशी

सहायक सम्पादक : आशा कुमार चिकंबञ्जार

डेस्कटप : धनलक्ष्मी त्यात

आवरण सज्जा : रेणु ध्वजू

मुद्रण :


भक्तपुर अफसेट प्रिन्टर्स

ब्यासी, भक्तपुर

☎ ६६१३८८८

मूल्य रु. २५।-

तस्बिरहरू : भक्तपुर नपा (उल्लेख गरिएका बाहेक)



'भक्तपुर' मासिकमा प्रकाशित लेख रचनामा अभिव्यक्त विचारहरूसँग प्रकाशक र सम्पादक मण्डलको सहमति अनिवार्य छैन ।

**'आरोग्यभन्दा ठूलो अर्को लाभ छैन ।' - गौतम बुद्ध**

## यस अङ्कमा


| क्र.सं. शीर्षक | लेखक | पृष्ठ |
|---|---|---|
| १) भक्तपुर नगरपालिकाको बीसौँ नगरसभा | | |
| – विकासको नाउँमा सम्पदामाथि असर पुग्ने गतिविधि गर्न नहुने : अध्यक्ष बिजुक्छेँ | – | ३ |
| – बीसौँ नगरसभामा प्रमुख सुनिल प्रजापतिद्वारा आ.व. २०८३/०८४ को नीति तथा कार्यक्रम प्रस्तुत | – | ६ |
| – पहिलो बैठक : धन्यवाद प्रस्ताव सर्वसम्मतले पारित | – | १२ |
| – दोस्रो बैठक : नीति तथा कार्यक्रम सर्वसम्मतले पारित | – | १२ |
| – तेस्रो बैठक : भक्तपुर नपाको अनुमानित बजेट रु. २ अर्ब ५५ करोड | – | १३ |
| – उपप्रमुख रजनी जोशीद्वारा आ.व. २०८३/०८४ को अनुमानित आय-व्यय प्रस्तुत | – | १४ |
| – चौथो बैठक : आ.व. २०८३/०८४ को बजेटमाथि छलफल | – | २२ |
| – पाँचौँ बैठक : भक्तपुर नगरपालिकाको बजेट सर्वसम्मतिबाट पारित | – | २२ |
| – नीति तथा कार्यक्रम र बजेटसम्बन्धी राय सुझाव सङ्कलन | – | २४ |
| २) नपाको नीति तथा कार्यक्रम कार्यान्वयन होस् | – | ३० |
| ३) नेपालको राजनीतिमा युवाहरूको भूमिका | विवेक | ३१ |
| ४) प्रदेशसभामा नेमकिपा | | |
| क) देशविरोधी अभिव्यक्तिको नेमकिपा विरोध गर्छ | सुरेन्द्रराज गोसाई | ३३ |
| ख) नयाँ भेषमा लेन्डुप दोर्जे र जेलेन्सकीहरू हामीलाई स्वीकार्य छैन | सृजना सैँजू | ३४ |
| ५) नेपाललाई 'बाङ्लादेश बनाउने' यस्तो थियो योजना | लोकेन्द्र विश्वकर्मा | ३६ |
| ६) मौलिक शैलीमा सम्पदा संरक्षण गर्नु जरुरी | – | ४१ |
| ७) रणजित मल्लको इतिहाससँग गाँसिएको वियोगान्त काव्य | – | ४२ |
| ८) वास्तुशिल्पको अनुपम नमुना : छिमेकी देशको आँगनमा एक अविस्मरणीय पारिवारिक यात्रा (२) | वसन्त भट्टराई | ४३ |
| ९) पार्टीले वास्तविक मोहीको पक्ष लिन्छ | कुशल | ४७ |
| १०) ब्लेज पास्कल : प्रसिद्ध गणितज्ञ, भौतिकशास्त्री र दार्शनिक | राजेन्द्र बहादुर कायष्ठ | ५० |
| ११) कीर्तिपुरवासीको नाक काट्ने आदेश : कति सत्य कति झूट ? | डा. बालगोपाल श्रेष्ठ | ५४ |
| १२) भक्तपुर नपाको कार्यपालिकाको बैठक निर्णय | – | ६५ |
| १३) भक्तपुर नगरपालिका गतिविधि | – | ७९ |
| क) शैक्षिक गतिविधि | – | ९० |
| ख) भेटघाट-अवलोकन | – | १०३ |
| ग) सङ्क्षेपमा | – | १०४ |
| १४) विविध समाचार | – | १०५ |
| १५) भ्रष्टाचारै भ्रष्टाचार | – | १२२ |
| १६) अदुअआ प्रमको पाल्तु हो ? (सम्पादकको पृष्ठ) | – | १३८ |

**साथमा** : प्रेरणीय-२३/ कति शब्द बन्छ होला ?-२९/ यता-उताबाट-२९/ Word Search-४०/ गोपालराज वंशावली (नेपालीमा-१२)-६१/ नेवा नां (८)-६४/ ख्वप अस्पतालको प्रगति-१०२/ हाम्रो स्वास्थ्य-१३५/ पर्यटक तथ्याङ्क-१३७/ तस्बिरमा केही गतिविधि ।




# विकासको नाउँमा सम्पदामाथि असर पुग्ने गतिविधि गर्न नहुने : अध्यक्ष बिजुक्छेँ

नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) ले भक्तपुर नगरपालिकाको बीसौं नगरसभाको असार ७ गते एक विशेष समारोहबिच उद्घाटन गर्नुभयो।

उद्घाटन सत्रमा प्रमुख अतिथि **बिजुक्छेँ**ले विकास निर्माणको कामलाई अघि बढाउँदा ऐतिहासिक, सांस्कृतिक तथा पुरातात्त्विक सम्पदाको संरक्षणलाई विशेष प्राथमिकता दिनुपर्ने बताउनुभयो।

उहाँले विकासको क्रममा भएका कामहरूको समीक्षा गर्दै कहाँ र कसरी कमजोरी भएका छन् भन्ने विषयमा आत्मसमीक्षा गर्न आवश्यक रहेको उल्लेख गर्दै जनप्रतिनिधिहरूले जनताको आवश्यकता र अपेक्षाअनुसार काम गर्नुपर्ने तथा जनतामाझ सही सूचना प्रवाह गर्नुपर्ने विचार व्यक्त गर्नुभयो।

समाजमा देखिएका कमजोरी र विकृतिलाई सुधार्दै अघि बढ्नुपर्ने उल्लेख गर्दै उहाँले विकासको नाउँमा सम्पदामाथि असर पुग्ने गतिविधि गर्न नहुने बताउनुभयो। उहाँले भक्तपुरको ऐतिहासिक पहिचान जोगाउनु सबैको साझा दायित्व भएको धारणा व्यक्त गर्नुभयो।

पुरातात्त्विक महत्त्वका क्षेत्रहरूमा कुनै पनि निर्माण, पुनर्निर्माण वा उत्खनन कार्य गर्नुअघि सम्बन्धित विज्ञसँग परामर्श, अध्ययन तथा अनुसन्धान गर्नुपर्नेमा जोड दिँदै अध्यक्ष बिजुक्छेँले अज्ञानतावश गरिने निर्णयले ऐतिहासिक सम्पदामा क्षति पुग्न सक्ने भएकोले यस विषयमा जनप्रतिनिधि र सरोकारवाला निकाय सचेत हुनुपर्नेमा जोड दिनुभयो।

अध्यक्ष बिजुक्छेँले समाजलाई सही दिशामा अघि बढाउन विद्यार्थी, युवा तथा जनप्रतिनिधिहरूलाई निरन्तर शिक्षित र प्रशिक्षित बनाउन आवश्यक रहेको उल्लेख गर्दै दूरदर्शी सोच, अनुशासन र जिम्मेवार नेतृत्वबाट मात्र समाजको समग्र विकास सम्भव हुने बताउनुभयो।



उहाँले विकास र संरक्षणलाई सँगसँगै अघि बढाएर भक्तपुरको ऐतिहासिक तथा सांस्कृतिक पहिचान जोगाउँदै समृद्ध समाज निर्माण गर्न सबै पक्ष एकजुट हुनुपर्ने आवश्यकता औंल्याउनुभयो ।

कार्यक्रमका सभापति एवम् भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले आ.व. २०८३/०८४ को नीति तथा कार्यक्रम प्रस्तुत गर्दै शिक्षा, स्वास्थ्य, सम्पदा संरक्षण, सरसफाइ, खानेपानीजस्ता जनताका आधारभूत आवश्यकतालाई प्राथमिकतामा राख्दै निर्वाचन घोषणापत्रअनुसार काम गर्दै आएको चर्चा गर्नुभयो ।



'नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) ले लेख्नुभएको *'सय वर्षपछिको भक्तपुर'* ले हामीलाई काम गर्न दिशानिर्देश गरिरहेको छ । नगरवासीहरूको रचनात्मक सल्लाह, सुझाव र आलोचनालाई आत्मसात गर्दै हामी सम्पूर्ण जनप्रतिनिधिहरू भक्तपुरको विकासको निम्ति अगाडि बढ्दै छौँ', उहाँले भन्नुभयो ।

भक्तपुर नगरपालिकाको आन्तरिक र बाह्य सीमित स्रोत र साधनहरूको आधारमा जनताको असीमित आवश्यकतालाई पूरा गर्नुपर्ने जिम्मेवारी रहेको बताउँदै उहाँले प्राथमिकता क्रमको आधारमा काम गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

वाग्मती प्रदेशसभा सदस्य **सुरेन्द्रराज गोसाई**ले भूकम्प र कोभिड–१९ महामारीपछिको कठिन परिस्थितिका बिच भक्तपुर नगरपालिकाले हासिल गरेको विकास र प्रगति उल्लेखनीय रहेको बताउनुभयो ।



उहाँले नेपाल मजदुर किसान पार्टीले निरन्तर जनताको सेवा गर्दै आएको र यसका काम तथा उपलब्धिबारे देशव्यापी रूपमा चर्चा हुने गरेको उल्लेख गर्नुभयो ।

उहाँले नेमकिपालाई विकासविरोधी भन्ने आरोप लगाउनेहरूलाई भक्तपुरमा भएका विकास निर्माणका कार्यहरूले गलत साबित गरिरहेको बताउँदै क्षेत्रफलका हिसाबले भक्तपुर सानो भए पनि यहाँ राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका विद्यालय, कलेज र सांस्कृतिक संस्थाहरू रहेको, विभिन्न सांस्कृतिक गतिविधि सञ्चालन हुने गरेको तथा अन्तर्राष्ट्रिय भ्रमण र आदानप्रदानका कार्यक्रमहरू भइरहेको बताउनुभयो ।

उहाँले भक्तपुर विश्व सम्पदा सहरका रूपमा परिचित रहेको उल्लेख गर्दै नगरले देशको मात्र नभई अन्तर्राष्ट्रिय समुदायको समेत सेवा गरिरहेको धारणा राख्नुभयो ।

उहाँले सामुदायिक विद्यालयहरूको शैक्षिक गुणस्तर अझ सुदृढ बनाउँदै लैजानुपर्ने, भक्तपुर नगरपालिकाले सञ्चालन गर्दै आएको शिशु स्याहार केन्द्रलाई थप नमुनायोग्य बनाउनुपर्ने सुझाव दिँदै नगर प्रहरी परिचालनलाई अझ चुस्त, दुरुस्त र प्रभावकारी बनाउनुपर्ने तथा विदेशमा अध्ययन गरेका दक्ष जनशक्तिलाई आफ्नै नगर र जिल्लाको सेवामा योगदान दिन प्रेरित गर्ने सन्देश प्रवाह गर्न नगरपालिकाले अग्रणी भूमिका खेल्नुपर्नेमा जोड दिनुभयो ।

वाग्मती प्रदेशसभा सदस्य **सृजना सैँजु**ले विकास र सुशासनका क्षेत्रमा भक्तपुर नगरपालिकाले स्थापित गरेको मोडल उदाहरणीय रहेको बताउनुभयो । उहाँले शिक्षा र स्वास्थ्यलाई प्राथमिकतामा राखेर बजेट निर्माण तथा कार्यान्वयन गर्ने कार्य अन्य स्थानीय तहका लागि पनि अनुकरणीय बन्दै गइरहेको उल्लेख गर्दै भक्तपुर नगरपालिका विकास, सुशासन र सेवा प्रवाहका दृष्टिले 'प्रकाशस्तम्भ' का रूपमा स्थापित भएको बताउनुभयो ।



भक्तपुर नगरपालिकाले पार्टीको घोषणापत्रलाई शिरोधार्य गर्दै जनताको सहयोग, जनप्रतिनिधि र कर्मचारीको संयुक्त प्रयासबाट प्राप्त उपलब्धिहरू सम्भव भएको उहाँले बताउनुभयो ।

सांसद सैँजूले कुनै पनि संस्था एक वा दुई व्यक्तिको निर्णयले मात्र सफलतापूर्वक सञ्चालन हुन नसक्ने उल्लेख गर्दै सामुहिक भावना, साझा जिम्मेवारी र सहकार्यबाट गरिएका



कामहरू दिगो हुने धारणा व्यक्त गर्नुभयो ।

भक्तपुरमा समाजवादी कार्यशैलीअनुसार काम अगाडि बढिरहेको र राष्ट्रिय सम्पत्तिको संरक्षण तथा संवर्द्धनमा विशेष ध्यान दिइएको उहाँको भनाइ थियो ।

उहाँले सभ्यता र संस्कृतिको संरक्षणलाई समृद्ध समाज निर्माणको आधार मान्दै सभ्यता नभएको देश पछाडि पर्ने बताउनुभयो । समाजवादको महत्त्वपूर्ण पक्ष नै सभ्यता, संस्कृति र सम्पदाको संरक्षण तथा पुस्तान्तरण भएको उल्लेख गर्दै भक्तपुरले यस क्षेत्रमा उल्लेखनीय कार्य गरिरहेको बताउनुभयो ।

भक्तपुर नगरपालिकाका उपप्रमुख **रजनी जोशी**ले स्वागत मन्तव्य राख्दै नगरको गौरवमय यात्राबारे प्रकाश पार्दै नगरसभाले २०८३/०८४ को नीति तथा कार्यक्रमलाई आधार बनाई आवश्यक बजेट निर्माण गरी



अगाडि बढ्ने बताउनुभयो ।

उपप्रमुख जोशीले भक्तपुर नगरपालिकाले सूचना प्रविधिको अधिकत्तम प्रयोग गर्दै डिजिटलाइज्ड नगर निर्माणतर्फ महत्त्वपूर्ण कदमहरू अघि बढाएको स्पष्ट पार्दै जनप्रतिनिधिहरूले इमानदारीपूर्वक जनताको सेवामा समर्पित भएर काम गरिरहेको र नगरवासीको विश्वास र अपेक्षाअनुसार विकास निर्माण तथा सेवा प्रवाहलाई अझ प्रभावकारी बनाउँदै अगाडि बढ्न प्रतिबद्ध रहेको बताउनुभयो ।

ख्वप कलेज अफ इन्जिनियरिङका प्राचार्य **सुनिल दुवाल**





र ख्वप अस्पतालका निमित्त मेडिकल डाइरेक्टर डा. **मजेशप्रताप मल्ल**ले नगरपालिकाबाट सञ्चालित शैक्षिक र स्वास्थ्य संस्थाहरूले सर्वसाधारणलाई दिँदै आएको सुलभ र गुणस्तरीय सेवाबारे चर्चा गर्नुभयो ।





भक्तपुर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत **वसन्त भट्टराई**ले धन्यवाद ज्ञापन गर्नुभएको उक्त उद्घाटन कार्यक्रममा वडा नं. ९ का वडाध्यक्ष **रवीन्द्र ज्याख्व**ले पनि बोल्नुभएको थियो ।

# भक्तपुर नपाको बीसौं नगरसभा

## प्रमुख सुनिल प्रजापतिद्वारा प्रस्तुत

## आ.व. २०८३/०८४ को नीति तथा कार्यक्रम

(पूर्णपाठ )

नगर सभासद्हरू,

नेपालको संविधान कार्यान्वयनमा आएपछि भएको दोस्रो स्थानीय तहको निर्वाचनबाट हामी निर्वाचित भएको चार वर्ष पूरा भई पाँचौं वर्षमा प्रवेश गर्दै छौँ । यो वर्ष हाम्रो कार्यकालको अन्तिम वर्ष हो । यो कार्यकालको अन्तिम बजेट पेस गर्ने अवसर पनि हो । २०७९ साल जेठ ६ गते दोस्रो कार्यकालका लागि सपथ ग्रहण गरेदेखि नै निरन्तर जनताको सेवामा समर्पित भएर काम गर्दै छौँ । शिक्षा, स्वास्थ्य, सम्पदा संरक्षण, सरसफाइ, खानेपानीजस्ता जनताका आधारभूत आवश्यकताहरूलाई प्राथमिकतामा राख्दै निर्वाचन घोषणापत्रअनुसार काम गर्दै छौँ ।

भक्तपुरलाई आजको अवस्थासम्म ल्याई पुऱ्याउन हाम्रा धेरै अग्रजहरूले दुःख गर्नुभयो । पञ्चायती व्यवस्थाको निरङ्कुश शासनकाल र त्यसपछिका अवधिमा धेरै राजनीतिक कार्यकर्ताहरूले कुनै पद र पैसाको लोभ नगरी आफ्नो जीवनको महत्त्वपूर्ण समय जेलको कठोर चौघेरामा बिताउनुभयो, प्रवास र भूमिगत भएर जनताको सुख दुःखमा साथ दिनुभयो र आजको गणतान्त्रिक व्यवस्था स्थापना गर्न योगदान गर्नुभयो । जनप्रतिनिधि भएर वा नभएर पनि भक्तपुरको गौरव बढाउने काममा महत्त्वपूर्ण योगदान गर्नुभएका ती तमाम अग्रजहरूप्रति उच्च सम्मान व्यक्त गर्दछौँ ।

भक्तपुर राष्ट्रिय र अन्तर्राष्ट्रिय जगतमा चर्चामा रहँदै आएको छ । ई.ए. पावेलले सन् १९२९ मा आफ्नो पुस्तक 'द लास्ट होम अफ मिस्ट्री' मा भक्तपुर दरबार क्षेत्रको प्रशंसा गर्दै लेख्नुभएको थियो, *'भक्तपुरको दरबार क्षेत्र अवलोकन गर्दा संसारको आधा भूगोल भ्रमण गरेसरह हुनेछ ।'* विद्वान् जगदीश शमशेर राणाले भक्तपुरलाई *'नाचगानको राजधानी'* को उपमा दिनुभयो भने जर्मन वास्तुकलाविद् निल्स गुत्सोभले भक्तपुरलाई *'संसारकै ठूलो जीवित सङ्ग्रहालय'* को संज्ञा दिनुभएको छ । मूर्त र अमूर्त सम्पदाहरूले भरिएको यस




सांस्कृतिक नगरको नेतृत्वमा रहेर जनताको सेवा गर्न पाएकोमा हामी अत्यन्त खुसी छौँ ।

भक्तपुर सम्पदा र सभ्यताको सहर हो र यहाँका सम्पदाहरू विश्व प्रसिद्ध छन् । ती सबैको संरक्षण र संवर्द्धन गरी नयाँ पुस्तालाई हस्तान्तरण गर्नुलाई हामीले आफ्नो कर्तव्य र जिम्मेवारी ठानेका छौँ । नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) ले लेख्नुभएको *'सय वर्षपछिको भक्तपुर'* ले हामीलाई काम गर्न दिशानिर्देश गरिरहेको छ । नगरवासीहरूको रचनात्मक सल्लाह, सुझाव र आलोचनालाई आत्मसात गर्दै हामी सम्पूर्ण जनप्रतिनिधिहरू भक्तपुरको विकासको निम्ति अगाडि बढ्दै छौँ ।

नगरपालिकाका स्रोत र साधनहरू सीमित छन् । त्यसको आधारमा हाम्रा असीमित आवश्यकताहरू पूरा गर्नुपर्ने बाध्यता हामीसँग छ । भक्तपुर नगरपालिकाको आन्तरिक र बाह्य सीमित स्रोत र साधनहरूको आधारमा जनताको असीमित आवश्यकतालाई पूरा गर्नुपर्ने जिम्मेवारी पनि हामीसँग छ । प्राथमिकता क्रमको आधारमा काम गर्ने प्रतिबद्धता व्यक्त गर्दै यो वर्षको नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छौँ :

### क) शिक्षा :

१) नगरपालिकाले ख्वप कलेज, ख्वप इन्जिनियरिङ कलेज, ख्वप कलेज अफ इन्जिनियरिङ, ख्वप कलेज अफ ल, ख्वप बहुप्राविधिक अध्ययन संस्थानलगायत सात वटा शैक्षिक संस्थाहरू सञ्चालन गरी देशभरका विद्यार्थीहरूलाई

कम शुल्कमा गुणस्तरीय शिक्षा प्रदान गर्दै आएको छ। नगरपालिकाद्वारा सञ्चालित ती शैक्षिक संस्थाहरूमा समयको आवश्यकता र विद्यार्थीहरूको मागबमोजिम नयाँ नयाँ विषयहरू थप गर्दै लगिने छ।

२) विज्ञान तथा प्रविधि, इन्जिनियरिङ, वातावरण र पर्यावरण, संस्कृति-सम्पदा संरक्षण, अर्थतन्त्र, स्वास्थ्यलगायतका विषयमा अध्ययन अनुसन्धान, प्रकाशन, नवप्रवर्तनसँगै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सम्मेलनको आयोजना गरिनेछ।

३) नगरपालिकाद्वारा सञ्चालित कलेजहरूमा अध्ययनरत विद्यार्थीहरूलाई नगरपालिकाको कार्यालय, वडा कार्यालय, कलेज, अस्पताल तथा नपाअन्तर्गतका संस्थाहरूमा इन्टर्नसीप र स्वयंसेवक भई कार्य गर्ने अवसर प्रदान गरिनेछ।

४) भक्तपुरको बौद्धिक तथा सांस्कृतिक सम्पदाको संरक्षणका लागि बौद्धिक सम्पत्तिसम्बन्धी कानुनी विश्लेषण, डिजिटल प्रवर्द्धन र रणनीतिक कार्य योजना बनाइनेछ।

५) भक्तपुर नगरपालिकामा आर्थिक, सामाजिक, सांस्कृतिक अवस्थाबारेमा अध्ययन तथा अनुसन्धान सुरु गरिनेछ।

६) भक्तपुर नगरपालिकाभित्र विभिन्न विषयहरूमा अध्ययन अनुसन्धान गर्ने अनुसन्धानकर्ता विद्यार्थीहरूलाई नगरपालिकाको तर्फबाट प्रदान गरिँदै आएको अनुसन्धान वृत्तिलाई निरन्तरता दिइनेछ। राजनीतिशास्त्र, नेपालभाषा, संस्कृति, अर्थशास्त्र र दर्शनशास्त्र विषय लिई उच्च शिक्षा अध्ययन गर्ने विद्यार्थीहरूलाई स्नातक, स्नातकोत्तर, एमफिल र विद्यावारिधिसम्म छात्रवृत्ति प्रदान गर्ने नीतिलाई निरन्तरता दिइनेछ। यस वर्षदेखि अर्वान डिजाइन एन्ड कन्जरभेसन विषय लिई उच्च शिक्षा अध्ययन गर्ने विद्यार्थीहरूको लागि छात्रवृत्तिको व्यवस्था मिलाइनेछ।

७) गरिब तथा जेहनदार विद्यार्थीहरूलाई छात्रवृत्तिको व्यवस्था गरिनेछ। खेलकुदका विभिन्न विधाहरूमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पदक प्राप्त गर्ने खेलाडी विद्यार्थीहरूलाई नगरपालिकाद्वारा सञ्चालित मावि तथा कलेजहरूमा छात्रवृत्तिको व्यवस्था गरिनेछ।

८) शैक्षिक गुणस्तर वृद्धि गर्न हाजिरीजवाफ प्रतियोगिता, चित्रकला, वक्तृत्वकला, निबन्ध, वादविवादलगायतका अतिरिक्त गतिविधिहरू सञ्चालन गरिनेछ। विद्यालयहरूमा सांस्कृतिक र खेलकुद प्रशिक्षकको व्यवस्था गरिनेछ।

९) नगरभित्रका विद्यालयहरूको भौतिक पूर्वाधार निर्माणमा सहयोग तथा विज्ञान, गणित तथा सामाजिक प्रयोगशालाहरू स्थापना गर्दै लगिनेछ।

१०) शिक्षकहरूको लागि विभिन्न विषयहरूमा आवश्यक तालिमको बन्दोबस्त गरिनेछ। विद्यार्थी सङ्ख्याको आधारमा शिक्षक सङ्ख्या नपुगेका विद्यालयहरूका लागि अनुदानको व्यवस्था र सामुदायिक तथा संस्थागत विद्यालयहरूमध्ये एसईई परीक्षा नतिजाको आधारमा उत्कृष्ट विद्यालय, शिक्षक तथा विद्यार्थीहरूलाई सम्मान गरिनेछ।

११) विद्यालय तहदेखि नै सीपमूलक तथा व्यवसायिक तालिमहरू प्रदान गरी शिक्षालाई उत्पादन श्रमसँग जोड्न पहल गरिनेछ। विद्यालयहरूमा सूचना प्रविधिको (ICT) विस्तार, एआई (AI) तालिम र विद्यालयलाई प्रविधिमैत्री बनाउन स्मार्टबोर्डहरूको व्यवस्था मिलाइनेछ।

१२) पठन संस्कृतिको विकास गर्ने उद्देश्यले वडा वडामा रहेका पुस्तकालय, वाचनालय तथा सामुदायिक सिकाइ केन्द्रहरूलाई आवश्यक सहयोगको व्यवस्था गरिनेछ।

१३) 'एक विद्यालय, एक सम्पदा सरसफाइ' कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१४) हाल सञ्चालनमा रहेका वडा-वडाका शिशु स्याहार केन्द्रको स्तरोन्नति गरी वडा नं. १० मा निर्माणाधीन शिशुस्याहार केन्द्र सञ्चालनमा ल्याइनेछ।

१५) स्थानीय पाठ्यक्रम अध्यापन गर्ने शिक्षकहरूलाई तालिमसँगै आवश्यक शिक्षण सामग्रीहरू उपलब्ध गराइनेछ। नेपालभाषा र लिपि कक्षाको प्रशिक्षणको व्यवस्था मिलाइनेछ।

१६) ख्वप मेडिकल कलेज सञ्चालनको लागि भक्तपुर नपा १ सल्लाघारीस्थित १०८ रोपनी जग्गा उपलब्ध गर्न सम्बन्धित निकायमा पहल गरिनेछ।

१७) वडा-वडामा बालबालिकाका लागि गृहकार्य कक्षा सञ्चालनको लागि आवश्यक शिक्षकको व्यवस्था गरिनेछ र शैक्षिक ऋण रकमको सीमा वृद्धिका साथै सोमा लाग्ने ब्याजको प्रतिशतलाई समय सापेक्ष बनाइनेछ।

## ख) स्वास्थ्य :

१८) ख्वप अस्पताललाई स्तरोन्नतिसँगै आवश्यक भौतिक पूर्वाधारहरूको निर्माण गरी एम.आर.आई. सेवा, आई.सी.यू. सेवालगायत आधुनिक स्वास्थ्य उपचार सेवा सञ्चालनको तयारी गरिनेछ। साथै मृगौला रोगको उपचारका लागि डायलाइसीस सेवा विस्तारमा पहल गरिनेछ।

१९) भक्तपुरमा सञ्चालित सरकारी तथा निजी अस्पतालहरूसँग समन्वय र सहकार्य गरी भक्तपुर नपालाई स्वास्थ्य उपचार सेवाको गन्तव्य बनाउन पहल गरिनेछ।

२०) नगरवासीहरूमा बढ्दो रूपमा देखिएका चिनी रोग, उच्च रक्तचाप र कोलेस्ट्रोलजस्ता नसर्ने रोगहरूको अध्ययन अनुसन्धान गर्ने र 'घरदैलो नर्सिङ सेवा' लाई थप प्रभावकारी बनाइनेछ। नगरवासीहरूको स्वास्थ्य विवरण

प्रोफाइल तयार गर्ने र क्यान्सर, मृगौला, नाक, कान, घाँटी र श्वासप्रश्वाससम्बन्धी नसर्ने रोगहरूको नियमित स्वास्थ्य शिविर सञ्चालन गरिनेछ ।

२१) वडा–वडामा सञ्चालित स्वास्थ्य केन्द्रहरूलाई क्रमशः स्तरोन्नति गर्दै विशेषज्ञ उपचार सेवा विस्तार गर्दै लगिनेछ । भक्तपुर नपा–७ खँचामा आधारभूत स्वास्थ्य उपचार केन्द्र सञ्चालन गरिनेछ र नगरवासीहरूलाई रगत, अक्सिजन तथा शव वाहन सेवा, मनोपरामर्श सेवा निःशुल्क उपलब्ध गराइनेछ ।

२२) नगरपालिकाको व्यवस्थापनमा सञ्चालित नागरिक आरोग्य केन्द्र, श्वास प्रश्वास पुनः स्थापना केन्द्रको सेवा विस्तार र नगरवासीहरूलाई स्वस्थ राख्न शारीरिक व्यायामशाला निर्माण गर्दै थप प्रभावकारी बनाउँदै लगिनेछ ।

२३) ख्वप तिलगङ्गा आँखा अस्पतालको स्तरोन्नति गर्दै आधारभूत स्वास्थ्य केन्द्रहरूमार्फत आँखा उपचार सेवा विस्तार गरिनेछ ।

२४) महिला सामुदायिक स्वास्थ्य स्वयम्सेविकाहरू तथा फोहोरमैला व्यवस्थापनमा लाग्ने कर्मचारीहरूलाई नियमित स्वास्थ्य परीक्षण तथा उपचार सेवाको प्रबन्ध मिलाइनेछ ।

२५) नगरपालिकाद्वारा सञ्चालित अस्पताल तथा स्वास्थ्य केन्द्रहरूमा ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूका लागि सहज उपचार सेवाको व्यवस्था गरिनेछ ।

## ग) सम्पदा र संस्कृति :

२६) भक्तपुरलाई 'सांस्कृतिक नगर' घोषणा गर्न पहल गरिनेछ । दाफाभजन र परम्परागत बाजागाजाको बोल लिपिबद्ध गर्नुका साथै संस्कृतिको संरक्षण तथा अभिलेखीकरण गरिनेछ । परम्परागत बाजा तथा भजनको प्रतियोगिता एवम् प्रदर्शनीहरू गरेर सांस्कृतिक संरक्षणमा जोड दिइनेछ ।

२७) परम्परागत एवम् आधुनिक विधाका सांस्कृतिक गतिविधिसँगै समय–समयमा नगरका विभिन्न ठाउँमा आलोपालो गरी मेला र उत्सवहरू सञ्चालन गरेर आर्थिक गतिविधि बढाइनेछ । भक्तपुरलाई जीवन्त सम्पदा सहरको रूपमा विकास गर्न बिहान र बेलुकीको समयमा सत्तल, पाटीपौवामा भजनलगायतका सांस्कृतिक गतिविधिहरू गरी आन्तरिक तथा बाह्य पर्यटन प्रवर्द्धन गरिनेछ ।

२८) ऐतिहासिक थन्थु दरबार निर्माण सम्पन्न गरी सङ्ग्रहालयको रूपमा विकास गरिनेछ र परम्परागत शैलीमा निर्मित हाडा छँको समुचित प्रयोगको नीति अवलम्बन गरिनेछ । खौमास्थित उमामहेश्वर, क्वाछेँको नारायण मन्दिर, चासुखेलको दही विनायक द्यःछेँ र टौमढीको नवदुर्गा द्यःछेँ पुनःनिर्माण प्रक्रिया अगाडि बढाइनेछ । ऐतिहासिक नवदुर्गा जात्रा सञ्चालनमा नगरपालिकाको तर्फबाट सहजीकरण गरिनेछ ।

२९) परम्परागत शैलीमा घर निर्माण गर्ने नगरवासीहरूलाई नगरपालिकाको तर्फबाट प्रोत्साहनस्वरूप दिँदै आएको अनुदानलाई निरन्तरता दिँदै ऐतिहासिक महत्त्वका निजी घर निर्माणमा सहजीकरण गरिनेछ ।

३०) सम्पदा क्षेत्रमा रात्रिकालीन बत्ती तथा सीसी क्यामेराको व्यवस्था गरिनेछ ।

३१) भक्तपुरमा पर्यटकहरूको बसाइँ लम्ब्याउने उद्देश्यले सांस्कृतिक प्रदर्शनी केन्द्र निर्माण गरी नियमित सांस्कृतिक प्रदर्शनी थालनी गरिनेछ ।

३२) टोल–टोलको मौलिक नामकरणका साथै मन्दिर, द्यःछेँ, देवालय, शिवालय, बहाबही, चोक, ननी, पाटी, सत्तल, ढुङ्गेधारा, पोखरीलगायतका सम्पदाहरूको संरक्षण गरी डिजिटल अभिलेखीकरण गरिनेछ ।

३३) भक्तपुरको पहिचानको रूपमा रहेका जुजु धौ, तका तपुली (भादगाउँले टोपी), कवाँचा प्याखँ, बिस्काको घातु म्ये र कसिमला पायँ (अभौतिक राष्ट्रिय सम्पदा) सूचीकरण प्रक्रियामा छन् भने यहाँका मूर्त र अमूर्त सम्पदाहरूको राष्ट्रिय सूचीकरणमा समावेश गर्न प्रक्रिया अगाडि बढाइनेछ । भक्तपुरका परम्परागत एवम् मौलिक उत्पादनहरूको प्रवर्द्धन गर्दै पर्यटन विकाससँग जोड्ने नीति अगाडि बढाइनेछ ।

## घ) पर्यटन :

३४) भक्तपुरलाई धार्मिक तथा सांस्कृतिक पर्यटनसमेतको आकर्षण केन्द्र बनाउन अल्पकालीन तथा दीर्घकालीन योजनाहरू निर्माण गर्न इतिहास र संस्कृतिका विज्ञहरू तथा सरोकारवाला समूहहरूको प्रतिनिधित्व गर्दै सम्भाव्यता अध्ययन समिति गठन गरिनेछ ।

३५) भक्तपुरका चाडपर्वहरूको परिचयसहित सांस्कृतिक क्यालेन्डर निर्माण र सांस्कृतिक सम्पदा पदयात्रालगायत पर्यटकीय गतिविधि सञ्चालन गरिनेछ ।

३६) भक्तपुरको पर्यटन प्रवर्द्धनका लागि भक्तपुर पर्यटन विकास समिति, होटल एसोसियसन अफ भक्तपुर, ट्राभल एजेन्सी र डिजिटल विषयवस्तु सर्जक (कन्टेन्ट क्रियटर) हरूसँग समन्वय र सहकार्य गरिनेछ ।

३७) नगरका मुख्य–मुख्य सम्पदा क्षेत्रहरू, गल्ली र चोकहरूमा समेत पर्यटन प्रवर्द्धनका गतिविधिहरू सञ्चालन गरिनेछ । होमस्टे, फेमिलिस्टे र पथप्रदर्शक तालिमहरू सञ्चालन गरिनेछ ।

३८) आन्तरिक तथा बाह्य पर्यटन प्रवर्द्धनका लागि भाज्यापुखू, नपुखू, बाहारे पुखू (कमलविनायक पोखरी) लगायतका स्थानहरूमा नियमित रूपमा स्थानीय तथा घरेलु उत्पादन, सांस्कृतिक गतिविधिसहित मेला तथा उत्सवहरू सञ्चालन गरिनेछ। नःपुखूमा वाटर साइक्लिङ सञ्चालनमा ल्याइनेछ।

## ङ) खेलकुद :

३९) शिक्षा र खेलकुदलाई सँगसँगै लाने नीति लिइनेछ। विद्यालयका खेल प्रशिक्षकहरूलाई आवश्यक तालिमसँगै खेलको स्तर वृद्धि गर्ने प्रयास गरिनेछ।

४०) राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरका खेलाडीहरू उत्पादन गर्न नियमित प्रशिक्षण तथा आवश्यक खेलकुद पूर्वाधारहरू तयार गर्ने र नगरभित्रका खेल मैदानहरूको सुधार तथा स्तरोन्नति गरिनेछ। विद्यालयस्तरीय तथा अन्तरनगर खेलकुद प्रतियोगिता सञ्चालन गरिनेछ। खेलाडीहरूको बीमा गर्ने कार्य आरम्भ गरिनेछ।

४१) वडा–वडामा सञ्चालनमा रहेको छिकोङ व्यायामलाई स्तरोन्नति गर्दै त्यसलाई विद्यालय स्तरसम्म विस्तार गर्ने नीति लिइनेछ।

४२) खेल विकासको लागि उपयुक्त स्थानमा कभर्ड हल तथा फुटसल खेलका निम्ति खेलमैदान निर्माण गर्ने तयारी गरिनेछ। नगरको उपयुक्त स्थानमा पौडी पोखरी निर्माण गरिनेछ। महेश्वरी खेलमैदान र सहिद स्मृति खेल मैदानको स्तरोन्नति गरिनेछ।

४३) स्थानीय खेलकुद समिति, टीम–क्लब, पुस्तकालय, वाचनालयहरूलाई परिचालन गर्दै वडास्तरीय, नगरस्तरीय खेलकुद प्रतियोगिता तथा अतिरिक्त क्रियाकलापहरू सञ्चालन गरिनेछ।

## च) वातावरण र सरसफाइ :

४४) नगरभित्रका सम्पदा क्षेत्र, खुला क्षेत्र, खोला, पोखरीलगायतका स्थानहरूमा नगरपालिकाका जनप्रतिनिधिहरू र कर्मचारीहरूको नेतृत्वमा स्थानीय जनताको उपस्थितिमा नियमित पाक्षिक सरसफाइ कार्यक्रमलाई निरन्तरता दिँदै उपयुक्त स्थानहरूमा वृक्षरोपण गरी हरियाली व्यवस्थापन गरिनेछ।

४५) हनुमन्ते खोला तथा कासन खोला सुधार गर्दै खोलाको डिलमा टेवा पर्खाल (रिटेनिङ वाल) निर्माण गरी वृक्षरोपण गरिनेछ।

४६) नगरका उपयुक्त स्थानहरूमा पार्कहरू निर्माण गरिनेछ र सम्पदास्थललगायतका महत्त्वपूर्ण स्थानहरूमा बिरुवासहितको गमला राखी सौन्दर्यकरणमा प्राथमिकता दिइनेछ।

४७) बिजुली, टेलिफोन तथा इन्टरनेटका तारहरू अव्यवस्थित भई दृश्य प्रदूषण देखिएकोले ती तारहरूको उचित व्यवस्थापन गरी भूमिगत तार व्यवस्थापन शीघ्र सम्पन्न गरिनेछ। नगरको मुख्य बजार क्षेत्रमा पसल कवलमाथि पाखा राख्नेमा एकरूपता ल्याउनुका साथै रात्रिकालीन बत्ती र आकर्षक गमलाहरूको व्यवस्था गरिनेछ।

४८) सल्लाघारी र हनुमानघाट (खँचा) मा निर्माणाधीन उपचार पोखरीहरूको निर्माण कार्य सम्पन्न गरी उपचारपछिको पानी खोलामा पठाई खोलाको पर्यावरणलाई स्वस्थ र जीवन्त बनाउन पहल गरिनेछ।

४९) वातावरणीय प्रदूषण घटाउन प्लास्टिकको झोलालगायत सामग्रीहरूको प्रयोगमा न्यूनीकरण गरिनेछ।

५०) सरोकारवाला सरकारी निकायहरूसँग समन्वय गरी नगरको ढल निकास व्यवस्थापनमा सुधार तथा आवश्यक पूर्वाधार निर्माण गरिनेछ। योसिंख्योदेखि सल्लाघारीसम्मको प्रस्तावित ढललाई औचित्यको आधारमा खारेज प्रक्रिया अगाडि बढाइनेछ।

५१) नगरको मूल सडकमा भारी सवारीसाधनहरूलाई क्रमशः निषेध गर्दै पैदलयात्रीमैत्री बनाउँदै लगिनेछ। नयाँ आवास क्षेत्रहरूमा भारी सवारी साधन प्रवेश निषेध गर्ने नीति लिइनेछ।

५२) नगर क्षेत्रलाई ध्वनि, वायुलगायतको प्रदूषण न्यूनीकरण गर्न तथा नगरवासीहरूको स्वास्थ्यलाई उच्च प्राथमिकता दिँदै साइकल यात्रालाई प्रोत्साहित गरिनेछ।

५३) आधुनिक प्रविधि जडान गरी कुहिने फोहोरबाट कम्पोस्ट मल उत्पादन तथा नकुहिने फोहोरलाई पुनः प्रयोग, पुनः उत्पादन विधि प्रयोग गरी फोहोरमैलाको दीर्घकालीन व्यवस्थापन गर्न पहल गरिनेछ।

## छ) खानेपानी :

५४) परम्परागत खानेपानीको स्रोतको रूपमा रहेका इनार, कुवा, ढुङ्गेधारा र अन्य स्रोतको पहिचान गरी सुधार र संरक्षण गरिनेछ।

५५) नगरका सबै बस्तीहरूमा मेलम्ची र नगरकोटको खानेपानीको पहुँच पुऱ्याउन वितरण प्रणालीलाई सुधार गर्ने र उचित स्थानमा डिप बोरिङ, खानेपानी ट्याङ्कीलगायत अन्य आवश्यक पूर्वाधार निर्माण र आकासेपानी सङ्कलन तथा जमिनमुनि पानी पुनर्भरणको वैज्ञानिक विधि अपनाइनेछ।

## ज) कृषि :

५६) नगरपालिकाबाट उत्पादित कम्पोस्ट मल र कृषि चुन

सहुलियत दरमा बिक्री गरी यसको प्रयोगमा नगरवासीहरूलाई उत्साहित गरिनेछ ।

५७) भक्तपुर नपा ८ मा निर्माणाधीन चिस्यान केन्द्र सञ्चालन गरिनेछ । भक्तपुर नपा ५ मा निर्मित तरकारी बजार सञ्चालनमा ल्याई समय-समयमा कृषि उत्पादन मेला सञ्चालन गरिनेछ ।

५८) समय-समयमा सस्तो बजार सञ्चालन गरी कृषि बजार प्रवर्द्धन गरिनेछ ।

५९) नगरवासी कृषकहरूको सूचीकरण गर्दै कृषि अभ्यास, उन्नत बीउबिजनको प्रयोग तथा जैविक विषादी प्रयोगसम्बन्धी विज्ञहरूबाट तालिम र माटो परीक्षणको व्यवस्था गरिनेछ । कृषकहरूलाई सहुलियत ब्याजदरमा कृषि ऋणको व्यवस्था गरिनेछ ।

## झ) सहकारी :

६०) सहकारी संस्थाहरूलाई उत्पादनमूलक क्षेत्रमा लगानी गर्न प्रोत्साहित गर्नुका साथै सीपमूलक तालिमहरू दिएर युवाहरूलाई आत्मनिर्भर बनाउने नीति लिइनेछ । नगरवासीहरूलाई वित्तीय साक्षरता अभियान सञ्चालन गरिनेछ ।

६१) सहकारी संस्थामा रहेका बचतकर्ताहरूको बचत रकम सुरक्षित गर्न सहकारी संस्थाहरूको नियमित अनुगमन गरिनेछ । बचतकर्ताहरूको बचत रकम हिनामिना गर्ने तथा ऋण लिएर समयमा चुक्ता नगर्नेहरूबाट असुल गर्न नगरपालिकामार्फत बचत रकम सुरक्षाको लागि आवश्यक सहजीकरण गरिनेछ ।

६२) सहकारी संस्थाको सामुदायिक विकास कोषलाई समुदायको हितमा प्रयोग गरिनेछ । 'एक सहकारी एक क्षेत्र सरसफाइ' नीतिलाई निरन्तरता दिइनेछ ।

६३) सहकारी संस्थाहरूलाई सामाजिक उत्तरदायित्वअन्तर्गत आदर निकेतन, स्वास्थ्य केन्द्र स्थापना र स्वास्थ्य शिविर सञ्चालन, व्यायामशाला सञ्चालनलगायतका अतिरिक्त गतिविधि सञ्चालन गर्न उत्साहित गरिनेछ ।

## ञ) युवा, महिला तथा ज्येष्ठ नागरिक लक्षित कार्यक्रम :

६४) नगरवासी युवाहरूलाई आत्मनिर्भर र स्वरोजगार बनाउन सिकर्मी, डकर्मी, पाकशिक्षा, सिलाइ, विद्युत्, कम्प्युटर, हेयर कटिङ, ब्युटिसियन, फ्रिज, वासिङ मेसिन, मोबाइल, मोटरसाइकल, पानी तान्ने पम्प मर्मतलगायत सीपमूलक तालिमहरू दिइनेछ । साथै चिनियाँ, जापानी, अङ्ग्रेजी भाषा, साङ्केतिक भाषालगायतका भाषा प्रशिक्षण तथा कृत्रिम बौद्धिकता (एआई), डिजिटल व्यवसाय प्रवर्द्धन, फोटोग्राफी, भिडियोग्राफी, सङ्गीत, नृत्यलगायतका तालिमहरू सञ्चालन गरिनेछ ।

६५) सम्भावित आगलागी, बाढी पहिरोलगायतका विपद् प्रतिकार्यको तालिम दिई युवा स्वयम्सेवक टोली गठन गरी परिचालन गरिनेछ । साथै आवश्यक ठाउँमा फायर हाइड्रान्टहरू स्थापना गरिनेछ ।

६६) नगरवासी युवाहरूलाई आत्मनिर्भर बनाउन सहुलियत ब्याजदरमा युवा उद्यमशीलता ऋणको व्यवस्थालाई निरन्तरता दिइनेछ ।

६७) भक्तपुरको कला, संस्कृति, जीवनशैली, इतिहासलगायतमा अनुसन्धानका साथै डिजिटल माध्यमबाट प्रचारप्रसार गर्न युवाहरूलाई आवश्यक तालिम र सहजीकरण गरिनेछ ।

६८) शिक्षित युवाहरूका लागि लोकसेवा, शिक्षक सेवालगायत अन्य प्रशिक्षणको व्यवस्था गरिनेछ ।

६९) ज्येष्ठ नागरिकका लागि भक्तपुर नपा ६ अँचा पुखू परिसरमा आदर निकेतन सञ्चालनसँगै ज्येष्ठ नागरिकहरूलाई सम्मान कार्यक्रम गरिनेछ ।

७०) अपाङ्गता भएका नगरवासीहरूलाई आवश्यक तालिम तथा अपाङ्ग सहायक सामग्रीहरू उपलब्ध गराउनुका साथै खेलकुद र अतिरिक्त क्रियाकलापहरू गरिनेछ । अपाङ्गमैत्री भौतिक संरचना निर्माणमा जोड दिइनेछ ।

७१) युवाहरूलाई लागूपदार्थ तथा मादक पदार्थको दुर्व्यसनीबाट टाढा राख्न सचेतनामूलक अभियान सञ्चालन गरिनेछ ।

७२) नगरवासी ज्येष्ठ नागरिकहरूको सीपको उपयोग गर्नुका साथै एकल महिलाहरूलाई लक्षित गरी सीपमूलक तालिम तथा मनोपरामर्शका गतिविधिहरू सञ्चालन गरिनेछ ।

## ट) भौतिक पूर्वाधार निर्माण :

७३) भक्तपुर नपा २ स्थित इन्द्रायणी द्यःछेँ, भक्तपुर नपा ३ स्थित थन्थु दरबार, भक्तपुर नपा ४ स्थित इखालाछी मठ, भक्तपुर नपा ६ स्थित छुमा गणेश द्यःछेँ र



सुन्दरीगोपाल मन्दिर, भक्तपुर नपा ८ स्थित न्याकी देगः नारायण मन्दिर पुनः निर्माण र पुरानो जगाती पुल जीर्णोद्धार सम्पन्न गरिनेछ । भक्तपुरको गौरवको योजनाको रूपमा रहेका निर्माणाधीन भनपा ६ स्थित अरनिको सभाभवन, भक्तपुर नपा १ स्थित तकोकिवा बहुउद्देश्यीय भवन, भक्तपुर नपा ३ स्थित ऐतिहासिक पाहाँ छैंको लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ । त्यसैगरी, भक्तपुर नपा वडा नं. ७ हनुमानघाटको सत्तल पाटी पुनःनिर्माण, भक्तपुर नपा ९ स्थित ख्वप अस्पतालको निर्माणाधीन प्रवेशद्वार, क्यान्टिन ब्लक तथा एम.आर.आई. भवन सम्पन्न गर्न आवश्यक बजेटको बन्दोबस्त गरिनेछ ।

७४) हनुमन्ते खोलामा टेवा पर्खालसहित खोला किनारको सडक (करिडोर) निर्माण कार्यलाई निरन्तरता दिइनेछ ।

७५) ख्वप कलेज अफ लको भवन निर्माणको लागि आवश्यक बजेट व्यवस्था मिलाइनेछ ।

७६) आदिपद्म महाबिहार आगंछैं निर्माण सम्पन्न गरिनेछ, थथुबहीको मूल प्रवेशद्वार निर्माण गरिनेछ ।

७७) ऐतिहासिक ९९ चोक उत्खनन कार्यलाई अगाडि बढाउन दरबार क्षेत्रमा रहेका सरकारी कार्यालयहरूलाई उचित स्थानमा स्थानान्तरण गर्न पहल गरिनेछ । भक्तपुर दरबार क्षेत्रस्थित वसन्तपुर दरबारको पुनःनिर्माणसम्बन्धी अध्ययन गरिनेछ ।

७८) ऐतिहासिक ब्रह्मायणी मन्दिर तथा घाट पुनः निर्माणसँगै मङ्गलतीर्थ घाट तथा ताहाफल्चा, महेश्वरी घाट, कालीघाट, धालाखुसी घाटलगायत पुनः निर्माण कार्य अगाडि बढाइनेछ ।

७९) भक्तपुर नपा १० लान्वाफल्चादेखि ब्यारेकसम्मको नगरकोट सडक खण्डमा ढल निकास र पेटीसहित कालोपत्रे गरिनेछ । लिबाली आवास योजना तथा देको मिवा इटापाके आवास योजनाका सडकहरूको स्तरोन्नतिसँगै कालोपत्रे कार्य अगाडि बढाइनेछ ।

८०) कयुतामरु घाटको पुल निर्माण गरी सवारी साधनहरूलाई योसिंख्योबाट अरनिको राजमार्गसम्म आवतजावत गर्ने वैकल्पिक व्यवस्था गरिनेछ ।

८१) नगर प्रवेश गर्ने प्रमुख नाकाहरूमा सरसफाइ तथा हरियाली व्यवस्थापन गरिनेछ ।

८२) वडा वडाका सम्पदाहरू पुनः निर्माणका लागि छुट्टै बजेटको बन्दोबस्त गरिनेछ ।

८३) भक्तपुर नपा ५ स्थित पसिखेल सवारी पार्किङ क्षेत्र सञ्चालनमा ल्याइनेछ र अन्य उपयुक्त स्थानहरूमा पार्किङको व्यवस्था गरिनेछ ।

८४) देको मिवा इटापाके आवास योजनाका बाँकी भौतिक निर्माण कार्य सम्पन्न गर्न सहजीकरण गर्ने तथा गुठी जग्गासँग सम्बन्धित समस्या समाधानका लागि पहल जारी राखिनेछ ।

## ठ) विविध :

८५) भक्तपुर नपा २ सानो ब्यासीस्थित भक्तपुर औद्योगिक क्षेत्रलाई हस्तकला तथा घरेलु उत्पादनमा आधारित औद्योगिक ग्रामको रूपमा विकास गर्न पहल गरिनेछ । भक्तपुर क्राफ्ट उद्योग सञ्चालनको लागि आवश्यक व्यवस्था मिलाइनेछ ।

८६) सरकारी, पर्ती तथा सार्वजनिक जग्गाहरूको अभिलेखीकरण गरी संरक्षण गरिनेछ र उक्त जग्गालाई सामूहिक हितमा उपयोग गरिनेछ ।

८७) नगरका महत्त्वपूर्ण पर्यटकीय स्थल तथा सम्पदा क्षेत्रहरूमा फ्रि वाइफाइको व्यवस्था गरिनेछ ।

८८) कर टोलीहरू परिचालन गरी घरदैलो कर सङ्कलन तथा अनलाइन कर सङ्कलन कार्य र अनलाइन नक्सा पास प्रक्रियाको थालनी गरिनेछ ।

८९) माटो जोडाइका घर निर्माणको नक्सापास प्रक्रियालाई सहजीकरण गरी नक्सापास दस्तुरमा छुट दिइनेछ ।

९०) बजार अनुगमन कार्यलाई थप प्रभावकारी बनाइनेछ । व्यवसायीहरूको ढक तराजुको नवीकरणको व्यवस्था नगरपालिकामा नै गरिनेछ ।

९१) छाडा कुकुर तथा दोपाया, चौपाया नियन्त्रण तथा व्यवस्थापन कार्यलाई निरन्तरता दिइनेछ ।

९२) नगरपालिका क्षेत्रमा अस्थायी बसोबास तथा डेरामा बस्ने सबैको तथ्याङ्क सङ्कलन तथा अभिलेखीकरण गरिनेछ ।

९३) २०७२ सालको भूकम्प पीडितहरूलाई भग्नावशेष व्यवस्थापन तथा नक्सापास प्रक्रियामा सहजीकरण गरिनेछ ।

९४) कर्मचारी प्रशासनलाई चुस्त तथा सेवाग्राहीमैत्री बनाइनेछ । कर्मचारीहरूको कार्य मूल्याङ्कनको आधारमा दण्ड पुरस्कारको व्यवस्था गरिनेछ । कर्मचारीहरूको क्षमता अभिवृद्धि तालिम सञ्चालन गरी सेवा प्रवाहमा चुस्तता ल्याइनेछ ।

उपयुक्त नीति तथा कार्यक्रमको आधारमा आ.व. २०८३/८४ को बजेट प्रस्तुत गरिने प्रतिबद्धता व्यक्त गर्दछौँ ।

(भक्तपुर नगरपालिकाको २० औँ नगरसभामा २०८३ असार ७ गते आइतबार नगर प्रमुख सुनिल प्रजापतिद्वारा प्रस्तुत आ.व. २०८३/०८४ को नीति तथा कार्यक्रम)

## पहिलो बैठक

(२०८३ असार ७ गते)

### धन्यवाद प्रस्ताव सर्वसम्मतले पारित




भक्तपुर नगरपालिकाको बीसौं नगरसभाको असार ७ गते बसेको पहिलो बैठकबाट धन्यवाद प्रस्ताव सर्वसम्मत रूपमा पारित भयो ।

पारित प्रस्तावमा नगरपालिकाको निमन्त्रणालाई स्वीकार गरी उद्घाटन समारोहलाई भव्यताका साथ सम्पन्न गर्न विशेष योगदान पुऱ्याउनुहुने प्रमुख अतिथि एवं नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित), वाग्मती प्रदेशसभाका सदस्यद्वय सुरेन्द्रराज गोसाई र सृजना सैंजुलगायतप्रति नगरसभाको तर्फबाट हार्दिक धन्यवाद ज्ञापन गरिएको थियो ।



नगरसभाको आगामी बैठक असार ९ गते दिनको १ बजे बस्नेछ ।

## दोस्रो बैठक

(२०८३ असार ९ गते)

### नीति तथा कार्यक्रम सर्वसम्मतिबाट पारित




भक्तपुर नगरपालिकाका नगर प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा असार ९ गते बसेको बीसौं नगरसभाको बैठकबाट आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम सर्वसम्मतिबाट पारित भयो ।

बैठकमा नगर प्रमुख **प्रजापति**ले नगरको समृद्धि, सुशासन र जनसेवालाई केन्द्रमा राखेर नीति तथा कार्यक्रम तर्जुमा गरिएको र यसको प्रभावकारी कार्यान्वयनमा सबै जनप्रतिनिधि, कर्मचारी तथा नगरवासीको सहयोग आवश्यक रहेको उल्लेख गर्नुभयो ।

आर्थिक वर्षको नीति तथा कार्यक्रम तर्जुमा गर्दा सम्बन्धित सरोकारवालाहरूसँग व्यापक छलफल तथा परामर्श गरिएको जानकारी दिँदै उहाँले नागरिक सहभागितालाई सुनिश्चित गर्न अनलाइन माध्यमबाट समेत राय-सुझाव सङ्कलन गरिएको बताउनुभयो ।

नगरवासी तथा विभिन्न क्षेत्रका सरोकारवालाबाट प्राप्त सुझावहरूलाई सङ्कलन गरी आवश्यकता र प्राथमिकताका आधारमा विश्लेषण गरिएको तथा सोही आधारमा नीति तथा कार्यक्रम तयार गरी प्रस्तुत गरिएको उहाँले बताउनुभयो ।

नगरसभामा प्रस्तुत नीति तथा कार्यक्रममाथि ७ जना सभासद्हरूले आ-आफ्ना धारणा, सुझाव तथा जिज्ञासा राखेका थिए ।

प्रस्तुत नीति तथा कार्यक्रममाथि सभासद्हरू हरिरत्न गोर्खाली, सिद्धिराम अवाल, कृष्णगोपाल चौगुठी, नारायणप्रसाद त्वानाबासु, तारादेवी शाक्य, मन्जुमैंया लाखा र गोविन्द दुवालले महेश्वरी खेलमैदानलाई राष्ट्रियस्तरको खेलमैदानको रूपमा विकास गर्नुपर्ने, बाराही पीठदेखि उत्तर बाराही पुलसम्म रहेका विभिन्न मन्दिरहरू जीर्ण अवस्थामा रहेकाले तिनको संरक्षण तथा पुन:निर्माणमा विशेष जोड दिनुपर्ने, नगरपालिकाको व्यवस्थापनमा सञ्चालित भक्तपुर नगरपालिका वडा नं. ६ स्थित नागरिक आरोग्य केन्द्रको स्तरोन्नति गरी सेवा-सुविधा विस्तार गर्नुपर्ने, ख्वप अस्पतालका सेवा-सुविधाहरूलाई छिटो, छरितो र प्रभावकारी बनाउन डिजिटल प्रविधिको अधिकतम उपयोग गर्नुपर्ने, स्थानीय



पाठ्यक्रम अध्यापन गर्ने शिक्षकहरूको व्यवस्थापन गर्नुका साथै तालिम र आवश्यक शिक्षण सामग्री उपलब्ध गराउनुपर्ने, शैक्षिक ऋणको ब्याजदर समयसापेक्ष रूपमा पुनरावलोकन गरी घटाउनुपर्ने तथा ऋणको अधिकतम सीमा रु. ७ लाखसम्म पुऱ्याउन पहल गर्नुपर्ने, कृषि विषयमा अध्ययन तथा अनुसन्धान प्रवर्द्धन गर्न नगरभित्र कृषि अनुसन्धान केन्द्र सञ्चालनका लागि आवश्यक पहल गर्नुपर्ने, खेलकुद समितिबाट सञ्चालन हुने विभिन्न खेलकुद गतिविधिहरूको प्रभावकारी अनुगमन तथा निगरानीको व्यवस्था गर्नुपर्ने, भक्तपुर नगरपालिका वडा नं. १० स्थित कमलविनायक बहुउद्देश्यीय भवन निर्माणका लागि आवश्यक बजेटको व्यवस्था गर्नुपर्ने, भक्तपुर नगरपालिका वडा नं. १० स्थित मुलाँलाँ सडक क्षेत्रमा हुने सवारी जाम न्यूनीकरण गर्न वैकल्पिक सडक निर्माण तथा विस्तार गर्नुपर्नेलगायतका धारणा राख्नुभयो ।

नगरसभाको अर्को बैठक २०८३ असार १० गते दिनको १ बजे बस्नेगरी स्थगित भयो । उक्त बैठकमा भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीले भक्तपुर नगरपालिकाको आ.व. २०८३/०८४ को अनुमानित आय–व्यय बजेट प्रस्तुत गर्ने कार्यक्रम रहेको छ ।

## तेस्रो बैठक

(२०८३ असार १० गते)

# भक्तपुर नपाको अनुमानित बजेट रु. २ अर्ब ५५ करोड




भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा असार १० गते बीसौं नगरसभाको तेस्रो बैठकमा उपप्रमुख रजनी जोशीले भक्तपुर नगरपालिकाको आ.व. २०८३/०८४ को अनुमानित आय–व्यय बजेट प्रस्तुत गर्नुभयो । *(बजेट वक्तव्यको पूर्णपाठ यसै अङ्कमा दिइएको छ ।)*

भक्तपुर नगरपालिकाको आन्तरिक स्रोत, सङ्घीय र प्रदेश सरकारबाट प्राप्त हुने राजस्व बाँडफाँट, विभिन्न अनुदान र चालु वर्षको बैङ्क मौज्दातबाट व्यवस्थापन हुने गरी आ.व. २०८३/०८४ को लागि रु. २ अर्ब ५५ करोडको बजेट प्रस्तुत भयो ।

विनियोजित बजेटको चालुतर्फ १ अर्ब ५५ करोड ८९ लाख अर्थात् ६१.१३ प्रतिशत र पूँजीगततर्फ ९३ करोड ३१ लाख अर्थात् ३६.६० प्रतिशत तथा वित्तीयतर्फ ५ करोड ८० लाख (२.२७ प्रतिशत) विनियोजन गरेको छ ।

बजेट वक्तव्यमा नगरवासी जनताको भावनाबमोजिम विभिन्न शैक्षिक विकास र शिक्षा क्षेत्रका लागि कुल बजेटको २२.०६ प्रतिशत अर्थात् ५६ करोड २७ लाख ४० हजार विनियोजन गरेको छ ।

त्यस्तै नगरपालिकाद्वारा सञ्चालित ख्वप अस्पताललाई आधुनिक सुविधायुक्त बनाउन र विशेषज्ञ सेवा विस्तार गर्न यसै आर्थिक वर्षभित्र एम.आर.आई. सेवा र आई.सी.यू. सेवा सञ्चालनको लागि कुल २३ करोड रुपैयाँ विनियोजन गरेको छ । स्वास्थ्य क्षेत्रका समग्र कार्यक्रमहरूका लागि रु. ३५ करोड ६४ लाख अर्थात् १३.९७ प्रतिशत बजेट विनियोजन गरेको छ ।

नगरपालिकाले सम्पदा पुनःनिर्माण तथा संस्कृति संरक्षणका लागि आगामी वर्ष कुल ७ करोड ९० लाख, भौतिक पूर्वाधार निर्माणमा ३५ करोड अर्थात् १३.७२ प्रतिशत, पर्यटन प्रबर्द्धन गर्न कुल ३ करोड ८० लाख, वातावरण सुधार तथा फोहोरमैला व्यवस्थापन शीर्षकमा २३ करोड १५ लाख ८० हजार, खेलकुद विकास र पूर्वाधार निर्माणमा ३ करोड ७५ लाख, विपद्को समयमा जनतालाई सुरक्षित राख्न, उद्धार र पुनःस्थापनाका लागि 'प्रकोप व्यवस्थापन कोष' लाई सुदृढ बनाउन ४० लाख बजेट विनियोजन गरेको छ ।

भक्तपुर नगरपालिकाले कृषि क्षेत्रअन्तर्गत पूर्वाधार विकास र बजारीकरण, सहुलियत र अनुदान, प्राङ्गारिक खेती र वातावरण संरक्षण, संस्थागत सहयोग र अध्ययनलगायतका कार्यक्रमहरूका लागि आवश्यक बजेट विनियोजन गरेको छ । साथै बजेट वक्तव्यमा नगरपालिकाका लागि आवश्यक जग्गा खरिद र सार्वजनिक भवनहरूको मर्मत सम्भारका लागि आवश्यक बजेटको व्यवस्था गरेको छ ।

नगरसभाको सोही बैठकमा उपप्रमुख जोशीले *'भक्तपुर नगरपालिकाको आर्थिक विधेयक २०८३', 'भक्तपुर नगरपालिकाको विनियोजन विधेयक, २०८३'* सभासमक्ष प्रस्तुत गर्नुभएको थियो ।

नगरसभाको अर्को बैठक असार १२ गते शुक्रबार दिनको १ बजे बस्ने गरी स्थगित भयो ।

# भक्तपुर नगरपालिकाको आ.व. २०८३/०८४ को बजेट वक्तव्य

**(भक्तपुर नपाका उपप्रमुख रजनी जोशीद्वारा नगरसभाको असार १० गते बसेको बैठकमा प्रस्तुत बजेटको पूर्णपाठ)**

## सभाध्यक्ष महोदय,

भक्तपुर नगरपालिकाको यस गरिमामय २० औँ नगरसभामा उपस्थित सम्पूर्ण सभासद्हरू, कर्मचारी मित्रहरू, सञ्चारकर्मीहरू तथा उपस्थित सम्पूर्णमा म हार्दिक स्वागत एवं अभिवादन व्यक्त गर्दछु ।

नेपालको संविधान कार्यान्वयनमा आएपछि भएको दोस्रो स्थानीय तहको निर्वाचनबाट हामी निर्वाचित भएको ४ वर्ष पूरा भई पाँचौँ वर्षमा प्रवेश गरेका छौँ । यो हाम्रो कार्यकालको अन्तिम वर्ष हो र यस कार्यकालको अन्तिम बजेट प्रस्तुत गर्ने अवसर प्राप्त भएकोमा म गौरव महसुस गर्दछु ।

प्रजातन्त्र पुन:स्थापना र लोकतन्त्रका लागि भएका विभिन्न चरणबद्ध जनआन्दोलन र सङ्घर्षहरूमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने ज्ञात–अज्ञात सहिदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । साथै, विभिन्न कालखण्डमा कठोर जेल जीवन बिताउनुहुने, प्रवास र भूमिगत रहेर राजनीतिक एवं सामाजिक परिवर्तनमा अतुलनीय योगदान पुऱ्याउनुहुने सम्पूर्ण अग्रज योद्धाहरूप्रति उच्च सम्मान प्रकट गर्दछु ।

हामी नेपाल मजदुर किसान पार्टीको सिद्धान्त र विचारलाई आत्मसात् गर्दै जनताको सेवामा नि:स्वार्थ भावले लागिरहेका छौँ । पार्टीका अध्यक्ष एवं वरिष्ठ राजनीतिज्ञ नारायणमान बिजुक्छें (रोहित) द्वारा लिखित *‘सय वर्षपछिको भक्तपुर’* र पार्टीको घोषणापत्रले हामीलाई सधैँ सही दिशामा काम गर्न मार्गनिर्देश गरिरहेको छ ।

भक्तपुरलाई विश्वकै एक जीवन्त सङ्ग्रहालय र नाचगानको राजधानीको रूपमा चिनाउन योगदान पुऱ्याउनुहुने सम्पूर्ण नगरवासी र अग्रजहरूप्रति हामी कृतज्ञ छौँ । भक्तपुरका मूर्त तथा अमूर्त सम्पदाहरूको संरक्षण र संवर्द्धन गरी नयाँ पुस्तालाई हस्तान्तरण गर्नु हामीले आफ्नो मुख्य कर्तव्य र जिम्मेवारी ठानेका छौँ ।

नगरपालिकाका स्रोत र साधनहरू सीमित छन् तर जनताका आवश्यकताहरू असीमित छन् । यिनै सीमित स्रोत र साधनको उच्चतम उपयोग गर्दै हामीले शिक्षा, स्वास्थ्य, सम्पदा संरक्षण, सरसफाइ र पर्यटनजस्ता आधारभूत आवश्यकताहरूलाई उच्च प्राथमिकतामा राखेर कार्य गर्दै




आएका छौँ । नगरवासीहरूको रचनात्मक सल्लाह, सुझाव र आलोचनालाई आत्मसात् गर्दै हामी भक्तपुरको सर्वाङ्गीण विकासको निम्ति अगाडि बढिरहेका छौँ ।

अब म चालू आ.व. २०८२/०८३ को बजेट कार्यान्वयनको सङ्क्षिप्त समीक्षा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**१.** चालू आ.व. २०८२/०८३ का लागि कुल २ अर्ब ४७ करोड ३१ लाख रुपैयाँको अनुमानित बजेट तयार गरिएको थियो । जसमध्ये नगरपालिकाको आन्तरिक आयतर्फ ६४ करोड ७१ लाख रुपैयाँ आम्दानी हुने अपेक्षा गरिएकोमा २०८३ जेठ मसान्तसम्ममा ४८ करोड १८ लाख रुपैयाँ यथार्थ आम्दानी भयो, जुन अनुमानित आम्दानीको ७४.४७ प्रतिशत हुन आउँछ । सम्पत्ति तथा भूमिकर, घर बहाल कर, पर्यटन सेवा शुल्क, व्यवसाय कर, नगरपालिकाद्वारा उत्पादित कम्पोस्ट मल बिक्री, पार्किङ तथा जल मनोरञ्जन शुल्क, छायाङ्कन दस्तुरलगायतमा चालू आ.व.का लागि अनुमान गरिएबमोजिम आम्दानी भएको देखिन्छ ।

**२.** बाह्य स्रोततर्फ राजस्व बाँडफाँडमा सङ्घ, प्रदेश र मालपोत रजिस्ट्रेसनसमेत गरी २४ करोड ११ लाख अनुमान गरिएकोमा चालू आ.व.को जेठ मसान्तसम्ममा १६ करोड ४९ लाख रुपैयाँ प्राप्त भई ६८.३९ प्रतिशत प्रगति भयो । राजस्व बाँडफाँडसमेत नेपाल सरकार र प्रदेश सरकारबाट वित्तीय समानीकरण, सशर्त, समपूरक र विशेष अनुदान, सामाजिक सुरक्षा भत्ता, सडक बोर्ड नेपालबाट गरी कुल बाह्य स्रोत रु. १ अर्ब ५० करोड १३ लाख प्राप्त हुने अनुमान

गरिएकोमा चालू आ.व.को जेठ मसान्तसम्ममा कुल १ अर्ब २१ करोड ९५ लाख अर्थात् ८१.२३ प्रतिशत आम्दानी भएको जानकारी गराउँदछौं ।

३. चालू आ.व. २०८२/०८३ मा चालू खर्चतर्फ रु. १ अर्ब ५२ करोड ५३ लाख विनियोजन गरिएकोमा २०८३ जेठ मसान्तसम्मको कुल चालू खर्च १ अर्ब ९ करोड ६८ लाख अर्थात् ७२ प्रतिशत भएको छ । असार मसान्तसम्ममा चालू खर्च बढेर रु. १ अर्ब २४ करोड ९० लाख (८२ प्रतिशत) खर्च हुने संशोधित अनुमान छ ।

४. पुँजीगत खर्चतर्फ चालू आ.व. २०८२/०८३ मा रु. ८० करोड ४८ लाख विनियोजन गरिएकोमा २०८३ जेठ मसान्तसम्ममा रु. ४५ करोड ४६ लाख अर्थात् ५६ प्रतिशत यथार्थ खर्च भयो भने असार मसान्तसम्ममा उक्त खर्च बढेर रु. ५४ करोड ५३ लाख हुने संशोधित अनुमान छ । जुन कुल विनियोजित पुँजीगत खर्चको ६८ प्रतिशत हुन्छ ।

५. वित्तीय व्यवस्थातर्फ चालू आ.व. २०८२/०८३ मा रु. १४ करोड ३० लाख विनियोजन गरिएकोमा २०८३ जेठ मसान्तसम्ममा रु. १० करोड ६३ लाख अर्थात् ७४ प्रतिशत खर्च भएको छ ।

६. चालू, पुँजीगत र वित्तीय व्यवस्थातर्फको खर्च जोड्दा असार मसान्तसम्ममा रु. १ अर्ब ९० करोड ७ लाख गरी कुल बजेटको ७७ प्रतिशत खर्च हुने संशोधित अनुमान गरिएको छ । पुँजीगततर्फका सम्पदा पुन:निर्माणसँग सम्बन्धित धेरै योजनाहरू तथा नगरस्तरीय गौरवका योजनाहरू चालू आ.व.मा सुरु भइसकेको र आगामी आ.व.का लागि क्रमागत योजनामा पर्ने भएकोले यथार्थ खर्च अझै बढ्ने देखिन्छ ।

अब म यस गरिमामय सभामा आगामी आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रममा रही बजेटको विस्तृत विवरण प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

## आर्थिक वर्ष २०८३/८४ को बजेटका मुख्य उद्देश्य तथा प्राथमिकताहरू

१. **शिक्षा :** नगरपालिकाद्वारा सञ्चालित शैक्षिक संस्थाहरूमा न्यून शुल्कमा गुणस्तरीय शिक्षा दिने, ख्वप मेडिकल कलेज स्थापनाको लागि पहल र इतिहास, संस्कृति तथा राजनीतिशास्त्रजस्ता विषय अध्ययन गर्नेलाई पूर्ण छात्रवृत्ति दिइनेछ ।

२. **स्वास्थ्य सेवामा विस्तार :** ख्वप अस्पतालमा एम.आर.आई. (MRI) मेसिन खरिद र डायलाइसिस सेवा विस्तारलाई प्राथमिकता दिइएको छ । नगरवासीलाई नि:शुल्क रगत र अक्सिजन वितरणलाई निरन्तरता दिँदै शव वाहन सेवा नि:शुल्क उपलब्ध गराइनेछ ।

३. **सम्पदा र संस्कृति संरक्षण :** *'पुर्खाले सिर्जेको सम्पत्ति : हाम्रो कला र संस्कृति'* भन्ने नाराका साथ ऐतिहासिक थन्थु दरबार, ९९ चोक र नवदुर्गा द्य:छेँजस्ता सम्पदाहरूको पुन:निर्माण तथा जीर्णोद्धार गरिनेछ । परम्परागत शैलीमा घर बनाउने नागरिकलाई आर्थिक अनुदान दिइनेछ ।

४. **भौतिक पूर्वाधार निर्माण :** नगरपालिकाको गौरवको आयोजनाका रूपमा रहेको अरनिको सभाभवन निर्माण गर्न बजेट विनियोजन गरिएको छ । हनुमन्ते र कासन खोलामा टेवा पर्खाल निर्माण गर्ने र नगरका भित्री सडकहरूमा ढुङ्गा/इँटा छपाउने कार्यलाई तीव्रता दिइनेछ ।

५. **वातावरण तथा सरसफाइ :** फोहोरमैला व्यवस्थापनका लागि कुहिने फोहोरबाट कम्पोस्ट मल उत्पादन गर्ने र ढल प्रशोधन पोखरीहरू (सल्लाघारी र हनुमानघाट) निर्माण गरी फोहोर पानी उपचार गरिनेछ ।

६. **पर्यटन प्रवर्द्धन :** भक्तपुरलाई *'जीवन्त सङ्ग्रहालय'* को रूपमा स्थापित गर्न सांस्कृतिक क्यालेन्डर निर्माण गर्ने, विभिन्न उत्सवहरू आयोजना गर्ने र रात्रिकालीन पर्यटनका लागि सम्पदा क्षेत्रमा बत्तीको व्यवस्था गरिनेछ ।

७. **युवा स्वरोजगार र उद्यमशीलता :** युवाहरूलाई विदेश पलायनबाट रोक्न विभिन्न सीपमूलक तालिमहरू दिने र सहुलियतपूर्ण 'उद्यमशील ऋण' उपलब्ध गराई स्वरोजगार बनाउने नीति अवलम्बन गरिनेछ ।

८. **सामाजिक न्याय र सुशासन :** महिला, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र विपन्न वर्ग लक्षित कार्यक्रमहरू सञ्चालनमा ल्याइनेछ । नगरपालिकाको सेवालाई डिजिटल प्रविधिमा आधारित र जनमुखी बनाउँदै सुशासन कायम गरिनेछ ।

## आगामी आर्थिक वर्ष २०८३/०८४ को आयतर्फको विस्तृत अनुमान

भक्तपुर नगरपालिकाले आगामी आर्थिक वर्ष २०८३/०८४ का लागि कुल २ अर्ब ५५ करोड रुपैयाँको बजेट परिचालन गर्ने लक्ष्य राखेको छ । यो बजेट नगरपालिकाको आन्तरिक स्रोत, सङ्घीय र प्रदेश सरकारबाट प्राप्त हुने राजस्व बाँडफाँड, विभिन्न अनुदान र चालू वर्षको बङ्क मौज्दातबाट व्यवस्थापन गरिनेछ । *(आन्तरिक आयको विस्तृत विवरण अनुसूची १ र बाह्य स्रोतको विस्तृत विवरण अनुसूची २ मा संलग्न गरिएको छ ।)*

१. **आन्तरिक आय** : नगरपालिकाले आफ्नो आन्तरिक स्रोतबाट कुल ६९ करोड २० लाख रुपैयाँ सङ्कलन गर्ने अनुमान गरिएको छ। यसअन्तर्गत निम्न क्षेत्रहरूलाई मुख्य आधार बनाइएको छ :

● **राजस्व** : घरजग्गा मूल्याङ्कनमा आधारित सम्पत्ति कर, भूमिकर, व्यवसाय कर र घर बहाल करलाई आन्तरिक आयको मुख्य आधार मानिएको छ।

● **सेवा शुल्क तथा दस्तुर** : पर्यटन सेवा शुल्क, जग्गा बिक्री, नगरपालिकाद्वारा सञ्चालित विभिन्न कार्यक्रमबाट हुने आय र नगरपालिकाले उत्पादन गर्ने कम्पोस्ट मल बिक्रीबाट हुने आम्दानी यसमा समावेश गरिएको छ।

● **अन्य शुल्कहरू** : पार्किङ शुल्क, मनोरञ्जन कर, विज्ञापन दस्तुर र विभिन्न प्रशासनिक सिफारिस शुल्कहरूलाई पनि आयको स्रोतमा समेटिएको छ।

● नगरपालिकाले करको दर बढाउनुभन्दा पनि करको दायरा विस्तार गर्ने र करदाताहरूलाई राहत दिने गरी समय सापेक्ष परिमार्जन गर्ने नीति लिएको छ।

२. **राजस्व बाँडफाँड**अन्तर्गत सङ्घीय सरकार, प्रदेश सरकार र मालपोत रजिस्ट्रेसन शुल्क समेतबाट कुल २४ करोड ९१ लाख प्राप्त हुने अनुमान छ।

३. **अनुदान सहायता (सङ्घ र प्रदेश)** : नगरपालिकाको विकास र प्रशासनिक कार्यका लागि प्राप्त हुने विभिन्न अनुदानहरू यसप्रकार छन् :

● **वित्तीय समानीकरण अनुदान** : सङ्घीय सरकारबाट १९ करोड ७५ लाख र प्रदेश सरकारबाट १ करोड ९० लाख गरी कुल २१ करोड ६५ लाख प्राप्त हुने अनुमान छ।

● **सशर्त अनुदान** : शिक्षा, स्वास्थ्यलगायतका तोकिएका क्षेत्रमा खर्च गर्ने गरी सङ्घीय सरकारबाट ४७ करोड २० लाख र प्रदेश सरकारबाट १६ करोड ३७ लाख गरी कुल ६३ करोड ५७ लाख प्राप्त हुने अनुमान छ।

● **समपूरक र विशेष अनुदान** : सङ्घीय र प्रदेश सरकारबाट विभिन्न भौतिक निर्माणका लागि समपूरक र विशेष अनुदानबापत कुल ३ करोड ११ लाख प्राप्त हुने अनुमान गरिएको छ।

४. **अन्य स्रोत** :

● **सामाजिक सुरक्षा भत्ता** : ज्येष्ठ नागरिक, एकल महिला, दलित र अपाङ्गता भएका व्यक्तिहरूका लागि वितरण गरिने सामाजिक सुरक्षा भत्ताबापत नेपाल सरकारबाट ३५ करोड प्राप्त हुनेछ।

● **बैङ्क मौज्दात** : चालू आर्थिक वर्षको अन्त्यसम्ममा खर्च भई बाँकी रहने अनुमानित ३४ करोड १५ लाख आगामी वर्षको योजना कार्यान्वयनका लागि परिचालन गरिनेछ।

● **सडक बोर्ड** : सडक मर्मत र स्तरोन्नतिका लागि सडक बोर्ड नेपालबाट ४० लाख प्राप्त हुने अनुमान छ।

## आगामी आ.व. २०८३/०८४ को व्ययतर्फको विस्तृत अनुमान :

आगामी आ.व. २०८३/०८४ को लागि चालूतर्फ १ अर्ब ५५ करोड ८९ लाख अर्थात् ६१.१३ प्रतिशत र पुँजीगततर्फ ९३ करोड ३१ लाख अर्थात् ३६.६० प्रतिशत तथा वित्तीयतर्फ ५ करोड ८० लाख (२.२७ प्रतिशत) विनियोजन गरिएको छ। *(चालू खर्चको विस्तृत विवरण अनुसूची ३ र पुँजीगत खर्चको विस्तृत विवरण अनुसूची ४ मा संलग्न छ।)*

## शिक्षातर्फ :

भक्तपुर नगरपालिकाले शिक्षा क्षेत्रलाई आफ्नो पहिलो प्राथमिकतामा राख्दै आगामी आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रमअनुरूप बजेट विनियोजन गरेको छ। नगरपालिकाले भक्तपुरलाई एक उत्कृष्ट शैक्षिक गन्तव्य बनाउने लक्ष्यका साथ शिक्षा क्षेत्रका मुख्य कार्यक्रम र योजनाहरू देहायबमोजिम तय गरेको छ :

### १. शैक्षिक क्षेत्रको विकास र विस्तार :

● सामुदायिक विद्यालयका ईसीडी दरबन्दीका शिक्षक तथा विद्यालय कर्मचारीहरूलाई प्रोत्साहित गर्न हाल दिइआएको रकममा प्रतिमहिना रु. १००० का दरले थप्न आवश्यक बजेटको व्यवस्था गरिएको छ।

● नगरपालिकाद्वारा सञ्चालित शैक्षिक संस्थाहरूमार्फत न्यून शुल्कमा गुणस्तरीय शिक्षा प्रदान गर्दै नयाँ–नयाँ विषयहरू थप गर्दै लगिनेछ।

● ख्वप मेडिकल कलेज सञ्चालनका लागि सल्लाघारीस्थित १०८ रोपनी जग्गा उपलब्ध गराउन आवश्यक पहल जारी राखिनेछ।

### २. छात्रवृति तथा अनुसन्धान वृति

● इतिहास, भूगोल, संस्कृति, राजनीतिशास्त्र, अर्थशास्त्र र दर्शनशास्त्रजस्ता देशका लागि आवश्यक विषय अध्ययन गर्ने विद्यार्थीहरूलाई पूर्ण छात्रवृत्ति प्रदान गर्ने नीतिलाई निरन्तरता दिइएको छ। यस वर्षदेखि *अर्बान डिजाइन एन्ड कन्जरभेसन* विषयमा उच्च शिक्षा अध्ययन गर्ने नगरवासी विद्यार्थीहरूका लागि छात्रवृत्तिको व्यवस्था गरिएको छ।

● विभिन्न विषयमा अध्ययन–अनुसन्धान गर्ने विद्यार्थीहरूलाई

अनुसन्धान वृत्ति प्रदान गरिनेछ। गरिब, जेहनदार र खेलकुदमा पदक प्राप्त गर्ने विद्यार्थीहरूलाई विशेष छात्रवृत्तिको व्यवस्था मिलाइएको छ।

### ३. भौतिक पूर्वाधार र प्रविधिमैत्री शिक्षा

● सामुदायिक विद्यालयहरूको भौतिक पूर्वाधार सुधारका लागि वाग्मती प्रदेश सरकार र नगरपालिकाको आन्तरिक स्रोतबाट बजेट विनियोजन गरिएको छ। विद्यालयहरूलाई प्रविधिमैत्री बनाउन स्मार्ट बोर्ड, एआई (AI) तालिम र सूचना प्रविधिको विस्तारमा जोड दिइनेछ। सामुदायिक विद्यालयहरूमा विज्ञान, गणित र सामाजिक प्रयोगशालाहरू स्थापना गरिनेछ।

### ४. स्थानीय पाठ्यक्रम र जीवनोपयोगी शिक्षा

● स्थानीय पाठ्यक्रममार्फत नेपालभाषा र लिपि अध्यापनलाई निरन्तरता दिँदै शिक्षकहरूलाई तालिम र सामग्री उपलब्ध गराइनेछ। विद्यार्थीहरूमा सम्पदा संरक्षणको भावना जगाउन 'एक विद्यालय, एक सम्पदा सरसफाइ' कार्यक्रमलाई निरन्तरता दिइनेछ।

### ५. विद्यार्थी सहयोग र सामाजिक सुरक्षा

● उच्च शिक्षा अध्ययनका लागि प्रदान गरिँदै आएको शैक्षिक ऋणलाई निरन्तरता दिँदै अधिकतम ७ लाखसम्म ऋणको सीमा वृद्धि गरी सोमा लाग्ने ब्याज आ.व. २०८३/०८४ देखि ४ प्रतिशत कायम गरिनेछ।

● वडा तहमा बालबालिकाहरूका लागि गृहकार्य कक्षा र वडा नं १० मा थप शिशु स्याहार केन्द्र सञ्चालनमा ल्याइनेछ।

● अपाङ्गता भएका विद्यार्थीहरूका लागि विशेष शिक्षा र अपाङ्ग सहायक सामग्रीहरू वितरण गरिनेछ।

● शिक्षा क्षेत्रका यी समग्र कार्यक्रमहरूका लागि नगरपालिकाले कुल बजेटको २२.०६ प्रतिशत अर्थात् ५६ करोड २७ लाख ४० हजार विनियोजन गरिएको छ।

## स्वास्थ्यतर्फ :

भक्तपुर नगरपालिकाले आगामी आर्थिक वर्ष २०८३/०८४ का लागि स्वास्थ्य उपचार सेवामार्फत 'जनताको सेवा' लाई उच्च प्राथमिकता दिएको छ। नगरपालिकाले नागरिकहरूलाई सुलभ र गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न चालू राखेका र नयाँ प्रस्ताव गरेका मुख्य योजनाहरू यसप्रकार रहेका छन् :

### १. ख्वप अस्पतालको स्तरोन्नति र आधुनिक सेवा

● नगरपालिकाद्वारा सञ्चालित ख्वप अस्पताललाई आधुनिक सुविधायुक्त बनाउन र विशेषज्ञ सेवा विस्तार गर्न जोड दिइनेछ। यसै आर्थिक वर्षभित्र एम.आर.आई. (MRI) सेवा र आई.सी.यू. (ICU) सेवा सञ्चालन गरिनेछ। सोका लागि कुल २३ करोड रुपैयाँ विनियोजन गरिएको छ।

● अस्पताल परिसरमा आवश्यक सहायक पूर्वाधारहरू, क्यान्टिन ब्लक र एम.आर.आई. भवनको निर्माण कार्य सम्पन्न गर्न बजेटको व्यवस्था गरिएको छ।

● मृगौला रोगीहरूको सहज उपचारका लागि डायलाइसिस सेवालाई विस्तार गर्ने र आवश्यक उपकरणहरू थप गर्ने नीति लिइएको छ।

### २. वडास्तरमा स्वास्थ्य सेवा र पूर्वाधार

● नगरका वडा-वडामा रहेका स्वास्थ्य केन्द्रहरूलाई क्रमशः स्तरोन्नति गर्दै विशेषज्ञ चिकित्सकबाट उपचार सेवा उपलब्ध गराइनेछ।

● वडा नं. ७ को खँचामा आधारभूत स्वास्थ्य केन्द्र सञ्चालनमा ल्याइनेछ। साथै वडा नं. १ स्थित नपली आधारभूत स्वास्थ्य केन्द्रमा आँखा उपचार सेवा विस्तारको लागि बजेट विनियोजन गरिएको छ।

### ३. सामुदायिक स्वास्थ्य र नसर्ने रोग नियन्त्रण

● नगरवासीहरूमा बढ्दो रूपमा देखिएका मधुमेह (चिनी रोग), उच्च रक्तचाप र कोलेस्ट्रोलजस्ता नसर्ने रोगहरूको अध्ययन-अनुसन्धान गरिनेछ।

● प्रत्येक नागरिकको स्वास्थ्य विवरण प्रोफाइल (Health Profile) तयार पारिनेछ।

● क्यान्सर, मृगौला, नाक, कान, घाँटी र श्वासप्रश्वाससम्बन्धी रोगहरूको पहिचानका लागि नियमित रूपमा स्वास्थ्य शिविरहरू सञ्चालन गरिनेछ। नगरपालिकाले सञ्चालन गर्दै आएको 'घरदैलो नर्सिङ सेवा' लाई थप व्यवस्थित र प्रभावकारी बनाउँदै लगिनेछ।

### ४. निःशुल्क सेवा तथा सामाजिक सुरक्षा

● नगरवासीहरूलाई आवश्यक पर्ने रगत र अक्सिजन निःशुल्क उपलब्ध गराउने नीतिलाई निरन्तरता दिइएको छ।

● नगरवासीहरूका लागि मनोपरामर्श सेवा र शव वाहन सेवा निःशुल्क उपलब्ध गराइनेछ।

● क्यान्सर, मुटुरोग, मस्तिष्कघात, मेरुदण्ड, मृगौला रोगजस्ता जटिल रोग लागेका बिरामीहरूलाई दिँदै आएको आर्थिक सहयोगलाई निरन्तरता दिइनेछ।

● ज्येष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिहरूका लागि नगरपालिकाका अस्पताल तथा स्वास्थ्य केन्द्रहरूमा सहज र प्राथमिकताका साथ उपचार पाउने व्यवस्था मिलाइनेछ ।

### ५. अन्य विशिष्ट सेवाहरू

● ख्वप तिलगङ्गा आँखा अस्पतालको स्तरोन्नतिको लागि स्वास्थ्य उपकरण उपलब्ध गराइनेछ ।

● आयुर्वेदिक तथा वैकल्पिक उपचार पद्धतिलाई प्रवर्द्धन गर्न नागरिक आरोग्य केन्द्र र श्वासप्रश्वास पुनःस्थापना केन्द्रको सेवा विस्तार गरिनेछ ।

● महिला सामुदायिक स्वास्थ्य स्वयम्सेविका र फोहोरमैला व्यवस्थापनमा खटिने कर्मचारीहरूको नियमित स्वास्थ्य परीक्षण र उपचारको प्रबन्ध मिलाइनेछ ।

● स्वास्थ्य क्षेत्रका यी समग्र कार्यक्रमहरूका लागि रु. ३५ करोड ६४ लाख अर्थात् १३.९७ प्रतिशत बजेट विनियोजन गरिएको छ ।

## सम्पदा र सांस्कृतिक संरक्षण :

भक्तपुर नगरपालिकाको आगामी आर्थिक वर्ष २०८३/०८४ का लागि सम्पदा र सांस्कृतिक संरक्षण खण्डको विस्तृत विवरण यहाँ प्रस्तुत छ :

### १. नीतिगत पहल तथा सांस्कृतिक पहिचान

● भक्तपुरलाई सांस्कृतिक नगर घोषणा गर्न आवश्यक कानुनी र प्रशासनिक पहल अगाडि बढाइनेछ ।

● भक्तपुरको मूर्त तथा अमूर्त सम्पदाहरूको संरक्षणका लागि अभिलेखीकरण गर्ने र परम्परागत बाजागाजा तथा दाफाभजनको बोललाई लिपिबद्ध गरी संरक्षण गरिनेछ ।

● परम्परागत बाजा र सांस्कृतिक प्रतियोगिताहरू आयोजना गरी नयाँ पुस्तामा हस्तान्तरण गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

● भक्तपुरका मौलिक उत्पादनहरू जस्तै जुजु धौ, भादगाउँले टोपी (तका तपुली), कवाँचा प्याखं र सांस्कृतिक जात्राहरू (बिस्का जात्राको घातु म्ये र कसिमला पाँय्) लाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सूचीकरणमा लैजाने प्रक्रिया अघि बढाइएको छ ।

### २. भौतिक पुनः निर्माण तथा जीर्णोद्धारका प्रमुख आयोजनाहरू

● ऐतिहासिक थन्थु दरबारको पुनःनिर्माण कार्य सम्पन्न गर्न एक करोड पचास लाख रकम विनियोजन गरिएको छ ।

● टौमढीस्थित नवदुर्गा द्यःछेँ र टिबुक्छेँको दही विनायक द्यःछेँ पुनःनिर्माण प्रक्रिया अघि बढाइनेछ । खौमास्थित उमा महेश्वर, क्वाछेँको नारायण मन्दिर र थन्थु दरबारमा सङ्ग्रहालयको लागि अध्ययन अनुसन्धान गरिनेछ ।

● भक्तपुर दरबार क्षेत्रमा रहेका ऐतिहासिक ९९ चोकहरूको उत्खनन र पहिचान कार्यलाई निरन्तरता दिइनेछ । ब्रह्मायणी घाट, महेश्वरी घाट, हनुमानघाट, मङ्गलतीर्थ घाट, चुपिङघाट, कालीघाट र धालाखुसी घाटको पुनःनिर्माण र सुधारका लागि बजेट विनियोजन गरिएको छ । मङ्गलतीर्थमा ताहा फल्चा र हनुमानघाट पारी सत्तल पुनःनिर्माण कार्य अगाडि बढाइनेछ ।

### ३. अमूर्त सम्पदा र सांस्कृतिक प्रवर्द्धन

● भक्तपुरलाई *'जीवन्त सम्पदा सहर'* को रूपमा कायम राख्न बिहान र बेलुकाको समयमा पाटी-पौवाहरूमा भजन र सांस्कृतिक गतिविधिहरू सञ्चालन गर्न प्रोत्साहित गरिनेछ ।

● पर्यटकहरूको बसाइँ लम्ब्याउन सांस्कृतिक प्रदर्शनी केन्द्र निर्माण गरी नियमित सांस्कृतिक प्रदर्शनहरू थालनी गरिनेछ ।

● सम्पदा क्षेत्रमा रात्रिकालीन बत्ती र सीसी क्यामेराको व्यवस्था गरी रात्रिकालीन पर्यटनलाई समेत प्रवर्द्धन गरिनेछ ।

### ४. नगरवासीलाई प्रोत्साहन र अनुदान

● नगरको मौलिकता जोगाउन आफ्नो घर परम्परागत शैलीमा निर्माण गर्ने नगरवासीहरूलाई नगरपालिकाले प्रदान गर्दै आएको आर्थिक अनुदानलाई निरन्तरता दिइएको छ । यसका लागि आवश्यक बजेट विनियोजन गरिएको छ ।

● निजी क्षेत्रका ऐतिहासिक महत्त्वका घरहरूको पुनःनिर्माणमा सहजीकरण गर्ने नीति लिएको छ ।

### ५. डिजिटल अभिलेखीकरण र प्रविधि

● नगरका प्रमुख सम्पदाहरूको सङ्क्षिप्त परिचय, भिडियो र इतिहास समेटिएको मोबाइल एप र क्युआर कोड (QR Code) निर्माण गरिनेछ ।

● मन्दिर, द्यःछेँ, देवालय, शिवालय, बहाबही, चोक, ननी, पाटी र ढुङ्गेधाराहरूको डिजिटल अभिलेखीकरण गरी भविष्यका लागि सुरक्षित राखिनेछ ।

नगरपालिकाले सम्पदा पुनःनिर्माण तथा संस्कृति संरक्षणका लागि आगामी वर्ष कुल ७ करोड ९० लाख रुपैयाँ विनियोजन गरेको छ ।

## कृषि :

भक्तपुर नगरपालिकाले कृषि क्षेत्रको लागि आगामी आ.व. मा विभिन्न कार्यक्रम र बजेट प्रस्ताव गरेको छ :

### १. पूर्वाधार विकास र बजारीकरण

● भक्तपुर नगरपालिका वडा नं. ८, लिबालीमा निर्माणाधीन शीतभण्डार (Cold Storage) को निर्माण कार्य सम्पन्न

गरी सञ्चालनमा ल्याइनेछ ।

● वडा नं. ५ मा निर्माण भएको तरकारी बजारलाई सञ्चालनमा ल्याइनेछ र स्थानीय कृषि उत्पादनको प्रबर्द्धनका लागि समय समयमा कृषि उत्पादन मेला तथा 'सस्तो बजार' आयोजना गरिनेछ ।

## २. सहुलियत र अनुदान

● नगरपालिकाद्वारा सञ्चालित प्राङ्गारिक मल उत्पादन केन्द्रबाट उत्पादित कम्पोस्ट मल र कृषि चुन नगरवासी किसानहरूलाई सहुलियत दरमा बिक्री वितरण गरिनेछ ।

● परिचय पत्र प्राप्त सूचिकृत किसानहरूलाई उद्यमशीलताका लागि सहुलियत ब्याजदरमा 'कृषि ऋण' उपलब्ध गराउने व्यवस्था मिलाइएको छ ।

## ३. प्राङ्गारिक खेती र वातावरण संरक्षण

● रासायनिक मल र विषादीको प्रयोगलाई न्यूनीकरण गर्दै प्राङ्गारिक खेतीलाई प्रोत्साहन दिइनेछ । यसका लागि किसानहरूलाई जैविक मल र जैविक विषादी बनाउने तथा प्रयोग गर्नेसम्बन्धी अभिमुखीकरण र तालिम प्रदान गरिनेछ ।

● किसानहरूका लागि उन्नत बीउबिजनको प्रयोग, आधुनिक कृषि अभ्यास र माटो परीक्षणसम्बन्धी विशेषज्ञहरूबाट तालिमको व्यवस्था मिलाइनेछ ।

## ४. संस्थागत सहयोग र अध्ययन

● कृषि क्षेत्रमा अध्ययन–अनुसन्धान गर्न चाहने विद्यार्थीहरूलाई नगरपालिकाले अनुसन्धान वृत्ति (Research Fellowship) प्रदान गर्ने नीति लिएको छ ।

● सहकारी संस्थाहरूलाई कृषिजस्ता उत्पादनमूलक क्षेत्रमा लगानी गर्न प्रोत्साहित गरिनेछ ।

यी कार्यक्रमहरूका लागि आवश्यक बजेट विनियोजन गरेको छ ।

# भौतिक पूर्वाधार निर्माण

भक्तपुर नगरपालिकाले आगामी आर्थिक वर्ष २०८३/०८४ का लागि भौतिक पूर्वाधार निर्माणमा ३५ करोड अर्थात् १३.७२ प्रतिशत विनियोजन गरेको छ । नगरपालिकाको गौरवका आयोजनाहरू र वडास्तरका योजनाहरूलाई समेटेर तयार पारिएको भौतिक पूर्वाधारतर्फको विवरण यहाँ प्रस्तुत छ :

● वडा नं ६ स्थित देकोचामा अरनिको सभाभवन निर्माण कार्यलाई तीव्रताका साथ अघि बढाउन १५ करोड २५ लाख रकम विनियोजन गरिएको छ ।

● हनुमन्ते र कासन खोला सुधार योजनाअन्तर्गत खोलाको दुबैतर्फ टेवा पर्खाल (Retaining Wall) निर्माण र ब्रह्मायणीदेखि महेश्वरीसम्मको खोला किनारमा करिडोर निर्माणका लागि बजेट विनियोजन गरिएको छ ।

● लिबाली आवास योजना र देको–मिवा–इतापाके आवास योजना क्षेत्रका बाँकी सडकहरूमा नाली निर्माण र कालोपत्रे (Blacktop) गर्ने कार्य गरिनेछ । यस्तै, कमलविनायकदेखि खरिपाटी ब्यारेकसम्मको सडक स्तरोन्नति गरिनेछ ।

● कयतामरु घाटमा पुल निर्माण गरी ल्योसिङ्ख्योदेखि अरनिको राजमार्गसम्म सहज पहुँच पुऱ्याइनेछ ।

● वडा नं १ को तकोकिवा बहुउद्देश्यीय भवन निर्माण कार्यलाई निरन्तरता दिइनेछ ।

● वडा नं ५ स्थित पसीखेलमा पार्किङ क्षेत्र सञ्चालनमा ल्याइनेछ र अन्य उपयुक्त स्थानहरूमा पनि पार्किङ पूर्वाधार निर्माण गरिनेछ ।

● देको–मिवा–इतापाके जग्गा एकीकरण आयोजनाअन्तर्गत बाँकी रहेका भौतिक पूर्वाधारहरू (सडक, ढल र बिजुली) निर्माण कार्य गर्न सहजीकरण गरिनेछ ।

● नगरका विभिन्न वडाहरूमा ढल निकास र खानेपानी पाइपलाइन विस्तारका लागि एकीकृत पूर्वाधार विकास कार्यक्रम सञ्चालन गरिनेछ ।

# पर्यटन प्रवर्द्धन :

भक्तपुर नगरपालिकाले आगामी आर्थिक वर्षका लागि पर्यटन प्रवर्द्धन गर्न कुल ३ करोड ८० लाख रुपैयाँ विनियोजन गरेको छ :

● भक्तपुरलाई पर्यटनको आकर्षण केन्द्र बनाउन इतिहास र संस्कृतिका विज्ञहरूको प्रतिनिधित्व रहने गरी एक 'सम्भाव्यता अध्ययन समिति' गठन गरिनेछ । यस समितिले अल्पकालीन र दीर्घकालीन पर्यटन योजनाहरू निर्माण गर्नेछ ।

● नगरको पर्यटन प्रवर्द्धनका लागि भक्तपुर पर्यटन विकास समिति, होटल एसोसिएसन अफ भक्तपुर, ट्राभल एजेन्सीहरू र डिजिटल सामग्री सिर्जनाकर्ता (Content Creators) सँग समन्वय र सहकार्य गरिनेछ ।

● पर्यटकहरूको आकर्षणका लागि समय–समयमा विभिन्न उत्सव, मेला, सन्ध्याकालीन पदयात्रा र सांस्कृतिक कार्यक्रमहरू आयोजना गरिनेछ ।

● भाज्या पुखू, न्ह पुखू (रानीपोखरी) र बाहारे पुखू ( कमलविनायक पोखरी) जस्ता ऐतिहासिक पोखरीहरूमा स्थानीय तथा घरेलु उत्पादन र सांस्कृतिक गतिविधिसहितका मेलाहरू सञ्चालन गरिनेछ । नपुखूमा 'वाटर साइक्लिङ' (Water Cycling) सेवा सुरु गरिनेछ ।

● सम्पदा क्षेत्रमा रात्रिकालीन बत्ती र सीसी क्यामेराको व्यवस्था गरी रात्रिकालीन पर्यटनलाई प्रवर्द्धन गरिनेछ । यसका लागि १ करोड रुपैयाँ विनियोजन गरिएको छ ।

● नगरका मुख्य नाकाहरूमा पर्यटक सूचना केन्द्रहरू स्थापना

गरिनेछ र डिजिटल माध्यम (मोबाइल एप, क्युआर कोड) बाट सम्पदाहरूको जानकारी उपलब्ध गराइनेछ ।

● पर्यटनलाई स्थानीय जनजीविकासँग जोड्न होमस्टे (Homestay), फ्यामिली स्टे र टुर गाइड (Tour Guide) तालिमहरू सञ्चालन गरिनेछ ।

● भादगाउँले टोपी, ताइच्युन चिउरा, जुजु धौ र मौलिक काष्ठकलाको संरक्षण तथा प्रवर्द्धनका लागि वाग्मती प्रदेश सरकारसँगको साझेदारीमा कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

## वातावरण सुधार तथा फोहोरमैला व्यवस्थापन :

भक्तपुर नगरको वातावरण सुधार तथा फोहोरमैला व्यवस्थापन शीर्षकमा २३ करोड १५ लाख ८० हजार अर्थात् ९.०१ प्रतिशत रकम विनियोजन गरिएको छ ।

● नगरका सम्पदा क्षेत्र, खुला क्षेत्र, खोला र पोखरीहरूको नियमित सरसफाइका लागि जनप्रतिनिधि र कर्मचारीहरूको नेतृत्वमा स्थानीय जनताको सहभागितामा सञ्चालित पाक्षिक सरसफाइ कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

● 'एक सहकारी, एक क्षेत्र सरसफाइ' नीतिअन्तर्गत सहकारी संस्थाहरूलाई पनि सरसफाइ अभियानमा सक्रिय रूपमा परिचालन गरिनेछ ।

● नगरका मुख्य नाकाहरूमा हरियाली व्यवस्थापन र सरसफाइलाई विशेष प्राथमिकता दिइनेछ ।

● नगरको ढल निकास व्यवस्थापनमा सुधार गर्न र आवश्यक पूर्वाधार निर्माण गर्न सरोकारवाला सरकारी निकायहरूसँग समन्वय गरिनेछ ।

● आधुनिक प्रविधिको प्रयोग गरी कुहिने फोहोरबाट कम्पोस्ट मल उत्पादन गर्ने कार्यलाई तीव्रता दिइनेछ । सिलखे प्राङ्गारिक मल पूर्वाधार निर्माणका लागि २ करोड रुपैयाँ विनियोजन गरिएको छ ।

● नकुहिने फोहोरका लागि ३R (Reuse, Recycle, Reduce) विधिको प्रयोग गरी फोहोरमैलाको दीर्घकालीन व्यवस्थापन गरिनेछ ।

● वातावरणीय प्रदूषण घटाउन प्लास्टिकका झोला तथा प्लास्टिकजन्य सामग्रीहरूको प्रयोगमा न्यूनीकरण गरिनेछ ।

● नगरलाई ध्वनि र वायु प्रदूषणमुक्त बनाउन साइकल यात्रालाई प्रोत्साहनको साथै नाका नाकामा साइकल स्टायन्डको व्यवस्था गरिनेछ र मुख्य सडकहरूमा भारी सवारी साधन प्रवेशमा क्रमशः निषेध गरी पैदलयात्रीमैत्री बनाइनेछ ।

● बिजुली, टेलिफोन र इन्टरनेटका अव्यवस्थित तारहरूलाई हटाएर भूमिगत तार व्यवस्थापन (Underground Cabling) कार्यलाई शीघ्र सम्पन्न गरिनेछ ।

● नगरका विभिन्न स्थानमा आकर्षक पार्कहरू निर्माण गरिनेछ र सम्पदा स्थलहरूमा फूलका गमलाहरू राखेर सौन्दर्यीकरण गरिनेछ ।

## खेलकुद :

भक्तपुर नगरपालिकाले आगामी आर्थिक वर्ष २०८३/०८४ का लागि खेलकुद क्षेत्रलाई शिक्षासँगै जोडेर लैजाने नीति लिएको छ । नगरका युवा तथा विद्यार्थीहरूको शारीरिक र मानसिक विकासका लागि खेलकुद विकास र पूर्वाधार निर्माणमा ३ करोड ७५ लाख रकम विनियोजन गरिएको छ ।

● भक्तपुर नगरपालिका वडा नं. २ मा रहेको सहिद स्मृति खेल मैदान र वडा नं. ७ मा रहेको महेश्वरी खेल मैदानको स्तरवृद्धि तथा सुदृढीकरण गरिनेछ । नगरको उपयुक्त स्थानमा कभर्ड हल र फुटसल मैदान निर्माणका लागि आवश्यक तयारी र बजेटको व्यवस्था गरिएको छ ।

● नगरको उपयुक्त स्थानमा पौडी पोखरी निर्माण गरिनेछ र बालबालिकाहरूका लागि पौडी प्रशिक्षण केन्द्रको रूपमा विकास गरिनेछ । वडा-वडामा रहेका खुला व्यायामशाला (Open Gym) हरूलाई थप व्यवस्थित बनाउँदै विद्यालय स्तरसम्म विस्तार गरिनेछ ।

● नियमित रूपमा खेलकुद प्रतियोगिताहरू आयोजना गरिनेछ ।

● राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका खेलाडीहरू उत्पादन गर्न विभिन्न खेलका लागि नियमित प्रशिक्षणको व्यवस्था मिलाइनेछ । विद्यालयका खेल शिक्षकहरूलाई व्यावसायिक क्षमता अभिवृद्धिका लागि आवश्यक तालिम प्रदान गरिनेछ ।

● नगरपालिकाले आगामी वर्षदेखि खेलाडीहरूको बीमा गर्ने कार्य आरम्भ गर्ने नीति लिएको छ ।

● अपाङ्गता भएका नगरवासीहरूका लागि उनीहरूको क्षमताअनुसारको खेलकुद र अतिरिक्त क्रियाकलापहरू सञ्चालन गरिनेछ ।

● स्थानीय खेलकुद समिति, टीम-क्लब, पुस्तकालय र वाचनालयहरूलाई परिचालन गरी वडा र नगर स्तरमा खेलकुद प्रतियोगिता तथा अतिरिक्त क्रियाकलापहरू सञ्चालन गरिनेछ ।

● विद्यालयहरूमा खेलकुद प्रशिक्षकको व्यवस्था गरी विद्यार्थीहरूलाई सानै उमेरदेखि खेलप्रति रुचि जगाउने कार्यक्रम ल्याइनेछ ।

## विविध योजना तथा कार्यक्रमहरू

भक्तपुर नगरपालिकाले आगामी आर्थिक वर्ष २०८३/०८४ का लागि विविध योजना तथा कार्यक्रमअन्तर्गत

प्रशासनिक सुधार, प्रविधिमैत्री सेवा, विपद् व्यवस्थापन र सामाजिक उत्तरदायित्वका क्षेत्रमा निम्न कार्यहरू अगाडि बढाउने प्रस्ताव गरेको छ :

## १. सार्वजनिक जग्गा संरक्षण र औद्योगिक विकास

● नगरपालिकाभित्र रहेका पर्ती तथा सार्वजनिक जग्गाहरूको अभिलेखीकरण गरी तिनको संरक्षण र सामूहिक हितमा उपयोग गरिने नीतिलाई निरन्तरता दिइनेछ।

● भक्तपुर नगरपालिका वडा नं. २, सानो ब्यासीस्थित भक्तपुर औद्योगिक क्षेत्रलाई हस्तकला र घरेलु उत्पादनमा आधारित 'औद्योगिक ग्राम' को रूपमा विकास गर्न पहल गरिनेछ। भक्तपुर पेपर क्राफ्ट उद्योग सञ्चालनका लागि आवश्यक व्यवस्था मिलाइनेछ।

## २. डिजिटल सेवा र सुशासन

● नगरका महत्त्वपूर्ण पर्यटकीय स्थल र सम्पदा क्षेत्रहरूमा निःशुल्क वाइफाइ (Free Wi–Fi) को व्यवस्था मिलाइनेछ।

● नगरवासीको सुविधाका लागि अनलाइन कर सङ्कलन र अनलाइन नक्सा पास प्रक्रियाको थालनी गरिनेछ। कर टोलीहरू परिचालन गरी घरदैलोमै कर सङ्कलन गर्ने कार्यलाई प्रभावकारी बनाइनेछ।

● परम्परागत प्रविधिको संरक्षण गर्न माटो जोडाइका घर निर्माणको नक्सा पास प्रक्रियालाई सहज बनाइने र नक्सा पास दस्तुरमा छुट दिने नीति लिइएको छ।

## ३. विपद् व्यवस्थापन र राहत

विपद्को समयमा जनतालाई सुरक्षित राख्न, उद्धार र पुनःस्थापनाका लागि 'प्रकोप व्यवस्थापन कोष' लाई सुदृढ बनाइनेछ। यसका लागि ४० लाख बजेट विनियोजन गरिएको छ।

● युवा स्वयम्सेवक टोलीहरू गठन गरी उनीहरूलाई आगलागी, बाढी र पहिरोजस्ता विपद् प्रतिकार्यसम्बन्धी तालिम प्रदान गरिनेछ।

## ४. बजार अनुगमन र सहरी व्यवस्थापन

● उपभोक्ताको हित संरक्षणका लागि बजार अनुगमन कार्यलाई थप प्रभावकारी बनाइनेछ। व्यवसायीहरूको ढक-तराजु नवीकरण गर्ने व्यवस्था नगरपालिकाबाटै मिलाइनेछ।

● छाडा कुकुर तथा चौपाया नियन्त्रण र व्यवस्थापन कार्यलाई निरन्तरता दिइनेछ।

● नगरमा अस्थायी बसोबास गर्ने र डेरामा बस्ने व्यक्तिहरूको तथ्याङ्क सङ्कलन र अभिलेखीकरण गरिनेछ।

## ५. प्रशासनिक सुधार र कर्मचारी व्यवस्थापन

● नगरपालिकाको सेवालाई चुस्त र सेवाग्राहीमैत्री बनाउन कर्मचारीहरूको कार्यमूल्याङ्कनका आधारमा 'दण्ड र पुरस्कार' को व्यवस्था गरिनेछ।

● कर्मचारीहरूको क्षमता अभिवृद्धि गर्न नियमित तालिमहरू सञ्चालन गरिनेछ।

## ६. विविध

● २०७२ सालको भूकम्प पीडितहरूलाई भग्नावशेष व्यवस्थापन र नक्सा पास प्रक्रियामा सहजीकरण गरिनेछ।

● नगरपालिकाका लागि आवश्यक जग्गा खरिद र सार्वजनिक भवनहरूको मर्मत सम्भारका लागि बजेटको व्यवस्था गरिएको छ।

बजेटको सफलता यसको प्रभावकारी कार्यान्वयनमा भर पर्छ। स्रोतको सुनिश्चितता भएमा मात्र बजेटले अपेक्षा गरेका उपलब्धिहरू हासिल गर्न र नगरवासीहरूलाई गुणस्तरीय सेवा-सुविधा उपलब्ध गराउन सकिन्छ। त्यसैले, लक्ष्यअनुसारको राजस्व सङ्कलन हुनु अनिवार्य छ। म यसै गरिमामय सभा र बजेट वक्तव्यमार्फत भक्तपुर नगरपालिकाका समस्त करदाता महानुभावहरूमा समयमै तोकिएको कर तिरी जिम्मेवार नागरिकको परिचय दिन र नगरको विकास र सेवा-सुविधाको हकदार बन्न हार्दिक अपिल गर्दछु।

नगरपालिकाको सीमित स्रोत र साधनको अधिकतम उपयोग गरी बजेट तयार गर्दा नगरवासीका सबै चाहना र आवश्यकताहरू एकैपटक सम्बोधन गर्न सम्भव हुँदैन। त्यसैले, हामीले प्राथमिकता र आवश्यकताका आधारमा स्रोत र साधनको उपलब्धतालाई मध्यनजर गर्दै यो बजेट तथा कार्यक्रम तयार पारेका छौँ।

बजेट तर्जुमासँगै यसको सफल कार्यान्वियन अर्को महत्त्वपूर्ण पाटो हो। योजना तथा कार्यक्रमहरू समयमै र प्रभावकारी रूपमा सञ्चालन हुन सकेमा मात्र बजेटले लिएको उद्देश्य पूरा हुनेछ। त्यसैले, यो बजेटको पूर्ण र सफल कार्यान्वयनका लागि सम्बद्ध सबै पक्षलाई म हार्दिक अनुरोध गर्दछु।

अन्त्यमा, प्रस्तुत बजेट तथा कार्यक्रम तर्जुमा गर्ने प्रक्रियामा प्रत्यक्ष तथा परोक्ष रूपमा सहयोग पुऱ्याउनुहुने सम्पूर्ण कार्यपालिका सदस्यहरू, सञ्चार जगत्, नगरवासी दाजुभाइ तथा दिदीबहिनीहरू, प्रमुख प्रशासकीय अधिकृतलगायत सम्पूर्ण कर्मचारी मित्रहरूलाई म हार्दिक धन्यवाद ज्ञापन गर्दछु। भक्तपुरको विकास प्रक्रियामा निरन्तर सहयोग उपलब्ध गराउने नेपाल सरकार, वाग्मती प्रदेश सरकार, सरोकारवाला सहयोगी सङ्घ-संस्थाहरू र वडा एवं नगरस्तरीय सुझाव सङ्कलन कार्यक्रममा सहभागी भई महत्त्वपूर्ण सुझाव दिनुहुने सम्पूर्ण नगरवासीहरूप्रति भक्तपुर नगरपालिकाको तर्फबाट हार्दिक आभार व्यक्त गर्दछु।

आगामी दिनमा पनि भक्तपुरको सर्वाङ्गीण विकासका लागि यहाँहरूको साथ, सहयोग र सद्भाव निरन्तर रहने विश्वासका साथ म यो बजेट वक्तव्य समापन गर्दछु।

धन्यवाद !

## चौथो बैठक

(२०८३ असार १२ गते)

# आ.व. २०८३/०८४ को बजेटमाथि छलफल




भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा बसेको बीसौं नगरसभाको चौथो बैठक असार १२ गते बस्यो । उक्त बैठकमा भक्तपुर नपाको आ.व. २०८३/०८४ को बजेटमाथि छलफल भयो ।

बैठकमा भक्तपुर नगरपालिकाको आ.व. २०८३/०८४ को बजेटमाथि भएको दफावार छलफलमा सभासद्हरु हरिरत्न गोर्खाली, सिद्धिराम अवाल, इन्द्रबहादुर प्याठ, श्यामसुन्दर मातां, पुरुषोत्तम तमखु, नारायणप्रसाद त्वानाबासु र रामसुन्दर बासीले प्रस्तावित कर तथा दस्तुरमा पुल हाउसलाई करको दायरामा ल्याउनुको सट्टा पूर्ण रूपमा बन्द गराउनुपर्ने, सफाइ शुल्क वृद्धि गरी शुल्क सङ्कलनका लागि अनलाइन वा घरदैलोमार्फत सङ्कलन गर्ने व्यवस्था गर्नुपर्ने, आदर निकेतनको शुल्क समयसापेक्ष बनाउन ध्यान दिनुपर्ने, ब्रह्मायणी मन्दिरलाई मौलिक शैलीमै पुनःनिर्माण गर्न आवश्यक बजेट विनियोजन गर्नुपर्ने, अस्पताल तथा विद्यालय परिसरमा ट्राफिक बत्ती (ट्राफिक लाइट) जडान गर्नुपर्ने, व्यवस्थित वधशाला निर्माणका लागि बजेट व्यवस्था गर्नुपर्ने, कृषि अनुसन्धान केन्द्र स्थापना तथा निर्माणका लागि बजेट छुट्याउनुपर्ने, प्रदेश सरकारबाट प्राप्त हुने बजेटको पूर्ण रूपमा सदुपयोग सुनिश्चित गर्नुपर्ने, जग्गा खरिद शीर्षकमा विनियोजित बजेट न्यून भएकाले बजेट वृद्धि गर्नुपर्ने, स्वास्थ्य केन्द्रहरूमा छुट्टाछुट्टै बजेट विनियोजन गर्नुको सट्टा ख्वप अस्पताललाई थप सुविधासम्पन्न बनाउन आवश्यक बजेट व्यवस्था गर्नुपर्नेलगायतका धारणा व्यक्त गर्नुभयो ।

त्यस्तै सभाको विशेष समयमा सभासद्हरु रामसुन्दर बासी, जितेन्द्र मुनंकर्मी, रीता फसिकवा, सीतादेवी नेपाली, कल्पना शिल्पकार, सुमित्रा बोहजु, विष्णुकेशरी दुवाल, मन्जुमैया लाखा, कृष्णनारायण दुमरु, सिद्धिराम अवाल, ज्ञानबहादुर मानन्धर, इन्द्रबहादुर प्याठ, कृष्णलाल किसी, हरिरत्न गोर्खाली, सूर्यप्रसाद श्रेष्ठ, कृष्णसुन्दर प्रजापति, श्यामसुन्दर मातां र गोविन्द दुवालले स्थानीय समस्याहरू र समसामयिक विषयहरूमा आ–आफ्नो धारणा राख्नुभयो ।

बैठकमा विधायन समितिका संयोजक हरिराम सुवालले भक्तपुर नगरपालिकाको शैक्षिक ऋण दिने सम्बन्धमा बनेको निर्देशिका २०७५ मा तेस्रो संशोधन विधेयक छलफलको लागि प्रस्तुत गर्नुभएको थियो ।

नगरसभाको अर्को बैठक २०८३ साल असार १५ गते सोमबार दिनको १ बजे बस्ने गरी स्थगित भयो ।

## पाँचौं बैठक

(२०८३ असार १५ गते)

# भक्तपुर नगरपालिकाको बजेट सर्वसम्मतिबाट पारित

### शैक्षिक ऋणको सीमा बढ्यो, ब्याज घट्यो




भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा असार १५ गते बसेको बीसौं नगरसभाको पाँचौं बैठकले आर्थिक विधेयक २०८३, विनियोजन विधेयकसहित आ.व. २०८३/०८४ का लागि भक्तपुर नगरपालिकाको बजेट सर्वसम्मतिले पारित गऱ्यो ।

उपप्रमुख रजनी जोशीले असार १० गते नगरपालिकाको

लागि भक्तपुर नगरपालिकाको रु. २ अर्ब ५५ करोडको बजेट प्रस्तुत गर्नुभएको थियो ।

सभाध्यक्ष प्रमुख **सुनिल प्रजापति**ले आर्थिक वर्ष २०८३/०८४ को बजेटमाथि भएको छलफलमा सक्रिय सहभागिता जनाई रचनात्मक सुझाव, जिज्ञासा तथा समर्थनमार्फत महत्त्वपूर्ण सहयोग पुऱ्याउनुभएका सम्पूर्ण सभासद्हरूप्रति हार्दिक धन्यवाद ज्ञापन गर्नुभयो ।



बजेटमाथिको छलफलमा उठेका जिज्ञासाको जवाफ दिँदै उपप्रमुख **रजनी जोशी**ले भक्तपुर नगरपालिकाले आदर निकेतन न्यून शुल्कमा सञ्चालन गर्ने तयारी गरेको बताउनुभयो । उहाँले राजश्व सङ्कलनलाई थप प्रभावकारी बनाउन विशेष ध्यान दिनुपर्ने, जनताबाट प्राप्त गुनासा र सुझावलाई सम्बोधन गर्दै बजेट तर्जुमा गरिएको तथा सङ्घ र प्रदेश सरकारबाट प्राप्त हुने अनुदान क्रमशः घट्दै गइरहेको उल्लेख गर्नुभयो । साथै, नागरिकलाई करसम्बन्धी सचेतना अभिवृद्धि गर्न आवश्यक रहेको र अपाङ्गता भएका व्यक्तिहरूका लागि सहायक सामग्री वितरण कार्यक्रमअन्तर्गत झुल वितरण गरिएको जानकारी सभासमक्ष गराउनुभयो ।

आजको बैठकमा भक्तपुर नगरपालिकाको आ.व. २०८३/०८४ को खरिद योजना, न्यायिक समितिको प्रतिवेदन र बेरुजु फछ्र्योट सम्बन्धी प्रस्ताव पेश गरिएको थियो ।

सोही बैठकबाट 'भक्तपुर नगरपालिकाको शैक्षिक ऋण दिने सम्बन्धमा बनेको निर्देशिका २०७५' मा तेस्रो संशोधन विधेयक २०८३ पारित भयो ।

'भक्तपुर नगरपालिका, शैक्षिक ऋण दिने सम्बन्धमा बनेको निर्देशिका, २०७५ (तेस्रो संशोधन विधेयक, २०८३)' अनुसार भक्तपुर नगरपालिकाभित्र स्थायी बसोबास गर्ने जेहेनदार तथा विपन्न विद्यार्थीलाई दिइने शैक्षिक ऋणको सीमा रु. ५ लाखबाट बढाएर रु. ७ लाख पुऱ्याउने र शैक्षिक ऋणको वार्षिक ब्याजदर ६ प्रतिशतबाट घटाएर ४ प्रतिशत कायम गर्ने व्यवस्था रहेको छ ।

# प्रेरणीय

## दुई शब्द

धेरै पहिलेको कुरा हो, एक चर्चित गुरु आफ्नो आश्रममा शिष्यहरूलाई शिक्षा दिने कार्यमा लागेका थिए । तर, यहाँ शिक्षा दिने तरिका अन्यत्रभन्दा निकै भिन्न थियो । मौन बसेर नै ज्ञान आर्जन गर्न सकिन्छ भन्नेमा गुरुको विश्वास थियो । उनले त्यसलाई कडाइसाथ पालना गर्दै आएका पनि थिए । त्यसैले, त्यस आश्रममा सबैले मौन रहनुपर्ने नियम थियो । तर, १० वर्ष पूरा भएपछि भने कसैलाई बोल्न आवश्यक परेमा उसले मात्र दुई शब्द बोल्न पाउँथ्यो ।

पहिलो १० वर्ष पूरा गरिसकेपछि एक शिष्य गुरु भएको स्थानमा पुगे । उनको आज १० वर्ष पूरा भयो भन्नेबारे गुरु पनि जानकार थिए । गुरुले शिष्यलाई दुईओटा औँला देखाएर आफ्ना दुई शब्द बोल्न इसारा गरे । शिष्यले भने– खाना नमिठो । गुरुले 'हो' भन्ने इसारा गर्दै शिर हल्लाए ।

त्यसपछि यसैगरी अर्को १० वर्ष बित्यो । यसपटक पनि तिनै शिष्य आफ्नो गुनासो लिएर गुरुसमक्ष पुगे । गुरुबाट सङ्केत पाएपछि उनले भने– ओछ्यान कडा । यसपटक पनि गुरुले 'हो' भन्ने सङ्केत गर्दै शिर हल्लाए । यसै गर्दागर्दै पुनः थप १० वर्ष बिते । यसपटकचाहिँ ती शिष्यले आश्रम छाडेर जाने अनुमति लिनका लागि गुरुसमक्ष उपस्थित भए । उनले गुरुलाई भने– मबाट हुँदैन ।

'म जान्दथेँ,' गुरुले भने र उनले आश्रम छाडेर जान सक्ने सङ्केत गरे । शिष्यले आश्रम छाडेपछि गुरुले मनमनै सोचे– जसले सानो मौका पाउनासाथ गुनासो मात्र गर्छ, उसले ज्ञान कहाँबाट र कसरी प्राप्त गर्ला ?

आफू बस्ने घर, चोक, टोल र नगर
हाम्रो लागि हामी आफै सफा गरौं ।
सफाइ गर्दा इज्जत घट्दैन
बरु सभ्य भइन्छ र
रोगबाट समेत मुक्त हुन्छ ।

# नीति तथा कार्यक्रम र बजेटसम्बन्धी राय सुझाव सङ्कलन




भक्तपुर नगरपालिकाले आगामी आ.व. २०८३/०८४ को नीति तथा कार्यक्रम र बजेट तर्जुमा गर्ने क्रममा समाजका विभिन्न क्षेत्रका नगरवासीहरूबाट विभिन्न मितिमा राय सुझाव सङ्कलन गरेको छ ।

## महिलाहरूबाट

यसक्रममा जेठ ३१ गते महिलाहरूबाट राय सुझाव सङ्कलन गऱ्यो ।



कार्यक्रममा सहभागी महिलाहरूले शिक्षा, स्वास्थ्य, रोजगारी, सीपमूलक तालिम, उद्यम विकास, सामाजिक सुरक्षा र महिलाहरूको समस्या आदिबारे विभिन्न सुझावहरू प्रस्तुत भएका थिए ।

कार्यक्रममा नगर प्रमुख **सुनिल प्रजापति**ले नगरपालिकाले हरेक वर्ष जनतासँग प्रत्यक्ष रूपमा सुझाव सङ्कलन गर्दै आएको बताउनुभयो ।

वडास्तरबाट, नगरपालिकामा आयोजना गरिने भेला र अनलाइन माध्यमबाट समेत नगरवासीहरूबाट सुझाव सङ्कलन गर्ने गरिएको जानकारी दिँदै उहाँले जनप्रतिनिधि र नागरिकबीचको सहभागितामूलक सम्बन्धलाई थप सुदृढ बनाउन यो कार्यक्रम आयोजना गरिएको बताउनुभयो ।

कार्यक्रमबाट प्राप्त सुझावहरूलाई आगामी बजेट तथा कार्यक्रममा प्राथमिकताको आधारमा समावेश गरिने उहाँले बताउनुभयो ।

भक्तपुर नगरपालिकाका उपप्रमुख **रजनी जोशी**ले महिलाहरूले जबसम्म सुरक्षित, सम्मानित र स्वतन्त्र महसुस गर्दैनन्, तबसम्म देशको समग्र विकास र समृद्धिको कल्पना गर्न सकिँदैन भन्दै नगरका समस्याहरूलाई एकैपटक समाधान गर्न नसकिए पनि योजनाबद्ध र चरणबद्ध ढङ्गले दिगो रूपमा समाधान गर्दै लगिने बताउनुभयो ।

कार्यक्रममा उपस्थित महिला प्रतिनिधिहरूले चोरी-डकैती नियन्त्रणका लागि टोल-टोलमा सीसी टिभी जडान गर्नुपर्ने, नसर्ने रोग सम्बन्धी सचेतनामूलक कार्यक्रम सञ्चालन गर्नुपर्ने, भक्तपुरको मौलिकता तथा सम्पदा संरक्षणमा विशेष ध्यान दिनुपर्ने, धारा तथा पानीका स्रोतहरूको संरक्षण र व्यवस्थापन गर्नुपर्ने, लागुऔषध दुर्व्यसन नियन्त्रणका लागि प्रभावकारी कार्यक्रम सञ्चालन गर्नुपर्ने, स्थानीय टुर गाइडको अभाव भएकाले तालिम सञ्चालन गर्नुपर्ने, खोला किनारमा सुरक्षाका लागि पर्खाल निर्माण गर्नुपर्ने, पिच गर्न बाँकी रहेका सडकहरू कालोपत्रे गर्नुपर्ने, वडा नं. ३ मा आवश्यक स्थानमा शिशु स्याहार केन्द्र स्थापना गर्नुपर्ने, बालमन्दिरका विद्यार्थी तथा विद्यालयको उचित व्यवस्थापन गर्नुपर्ने, रात्रिकालीन प्रहरी गस्ती बढाउनुपर्ने, च्याम्हासिंह क्षेत्रमा पार्किङ व्यवस्थापन गर्नुपर्ने बताउनुभयो ।

उहाँहरूले महिला स्वास्थ्य स्वयंसेविकाहरूको क्षमता अभिवृद्धि तालिम सञ्चालन गर्नुपर्ने, महिलाहरूका लागि उद्यमशीलता तथा सीपमूलक तालिमलाई व्यापक बनाउनुपर्ने, बहुउद्देश्यीय भवन निर्माणका लागि बजेट विनियोजन गर्नुपर्ने, सुत्केरी भेटघाट कार्यक्रममा सुत्केरी आमाहरूलाई उपहारको व्यवस्था गर्नुपर्ने, महिला स्वास्थ्य स्वयंसेविकाहरूका लागि शैक्षिक भ्रमणको व्यवस्था गर्नुपर्ने, महिलाहरूमा रहेका सीपलाई व्यवसायीकरण गर्न आवश्यक ज्ञान तथा तालिम प्रदान गर्नुपर्ने, मिवाछेँ क्षेत्रका खाल्डाखुल्डी पुर्नुपर्ने, इन्द्रायणीको ढुङ्गेधाराको संरक्षण तथा व्यवस्थापन गर्नुपर्ने, वडा-वडाबाट किसानहरूलाई मल उपलब्ध गराउनुपर्ने, नगरभित्रका स्थानीय व्यवसायलाई प्रोत्साहन गर्ने नीति अवलम्बन गर्नुपर्ने लगायतका सुझावहरू दिएका थिए ।

कार्यक्रममा वडा नं. ९ का वडाध्यक्ष **रविन्द्र ज्याख्व**ले पनि बोल्नुभयो ।

## कृषकहरूबाट

आगामी आर्थिक वर्षको वार्षिक नीति तथा कार्यक्रम र बजेट तर्जुमालाई जनमुखी र उत्पादनकेन्द्रित बनाउन भक्तपुर नगरपालिकाले जेठ २२ गते कृषक भेला गरी आवश्यक राय सुझाव सङ्कलन गऱ्यो ।




कार्यक्रममा नगर प्रमुख **सुनिल प्रजापति**ले नगरपालिकाले किसानहरूलाई लक्षित गरी सञ्चालन गर्दै आएका विभिन्न प्रवर्द्धनात्मक कार्यक्रमहरूको सन्दर्भ चर्चा गर्दै किसानहरूको जीवनस्तर उकास्न कृषि उत्पादन र उत्पादकत्व वृद्धि गर्नुको विकल्प नभएको बताउनुभयो।

उत्पादन वृद्धिका लागि नगरपालिकाले किसानहरूलाई समय-समयमा कीटनाशक औषधीको सही प्रयोग, माटो परीक्षण र नयाँ-नयाँ आधुनिक कृषि प्रविधिसम्बन्धी आवश्यक तालिमहरूको बन्दोबस्त गर्दै आएको उहाँले जानकारी दिनुभयो।

नगर प्रमुख प्रजापतिले भन्नुभयो, 'खेती किसानी गर्ने वास्तविक किसानहरूलाई प्रोत्साहन गर्न हामीले कृषि सामग्री वितरण, किसान सूचीकरण र सहुलियत मूल्यमा कम्पोष्ट मल वितरण गर्ने कार्यलाई प्राथमिकता दिएका छौँ।'

निर्वाचनका समयमा जनतासामु गरेका प्रतिबद्धता र घोषणापत्रअनुसार नै नगरपालिकाले आफ्ना हरेक गतिविधिहरू अगाडि बढाइरहेको जानकारी दिँदै उहाँले भक्तपुर नपाले कृषि उत्पादनको उचित भण्डारण र किसानहरूलाई राहत दिने उद्देश्यले नगरपालिकाले चिस्यान केन्द्र (कोल्ड स्टोरेज) निर्माण गरेको बताउनुभयो।

नगर प्रमुख प्रजापतिले नगरपालिकाका सम्पूर्ण आर्थिक तथा प्रशासनिक कामहरू पूर्ण रूपमा पारदर्शी र जवाफदेही ढङ्गले सञ्चालन भइरहेको बताउँदै जनताका रचनात्मक सुझावहरूले नै स्थानीय सरकारलाई सही बाटोमा हिँड्न मद्दत गर्ने उल्लेख गर्नुभयो।

उपप्रमुख **रजनी जोशी**ले भक्तपुर नगरपालिकाले नेपाल सरकारको राष्ट्रिय कार्यक्रम अन्तर्गत किसानहरूको वास्तविक तथ्याङ्क सङ्कलन गर्न र सेवा-सुविधाहरू पारदर्शी रूपमा वितरण गर्न किसान सूचीकरण कार्यलाई निकै व्यवस्थित र प्राथमिकताका साथ अगाडि बढाइरहेको बताउनुभयो। परम्परागत कृषिलाई आधुनिकीकरण गर्दै नगरलाई कृषि उत्पादनमा आत्मनिर्भर बनाउन नगरपालिका निरन्तर लागिपर्ने उहाँको भनाइ थियो।

कार्यक्रममा भनपा वडा नं. ३ का वडाध्यक्ष एवम् कृषि समिति संयोजक **राजकृष्ण गोरा**ले पनि बोल्नुभएको थियो।

कार्यक्रममा किसानहरूले परम्परागत खेतीबाट आधुनिक खेतीतर्फ आकर्षित गर्न नयाँ-नयाँ कृषि उपकरणहरूमा विशेष अनुदानको व्यवस्था गर्नुपर्ने, खेतीको समयमा हुने मलको अभावलाई अन्त्य गर्न खेतीका लागि चाहिने रासायनिक मलको सहज र समयमै उपलब्धता सुनिश्चित गर्नुपर्ने, प्राङ्गारिक खेतीलाई प्रवर्द्धन गर्न कम्पोष्ट मलको उत्पादन र वितरणमा किसानहरूलाई विशेष सहुलियत प्रदान गर्नुपर्ने, समग्र कृषि क्षेत्रको रूपान्तरणका लागि स्थानीय तहबाट विनियोजन हुने कृषि क्षेत्रको बजेट र लगानीमा व्यापक वृद्धि गरिनुपर्ने, किसानहरूले आफ्ना उत्पादनको उचित मूल्य पाउन र बिचौलियाको अन्त्य गर्न स्थानीय तहमा व्यवस्थित तरकारी बजारको निर्माण तथा सञ्चालन, किसानहरूलाई दक्ष र व्यावसायिक बनाउनका लागि विशेष सीपमूलक तालिम तथा बजेटको व्यवस्था गर्नुपर्ने, कृषिका लागि छुट्याइएको ऋण र अनुदान वास्तविक किसानसम्म पुऱ्याउनका लागि स्पष्ट, पारदर्शी र झन्झटमुक्त कार्यविधि बनाएर अगाडि बढ्नुपर्ने, नगरका कृषि समूहहरूलाई सक्रिय बनाई उनीहरूको क्षमता विकासका लागि विविध प्राविधिक तालिमहरू आयोजना गर्नुपर्ने, कृषिमा आत्मनिर्भर बनाउन व्यावसायिक कृषिमा युवाहरूलाई आकर्षित गर्ने विशेष प्याकेज ल्याइनुपर्ने, स्थानीय आवश्यकता र माटो अनुकूलका कृषि उत्पादन र उत्पादकत्व बढाउने कार्यक्रमलाई प्राथमिकता दिइनुपर्ने बताउनुभयो।

कृषक प्रतिनिधिहरूले आर्थिक समृद्धिका लागि व्यावसायिक जडीबुटी खेती र औद्योगिक बाली (नगदे बाली) को प्रवर्द्धन र विस्तारमा जोड दिनुपर्ने, स्थानीय स्तरमा दुग्ध उत्पादनमा आत्मनिर्भर बन्नका लागि व्यावसायिक भैँसीपालनमा जोड दिनुपर्ने, कमलपोखरीमा कमलको फूल रोप्ने र यसलाई आकर्षक पर्यटकीय क्षेत्रको रूपमा विकास गरिनुपर्ने, आन्तरिक तथा बाह्य पर्यटन प्रवर्द्धन गरी स्थानीयको आयआर्जन बढाउन इच्छुक नागरिकहरूका लागि होम स्टे व्यवस्थापन सम्बन्धी तालिमको व्यवस्था गरिनुपर्ने र नगरको सुरक्षा, चोरी-पैठारी नियन्त्रण र रात्रिकालीन सुरक्षाका लागि संवेदनशील क्षेत्र र मुख्य सडकहरूमा सडक बत्ती र सीसीटीभीहरू जडान गरिनुपर्नेलगायतका सुझावहरू व्यक्त गरेका थिए।

## मजदुर, डकर्मी र सिकर्मीहरूबाट

जेठ २६ गते नगरका मजदुर, डकर्मी तथा सिकर्मीहरूसँग राय-सुझाव सङ्कलन गऱ्यो।




कार्यक्रममा भक्तपुर नगरपालिकाका उपप्रमुख **रजनी जोशी**ले बजेट निर्माण प्रक्रियामा सबै वर्ग र समुदायको सहभागिता आवश्यक रहेको बताउँदै नगरवासीहरूको सुझावलाई आवश्यकताको आधारमा आगामी बजेट तथा कार्यक्रममा समेट्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

उहाँले विकास निर्माणका काममा श्रमिकहरूको महत्त्वपूर्ण भूमिका रहेको उल्लेख गर्दै श्रमिक र मजदुरहरूको हित र अधिकार सुनिश्चित गर्न नगरपालिका सधैँ प्रतिबद्ध रहेको बताउनुभयो ।

कार्यक्रममा सहभागी श्रमिक प्रतिनिधिहरूले कामदार वर्गको समस्या राख्ने अवसर प्रदान गरेकोमा नगरपालिकालाई धन्यवाद दिँदै मजदुरहरूको स्वास्थ्य बीमाका लागि छुट्टै कोष स्थापना गर्नुपर्ने, महेश्वरीघाटको पश्चिमपट्टिको घाट व्यवस्थित गर्नुपर्ने, नगरभित्र धारा जडान गर्दा लाग्ने शुल्क मितव्ययी तथा सर्वसुलभ बनाउनुपर्ने, झिँगटी छाउने दक्ष जनशक्तिको अभाव भएकाले नयाँ पुस्तालाई तालिम दिनुपर्ने, घर निर्माणका क्रममा नगरपालिकाले समयमै जाँचपास तथा अनुगमन गर्नुपर्ने, विकास निर्माणका कार्यमा स्थानीय सरकारबाट स्थानीय कालिगड तथा श्रमिकलाई प्राथमिकता दिनुपर्ने, नक्सा पास सम्बन्धी मापदण्ड र प्रक्रिया जनतालाई स्पष्ट रूपमा जानकारी गराउनुपर्ने, भनपा वडा नं. १० स्थित कमलपोखरीको पूर्व तथा उत्तरतर्फका बाटाहरू खुला गरी आवागमन सहज बनाउनुपर्ने, महिलाहरूलाई पनि डकर्मी (निर्माणसम्बन्धी) तालिम प्रदान गर्नुपर्ने, सिद्धि स्मृति खेलमैदानलाई स्तरोन्नति



गरी राम्रो बनाउनुपर्ने, पेटी निर्माण भएका सडकहरूमा हरियाली प्रवर्द्धनका लागि वृक्षारोपण गर्नुपर्ने सुझाव दिनुभयो ।

उहाँहरूले वर्षायाम सुरु हुनुअघि खोलानाला सफा गरी माटो हटाउनुपर्ने, ख्वप अस्पतालको सेवा विस्तारका लागि उपयुक्त स्थानमा थप जग्गा व्यवस्थापन गर्नुपर्ने, भूकम्पबाट क्षति भएका तथा भग्नावशेष अवस्थामा रहेका घरहरूको व्यवस्थापनमा विशेष ध्यान दिनुपर्ने, ब्यासी–कमलविनायक सडकलाई फराकिलो बनाउनुपर्ने, भक्तपुर नगरपालिका–१० स्थित लान्चाफल्चा क्षेत्रमा सबै घरधुरीमा फोहोर सङ्कलनको व्यवस्था गर्नुपर्ने, लिबाली–थुसाचा करिडोर मार्ग खुलाउनुपर्ने र बाराहीस्थित ताहा फल्चाको पुन:निर्माण तथा संरक्षण गर्नुपर्नेलगायतका धारणा व्यक्त गरेका थिए ।

कार्यक्रममा भक्तपुर नपा वडा नं. ९ का वडाध्यक्ष **रविन्द्र ज्याख्व**ले भक्तपुर नगरपालिकाले आगामी आर्थिक वर्षको बजेट तर्जुमाको लागि विभिन्न पेशा–व्यवसाय र क्षेत्रसँग निरन्तर छलफल तथा राय सुझाव सङ्कलन गरिरहेको बताउनुभयो ।

## शिक्षकहरूबाट

शिक्षा क्षेत्रको गुणस्तर अभिवृद्धि तथा विद्यालय शिक्षालाई अझ प्रभावकारी बनाउन भक्तपुर नगरपालिकाले जेठ २७ गते शिक्षक प्रतिनिधिहरूसँग राय–सुझाव सङ्कलन कार्यक्रम गऱ्यो ।



कार्यक्रममा नगर प्रमुख **सुनिल प्रजापति**ले शिक्षकहरूबाट प्राप्त अनुभव र सुझावले शिक्षा क्षेत्रको सुधार तथा विकासमा महत्त्वपूर्ण योगदान पुग्ने विश्वास व्यक्त गर्दै शिक्षाको समग्र विकासका लागि सबै पक्षको सहकार्य आवश्यक रहेको बताउनुभयो । शिक्षकहरूबाट प्राप्त सुझावहरूले नगरपालिकाको शैक्षिक योजना निर्माणमा महत्त्वपूर्ण योगदान पुग्ने विश्वास उहाँले व्यक्त गर्नुभयो ।

भक्तपुर नगरपालिकाले विद्यालय शिक्षा, प्राविधिक शिक्षा तथा उच्च शिक्षाको विकासका लागि विभिन्न महत्त्वपूर्ण कार्यक्रम सञ्चालन गर्दै आएको बताउँदै उहाँले भन्नुभयो, 'अब भक्तपुरलाई ज्ञान–विज्ञानको केन्द्रमात्र होइन, अनुसन्धानको

केन्द्रका रूपमा पनि विकास गर्नुपर्छ ।'

कार्यक्रममा सहभागी शिक्षकहरूले शिक्षा क्षेत्रको विकासका लागि नगरपालिकाले गरेका प्रयासको प्रशंसा गर्दै विद्यालय र कलेजमा अनुसन्धानमूलक अध्ययन, प्रविधिमैत्री शिक्षण तथा शैक्षिक गुणस्तर अभिवृद्धिका कार्यक्रमलाई थप प्रभावकारी बनाउन सुझाव दिएका थिए । सहभागी शिक्षक प्रतिनिधिहरूले राय सुझाव प्रस्तुत गर्दै स्थानीय पाठ्यक्रमलाई प्रभावकारी बनाउन सांस्कृतिक केन्द्र निर्माण गर्नुपर्ने, सामाजिक विषयमा विद्यार्थीलाई बलियो बनाउन शिक्षकहरूलाई विशेष तालिम प्रदान गर्नुपर्ने, प्रयोगशाला (ल्याब) नभएका विद्यालयहरूलाई आवश्यक सहयोग उपलब्ध गराउनुपर्ने, विद्यालयमा सूचना प्रविधि (आईटी) विकासका लागि छुट्टै बजेट व्यवस्था गर्नुपर्ने, दिवा खाजा कार्यक्रमका लागि उपलब्ध रकम अपुग भएकाले बजेट वृद्धि गर्नुपर्ने, विद्यालय नर्स कार्यक्रम प्रभावकारी रहेकोले नर्सहरूको क्षमता अभिवृद्धिसँगै स्वास्थ्य उपचारको व्यवस्था गर्नुपर्ने, जिल्लान्तर सरुवाको समस्या समाधानका लागि नगरपालिका तथा सम्बन्धित निकायले पहल गर्नुपर्ने बताउनुभयो ।

उहाँहरूले परीक्षामा उत्कृष्ट नतिजा हासिल गराउने शिक्षकहरूलाई सम्मान तथा प्रोत्साहन गर्नुपर्ने, विद्यालयलाई प्रदान गरिने भौतिक निर्माणसम्बन्धी बजेट समयमै निकासा गर्नुपर्ने, विद्यालय नर्स नभएका विद्यालयहरूमा पनि नगरपालिका मार्फत नर्सको व्यवस्था गर्नुपर्ने, एआई र आईसीटीसम्बन्धी तालिम शिक्षकहरूलाई समेत उपलब्ध गराउनुपर्ने, शिक्षकहरूको तलब मासिक रूपमा नियमित निकासा गर्नुपर्ने, संस्थागत विद्यालयका शिक्षकहरूलाई पनि शिक्षण विधि तथा पुनःताजगी तालिम प्रदान गर्नुपर्ने, रैथाने बाजा प्रशिक्षणलाई शैक्षिक कार्यक्रमका रूपमा सञ्चालन गर्न प्रशिक्षक व्यवस्था गरी विद्यालयमा पठाउन बजेट छुट्याउनुपर्ने, विद्यार्थीहरूको मानसिक स्वास्थ्य प्रवर्द्धनका लागि विद्यालयस्तरमा नियमित स्वास्थ्य तथा परामर्श शिविर सञ्चालन गर्नुपर्ने, संस्थागत विद्यालयहरूलाई सरसफाइ उपकरण उपलब्ध गराए विद्यालय वरपरका सम्पदा क्षेत्रको सरसफाइमा सहयोग पुग्ने, 'एक विद्यालय-एक नर्स' कार्यक्रमको सुविधा संस्थागत विद्यालयहरूमा पनि विस्तार गर्नुपर्ने, भक्तपुर नगरपालिकाद्वारा सञ्चालित शिशुस्याहार केन्द्रका कक्षाकोठाहरूको भौतिक अवस्था सुधार गर्नुपर्नेलगायत सम्बन्धित विविध विषयमा आफ्नो धारणा तथा सुझाव प्रस्तुत गरेका थिए ।

कार्यक्रममा सार्वजनिक माध्यमिक विद्यालय संयुक्त परीक्षा समिति, सामूहिक परीक्षा समिति, आधारभूत विद्यालय सङ्घ, सार्वजनिक शैक्षिक गुठी विद्यालय सङ्घ नेपाल, इसान, प्याब्सन, एन प्याब्सन, जेन्यून, सैनिक आवासीय महाविद्यालय र समता स्कूल, राजश्री गुरुकुलका शिक्षक प्रतिनिधिहरूको सहभागिता रहेको थियो ।

## युवा तथा विद्यार्थीहरूबाट

जेठ २८ गते युवा, विद्यार्थी, टीम क्लब तथा वाचनालयहरूसँग राय-सुझाव सङ्कलन गऱ्यो ।



कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले नगरपालिकाले आगामी बजेट, नीति तथा कार्यक्रमलाई थप प्रभावकारी बनाउन युवा तथा विद्यार्थीहरूबाट प्राप्त सुझावलाई प्राथमिकताका साथ समावेश गरिने बताउनुभयो ।

प्रमुख प्रजापतिले भक्तपुर नगरपालिकाले कम शुल्कमा गुणस्तरीय शिक्षा प्रदान गर्न २ वटा इन्जिनियरिङ कलेजसहित ७ वटा शैक्षिक संस्था सञ्चालन गर्दै भक्तपुरमै उच्च शिक्षा अध्ययन गर्ने अवसर उपलब्ध गराउँदै आएको बताउनुभयो ।

भक्तपुर नगरपालिकाले युवाहरूलाई शिक्षासँगै सीपमूलक तालिम सञ्चालन गर्नुका साथै कम्प्युटर, चिनियाँ तथा जापानी भाषा, एआई प्रयोगसम्बन्धी तालिम र युवा उद्यमशीलता ऋणमार्फत युवाहरूलाई स्वरोजगार र आत्मनिर्भर बनाउन प्रयास गरिरहेको उहाँले बताउनुभयो ।

कार्यक्रममा सहभागीहरूले वडा-वडामा आदर निकेतन स्थापना गर्नुपर्ने, कमलपोखरीको हिलो निकालेर सफा गर्नुपर्ने तथा दक्षिणपट्टिको पानी चुहिने समस्या समाधान गर्नुपर्ने, सुनध्वाका क्षेत्र सफा गरी मर्मत गर्नुपर्ने, टौमढी क्षेत्रमा ढुङ्गा छपाइ गर्नुपर्ने, मुख्य सडकका दायाँ-बायाँ वृक्षारोपण गर्नुपर्ने, गुणस्तरीय शिक्षाका लागि सूचना प्रविधिको विस्तार गर्नुपर्ने, रोजगारमुखी कार्यक्रम सञ्चालन गर्नुपर्ने, प्रत्येक वडामा इनडोर हल तथा खेलमैदान निर्माण गर्नुपर्ने, नागपोखरीमा पर्खाल निर्माण तथा मर्मत गर्नुपर्ने, थालाछेँ क्षेत्रमा पुस्तकालय स्थापना गर्नुपर्ने, बेरोजगार युवालाई लक्षित गरी विशेष

कार्यक्रम सञ्चालन गर्नुपर्ने, बालबालिकाका लागि सञ्चालन भइरहेको गृहकार्य कक्षा प्रभावकारी भएकाले थप २ जना शिक्षकको व्यवस्था गर्नुपर्ने, वाचनालयमा अद्यावधिक पुस्तकहरू उपलब्ध गराउनुपर्ने, वाचनालय तथा पुस्तकालयको जनशक्ति व्यवस्थापनका लागि बजेट तथा अनुदानको व्यवस्था गर्नुपर्ने, लिपी कक्षालाई निरन्तरता दिनुपर्ने, युवालक्षित कार्यक्रममा स्थानीय युवाको सहभागिता सुनिश्चित गर्नुपर्ने, नयाँ आवास क्षेत्रमा पनि स्थानीय मौलिकता झल्किने संरचना निर्माण गर्नुपर्ने राय प्रस्तुत गरेका थिए ।

त्यस्तै पुस्तकालयलाई केवल अध्ययनस्थल मात्र नभई उपयोगी ज्ञान र सीप विकासको केन्द्र बनाउनुपर्ने, सार्वजनिक शौचालयको अभाव भएकाले आवश्यक स्थानमा निर्माण गर्नुपर्ने, धुँवा उत्सर्जन गर्ने कलकारखानाहरूलाई आवास क्षेत्रबाट टाढा स्थानान्तरण गर्नुपर्ने, प्लानिङ करिडोर क्षेत्रमा वृक्षारोपण गर्नुपर्ने, स्विमिङ पुल निर्माण गर्नुपर्ने, नयाँ आवास क्षेत्रमा सुरक्षा व्यवस्था सुदृढ गर्नुपर्ने, जग्गा अभाव भएका राम्रा सामुदायिक विद्यालयलाई सहयोग गर्नुपर्ने, रानी पुखूमा शौचालय तथा पार्किङको व्यवस्था गर्नुपर्ने, सिद्धपोखरीको उत्तरतर्फ रहेको खेलमैदान स्थानीयको पहुँचमा ल्याउनुपर्ने, बालबोध शान्ति विद्यालय पुनःनिर्माणका लागि बजेट व्यवस्थापन गर्नुपर्ने, ख्वप अस्पतालमा भीड व्यवस्थापन प्रभावकारी बनाउनुपर्ने, स्थानीय कलाकारलाई आफ्नो प्रतिभा प्रदर्शन गर्ने प्लेटफर्म उपलब्ध गराउनुपर्ने, महेश्वरी खेलमैदानको स्तरोन्नति गर्नुपर्नेलगायतका सुझावहरू युवा विद्यार्थीले दिएका थिए ।

## पर्यटन व्यवसायीहरूबाट

जेठ ३० गते पर्यटन व्यवसायीहरूसँग राय-सुझाव सङ्कलन कार्यक्रम भयो ।



कार्यक्रममा नगर प्रमुख **सुनिल प्रजापति**ले भक्तपुरको पर्यटन क्षेत्रलाई थप व्यवस्थित र आकर्षक बनाउन सकिने विषयलाई समेटेर अगाडि बढ्ने बताउनुभयो । उहाँले बाह्य पर्यटकमा मात्र निर्भर रहँदा समस्या आउन सक्ने भएकाले आन्तरिक पर्यटन प्रवर्द्धनमा विशेष जोड दिनुपर्ने उल्लेख गर्दै सांस्कृतिक गतिविधिहरूलाई थप सक्रिय बनाउन आवश्यक रहेको बताउनुभयो । मौलिक तथा परम्परागत शैलीका घर निर्माणलाई नगरपालिकाले प्रोत्साहन गरिरहेको पनि उहाँले जानकारी दिनुभयो ।



कार्यक्रममा सहभागी पर्यटन व्यवसायीहरूले ख्वपको पहिचान झल्कने विषयवस्तुमा डकुमेन्ट्री निर्माण गर्नुपर्ने, बजार क्षेत्रमा बाइकको गति नियन्त्रण र पार्किङ व्यवस्थापन गर्नुपर्ने, रैथाने वस्तु तथा मौलिक परम्परागत पसलहरूलाई प्रोत्साहन गर्नुपर्ने, बेलुकासम्म सञ्चालन हुने स्थानीय यातायातको व्यवस्था गर्नुपर्ने, पर्यटक लक्षित सुपरमार्केट सञ्चालन गर्नुपर्ने, पर्यटकको सहजताका लागि सटल बस सेवा सञ्चालन गर्नुपर्ने, रात्रिकालीन बसाइ र भक्तपुरको पहिचानयुक्त रात्रिकालीन जीवन विकास गर्नुपर्ने, दाफा भजनलगायत सांस्कृतिक प्रस्तुति नियमित गर्नुपर्ने, होटलहरूको वर्गीकरण गर्नुपर्ने, होटलहरूमा साउन्डप्रुफिङका लागि नगरपालिकाले सहयोग गर्नुपर्ने, भुस्याहा कुकुर व्यवस्थापन गर्नुपर्ने, नेपालभरिका ट्राभल एजेन्सीसँग अन्तरक्रिया गरी पर्यटक आगमन र बसाइ अवधि बढाउनुपर्ने, पर्यटन क्षेत्रमा कार्यरत जनशक्तिलाई विशेष तालिम प्रदान गर्नुपर्ने, पर्यटनमैत्री नगर प्रहरीको व्यवस्था गर्नुपर्ने राय प्रस्तुत गरेका थिए ।

त्यस्तै उहाँहरूले दरबार क्षेत्रदेखि दत्तात्रय क्षेत्रसम्म पुग्न इलेक्ट्रिक सवारी सञ्चालन गर्नुपर्ने, डिजिटल भुक्तानी प्रणालीलाई सहज बनाउनुपर्ने, प्रवेश टिकटमा बिलिङ प्रणाली लागू गर्नुपर्ने, अन्तर्राष्ट्रिय स्तरमा भक्तपुरको प्रचार-प्रसारका लागि नगरपालिकाको सहकार्य आवश्यक भएको, हर्न-फ्री र स्पिड लिमिट प्रभावकारी रूपमा लागू गर्नुपर्ने, ट्राफिक प्रहरीसँग समन्वय र सहकार्य मजबुत बनाउनुपर्ने, औद्योगिक क्षेत्रलाई 'क्राफ्ट भिलेज'को रूपमा विकास गर्नुपर्ने, डिजिटल मिडियामार्फत पर्यटन प्रवर्द्धन बढाउनुपर्ने, खेलकुद पर्यटनलाई पनि प्रवर्द्धन गर्दै अगाडि बढनुपर्ने आवश्यकता औंल्याउनुभयो ।

साथै भक्तपुरको पहिचान बोकेको अमूर्त तान्त्रिक विद्या तान्त्रिक नाच (जस्तै नवदुर्गा नाच) र तान्त्रिक परम्पराको उत्थान गर्नुपर्ने, भक्तपुरका मठमन्दिर र विभिन्न शक्तिपीठका

देवी देवताहरूको ऐतिहासिक र सांस्कृतिक महत्त्व उजागर गरी धार्मिक पर्यटनमा विकास गरिनुपर्ने, दरबार क्षेत्रमा रहेको ऐतिहासिक चारधाम मन्दिरहरूलाई विशेष धार्मिक क्षेत्रका रूपमा ब्रान्डिङ गरी आन्तरिक र बाह्य धार्मिक पर्यटक आकर्षित गरिनुपर्नेलगायतका सुझाव पर्यटन व्यवसायीहरूले दिएका थिए ।

कार्यक्रममा होटल एशोसिएसन अफ भक्तपुर, भक्तपुर पर्यटन विकास समिति, पर्यटक प्रहरी भक्तपुर तथा भक्तपुर नगरभित्र सञ्चालित होटल व्यवसायीहरूको सहभागिता रहेको थियो ।

## भक्तपुर घरेलु तथा साना उद्योग सङ्घबाट

भक्तपुर घरेलु तथा साना उद्योग सङ्घले आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम तथा बजेट तर्जुमाका लागि आफ्ना राय-सुझाव असार १ गते भक्तपुर नगरपालिकाका नगर प्रमुख सुनिल प्रजापतिसमक्ष प्रस्तुत गरेका छन् ।




नगर प्रमुख **प्रजापति**ले प्राप्त सुझावहरूलाई आगामी नीति, कार्यक्रम तथा बजेट निर्माण प्रक्रियामा अध्ययन गरी आवश्यकतानुसार समावेश गर्ने प्रतिबद्धता व्यक्त गर्दै नगरको समग्र आर्थिक विकासमा उद्योगी-व्यवसायीहरूको महत्त्वपूर्ण भूमिका रहेको बताउनुभयो ।

**भक्तपुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
ब्यासी, भक्तपुर


**पुस्तक फिर्ता गर्नेसम्बन्धी सूचना**

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित यस जनज्योति पुस्तकालयबाट विभिन्न समयमा अध्ययनका लागि लानुभएका पुस्तकहरू लामो समयदेखि हालसम्म फिर्ता नभएकोले पुस्तकालयमा पुस्तकहरू समयमै फिर्ता गरिदिनुहुन सदस्य महानुभावहरूलाई अनुरोध गरिन्छ ।

**जनज्योति पुस्तकालय**
इताछें-२, न:पुखुको उत्तरतर्फ, सहिद स्मृति खेल मैदानसँगै




## विद्यार्थीको लागि
## कति शब्द बन्छ होला ?




दिइएका छ अक्षरबाट कतिवटा अङ्ग्रेजी शब्द बन्छ होला ? (१९ ?) (उत्तर १११ पृष्ठमा)

## यता-उताबाट




| | | | |
|---|---|---|---|
| Ω | Alt + 234 | ™ | Alt + 0153 |
| µ | Alt + 230 | © | Alt + 0169 |
| √ | Alt + 251 | ® | Alt + 0174 |
| ± | Alt + 241 | π | Alt + 227 |
| Ω | Alt + b234 | ∞ | Alt + 2368 |
| ≡ | Alt + 240 | Σ | Alt + 228 |
| ≈ | Alt + 247 | § | Alt + 21 |
| ¼ | Alt + 0188 | ☺ | Alt + 2 |
| ½ | Alt + 0189 | ♥ | Alt + 3 |
| ¾ | Alt + 0190 | α | Alt + 224 |
| ♂ | Alt + 11 | β | Alt + 225 |
| ♀ | Alt + 12 | δ | Alt + 235 |

# नपाको नीति तथा कार्यक्रम कार्यान्वयन होस्

भक्तपुर नगरपालिकाको नगरसभा आइतबारदेखि सुरू भएको छ । नगरसभाका अध्यक्ष सुनिल प्रजापतिले आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम प्रस्तुत गरे । नीति तथा कार्यक्रमकै आधारमा आगामी आर्थिक वर्षको अनुमानित आय-व्यय प्रस्तुत हुनेछ । विश्व सम्पदा सूचीमा परेको स्मारक स्थल या जीवित सङ्ग्रहालको रूपमा रहेको सम्पदा संरक्षण स्थल भक्तपुर नगरपालिकाको नीति तथा कार्यक्रम यो वर्षको कार्य योजनाको एक खाका हो । यो वार्षिक कार्य योजना हो । कार्य योजना वर्षभरिमा गरिने कार्य योजनाको बाँडफाँड हो । नीति तथा कार्यक्रम लागू गर्ने जिम्मेवारी भक्तपुर नगरपालिकाको हो; लागू गर्ने काम नगरपालिकाका जनप्रतिनिधि र कर्मचारीहरूको हो । यसलाई स्थानीय जनताले साथ र समर्थन गर्ने हो । अतः नपाको नीति तथा कार्यक्रम लागू गर्न र गराउन जनताले बेलाबखत घच्घच्याउनुपर्छ ।

भक्तपुर नगरपालिका आर्थिक हिसाब किताब पारदर्शी हुने नगरपालिका हो । जनप्रतिनिधिहरू घुस खाँदैनन् । उनीहरू आफै भ्रष्टाचारविरोधी हुन् । भक्तपुर भ्रष्टाचारको विरोधमा सङ्घर्ष गरिने थलो हो; । सम्पदा संरक्षित भएको यो नगरपालिका सफा सुघर भएको सहरमध्ये एक हो । शिक्षा र स्वास्थ्यमा उदाहरणीय काम गर्न सफल भएको नगरपालिका हो भक्तपुर । यहाँको मौलिक सम्पदा संरक्षण गर्न यहाँका जनता लालायित हुन्छन्; यहाँ श्रमदानमात्र होइन आर्थिक सहयोग पनि हुन्छ । यसरी जनताको काममा, विकासमा जनतासँग मिलेर काम गर्ने थलो भक्तपुर नगर हो ।

ट्रान्सपरेन्सी इन्टरनेसनलले भक्तपुर नगरलाई 'पारदर्शिताको टापु' नामकरण गरेको थियो । देशकै सफा नगरमध्ये एक घोषणा भएको नगर हो । नगरलाई ज्ञान विज्ञानको केन्द्र बनाउने नपाको ध्येय रहेको छ । नगरलाई जीवित सङ्ग्रहालयको रूपमा कायम गर्न सांस्कृतिक नगर बनाउन नपाका जनप्रतिनिधिहरू जोड दिँदै छन् । भक्तपुरलाई सांस्कृतिक नगर, सभ्य र सुसंस्कृत नगरमात्र होइन अध्ययन अनुसन्धानको केन्द्र बनाउन नै नगरपालिकाले मेडिकल कलेजसहितको ख्वप विश्वविद्यालय स्थापना गर्ने प्रस्ताव अघि सारेको हो । नपाको त्यो प्रस्ताव अहिलेसम्म पारित भएको छैन । तर, नपा ख्वप विश्वविद्यालय खोल्न निरन्तर लागिपरेको छ । भक्तपुरका जनता ख्वप विश्वविद्यालय स्थापना हुनेमा विश्वस्त छन् ।

भक्तपुर नपाले सफा र स्वच्छ नगर बनाउन सफाइ अभियान थालनी गरेको थियो । सुरूको सफाइ अभियानमा नगर प्रमुख, जनप्रतिनिधि, चिकित्सक, शिक्षक, कर्मचारी, बुद्धिजीवी, व्यवसायी, राजनीतिक कार्यकर्ता, सामाजिक कार्यकर्ता, इन्जिनियर, कलाकार, साहित्यकार तथा सर्वसाधारण जनताको उल्लेख्य उपस्थिति थियो । अहिले पनि दैनिक सफाइबाहेक महिनाको दुई पटक विशेष स्थानमा सरसफाइ हुँदै आएको छ । नपाले सफाइ अभियान सञ्चालन समाजका विभिन्न सामाजिक सङ्घ संस्था, विद्यालय, कलेज, महिला समूह, स्काउट, जनप्रतिनिधि, कर्मचारी तथा स्थानीय जनतालाई परिचालन गरेर समाजमा भिज्नुपर्ने, समाजको दायित्व पूरा गर्नुपर्ने जिम्मेवारी बोध गराएको देखिन्छ ।

सांस्कृतिक गुरूहरूको सम्मान, नाचगानको परिचालन, वाद्यवादन प्रतियोगिता, स्कुलव्यापी र नगरव्यापी खेलकुद प्रतियोगिता, भक्तपुर महोत्सव, पोखरी र बहाबहीको पदयात्राले भक्तपुरलाई जहिल्यै क्रियाशील या जीवन्त बनाउने काममा भक्तपुर नपा लागिपरेको छ । राजनीतिशास्त्र, नेपालभाषा, संस्कृति, अर्थशास्त्र र दर्शनशास्त्र विषय लिई अध्ययन गर्ने विद्यार्थीलाई उच्च शिक्षासम्म छात्रवृत्ति प्रदान गर्ने नपाको अगुवाइमा सञ्चालन भइरहेका विद्यालय, कलेज सञ्चालनले भक्तपुर शिक्षाको केन्द्र बन्दै छ । नगरलाई बुद्धिजीवीकरण गर्न र अन्य जिल्लाका विद्यार्थीलाई सस्तोमा गुणस्तरीय शिक्षा प्रदान गर्दै नपाले सिङ्गो देशको सेवामा प्रत्यक्ष र अप्रत्यक्षरूपमा सघाइरहेको छ । यही कारण अन्य नपा र गाउँपालिकाका जनप्रतिनिधिहरू मात्र होइनन्, नपा र गापाका कर्मचारी, प्रशासकीय अधिकृत, सांसद र मन्त्रीहरू अन्य राजनीतिक दलका नेताहरू पनि नेमकिपाको गुणगान गर्छन् । उनीहरू सबै राजनीतिक दलले नेमकिपाले जस्तै काम गरेको भए देश धेरै अघि बढ्ने या विकास हुने विचार राख्छन् ।

(सम्पादकीय, मजदुर दैनिक, असार ८, २०८३)

# नेपालको राजनीतिमा युवाहरूको भूमिका

विवेक

हरेक व्यक्तिको जीवनमा युवा उमेर एक महत्त्वपूर्ण हिस्सा बनेको हुन्छ । नेपालको युवा नीतिअनुसार १८ देखि ३५ वर्ष उमेर समूहका व्यक्तिलाई युवा भनिन्छ । यसअघि भने १६ देखि ४० वर्ष उमेर समूहलाई युवा मानिन्थ्यो । त्यो देशको कुल जनसङ्ख्याको ४२.५६ प्रतिशत थियो । यति धेरै जनसङ्ख्या भएका युवाहरूलाई सही मार्ग निर्देश गरेर युवा शक्तिलाई देश विकासमा लगाउन सकेको भए नेपालको विकास धेरै टाढा हुने थिएन । तर, शासक दलहरूले युवाहरूलाई देशभक्ति भावना, समाज सेवा र अनुशासनको पाठ सिकाउनुको सट्टा जसरी पनि फाइदा लुट्ने स्वार्थी हुन सिकाए । परिणाम कतिपय युवाहरू जनताको निम्ति समर्पित भएर काम गर्नेभन्दा ठगी, चोरी वा अनेको गलत काम गरेर सम्पत्ति थुपार्ने गलत बाटोमा लागे र देश यो अवस्थामा पुग्यो । यसर्थ देश आजको अवस्थामा पुग्नमा अरू होइन हाम्रा शासक दलहरू नै जिम्मेवार छन् ।

राजनीतिक रूपले शिक्षित, परिवर्तनको भावना, जोश र जाँगर भएका आजका युवाहरू नै देशका भविष्य हुन् । देशको भविष्य कस्तो हुन्छ, आजका युवाहरूले देखाइरहेका हुन्छन् । युवाहरूमा अनुशासित, मिहिनेती र देशभक्तिको भावना भए नेपालीहरूले भविष्यको सुन्दर नेपालको तस्बिर देख्न पाउने छन् । त्यसैका लागि राजनैतिक दलहरूले युवाहरूलाई महत्त्व दिएर विभिन्न सङ्घ सङ्गठनमा आबद्ध गरेर पार्टीको नीति, सिद्धान्त र अनुशासनबारे तालिम दिएका हुन्छन् । युवाहरूको नेतृत्वमा हुने महँगीविरुद्धको आन्दोलन, भ्रष्टाचार विरोधी आन्दोलन तथा साम्राज्यवाद र विस्तारवादविरोधी आन्दोलन युवाहरूलाई दिएका तालिम र प्रशिक्षणहरू नै हुन् । त्यस्ता आन्दोलन र सङ्घर्षमा हुर्केका युवाहरूले नै समाज बुझ्छन् र समाजको नेतृत्व गर्न सक्छन् ।

युवा उमेरमै का. रोहितले नेपाल मजदुर किसान पार्टी स्थापना र त्यसको नेतृत्व सम्हाल्नुभयो । निरन्तर अहिलेसम्म पार्टीको नेतृत्व सम्हाली राख्नुभएको छ । त्यसो त मोहनचन्द्र अधिकारी, सिपी मैनाली, भरतमोहन अधिकारीहरू माले (झापाली) को नेतृत्वमा पुग्दा पनि उमेरमा युवा नै थिए । २००७ साल, २०३६ साल र २०४६ सालका आन्दोलनहरू पनि तत्कालीन युवा नेताहरूले नै गरेका थिए । निरङ्कुश राजतन्त्रको अन्त्यमात्र होइन अहिले देशमा गणतन्त्र स्थापना भयो । यसरी चरणबद्ध रूपमा भएका राजनीतिक आन्दोलन र परिवर्तनमा राजनीतिक दलहरूको महत्त्वपूर्ण भूमिका थियो ।

त्यतिबेला राजनीति भनेको देश र जनताको सेवामा समर्पित कार्य मानिथ्यो । प्रजातन्त्र स्थापनाको अगाडि ज्यान केही थिएन । जेलनेल, प्रवास, भूमिगत जीवन र प्रहरी हिरासत ती राजनीतिक नेता कार्यकर्ताहरूको निम्ति दालभात बराबर थियो । जनताको उज्ज्वल भविष्यको निम्ति हजारौँ हजार युवाहरूले निरङ्कुशताविरुद्ध आफ्नो जीवन समर्पण गरे । कतिले उमेरमा विवाह गर्न पाएनन् । कतिको परिवार क्षतविक्षत भयो । देश, जनता र प्रजातन्त्रको साम् ती सबै गौण थिए । राजनीतिक विचारले प्रेरित युवाहरू परिवर्तनको निम्ति हाँसी हाँसी आफूलाई बलिदान दिन पनि तयार भए । गङ्गालाल, धर्मभक्त, शुक्रराज शास्त्री, दशरथ चन्दहरू प्रजातन्त्रका निम्ति फाँसीमा चढ्न तयार भए । त्यसले राणाशासनविरुद्ध लड्नेहरूलाई ऊर्जा दियो । के ती शहीदहरूको परिवार र सम्पत्ति थिएनन् ?

सन्दर्भ, भदौ २३ र २४ गते घटेको अप्रत्यासित घटनालाई हेरौँ । युवाहरूले नेतृत्व गरिएको भनिए पनि त्यस घटनामा टिओबी (तिब्बती शुद्ध रगत), अमेरिकी युथ काउन्सिल, समता फाउन्डेशनजस्ता अमेरिकी डलरबाट सञ्चालित थुप्रै अन्तर्राष्ट्रिय गैरसरकारी सङ्गठन (आइएनजीओ) लगायत गैरसरकारी सङ्गठनहरू (एनजीओ) हरूले नेतृत्व गरेको देखियो । दुई दिनमा देशको धरोहर सिंहदरबार, संसद् भवन, राष्ट्रपति भवन, सर्वोच्च अदालत, जिल्ला प्रशासन कार्यालयलगायत सयौँ सरकारी कार्यालयहरू र नेताहरूको घर जलाउनु सामान्य तयारीले पुग्दैनथ्यो । त्यसमा अन्तर्राष्ट्रिय स्तरकै तयारी हुनुपर्छ भनेर धेरैले अनुमान गरेका थिए । त्यो क्रमशः प्रस्ट हुँदै छ ।

तत्कालीन प्रधानमन्त्री केपी ओली हेलिकप्टर चढेर नभागेको भए ज्यान जोगाउन मुस्किल थियो । शेरबहादुर देउवा दम्पत्ति आफ्नै निवासमा नराम्ररी कुटिए । त्यहीबिच संसद् विघटन, संविधानविपरीत सुशीला कार्कीको नेतृत्वमा नयाँ सरकार गठन र नयाँ चुनावको परिस्थिति निर्माण

भयो । देश विदेशीहरूको 'ग्रायण्ड डिजाइन'मा फस्यो । त्यसबाट मुक्त हुन अब सजिलो हुने छैन । देशले यसको कति मूल्य चुकाउनुपर्छ त्यसको अहिले नै अनुमान गर्न सहज छैन ।

४८ घण्टाभित्र भएको त्यो घटना एउटा चलचित्रझैँ लाग्छ । आजभन्दा झन्डै १० महिना अघि घटेको त्यो घटना जेनजी युवाहरूले गरेको भनियो । त्यसको नेतृत्वकर्ताहरू विदेशी निर्देशनमा चल्ने भन्ने प्रस्ट भयो । सेनाका परमाधिपति राष्ट्रपति निवास जलाउँदा सेनाले केही गरेनन्, सिंहदरबार जल्दा सुरक्षाका लागि खटिएका सेनाहरू मौन बसे, सर्वोच्च अदालत र संसद् भवन आगजनी हुँदा सेनाको उपस्थितिसम्म देखिएन । त्यसैले सेनामाथि पनि आरोप लाग्यो । अझ तीन दिन जलिरहँदा पनि आगो निभाउने कोसिससम्म गरिएन । के यस्ता देश खरानी बनाउने घटना देशप्रति अलिकतिमात्र भए पनि माया भएका युवाहरूले गर्न सक्थे ? युवाहरूको काँधमा बन्दुक राखेर विदेशीको इसारामा देश खरानी बनाए । नेपालको अस्तित्व समाप्त पार्न यो योजनाबद्ध घटाइएको घटना प्रस्ट भयो ।

फागुन २१ गतेको निर्वाचनपछि ती घटनाहरूको पर्दा च्याटचुट भयो । राजनीतिको तालिम लिनुपर्ने, राजनीतिसँग कुनै मतलब नराख्ने, देश र जनताबारे चासोसम्म नराख्ने, विभिन्न गैरसरकारी र अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाका सञ्चालकहरू सांसद र मन्त्री बने । संसद्मा उपस्थिति समेत नहुने, फेसबुकमा लेखेको भरमा देश सञ्चालन गर्ने प्रधानमन्त्री बनेका छन् । युवाको नेतृत्वमा भनिएको सरकारबाट देशको सार्वभौमिकता खतरामा परेको छ । संविधान, ऐन, नियमावली र परम्परा सबैलाई अस्वीकार गर्दै निरङ्कुश शैलीमा सरकार अघि बढिरहेको छ । परम्परागतभन्दा निर्वाचित निरङ्कुशता झन खतरनाक हुन्छ भन्ने प्रमाणित हुँदै छ ।

प्रधानमन्त्री बालेन्द्र साहले संसद्मा बोलेको एउटा अभिव्यक्तिले नेपालमा मात्र होइन, भारतमा पनि अति नै चर्चा पाएको छ । उनले भनेका थिए, 'भारतले मात्र होइन, नेपालले पनि धेरै ठाउँमा भारतको सीमा मिचेको छ ।' त्यो पनि प्रधानमन्त्री भएपछि मात्र थाहा पाएको रे । प्रधानमन्त्रीको त्यो अपरिपक्व र गैरजिम्मेवार अभिव्यक्तिले नेपालको सार्वभौमितामा ठुलो आँच पुगेको छ । भारत सरकारले आजसम्म दाबी नगरेको कुरा नेपालका प्रधानमन्त्रीले बोले । प्रधानमन्त्री जस्तो जिम्मेवार व्यक्तिले देशको विरुद्ध बोल्दासमेत कुनै एउटा ठुलो जुलुस र सभा नहुनु भने आश्चर्यको विषय हो । यदि त्यो कुरा केपी ओली, प्रचण्ड वा देउवाले बोलेको भए के सडकमा आगो बल्दैनथ्यो होला ? नेका, एमाले र माओवादीका युवा सङ्गठनहरूका नेतृत्वहरूलाई एनजिओ र आइएनजीओहरूले भुत्ते बनाइसकेको कुरा पछिल्लो समयमा प्रस्ट भयो ।

प्रधाानमन्त्रीको अभिव्यक्तिपछि सुस्तामा नेपाली भूभाग सुरक्षाको लागि बनाइरहेको ततबन्ध निर्माण कार्य भारतीय सीमा सुरक्षा बल (एसएसबी) ले बन्द गराए । प्रधानमन्त्रीको त्यो अभिव्यक्ति भारतलाई नेपालको सीमा मिच्न र थिचोमिचो गर्न खुला आमन्त्रण हो भने भारतलाई नेपालको सिमाना मिचेकोलाई वैधता प्रदान गर्नु पनि हो । भारतले सुगौली सन्धिपछि कोरिएको सीमामध्ये पनि पटक पटक गरी ७० भन्दा बढी ठाउँमा गरी ६० हजार हेक्टरभन्दा बढी नेपाली भूमि मिचेको सार्वजनिक भइसकेको छ । रगतले कोरिएको सीमा मिच्दा पनि सरकार पक्षीय सांसदहरू मौनमात्र बसेनन् प्रमको अभिव्यक्तिको समर्थनमा टेबुल ठटाए; देशविरुद्ध प्रमाण खोज्दै हिँडेका छन् । यसलाई विडम्बना नभनी के भन्ने ?

सबै दलहरू मिलेर कालापानी, लिपुलेक र लिम्पियाधुरासहितका नक्सा संसद्बाट पारित गरियो । त्यो भारतको लागि असह्य थियो । त्यो भूमिमाथिको कब्जामा निरन्तरता मात्रै होइन, आफ्नै वैधता खोज्दै थियो । प्रधानमन्त्री बालेन्द्र साहको अभिव्यक्तिले त्यसलाई मलजल दिने काम भयो ।

युवा हुँदैमा सब ठिकठाक हुन्छ भने भाष्य गलत साबित हुँदै छ । हिजोका सरकारहरूले देश र जनताको हितमा काम गर्न नसकेकै कारण आजको परिस्थिति निर्माण भएको हो । यो रास्वपाको परीक्षणकाल हो । एकपटक चुनाव जित्दैमा त्यो स्थायी हुने होइन । सिद्धान्त र विचारमा प्रतिबद्ध नभएको पार्टीले देशलाई कतै भारतकै अङ्ग बनाउने त होइन भन्ने सर्वत्र चिन्ता छ ।

कुनै बेला सिक्किमका लेण्डुप दोर्जे पनि जनताको अत्यधिक बहुमतले निर्वाचित प्रधानमन्त्री थिए । उनले सन् १९७५ मा सिक्किमलाई भारतमा गाभे । उनी विश्वमै देशघाती प्रधानमन्त्री भनी नकारात्मक उदाहरण बनेका छन् । भारत नेपाललाई सके सिक्किम बनाउने नभए भुटान भए पनि बनाउने योजनाअनुसार काम गर्दै छ । प्रधानमन्त्री बालेन्द्र साह भारतको त्यो इच्छा पूरा गर्ने गोटी त बन्ने होइन ? शङ्का गर्ने धेरै ठाउँ छ । नेपालीहरूको भावना छ, प्रधानमन्त्री साहले जनतासामु माफी मागेर आफ्नो अभिव्यक्ति सच्याउनुपर्छ । नत्र इतिहासले माफी दिने छैन ।

प्रदेशसभामा नेमकिपा

# देशविरोधी अभिव्यक्तिको नेमकिपा विरोध गर्छ



सुरेन्द्रराज गोसाईं

जेठ १७ गते प्रतिनिधिसभामा प्रधानमन्त्रीजीले '.....नेपालले भारतको जमिन मिचेको छ.....' भनी दिएको अभिव्यक्ति आपत्तिजनक र देशविरूद्ध छ। तीन करोड नेपालीहरूको भावनाविपरीत छ। त्यसको विरूद्धमा स्वाभिमानी नेपाली अहिले आवाज उठाउँदै छन्। यस गरिमामय सदनबाट पनि नेपाल मजदुर किसान पार्टीको तर्फबाट हामी कडा शब्दमा विरोध गर्दछौँ।

भारतीय विस्तारवादले निरन्तर नेपाल र नेपाली जनताको स्वाभिमान र हाम्रो सम्प्रभुतामाथि हाँक दिँदै आइरहेको जगजाहेर छ। ६० हजार हेक्टरभन्दा बढ्ता जमिन मिच्ने भारतीय विस्तारवाद नै हो। ७१ भन्दा बढ्ता ठाउँमा जमिन मिच्ने पनि भारतीय विस्तारवाद नै हो। भारतीय विस्तारवादले नेपाली भूमि कालापानीमा सेना राखिरहेको आज पाँच दशक नाघिसकेको छ। यति स्पष्ट हुँदाहुँदै देशको जिम्मेवार पदमा रहेको व्यक्तिबाट यस्तो आपत्तिजनक अभिव्यक्ति आउनु निश्चय पनि राष्ट्रिय लज्जाको विषय हो। त्यसको हामी घोर निन्दा तथा भर्त्सना गर्दछौँ। त्यो अभिव्यक्ति अविलम्ब फिर्ता लिन हामी माग गर्दछौँ।

संसारको इतिहासले प्रस्ट पार्दछ कि नेपालले आजसम्म कुनै पनि देशमाथि हस्तक्षेप र हमला गरेकै छैन। कुनै देशमाथि थिचोमिचो गरेको छैन। नेपालले सहअस्तित्वको बाटो, शान्तिको बाटो, समन्वयको बाटोलाई पछ्याइरहेको इतिहासले बताउँछ। त्यसको ठीकविपरीत देशकै जिम्मेवार व्यक्तिबाट 'हामीले भारतको जमीन मिचेका छौँ' भन्ने गैरजिम्मेवारीपूर्ण अभिव्यक्ति आउनु यो लज्जाको विषय, यो त विश्वासघात हो। यस्तो देशघात निश्चय पनि सह्य हुन सक्दैन। नेपाल मजदुर किसान पार्टीले आजभन्दा ५ दशक अगाडिदेखि नै अर्थात् २०२५ सालदेखि नै नवलपरासी जिल्लाको सुस्तामाथि भारतीय विस्तारवादले गरेको अतिक्रमणको विरोध गर्दै आएको हो। नेपाली जनताको भावनाबमोजिम देशभक्तिपूर्ण आन्दोलन र भारतीय विस्तारवादविरोधी आन्दोलनको नेतृत्व गर्दै छ। नेपाली जनतासँग मिलेर देशको पक्षमा सङ्घर्षलाई निरन्तर अगाडि बढाउँदै छ।

हिजै मात्र फेरि पनि सुस्तामा नेपालले आफ्नै भूमिमा बनाइरहेको तटबन्ध निर्माण कार्यमा भारतीय फौज आएर रोकेको खबर सुन्यौँ। भारतीय विस्तारवादको त्यस हस्तक्षेपको यो सदनबाट पनि हामी विरोध गर्दछौँ। त्यस्तो हस्तक्षेपकारी कार्यको नेपाली जनताको तर्फबाट विरोध एवम् भर्त्सना गर्दछौँ।

२०२५ सालमा नेपाल मजदुर किसान पार्टीले सुस्तामा भएको हस्तक्षेपको विरूद्धमा आवाज बुलन्द गर्दा कैयौँ नेता, कार्यकर्ता जेलमा पुगेको इतिहासबाट थाहा हुन्छ। त्यस्ता खालका प्रमाणहरू हुँदाहुँदै नेपालकै दोष र कमजोरी छ भनेर देशको जिम्मेवार व्यक्तिबाट आइरहेको अभिव्यक्तिको जति निन्दा गरे पनि अपुग नै हुनेछ।

यतिखेर हिजो सुगौली सन्धिमा हस्ताक्षर गर्ने चन्द्रशेखर उपाध्याय र गजराज मिश्रका सन्तानहरू को–को हुन्, कहाँ–कहाँ छन्, हाल कुन–कुन जिम्मेवारीमा छन् ? अब खोतलखातल गर्नुपर्ने अवस्था छ। तिनीहरूलाई उदाङ्ग्याउनुपर्ने अवस्था छ। हिजो भीमसेन थापाविरूद्ध षड्यन्त्र गर्नेहरू, भीमसेन थापाको विरोधमा लाग्ने व्यक्तिका सन्तानहरू यतिखेर कुन–कुन ठाउँमा छन्, कुन जिम्मेवारीमा छन् त्यो पनि खोतल्नुपर्ने अहिलेको आवश्यकता छ। त्यो नगरिकन देशका शत्रु को हुन्, देशका मित्र को हुन् भनेर चिरफार गर्न अलि गाऱ्हो हुने अवस्था छ। आज सिंहदरबारमा पसिरहेका देशघातीहरूविरूद्ध नेपाली जनताको अभियान आवश्यक छ। यतिखेरको हाम्रो साझा कर्तव्य यही हो। यथार्थमा हाम्रो जमिन मिच्ने भारतीय विस्तारवाद हो। भारतीय विस्तारवादविरूद्ध आवाज बुलन्द गरौँ !

भारतीय विस्तारवादले जमिन मात्र मिचेको होइन अनेक हस्तक्षेप गर्दै छ। कैयौँ असमान सन्धि–सम्झौताहरू गरिसकेको अवस्था छ। सुगौली सन्धिमा हामी ठगियौँ। त्यसपछि कैयौँ हाम्रा मुख्य–मुख्य नदीनालाहरू भारतले एक–एक गरेर, असमान सन्धि गर्दै नेपालबाट खोसेको र देशघातीहरूले भारतीय विस्तारवादलाई सुम्पेको जगजाहेर छ। कोसी, गण्डक, महाकाली, कर्णाली यी सम्पूर्ण मुख्य–मुख्य नदीहरू ललाइ–फकाइ र बाध्य पारी भारतीय विस्तारवादले आफ्नो हातमा लियो। ती सम्पूर्ण नदीनालाहरू फिर्ता लिनसकेमात्र नेपालीको स्वाभिमान र नेपालको सम्प्रभुता जोगिनेछ। कालापानीबाट भारतीय सेना अविलम्ब फिर्ता पठाउन आवश्यक छ। त्यसको विरूद्धमा पनि हाम्रो ➲

# नयाँ भेषमा लेन्डुप दोर्जे र जेलेन्सकीहरू हामीलाई स्वीकार्य छैन



सृजना रैँजू

यहाँ विभीषणहरूको शासन छ, हामीले त्यसै भनेका होइनौँ। केही समयअघि देशमा परिवर्तनको नाममा विध्वंशको आगो झोसियो। त्यो खरानीको गन्ध अझै हराएको छैन। त्यो आगोको रापताप नसेलाउँदै आज फेरि देशमा सिक्किमीकरणको खतरा देखियो। ५० वर्षअघि सिक्किम भारतमा विलयको इतिहास हामीलाई थाहा छ। हिजोका शासकहरू भारतीय विस्तारवाद र एकाधिकार पुँजीतिर लम्पसार पर्थे। तर, आज देशलाई भारतीय कब्जाको खुलमखुला आह्वान भएको छ। भारतको सुरक्षा छातामा जाने शासक दलको नियत खुल्दै छ। यो हामीलाई किञ्चित स्वीकार्य छैन। नयाँ भेषमा लेन्डुप दोर्जे र जेलेन्सकीहरू हामीलाई स्वीकार्य छैन। यो जनताको आवाज हो। तसर्थ, प्रधानमन्त्रीले सार्वभौम संसदमा दिएको देशघाती र आत्मघाती अभिव्यक्ति तुरन्त फिर्ता होस्। जनतासँग क्षमायाचना गरोस्।

हामीले सुन्यौँ, प्रधानमन्त्रीको अभिव्यक्तिपछि तुरुन्तै भारतीय एसडी मुनिले बधाई पठायो र 'नेपालको सुस्ता भारतको भूमिमा छ' भन्ने दाबी गऱ्यो। प्रधानमन्त्री बोलेको भोलिपल्टै सुस्ताको तटबन्ध निर्माणमा भारतीय एसएसपी फोर्सले बाधा दियो। भारत र भारतीय मिडियाभर खुसियाली छायो। सिमानामा भारतीय एसएसबी फोर्सको दादागिरी भोगिरहेका नेपाली जनता थप प्रताडित छन्।

नेपालमा भारतले लिम्पियाधुरा, लिपुलेक, कालापानी, सुस्तालगायत रणनीतिक महत्त्वका ७१ बढी ठाउँमा ६० हजार हेक्टर बढी भूमि अतिक्रमणको प्रमाण हामीसँग छ। हाम्रा भूमिमा खडा भएका भारतीय सैन्य ब्यारेक र अखडाहरू प्रमाण हुन्। के आजसम्म नेपालले भारततर्फ कतै सेना तैनाथ गरेको छ ? के आधारमा आत्मघाती अभिव्यक्ति दिए प्रधानमन्त्रीले ? सिमानाका नेपालीमाथि एसएसबी फोर्सको ज्यादतीको कथा इतिहास जत्तिकै पुरानो र लामो छ। स्थानीय जग्गा खिचलो र राज्यस्तरको अतिक्रमण फरक हो भन्ने ज्ञान प्रधानमन्त्रीलाई नहुँदा हामीलाई निकै लज्जाबोध भएको छ।

आश्चर्यको कुरा त प्रधानमन्त्रीलाई त्यस्तो अभिव्यक्ति दिन कसले उक्सायो भन्ने हो। जेन-जी युवाको रगतले भिजेका हातहरूले त संसदमा टेबल ठट्टाए। प्रतिपक्षीसमेतले तत्काल नियमापतिको आवाजसमेत किन दिएनन् ? यसको जवाफ जनता खोज्दै छन्। सामाजिक सञ्जालमा समर्थनमा उर्लेको जमातले खतराको सङ्केत दिइरहेको छ। प्रधानमन्त्रीको भनाइ पुष्टि गर्न प्रमाण खोज्न हिँडेका पूर्वसेना, सांसद र तथाकथित बुद्धिजीवीबाट देशलाई खतरा छ। देशमा फासीवादको खतरा हो यो।

हामी नीति तथा कार्यक्रमको छलफलमा छौँ। यसमा 'हेलो सीएम डेस्क' को कुरा छ। हेलो सीएम ! देशको भू-अखण्डता, सार्वभौमिकताको सवालमा प्रदेश उभिन्छ कि उभिँदैन ? प्रदेशको सिमाना पनि देश हो कि होइन ? सीएम देशको पक्षमा बोल्नुपर्छ। अहिले बोल्नुपर्ने विषय यही हो।

पुँजीवादमा सरकारलाई बजारले चलाउँछ। हाम्रोजस्तो देशमा विदेशी बजार अर्थात् एकाधिकार पुँजीले चलाउँछ, चाहे त्यो वस्तु बजार होस् चाहे श्रम बजार। नेपालमा नवउपनिवेशसहितको नवउदारवादी अर्थतन्त्र लामो समयदेखि हुर्किरहेको छ। यो आक्रामक बन्दै छ। यहाँ उत्पादन, श्रम, शिक्षा, स्वास्थ्यजस्ता अत्यावश्यक क्षेत्रदेखि कुनै पनि क्षेत्रमा आत्मनिर्भरता खोजिँदैन। अर्थतन्त्रलगायतका सम्पूर्ण सेवा क्षेत्रमा विदेश निर्भरता छ।

यस्तो व्यवस्थामा सरकार र सम्भ्रान्तवर्गलाई पोस्न भुइँमान्छेको रगत-पसिनामा समेत कर लगाइन्छ। किसानसँग कर, मजदुरसँग कर, विद्यार्थीसँग कर, बिरामीसँग कर उठाइन्छ। मुद्रास्फीति र मूल्यवृद्धि अधिकतम गरी देशको कुल गार्हस्थ उत्पादन (जीडीपी) ठूलो देखाइन्छ। त्यो जीडीपी

---

➲ सङ्घर्ष चालू छ।

भारतीय विस्तारवादले कठपुतलीहरूमार्फत नेपाललाई आत्मसमर्पण गराउन षड्यन्त्र गर्दै छ। नेपाल मजदुर किसान पार्टी स्थापनाकालदेखि भारतीय विस्तारवाद तथा एकाधिकार पुँजीविरुद्ध सङ्घर्षरत छ। नेपालका शासकहरूलाई भारतीय विस्तारवादसामु नझुक्न र देशविरुद्ध गैरजिम्मेवार अभिव्यक्ति नदिन, देशघाती कदम नचाल्न नेपाल मजदुर किसान पार्टीको तर्फबाट सचेत गराउँदछौँ।

(नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य सुरेन्द्रराज गोसाईले जेठ १९ गते बसेको वाग्मती प्रदेश सभाको बैठकमा विशेष समय लिएर राख्नुभएको विचारको सम्पादित अंश)

देखाएर विदेशसँग फेरि ऋण लिइन्छ । हामीले सुन्यौं बजेटमा आम्दानीको स्रोत ३१ प्रतिशत ऋणबाट पूर्ति हुन्छ । त्यो ऋण पूर्वाधार निर्माण वा विकास र उत्पादनमा होइन सीमित मान्छेलाई घिउभात खुवाउन खर्च हुन्छ । माथि प्रस्तुत बजेटको ६० प्रतिशत चालु खर्च, २० प्रतिशत ऋणको ब्याज अनि २० प्रतिशत विकास निर्माणमा वर्गीकरण छ । जम्मा २० प्रतिशतले विकास निर्माण कसरी र कति हुन्छ ? दातृ निकायबाट ऋण या अनुदान प्राप्त नभए यो २० प्रतिशत पनि सम्भव हुँदैन । अनि यता प्रदेश सङ्घबाट कति बजेट प्राप्त होला भनी हात थापेर बसेको छ ! आजसम्म प्रदेशहरूले आम्दानीको स्रोत खोज्न नसक्नु कमजोरीमात्र होइन असफलता हो । यसलाई अर्थविज्ञहरू सङ्घीयताकै असफलता पनि भन्छन् ।

विद्यमान व्यवस्थाले गरिबीको रेखामुनिबाट भर्खर माथि उठेका, खाडी गएर, स्वदेशमै श्रम गरेर या खेत बेचेरै भए पनि आर्थिक रूपमा अलिक माथि उक्लेका वर्गलाई पनि फेरि भुइँमै थचार्छ । अनि सम्भ्रान्तवर्गलाई झन् धनी बनाउँछ । प्रदेश नीति कार्यक्रमले यो व्यवस्थाको मलजल गरिरहेको छ । एउटा उदाहरण लिऊँ – बजारले राज्य कसरी चलाउँछ ? बजारलाई सरकारले कसरी सघाउँछ ? राज्यले भुइँ मान्छे या निम्न मध्यम वर्गीय जनतालाई कसरी डाम्छ ?

यत्तिबेला बजारमा पेट्रोलियम पदार्थको मागअनुसार पूर्ति छैन । त्यसैले, अचाक्ली मूल्यवृद्धि गरियो । बजारले जनतालाई विकल्पमा इन्डक्सन चुलो प्रयोग गर भन्यो । सकी नसकी जनताले किने तर सरकारले अब बिजुलीमा ५० युनिटमाथि ५ प्रतिशत भ्याट लगाउने भएको छ । यो एउटा दृष्टान्त हो । अझ गैरजिम्मेवारीपूर्ण कुरा त 'यो पाँच प्रतिशत भ्याट भनेको १०० रूपैयाँमा पाँच रूपैयाँ मात्र हो' भन्ने प्रधानमन्त्रीको अभिव्यक्ति हो । बिजुली र तेलमा मूल्यवृद्धि भनेको अत्यावश्यक दैनिक वस्तु एवं खाद्य वस्तुमा मूल्य बढ्नु हो । उत्पादनको लागत गरिब उपभोक्ताकै टाउकोमा बजारिने हो । कर या भ्याट पनि त्यसरी नै बजारिन्छ । यति नबुझिकन प्रदेशको बजेट नबनाउन प्रदेश अर्थमन्त्रीलाई आग्रह गर्दछु ।

नेपाली जनतालाई भन्दा भारतलाई सस्तोमा विद्युत् बिक्री गरेर देश विद्युतीकरणमा जान सक्दैन भन्नु प्रधानमन्त्रीको अर्को गैरजिम्मेवारीपूर्ण र आपत्तिजनक अभिव्यक्ति हो । विद्युत्मा आत्मनिर्भर हुन सक्ने सम्भावना प्रचुर भएको देश विद्युतीकरणमै जाने हो । पेट्रोलियम पदार्थको आयातले सधैं ठूलो व्यापार घाटामा जाने हाम्रोजस्तो देशले नवीकरणीय ऊर्जाको स्रोत नै खोज्ने हो, हाम्रो विकल्प त्यही हो । तर, अहिलेसम्मका नीति कार्यक्रम तथा बजेटहरू उल्टो दिशामा हिँडिरहेका छन् । वाग्मती प्रदेशको नीति कार्यक्रम भिन्न छैन ।

नीति कार्यक्रममा उद्योग सञ्चालनका कुरा खै मुख्यमन्त्री ? हामीले त अहिलेको मुख्यमन्त्री उत्पादन र औद्योगिक विकासमा जोड दिने व्यक्ति भनी सुनेका थियौं । मुख्यमन्त्रीकै जिल्ला भएर होला 'बृहत्तर हेटौँडा' अवधारणाको कुरा छ । ठिक्कै छ, यहाँ उद्योग सञ्चालन या बिउँताउने कुरा पनि गरौं न ! हेटौँडा कपडा उद्योग जो चीनले नेपाली माटो सुहाउँदो बनाइदिएको उद्योगमध्ये एक हो । जसले २०३५/३६ सालको हेटौँडालाई गुल्जार बनाएको थियो । उतिबेलै १२०० मजदुरलाई काम दिएको उद्योग थियो त्यो । उद्योगका लागि आवश्यक कपास नेपालमै उत्पादनको बाटो खुलेको थियो । नेपालको हावापानी अनुकूल कपास उत्पादन नेपाली अर्थतन्त्रको अर्को सम्भावना हो । उत्तिबेलै विदेशबाट कपास आयात रोक्ने क्षमता नेपाललाई कपडा उद्योगले दिलायो । त्यतिमात्र होइन त्यो उद्योगबाट उत्पादित कपडाको माग पुऱ्याउन नसक्ने गरी माग थियो । २० औं वर्ष कारखानामा काम गरेका कर्मचारीहरू भन्दै छन्, 'मेसिन मर्मत गर्ने हो भने फेरि चल्छ कपडा उद्योग । हामी उद्योग चलेको हेरेर मर्न चाहन्छौं ।' लौ न ! वाग्मती प्रदेशले तत्कालका लागि हेटौँडा कपडा उद्योग सञ्चालन गर्ने हिम्मत गरोस् । हरिसिद्धि ईंटा टायल, भृकुटी कागज कारखाना, बाँसबारी छालाजुत्ता उद्योगलगायतका थुप्रै उद्योग बिस्तारै बिउँताउँला ।

नीति कार्यक्रममा कृषिसँग जोडिएका ठूलठूला शब्दावली छन् तर कृषिलाई उद्योगसँग जोड्ने कुरा छैन, कार्यान्वयनको वैज्ञानिक र व्यावहारिक आधार छैन । कपासमा देश आत्मनिर्भर बन्ने सम्भावनालाई छोडेर के प्रदेश अब 'गाजा खेतीमा' लाग्दै छ ? यसले राम्रो परिणाम पक्कै आउने छैन ।

देशको श्रमशक्ति युवालाई विदेश पठाएर अब के हामी 'आरोग्य केन्द्रहरू' मात्र खोलेर बस्ने हो ? वास्तवमा युवाहरूलाई शिक्षा, रोजगारी र खेलमैदानहरूले स्वस्थ राख्छ, फूर्तिलो राख्छ । त्यतातर्फ नीति कार्यक्रम बोल्न सकेको छैन । डिजिटलाइजेसनको खुब चर्चा छ । तर, हिजोको संसद् बैठकको लाइभ या प्रत्यक्ष प्रसारणसमेत गर्न सकेन । अझ भिडियो क्वालिटी यति कम्सल देखिरहँदा डिजिटल प्रदेशको नारा पटक्कै नसुहाएको अनुभव हुन्छ ।

नीति तथा कार्यक्रमका अधिकांश कार्यक्रम सातै वर्ष दोहोरिएका छन्, विचार उही पुरानो छ । यसर्थ, विचार र दृष्टिकोण पक्षमा हाम्रो असहमति छ र कार्यान्वयन पक्षमा हामीलाई आशङ्का छ ।

(वाग्मती प्रदेशसभा सदस्य सृजना सैंजूले 'वाग्मती प्रदेशको नीति तथा कार्यक्रम २०८३' माथि जेठ १९ गते सभामा भएको छलफलको क्रममा राख्नुभएको विचारको सम्पादित अंश)

राष्ट्रिय अनुसन्धान विभागको गोप्य प्रतिवेदन

# नेपाललाई “बाङ्लादेश बनाउने” यस्तो थियो योजना



लोकेन्द्र विश्वकर्मा



जेन-जी आन्दोलनको दोस्रो दिन २४ भदौमा प्रदर्शनकारीद्वारा जलाइएको सिंहदरबार। तस्बिर : बिक्रम राई

जेन–जी आन्दोलन भएको नौ महिना बितिसकेको छ। यस अवधिमा अन्तरिम चुनावी सरकार गठन, आन्दोलनमा भएका घटनाको छानबिन गर्न गठित जाँचबुझ आयोगको प्रतिवेदन सरकारलाई हस्तान्तरण, चुनावपछि रास्वपाको एकमना सरकार गठनजस्ता अनेकौँ राजनीतिक घटना र फेरबदल देखिए। तर, एउटा प्रश्न अझै अनुत्तरित नै छ– जेन–जीले गरेको शान्तिपूर्ण आन्दोलन एकाएक ध्वंसात्मक र हिंसात्मक हुनुमा पूर्वतयारी र योजनाबद्ध खेल थियो वा तत्कालको आक्रोश ?

गुप्तचर निकाय राष्ट्रिय अनुसन्धान विभागको गोप्य प्रतिवेदनले भने आन्दोलन हिंसात्मक बन्नुको पछाडि स्वार्थ समूहको पूर्वयोजना रहेको खुलाएको छ। प्रतिवेदनका अनुसार आन्दोलन हिंसात्मक हुनुमा कुनै आकस्मिकता नभई अभियन्ता, सामाजिक सञ्जालका इन्फ्लुएन्सरलगायतले बुनेको पूर्वयोजना कारक थियो। उनीहरू आन्दोलनलाई ध्वंसात्मक बनाउन सङ्गठित रूपमा लागेको उल्लेख छ।

नेपालन्युजले प्राप्त गरेको अनुसन्धान विभागको गोप्य प्रतिवेदनअनुसार अभियन्ताहरूको बैठक बसेर नेपालमा बाङ्लादेशमा जस्तै आन्दोलन गर्नुपर्ने र प्रमुख नेताहरूलाई उताझैँ लखेट्नुपर्ने निष्कर्ष नै निकालिएको थियो।

*‘२०२४ को जुलाई र अगस्टमा बाङ्लादेशमा भएको विद्यार्थी आन्दोलनपछि नेपालमा यही प्रकारको आन्दोलन गर्नुपर्ने र सत्ता परिवर्तन गर्नुपर्ने’* भन्दै विभिन्न सङ्घसंस्थामा आबद्ध अभियन्ताहरू सङ्गठित हुन थालेका थिए। अभियन्ता हेमराज थापा, डा. निकोलस भुसाल, सोम शर्मा, बब्लु गुप्तालगायत व्यक्तिहरूले २०८१ सालको साउन–भदौदेखि सङ्गठित रूपमा तयारी गरेको विभागको प्रतिवेदनमा उल्लेख छ। प्रतिवेदनका अनुसार उनीहरूले युवाहरूलाई सङ्गठित गर्न र आमनागरिकलाई तत्कालीन सरकारप्रति नकारात्मक बनाउन भ्रष्टाचार र सुशासनको विषयलाई अतिरञ्जित तरिकाले प्रस्तुत गर्ने नीति अपनाएका थिए।




बायाँबाट क्रमशः बब्लु गुप्ता, सोम शर्मा, हेमराज थापा र निकोलस भुसाल

आन्दोलनपछि २१ फागुनमा भएको प्रतिनिधिसभा निर्वाचनमा बाजुरा निर्वाचन क्षेत्र नम्बर १ मा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का तर्फबाट उम्मेदवार बनेका थापा पराजित भएका थिए। शर्मा र गुप्ता भने रास्वपाकै निर्वाचित सांसद छन्। शर्मा बाग्लुङ २ र गुप्ता सिरहा १ बाट निर्वाचित भएका हुन्। हन्ड्रेड प्लस ग्रुपका बब्लु गुप्ता आन्दोलनपछि सुशीला कार्की नेतृत्वमा गठित अन्तरिम चुनावी सरकारमा युवा तथा खेलकुदमन्त्रीसमेत भएका थिए।

प्रतिवेदनअनुसार २२ भदौ २०८१ मा बागबजारस्थित हार्दिक होटलमा हन्ड्रेड प्लस ग्रुपका गुप्ता, वरिष्ठ अधिवक्ता बालकृष्ण न्यौपाने, अधिवक्ता स्वागत नेपाललगायतको बैठकले *‘भ्रष्टाचार नियन्त्रण र सुशासन कायम गर्न सरकार असफल भएकाले सक्षम युवाहरूलाई नेतृत्वमा अवसर प्रदान गर्न पनि प्रमुख नेताहरूलाई बाङ्लादेशमा झैँ लखेट्नुपर्ने’* निष्कर्ष निकालेको थियो। हार्दिक होटलको बैठकमा नेपालमा प्रत्येक १० वर्षमा एउटा ठूलो आन्दोलन भएको नजिर देखाउँदै अब तेस्रो जनआन्दोलन गर्ने बेला भएको निर्णय पनि गरिएको थियो।

उक्त बैठकपछि नै अभियन्ता, नागरिक समाजको नामबाट क्रियाशील केही सङ्घसंस्था, समूह र व्यक्तिहरूमा पनि बाङ्लादेशमा जस्तै गरी शासनसत्ता परिवर्तन गर्न



ता परिवर्तन गर्न अत्यावश्यक रहेको भन्ने बुझाई विकसित भएको ।

विशेषगरी डा. निकोलश भुषाल लगायतको समूहले भ्रष्टाचार, सुशासनको सवाल उठान गर्दै सामाजिक सञ्जालमा
नेताहरूलाई देशनिकाला गर्नुपर्ने भन्ने जस्ता भड्काउपूर्ण अभिव्यक्ति सम्प्रेषण गर्दै युवाहरूमा शासनसत्ताप्रति वितृष्णा

"Nepalese Revolution The Final Chapter Begins, अब बोल्ने नेपाल, स्वतन्त्र राष्ट्रवादी तथा वैकल्पिक शक्तिको संयुक्त नागरिक आन्दोलन" लगायतको नामबाट गिरिबन्धु टि-स्टेट, भुटानी शरणार्थी, ललिता निवास प्रकरणको निष्पक्ष छानबिन गर्न माग गर्दै प्रदर्शन लगायतका दवावजन्य गतिविधि शुरुवात गर्ने घोषणा गरी भदौबाट नै विशेषगरी माइतीघर केन्द्रित भेला, अन्तरकृया, छलफल, प्रदर्शन जस्ता गतिविधि शुरु गरी युवा पुस्तालाई उक्त आन्दोलनप्रति आकर्षित गराउने प्रयासको थालनी ।

गत वर्षको [redacted] नागपोखरीस्थित हार्दिक होटलमा अभियन्ता बताउने उल्लेखित व्यक्तिहरूसहित वरिष्ठ अधिवक्ता बालकृष्ण न्यौपाने, अधिवक्ता स्वागत नेपाल, २०८१ दुपका बब्लु प्रसाद गुप्ता समेतको उपस्थितिमा सम्पन्न बैठकले भ्रष्टाचार, नियन्त्रण तथा सुशासन कायम गर्न सरकार असफल भएकोले सक्षम युवाहरूलाई नेतृत्वमा अवसर प्रदान गर्न पनि प्रमुख नेताहरूलाई बंगलादेशमा झैं नै लखेट्नु पर्ने भन्ने निष्कर्ष निकाल्दै नेपालमा प्रत्येक १० वर्षमा एउटा ठूलो आन्दोलन भएको नजिर रहेको अवस्थामा अब तेस्रो जनआन्दोलनको बेला भएको भन्ने

सँग समेत कार्यगत एकता गरी आन्दोलनजन्य गतिविधिलाई थप संस्थागत गर्न भन्दै गत वर्षको मंसिरबाट लौरो अभियान
अनन्तराज घिमिरे) को नामबाट "संयुक्त राष्ट्रवादी नागरिक आन्दोलन" शुरु गरी काठमाण्डौ उपत्यका केन्द्रित प्रदर्शनजन्य
उक्त कार्यमा रमा सिंह, बालकृष्ण न्यौपाने, स्वागत नेपाल, केशर बहादुर विष्ट, कमल थापा, दुर्गा प्रसाई लगायतका हिन्दु
पक्षधर व्यक्तिहरूको पनि प्रत्यक्ष, अप्रत्यक्ष सहयोग ।


अत्यावश्यक रहेको बुझाइ विकसित भएको ठहर विभागको प्रतिवेदनमा छ ।

वरिष्ठ अधिवक्ता न्यौपाने हार्दिक होटलका विभिन्न कार्यक्रममा गइरहने भए पनि नेतालाई लखेट्नुपर्छ भन्ने निर्णय प्रक्रियामा आफू सामेल नभएको बताउँछन् । 'म हार्दिक होटलमा गइरहन्छु, त्यहाँ विभिन्न कार्यक्रम भइरहन्छन् । मिति थाहा छैन, धेरै पहिला भएको एउटा कार्यक्रममा बोल्न गएको थिएँ । त्यहाँ तराईतिरका मान्छेहरूको उपस्थिति धेरै थियो,' उनी भन्छन्, 'मैले भष्टाचारविरुद्ध, सुशासनका लागि नेताविरुद्ध बोलेको हुन सक्छु । उपस्थितिमा मेरो नाम राखिएको हुन सक्छ । तर, म निर्णय प्रक्रियामा सामेल छैन ।'

जेन-जी आन्दोलनको वातावरण भने आफूहरूले नै तयार पारेको उनको दाबी छ । 'हामीले जनतालाई जागरुक बनायौँ, आन्दोलनको पृष्ठभूमि तयार पार्‍यौँ,' उनी थप्छन्, 'तर आन्दोलन अर्कैले उडायो ।' न्यौपाने राजतन्त्र फर्काउने अभियानमा लामो समयदेखि सक्रिय छन् ।

विभागको १३ बुँदे प्रतिवेदन सुशीला कार्की नेतृत्वकै सरकार छँदा गृह मन्त्रालयमा बुझाइएको थियो भने गौरीबहादुर कार्की नेतृत्वको जाँचबुझ आयोग र मानवअधिकार आयोगमा पनि पुगेको छ । अनुसन्धान विभागका एक उच्च अधिकारी भन्छन्, 'हामीले विभिन्न ठाउँमा रिपोर्ट गरेका थियौँ । पछि जेन-जी घटनाको जाँचबुझ गर्न गठन गरिएको आयोगमा पनि बुझायौँ । रिपोर्ट मानवअधिकार आयोगमा पनि होला ।'

विभागको प्रतिवेदनअनुसार, हेमराज थापा, निकोलस भुसाल, सोम शर्मा, बब्लु गुप्ता, डा. नवराज भुसाल, पूर्वप्रधानन्यायाधीश सुशीला कार्की, हामी नेपालका संस्थापक सुधन गुरुङदेखि लौरो अभियानका संस्थापक अध्यक्ष अनन्तराज घिमिरे, राजावादी अभियानमा सक्रिय अधिवक्ता स्वागत नेपाल, रमा सिंह, बालकृष्ण न्यौपाने, केशर बहादुर विष्ट, कमल थापा, दुर्गा प्रसाईं, रुटिन अफ नेपाल बन्दका सञ्चालक भिक्टर पौडेल, राइड सेयरिङ कम्पनी पठाओका सञ्चालक असिममान सिंह बस्न्यातसम्मका व्यक्तिहरू आन्दोलनको पूर्वयोजनामा जोडिएका देखिन्छन् ।



ता परिवर्तन गर्न अत्यावश्यक रहेको भन्ने बुझाई विकसित भएको ।

विशेषगरी डा. निकोलश भुषाल लगायतको समूहले भ्रष्टाचार, सुशासनको सवाल उठान गर्दै सामाजिक सञ्जालमा
नेताहरूलाई देशनिकाला गर्नुपर्ने भन्ने जस्ता भड्काउपूर्ण अभिव्यक्ति सम्प्रेषण गर्दै युवाहरूमा शासनसत्ताप्रति वितृष्णा
मार्फत नै frustrate युवाहरूलाई संगठित गर्ने प्रयास भएको ।

निज भुषाल लगायतको समूहद्वारा "Global Youth Parliament" को नामबाट "१६५ निर्वाचन क्षेत्रमा १६५ युवा सांसद" को नारा प्रस्तुत गरी युवाहरूलाई संगठित गर्दै काठमाण्डौ उपत्यका सहित मोफसलका जिल्लाहरूमा सरकार विरोधी प्रदर्शनलाई बढावा, असोज १८ गते राष्ट्रिय नाचघरमा National Youth Parliament को नामबाट सञ्चारकर्मी डा. नवराज भुषाल, वर्तमान प्रधानमन्त्री सुशिला कार्की, हामी नेपालका संस्थापक सुदन गुरुङ समेत १९०/२०० जनाको उपस्थितिमा युवा भेला आयोजना गरी आन्दोलनको कार्यक्रम सम्बन्धी मार्गचित्र प्रस्तुत ।


भ्रष्टाचार, सुशासन, सहकारी पीडितहरूको सवाल उठाउँदै अभियान्ताको नामबाट विभिन्न समूह सक्रिय रहेको परि
सँग समेत कार्यगत एकता गरी आन्दोलनजन्य गतिविधिलाई थप संस्थागत गर्न भन्दै गत वर्षको मंसिरबाट लौरो अभिय
अनन्तराज घिमिरे) को नामबाट "संयुक्त राष्ट्रवादी नागरिक आन्दोलन" शुरु गरी काठमाण्डौ उपत्यका केन्द्रित प्रदर्शनजन
उक्त कार्यमा रमा सिंह, बालकृष्ण न्यौपाने, स्वागत नेपाल, केशर बहादुर विष्ट, कमल थापा, दुर्गा प्रसाई लगायतका हिन्द
पक्षधर व्यक्तिहरूको पनि प्रत्यक्ष, अप्रत्यक्ष सहयोग ।

प्रतिवेदनले निकोलस भुसालको समूहले 'ग्लोबल युथ पार्लियामेन्ट' को नामबाट १६५ निर्वाचन क्षेत्रमा १६५ युवा सांसदको नारा दिएर युवाहरूलाई सङ्गठित गर्दै काठमाडौं उपत्यकासहित मोफसलका जिल्लाहरूमा सरकारविरोधी प्रदर्शनलाई बढावा दिएको थियो । यस्तै, १८ असोज २०८१ मा जमलस्थित राष्ट्रिय नाचघरमा 'नेसनल युथ पार्लियामेन्ट' को नामबाट १९०/२०० जनाको उपस्थितिमा युवा भेला आयोजना गरेर आन्दोलनको मार्गचित्रसमेत प्रस्तुत गरिएको थियो । त्यस कार्यक्रममा नवराज भुसाल, पूर्वप्रधानन्यायाधीश कार्की, हामी नेपालका संस्थापक गुरुङलगायतको सहभागिता रहेको प्रतिवेदनमा उल्लेख छ ।

> जेन-जी आन्दोलन सम्बन्धमा मानवअधिकार आयोगको अध्ययन टोलीकी संयोजक एवम् आयोगकी सदस्य लिली थापाले प्रदर्शनका क्रममा बालबालिकालाई मानव-ढाल बनाउन, बम बनाउन सिकाउन र सुरक्षाकर्मीलाई आक्रमण गर्न विभिन्न व्यक्ति र अभियन्ताले निर्देशन दिएको पाइएको बताएकी छन् ।

निकोलस भुसाललगायत व्यक्तिहरूले सामाजिक सञ्जालमार्फत अनर्गल प्रचारबाजी गर्ने, नेताहरूलाई देशनिकाला गर्नुपर्ने जस्ता भड्काउपूर्ण अभिव्यक्ति सम्प्रेषण गरेर जनतामा वितृष्णा फैलाइरहेका थिए ।

बैठक बसेर *'प्रमुख नेताहरूलाई बाङ्लादेशमा झैँ लखेट्नुपर्ने'* निष्कर्ष निकाल्दै विध्वंसात्मक आन्दोलनको पूर्वयोजना बुनेका बब्लु गुप्ता र सोम शर्मालाई यसबारे बुझ्न हामीले फोन र इमेल गरे पनि उनीहरू सम्पर्कमा आएनन् । यस्तै, सुधन गुरुङ र उनका सहयोगी कैलाश पासवानलाई सम्पर्क गर्दासमेत उनीहरूबाट कुनै प्रतिक्रिया पाउन सकिएन ।


...ता परिवर्तन गर्न अत्यावश्यक रहेको भन्ने बुझाई विकसित भएको।
विशेषगरी डा. निकोलश भुषाल लगायतको समूहले भ्रष्टाचार, सुशासनको सवाल उठान गर्दै सामाजिक सञ्जालमा...
...नेताहरूलाई देशनिकाला गर्नुपर्ने भन्ने जस्ता भड्काउपूर्ण अभिव्यक्ति सम्प्रेषण गर्दै युवाहरूमा शासनसत्ताप्रति वितृष्णा...
...भ्रष्टाचार, सुशासन, सहकारी पीडितहरूको सवाल उठाउँदै अभियान्ताको नामबाट विभिन्न समूह सक्रिय रहेको परि...
...सँग समेत कार्यगत एकता गरी आन्दोलनजन्य गतिविधिलाई थप संस्थागत गर्न भन्दै गत वर्षको मंसिरबाट लौरो अभि...
अनन्तराज घिमिरे) को नामबाट "संयुक्त राष्ट्रवादी नागरिक आन्दोलन" शुरु गरी काठमाण्डौ उपत्यका केन्द्रित प्रदर्शनजन्...
उक्त कार्यमा रमा सिंह, बालकृष्ण न्यौपाने, स्वागत नेपाल, केशर बहादुर बिष्ट, कमल थापा, दुर्गा प्रसाई लगायतका हिन्...
पक्षधर व्यक्तिहरूको पनि प्रत्यक्ष, अप्रत्यक्ष सहयोग।

प्रतिवेदनका अनुसार भ्रष्टाचार, सुशासन, सहकारीपीडितको सवाल उठाउँदै अभियन्ताको नाममा सक्रिय रहेका विभिन्न समूहसँग समेत कार्यगत एकता गरी आन्दोलनजन्य गतिविधिलाई थप संस्थागत गरिएको देखिन्छ। यस क्रममा मङ्सिर २०८१ देखि अनन्तराम घिमिरे संस्थापक अध्यक्ष रहेको लौरो अभियानको नामबाट संयुक्त राष्ट्रवादी नागरिक आन्दोलनले उपत्यका केन्द्रित प्रदर्शन थालनी गरेको थियो। जसमा रमा सिंह, बालकृष्ण न्यौपाने, स्वागत नेपाल, केशर बहादुर विष्ट, कमल थापा, दुर्गा प्रसाईंलगायत हिन्दु राष्ट्रसहितको राजतन्त्र पक्षधर व्यक्तिहरूको पनि प्रत्यक्ष–अप्रत्यक्ष सहयोग गरेका प्रतिवेदनले खुलाएको छ।

सरकारविरुद्ध आन्दोलनको वातावरण तयार पार्न 'राष्ट्र, राष्ट्रियता, धर्म, संस्कृति र नागरिक बचाउ महाअभियान' का संयोजक प्रसाईं बढी सक्रिय देखिएका थिए। सरकार, नेताहरूबारे निरन्तर अफवाहमिश्रित टीकाटिप्पणी गरेर उनी सरकार र पुराना दलहरूविरोधी माहोल बनाउन लागिपरेका थिए। उनले व्यापारीहरू र बैङ्क तथा वित्तीय संस्थालाई पनि घृणास्पद अभिव्यक्ति दिने गरेका थिए। आन्दोलनका क्रममा नेताहरूका घरदेखि व्यावसायिक प्रतिष्ठानसम्म तोडफोड, आगजनी र लुटपाटमा परेका थिए।

प्रतिवेदनमा प्रसाईंको उक्साहटपूर्ण भूमिकाबारे लेखिएको छ, *'प्रसाईंले समयसमयमा सहकारी पीडित, उखु किसान, मिटरब्याज पीडित, वैदेशिक रोजगारीको विषयप्रति सरकार सजग नभएको कारण सर्वसाधारणले दुःख पाएको, देशको अर्थतन्त्र मारवाडी व्यवसायीको कारण ध्वस्त भएको जनाउँदै खराब व्यवसायी भनी विभिन्न व्यक्तिहरूको फोटो तथा भिडिओ सार्वजनिक गर्नेजस्ता भड्काउपूर्ण गतिविधिमार्फत प्रत्यक्ष/अप्रत्यक्ष रूपमा सरकारविरुद्ध आन्दोलित हुन उक्साएका।'*

प्रसाईं, स्वागत नेपाललगायतको समूहले १५ चैत २०८१ मा काठमाडौँको तीनकुनेमा भएको प्रदर्शनलाई हिंसात्मक बनाएको थियो। यही घटनालाई लिएर उनीहरूलाई प्रहरीले पक्राउसमेत गरेको थियो। विभागको प्रतिवेदनले जेन–जी आन्दोलनलाई ध्वंसात्मक बनाउन उनीहरूसमेतले पूर्वतयारीमा भूमिका खेलेको औँल्याएको हो।

> संसद् भवन र सिंहदरबारलगायत सार्वजनिक संरचनाहरू जलाइएको एआईबाट निर्मित भ्रमपूर्ण फोटो र भिडिओहरू आन्दोलन हुनुअगावै सामाजिक सञ्जालमा फैलाइएको समेत आयोगको प्रतिवेदनमा छ। आयोगको प्रतिवेदनले आन्दोलनलाई एकातिर शान्तिपूर्ण देखाउने र अर्कातिर पूर्वयोजनाबद्ध रूपमा ध्वंसात्मक बनाउने रणनीति अपनाइएको तथ्य उजागर गरेको हो।

विभिन्न पक्षका आन्दोलनसम्बन्धी गतिविधिहरू जारी रहेकै बेला नेपाल विद्युत् प्राधिकरणका तत्कालीन कार्यकारी निर्देशक कुलमान घिसिङलाई पदबाट हटाइएपछि अभियन्तालगायतको समूह झन् सक्रिय भएको थियो। उनीहरूले काठमाडौँ उपत्यकासहित मोफसलका विभिन्न जिल्लामा एकल तथा सामूहिक रूपमा प्रदर्शन बढाउँदै लगेका थिए। युवाहरूलाई आन्दोलनमा सहभागी हुन, राज्यप्रतिको असन्तुष्टिलाई सडकमै ओर्लिएर व्यक्त गर्न दुष्प्रेरित गर्ने काम भएको र सडक आन्दोलनबाट मात्रै माग सम्बोधन हुन्छ भन्ने भाष्य स्थापित गराउने प्रयास गरिएको प्रतिवेदनमा उल्लेख छ।

जेन–जी आन्दोलनमा भएको विध्वंस संस्थागत रूपमै भएको र आन्दोलनमा रास्वपा, तत्कालीन नेकपा (माओवादी केन्द्र), राष्ट्र राष्ट्रियता, धर्म, संस्कृति तथा नागरिक बचाउ महाअभियान, राप्रपा, राप्रपा नेपाललगायतले विज्ञप्ति नै जारी गरेर समर्थन जनाएको प्रतिवेदनमा प्रस्ट शब्दमा लेखिएको छ। *'... समर्थन जनाएको उक्त भदौ २३ गते भएको प्रदर्शनका क्रममा उल्लिखित दल, समूहका नेता–कार्यकर्ताहरूले घुसपैठ गरी जेन–जी युवाहरूलाई आगजनी, तोडफोडजस्ता ध्वंसात्मक गतिविधि गर्न दुष्प्रेरित गरेका,'* प्रतिवेदनले किटान गरेको छ।

विभागको प्रतिवेदनले हन्ड्रेड प्लस ग्रुपका गुप्ता, रुटिन अफ नेपाल बन्दका सञ्चालक पौडेल र राइड सेयरिङ कम्पनी पठाओका तत्कालीन निर्देशक बस्न्यातलगायतले पनि आन्दोलनलाई ध्वंसात्मक बनाउन सहयोगी भूमिका खेलेको उल्लेख गरेको छ। उनीहरूले सामाजिक सञ्जालमार्फत जेन–जी आन्दोलनमा सक्रिय सहभागिता जनाउन दुईचार दिनअघिदेखि नै आफ्ना समर्थक तथा शुभचिन्तकलाई अपिल गरेको अवस्थामा आन्दोलन ध्वंसात्मक हुन थप मद्दत पुगेको प्रतिवेदनमा लेखिएको छ।



जेन-जी आन्दोलनको दोस्रो दिन २४ भदौमा सर्वोच्च अदालत अगाडि प्रदर्शनकारी। तस्बिर : बिक्रम राई

विभागको यस रिपोर्टलाई जेन–जी आन्दोलनको घटनाबारे मानवअधिकार आयोगको अध्ययन प्रतिवेदनले पनि उल्लेख गरेको छ। आयोगले सार्वजनिक गरेको प्रतिवेदनको प्रकरण १६ मा भनिएको छ, *'भदौ २४ गतेको घटना २३ गतेको घटनाबाट प्रभावित आक्रोशित व्यक्तिको कारणले शुरुआत भए पनि २४ गतेको घटनाको प्रकृति अवस्था एकै समयमा एकै उद्देश्य लिई देशैभर भएको देखिँदा यी घटना अगाडिदेखि नै गरिएको पूर्वयोजनाअनुसार सङ्गठित रूपमा गरिएको आपराधिक कार्य हुन् भन्नेमा अनुसन्धान प्रतिवेदनको रायलाई अन्यथा भनिरहनुपर्ने अवस्था देखिएन।'*

आयोगको प्रतिवेदनअनुसार प्रदर्शनका आह्वानकर्तालगायत केही व्यक्तिले 'वेकअप नेपाल' नामक टिकटक अकाउन्टमार्फत जेन–जी प्रदर्शनको एकदिनअघि पेट्रोल बम (मोलोटभ ककटेल) लिएर आउन आह्वान गरेका थिए। उनीहरूले सामाजिक सञ्जालमा 'भोलिको प्रदर्शनमा जे पनि हुन सक्छ, त्यसैले मोलोटभ ककटेल तयार राख्नू' भन्दै आगजनीका लागि उक्साएको प्रतिवेदनमा उल्लेख छ।

यस्तै, संसद् भवन र सिंहदरबारलगायत सार्वजनिक संरचनाहरू जलाइएको एआईबाट निर्मित भ्रमपूर्ण फोटो र भिडिओहरू आन्दोलन हुनुअगावै सामाजिक सञ्जालमा फैलाइएको समेत आयोगको प्रतिवेदनमा छ। आयोगको प्रतिवेदनले आन्दोलनलाई एकातिर शान्तिपूर्ण देखाउने र अर्कातिर पूर्वयोजनाबद्ध रूपमा ध्वंसात्मक बनाउने रणनीति अपनाइएको तथ्य उजागर गरेको हो। प्रतिवेदनको तथ्य विश्लेषण खण्डको बुँदा नम्बर ३ मा भनिएको छ, *'२०८२ भाद्र २३ गतेको विरोध प्रदर्शनलाई शान्तिपूर्ण रूपमा गर्ने भनी एउटा समूह र अनलाइनमा विध्वंशात्मक बनाउने भन्ने अर्को समूह गरी दुई वटा समूहले तयारी गरिरहेको भन्ने सञ्चार माध्यम र छलफल बयानको क्रममा खुल्न र पुष्टि हुन आएको देखिन्छ। जसबाट उक्त प्रदर्शनलाई ध्वंसात्मक बनाउने योजनामा अर्को समूह पनि रहेको देखियो।'*



जेन-जी आन्दोलनको दोस्रो दिन २४ भदौमा भएको प्रदर्शन। तस्बिर : बिक्रम राई

जेन–जी आन्दोलन सम्बन्धमा मानवअधिकार आयोगको अध्ययन टोलीकी संयोजक एवम् आयोगकी सदस्य लिली थापाले प्रदर्शनका क्रममा बालबालिकालाई मानव–ढाल बनाउन, बम बनाउन सिकाउन र सुरक्षाकर्मीलाई आक्रमण गर्न विभिन्न व्यक्ति र अभियन्ताले निर्देशन दिएको पाइएको बताएकी छन्।

उनका अनुसार आयोग टोलीले अध्ययनका क्रममा करिब ३५ वटा प्रामाणिक भिडिओ हेर्दा उच्चपदस्थ व्यक्ति र अभियन्ताहरूले नै हिंसात्मक गतिविधिमा उक्साएको प्रमाण भेटिएको छ। २३ जेठमा नेपाली कांग्रेसको ललितपुर सानेपास्थित केन्द्रीय कार्यालयमा आयोजित कार्यक्रममा उनले भनिन्, 'भिडिओहरूमा अहिले उच्च पदमा रहेका कतिपय व्यक्तिहरूले 'यसरी बम बनाऊ, यसरी आऊ, पानीको बोतल र झोला बोकेर आऊ, विद्यार्थीलाई अगाडि राख, ह्युमन शिल्ड बनाऊ, आँखामा यो लगाऊ' जस्ता कुरा भनेको प्रमाण हामीसँग छ। यस्तो तथ्य फेला परेपछि हामीले उहाँहरूलाई थप अनुसन्धानमा नलैजाऊँ भन्न सक्ने अवस्था नै थिएन।'

आयोगको प्रतिवेदनले सुधन गुरुङ, बब्लु गुप्ता, हेमराज थापा, सोम शर्मा, दुर्गा प्रसाईं, भिक्टर पौडेल, असिममानसिंह बस्न्यातलगायतलाई अनुसन्धान गरेर दोषी देखिए कारबाही गर्न भनेको छ।

अनुसन्धान विभागको प्रतिवेदन मानवअधिकार आयोगलाई पनि बुझाइएको थियो। प्रतिवेदनबारे सोध्दा विभागका प्रमुख टेकेन्द्र कार्की आफू जेन–जी आन्दोलनपछि प्रमुख भएर आएकाले यस विषयमा थाहा नभएको बताउँछन्। त्यसबारे पहिलेका अनुसन्धान निर्देशकलाई जानकारी हुने उनको भनाइ छ। 'मानवअधिकार आयोग, कार्की आयोगलाई दिइएको दस्ताबेजलगायत रिपोर्टहरू मभन्दा पहिलेका

निर्देशकज्यूहरूले दिनुभएको हो,' उनी भन्छन्, 'मलाई लाग्छ, उहाँहरूले आयोगका माननीय सदस्यहरूसँग वान टु वान भेटघाटमा दिनुभएको हो। सङ्गठनमा त्यसको कुनै दस्तावेज रहँदैन।'

## हिंसात्मक गतिविधिमा सुधन समूह

अनुसन्धान विभागको प्रतिवेदनले सुधन गुरुङ समूहलाई पनि आन्दोलनको विध्वंसमा संलग्न भएको देखाएको छ। उनी आन्दोलनको मार्गचित्र प्रस्तुत गर्ने कार्यक्रममा पनि सहभागी भएका थिए।

उनी आन्दोलनपछि भएको चुनावमा गोरखा १ बाट सांसद बन्दै गृहमन्त्रीसमेत भएका थिए। विवादास्पद व्यापारी दीपक भट्टको कम्पनीमा सेयर लगानी प्रकरण र सम्पत्तिको स्रोतबारे प्रश्न उठेपछि ९ वैशाखमा गृहमन्त्रीबाट राजीनामा दिएका थिए। उनको सम्पत्तिको स्रोतबारे छानबिन गर्न गठित समितिले प्रधानमन्त्रीलाई प्रतिवेदन बुझाइसकेको छ।

अनुसन्धान विभागको प्रतिवेदनले आन्दोलन ध्वंसात्मक बनाउन सक्रिय भएका किटान गरेका बब्लु गुप्ता, सोम शर्मा जेन–जी आन्दोलनको बेला सुधनकै समूहमा सक्रिय थिए।



पूर्वगृहमन्त्री सुधन गुरुङ। तस्बिर : बिक्रम राई

मानवअधिकार आयोगको अध्ययन प्रतिवेदनअनुसार सुरुमा शान्तिपूर्ण रहेको आन्दोलनमा 'हामी नेपाल' संस्थाका अध्यक्ष सुधनलगायतका व्यक्तिहरूले भिडलाई उक्साएका थिए। प्रतिवेदनको 'तथ्य र विश्लेषण' खण्डको प्रकरण ६ र ७ अनुसार २३ भदौ २०८२ मा नयाँ बानेश्वरस्थित एभरेस्ट होटलअगाडि २०/२५ हजार जनाको भिड जम्मा भएपछि करिब १२ बजेतिर भिडको नेतृत्व सुधनले सम्हालेका थिए। त्यो भिडमा 'टीओबी' लेखिएको टिसर्ट लगाएका, हात तथा शरीरमा टीओबी ट्याटु खोपेका युवाहरू पनि थिए, जसले भिडलाई प्रहरीको ब्यारिकेड तोडेर निषेधित क्षेत्रमा प्रवेश गर्न उत्तेजित बनाएका थिए। त्यसपछि प्रहरीसँग झडप र हुलदङ्गा भयो, अनि भिड अनियन्त्रित बन्यो।

आयोगको प्रतिवेदनले आन्दोलनलाई हिंसात्मक बनाउन पूर्वतयारी गरिएको सङ्केत गर्छ। शान्तिपूर्ण भनिएको आन्दोलनमा टेन्टहरू टाँगिनु, नकावधारी स्वयंसेवकहरू देखिनु र तीन वटा एम्बुलेन्स तैनाथ गरिनुलाई आयोगले शंकास्पद ठानेको हो। यी सम्पूर्ण प्रबन्ध सुधन समूहले नै गरेको प्रतिवेदनमा उल्लेख छ।



सन् २०२४ मा बाङ्लादेशमा सरकारविरुद्ध युवाले गरेको प्रदर्शन। तस्बिर स्रोत : प्रथम आलो

भिडलाई उत्तेजित पार्न नेतृत्वदायी भूमिका खेलेको उल्लेख गरे पनि आयोगले सुधनलाई सिधै कारबाहीको सिफारिस भने गरेको छैन। प्रतिवेदनको 'सिफारिस खण्ड' को बुँदा ९ र १० मा गुरुङसहितका व्यक्तिहरूविरुद्ध थप अनुसन्धान गर्न सरकारलाई सिफारिस गरेको छ।

स्रोत : नेपाल न्युज, २५ जेष्ठ २०८३

## Word Search

### Painting Colors

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| Y | A | E | N | W | B | L | A | C | K | A | M |
| L | V | N | I | H | O | R | E | D | Y | P | I |
| N | M | A | S | S | C | L | S | A | A | U | N |
| W | E | U | N | M | P | G | L | K | R | C | E |
| O | G | O | L | D | H | A | N | E | G | E | D |
| R | T | R | E | V | L | I | S | M | Y | E | L |
| B | U | G | N | L | P | W | B | E | I | G | E |
| L | R | P | E | A | C | H | P | E | A | R | L |
| M | Q | P | E | A | K | R | A | D | N | A | N |
| E | U | L | C | P | L | A | L | I | G | H | T |
| D | I | C | R | I | R | O | R | A | N | G | E |
| I | S | U | E | L | P | R | U | P | R | O | L |
| U | E | M | A | H | O | G | A | N | Y | R | E |
| M | E | D | M | L | A | V | E | N | D | E | R |

SILVER
RED
TURQUISE
YELLOW
BEIGE
BROWN
PURPLE
NAVY
PEACH
PEARL
GOLD
LAVENDER
LIGHT
DENIM
GRAY
ORANGE
MAHOGANY
DARK
PUCE
PINK
BLACK
MEDIUM
CREAM

(दायाँ-बायाँ-तल-माथि-तेर्सो-ठाडो-छडके-सुल्टो-उल्टोबाट छेउका मिल्दो शब्दहरू खोज्नुहोस्।)

# मौलिक शैलीमा सम्पदा संरक्षण गर्नु जरुरी

कुनै पनि स्थानको सम्पदा संरक्षण गरेर जीवन्तता दिनुपर्छ। सम्पदा संरक्षण गर्नुको अर्थ उहिलेको संरचना जोगाउनुमात्र होइन त्यसको मौलिकता कायम गर्नु हो। मौलिकता आफ्नोपन हो, पहिचान हो। सम्पदा संरक्षण गरिएन भने आफ्नो भन्ने कुरा केही हुँदैन। संरक्षणको नाउँमा मौलिक सम्पदा म्हास्दै आधुनिक संरचना निर्माण गर्दै गयो भने भोलि आफ्नो मौलिकता र आफ्नो पहिचानको कुनै नाम निसाना हुनेछैन। आफ्नो स्थानको मौलिकता जोगाएर नयाँ पुस्तालाई सुसूचित गर्न नसके पछिल्लो पुस्ताले देशको ऐतिहासिकता र सांस्कृतिक महत्त्वको सम्पदा कसरी चिन्छ ? अचेल मौलिक सम्पदा संरक्षणको नाउँमा आधुनिक सामग्री या कङ्क्रिटको अधिक प्रयोग भइरहेको विज्ञहरूको भनाइ रहेको छ।

कुनै मौलिक सम्पदा मठ, मन्दिर, सत्तल, पाटी, चैत्य, स्तुप, विहार आदि भूकम्प, जीर्ण भएर या जुनसुकै कारणले भत्केर पुनःनिर्माण गर्दा आधुनिक ढङ्गले पनि पुनःनिर्माण गरिएको हामीले देखेका छौँ। त्यो समयमा सम्पदा पुनःनिर्माण गर्नु राम्रो पक्ष मानिएला। तर, आधुनिक शैलीको कारण त्यसले सम्पदा स्थललाई गिज्याइरहेको हुन्छ। कुनै मन्दिरको आकार र शैली नै फरक गरी बनाइएको सम्पदाको फोटो, चित्र वा अरु सङ्केत छ भने त्यसको आधारमा मौलिक शैलीमा सम्पदा पुनःनिर्माण गर्नुपर्छ। विश्व सम्पदा स्थल टौमढीनेर रहेको लक्ष्मीनरसिंह मन्दिर पुनःनिर्माण गर्नुभन्दा अघि सानो मन्दिरजस्तो बनाइएको थियो। त्यो सय वर्ष पुरानो भयो, त्यो नै सम्पदा भयो भनेर वास्तविक मन्दिरको आकार नदिई बनाइएको भए त्यो कसरी मौलिक सम्पदा हुन्छ ?

लायकु दरबारसँगै रहेको फर्सी आकारको 'फसिदेगः' मन्दिर अर्कै शैलीको थियो। फसिदेगः भनिएको त्यो मन्दिर यथार्थमा सिलु महाद्यः हो। पहिलेको त्यो फसिदेगः सय वर्षभन्दा पुरानो भयो भनेर मौलिक शैलीको नबनाई अर्कै शैलीमा बनाइयो भने त्यो मौलिक सम्पदा कसरी हुन्छ ? विश्वकै सम्पदा सूचीमा रहेको भक्तपुर दरबार क्षेत्रमा रहेको न्हेकं झ्यः दरबार आधी आधुनिक र आधी मौलिक शैलीमा रहेको छ। आधुनिक शैलीको त्यो दरबार यथावतै पुनःनिर्माण गरियो भने सय वर्ष पुरानो भए पनि त्यो मौलिक हुँदैन। भक्तपुर नपा वडा नं. ९ मा रहेको ब्रह्मायणी मन्दिर पनि अर्कै शैलीमा पुनः निर्माण गरिएको थियो। हालको ब्रह्मायणी मन्दिर मौलिक शैलीको कदापि होइन। त्यो मन्दिर पनि सय वर्षभन्दा बढी हुन लाग्यो भनेर मौलिक शैलीमा पुनःनिर्माण नगरी आधुनिक या अर्कै शैलीमा पुनःनिर्माण गरेर त्यो कसरी मौलिक हुन्छ ?

सम्पदालाई जीवन्तता दिन मौलिक शैलीमा निर्माण गर्नुपर्छ। मौलिक शैलीमा पुनःनिर्माण गर्न आर्थिक समस्या भयो भने केही समयको लागि मर्मत सम्भार गर्नु अर्को पाटो हो। यस विषयमा पुरातत्त्व विभाग सचेत र जिम्मेवार हुनुपर्ने हो। सम्पदा संरक्षणको जिम्मा बोकेको पुरातत्त्व विभाग या विभागका उच्चपदस्थ व्यक्तिहरू नै जुनसुकै आधुनिक भवन, मन्दिर, घर, सत्तल, चैत्य या अन्य वस्तुलाई सय वर्षभन्दा बढी भयो भनेर आधुनिक शैलीमा पुनःनिर्माण गर्नुपर्छ भनेर अडानमा बस्यो भने मौलिकता कसरी कायम हुन्छ ? विश्व सम्पदा सूचीमा सूचिकृत विभिन्न सम्पदाहरू नेपालको मात्र होइन विश्वकै सम्पत्ति हुन्। विश्व सम्पदामा सूचिकृत मौलिक सम्पदालाई आधुनिक शैलीमा स्वरूप परिवर्तन गर्नु पुरातत्त्वविद्हरूलाई सुहाउँदैन। पुरातत्त्व विभाग र सम्पदाप्रेमीहरूबिच विवाद भएरै कति आधुनिक शैलीका सम्पदाहरू पुनःनिर्माण नभएर त्यसै थन्किरहेको पाइन्छ। सम्पदा संरक्षण गर्ने काम पुरातत्त्व विभागको हो। तर, त्यस निकायकै ध्यान गएको छैन। त्यस निकाय या अरू कुनै देशी या विदेशी सङ्घ संस्थाबाट अवरोध सिर्जना गर्नु, दबाब दिनु या रोक्नु असल नियत होइन। ती सम्पदाहरू जतिसुकै वर्ष भए पनि मौलिक शैलीमा पुनःनिर्माण गर्दा के बिग्रिन्छ र !

आधुनिक सम्पदालाई मौलिक शैली कायम गर्दा के त्यो सम्पदा हुँदैन ? यदि कुनै मौलिक सम्पदा कारणबस क्षति भएर कुनै बेला आधुनिक शैलीमा निर्माण गरिएको छ भने त्यो फेरि त्यस्तै पुनःनिर्माण गर्नुपर्छ भनी जोड दिनु बुद्धिमानी हुनेछैन। अन्यथा, संरक्षणको नाममा हुने पुनः निर्माणले ऐतिहासिक, पुरातात्त्विक र सांस्कृतिक महत्त्व बोकेको सम्पदा संरक्षित हुनेछैन; पहिलेको सम्पदा स्थल, जीवित सङ्ग्रहालय कङ्क्रिट या आधुनिक सम्पदा स्थल हुनेछ। यसले पछि नयाँ पुस्तामा मौलिक शैलीको घर, भवन, मन्दिर, मठ, चैत्य, स्तुप, विहारको जानकारी हुनेछैन। जेठ २८ गतेको 'अन्नपूर्ण पोस्ट' दैनिकमा लेखियो, 'मासिँदै सम्पदा, नासिँदै पहिचान' शीर्षकको समाचार। पुरातत्त्व विभागको यस्तै अदूरदर्शिता र अपरिपक्व बुद्धिको कारण उपत्यकाका सम्पदा स्थलहरू बेलाबखत खतराको सूचीमा परेको हो। अतः विश्व सम्पदा स्थललाई जीवित सङ्ग्रहालयकै रूपमा कायम गर्न आधुनिक होइन मौलिक शैलीमै सम्पदाको मर्मत सम्भार, जीर्णोद्धार र पुनःनिर्माण गर्नुपर्छ। नत्र मौलिक सम्पदा नासिँदै जानेछ र कालान्तरमा यहाँ मौलिक सम्पदा भन्ने हुनेछैन। मौलिक शैलीमा सम्पदा संरक्षण गर्न पहिलेको निर्णय पनि संशोधन गर्न सम्बन्धित निकाय अग्रसर हुनुपर्छ। नत्र, सांस्कृतिक सम्पदा सङ्कटमा पर्छ र मौलिकता हराउँदै जानेछ।

(सम्पादकीय, मजदुर दैनिक, २०८३)


# रणजित मल्लको इतिहाससँग गाँसिएको वियोगान्त काव्य

भक्तपुरकोबिस्का जात्रासँग जोडिएको यो गीत वास्तवमै नेपाल उपत्यकाको अन्तिम मल्ल राजाको भावनात्मक इतिहाससँग गाँसिएको एक गहिरो वियोगान्त काव्य हो ।

भक्तपुरका राजा रणजित मल्लले राज्य गुमाउँदै गर्दा जन्मिएको यो करुण गीतलाई 'राज्य खोसिएको राजाको वेदना गीत' भनेर पनि सम्झिन्छ ।

## राजाको वेदना - परिष्कृत गीतात्मक रूप

*हे राम... हे राम...*
*यो नेपाल सम्झिएर म कसरी टाढा जाऊँ र?*
*शत्रु र दुष्टहरूले मेरो राज्य नै खोसिदिए,*
*मेरो सारा गौरव अब धुलोमा मिल्यो... हे राम ।*
*बाह्र हजारको सुन्दर राज्य थियो मेरो,*
*आज त्यो पनि पराइको हातमा गयो,*
*अब मेरो बास विदेशतिरको पीडा भयो,*
*हे राम... हे राम...*
*पूर्वजन्मको पापले मलाई छोप्यो कि ?*
*यो जीवन पिंजडामा थुनिएको पंछी जस्तो भयो,*
*स्वतन्त्र भएर बाँच्ने सपना पनि हरायो,*
*हे राम... हे राम...*
*तलेजु भवानी, नवदुर्गा र गणेशलाई पुकार्छु,*
*मेरो गल्ती भए माफ गरिदेऊ,*
*यो अन्तिम राजाको आँसु स्वीकार गरिदेऊ,*
*हे राम... हे राम...*
*यो वेदनाको कथा म कसलाई सुनाऊँ ?*
*मनभित्रको आगो कसरी निभाऊँ ?*
*छल, कपट र समयले मलाई यहाँ पुऱ्यायो,*
*हे राम... हे राम...*
*सूर्यवंशको गौरव पनि आज मौन भयो,*
*राज्य गुमाएर राजा आफै विलीन भयो,*
*इतिहास मात्र बाँकी रह्यो यो पीडाको साक्षी,*
*हे राम... हे राम...*



यो गीतमा राजा रणजित मल्लले आफ्नो राज्य गुमाउनुको पीडा, देशप्रेम, धार्मिक आस्था, र अन्तिम समयको आत्मवेदना व्यक्त गरेका छन् ।

उनलाई आफ्नो भूमि, संस्कृति र जनतासँग छुट्टिनु सबैभन्दा ठूलो पीडा लागेको देखिन्छ ।

(गोविन्दराज ओझाको फेसबुकबाट)

नगरपालिका नगरवासीहरूको संस्था हो ।
करदाताहरूले समयमै कर बुझाऔं
नगरको विकासमा सघाऔं ।

# वास्तुशिल्पको अनुपम नमुना : छिमेकी देशको आँगनमा एक अविस्मरणीय पारिवारिक यात्रा (२)



बसन्त भट्टराई

वास्तुकला र सभ्यताको सम्बन्ध यति गहिरो हुन्छ कि यसले सदियौँ पुराना कथाहरूलाई वर्तमानमा पनि सजीव बनाइदिन्छ। छिमेकी मुलुक भारतका ऐतिहासिक स्मारकहरूको वास्तुकला र तिनको ऐतिहासिक गहिराइलाई बुझ्न प्रयास गर्ने मेरो यो यात्रा संस्मरणको पहिलो अङ्कमा हामीले लोटस टेम्पलका बारेमा चर्चा गऱ्यौँ। सोही 'अविस्मरणीय पारिवारिक यात्रा' को अनुभव र अध्ययनलाई निरन्तरता दिँदै हामी यो दोस्रो अङ्कमा आइपुगेका छौँ।

कुनै पनि प्राचीन स्मारक एउटा पर्यटकीय गन्तव्यमात्र होइन, त्यो त तत्कालीन इन्जिनियरिङ, कलात्मक सोच र सांस्कृतिक पहिचानको अनुपम उदाहरण हो। स्थलगत भ्रमणका क्रममा देखिएका सूक्ष्म विवरण, ऐतिहासिक दस्तावेजहरूको अध्ययन र इन्टरनेटका माध्यमबाट सङ्कलन गरिएका प्राविधिक तथ्यहरूलाई समेटेर तयार पारिएको यो लेख श्रृङ्खलाले पाठकलाई उक्त संरचनाहरूको वास्तुकलाको भित्री तहसम्म पुऱ्याउने मेरो विश्वास छ।

यसै सन्दर्भमा, यो यात्राको दोस्रो कडीका रूपमा आजको अङ्कमा हामी चर्चा गर्नेछौँ– अक्षरधामको, जसको बनावट र वास्तुशिल्पले आफ्नै छुट्टै र विशिष्ट पहिचान बोकेको छ।

## अक्षरधाम

अक्षरधाम (Akshardham) भारतको नयाँ दिल्लीमा रहेको एक अत्यन्तै प्रसिद्ध हिन्दू सांस्कृतिक, धार्मिक तथा वास्तुकलात्मक परिसर हो। यो मन्दिर भगवान स्वामीनारायणप्रति समर्पित गरिएको रहेछ। यसको निर्माण BAPS Swaminarayan संस्थाले गरेको हो। अक्षरधाम मन्दिरमात्र नभएर भारतीय संस्कृति, आध्यात्मिकता, कला, इतिहास र परम्पराको विशाल केन्द्र पनि हो। यसको भव्यता, सुन्दर रूपमा कुँदिएका बुट्टा चित्रहरू (Carving), विशाल परिसर, आध्यात्मिक वातावरण र आधुनिक प्रस्तुतीकरणका कारण यो दिल्लीका सबैभन्दा आकर्षक दर्शनीय स्थलहरूमध्ये एक मानिन्छ।



अक्षरधामको मुख्य आकर्षण भनेको यसको अद्भुत वास्तुकला हो। गुलाबी बालुवा ढुङ्गा (Pink sandstone) र सेतो संगमरमरबाट बनेको यो मन्दिर अत्यन्तै कलात्मक छ। यसको भित्ताहरू, खम्बाहरू, गुम्बजहरू र मूर्तिहरूमा भारतीय कला, संस्कृति, देवी देवता, साधु सन्त, पशुपक्षी तथा आध्यात्मिक प्रतीकहरूको सुन्दर रूपमा कुँदिएका बुट्टा चित्रहरू गरिएको छ। मुख्य मन्दिरभित्र भगवान स्वामीनारायणको विशाल मूर्ति रहेको छ, जसले भक्तहरूलाई शान्ति र भक्ति भावना प्रदान गर्छ। यसबाहेक, यहाँ सांस्कृतिक प्रदर्शनी, नौका यात्रा, सङ्गीतसहितको फोहरा शो (Musical fountain) तथा हरियालीयुक्त सुन्दर बगैंचाहरू पनि छन्, जसले भ्रमणलाई अझ रोचक बनाउँछ।

अक्षरधामलाई धार्मिक दृष्टिले मात्र नभइ शैक्षिक र सांस्कृतिक दृष्टिले पनि अत्यन्त महत्त्वपूर्ण मानिन्छ। यहाँ आउने पर्यटकहरूले भारतीय सभ्यता, दर्शन, विज्ञान, संस्कार र अध्यात्मको अद्वितीय अनुभव गर्न सक्छन्। त्यहाँको वातावरण अत्यन्तै शान्त, सफा, अनुशासित र आध्यात्मिक रहेको छ। त्यसैले, अक्षरधाम भ्रमण गर्ने मानिसहरूलाई सुन्दर संरचना हेर्ने अवसर मात्र नभई आध्यात्मिक शान्ति, सांस्कृतिक ज्ञान र भारतीय गौरवको अनुभूति पनि प्राप्त हुन्छ। यही कारणले अक्षरधाम भारतको एक महत्त्वपूर्ण धार्मिक तथा पर्यटन स्थलको रूपमा विश्वभरि प्रसिद्ध रहेको छ।

### 'अक्षरधाम' नाम रहनुको कारण

अक्षरधाम शब्द दुई भागबाट बनेको छ–"अक्षर" र "धाम"। "अक्षर" को अर्थ हुन्छ अनश्वर, अविनाशी, कहिल्यै ननाशिने वा सधैँ रहने र "धाम" को अर्थ हुन्छ पवित्र स्थान, निवास वा दिव्य धाम। यसरी अक्षरधाम भन्नाले "शास्वत परमात्माको पवित्र निवास" वा "दिव्य आध्यात्मिक धाम"

भन्ने अर्थ बुझिन्छ। हिन्दू दर्शन, विशेषगरी स्वामीनारायण परम्परा अनुसार, अक्षरधाम त्यो परम पवित्र स्थान हो जहाँ भगवानको दिव्य उपस्थिति सदैव रहन्छ। यो एउटा मन्दिरमात्र नभई आध्यात्मिक शान्ति, भक्ति र दिव्य चेतनाको प्रतीक मानिने हुनाले नयाँ दिल्लीमा बनेको यो भव्य मन्दिरलाई "अक्षरधाम" नाम दिइएको हो।

यसलाई "अक्षरधाम" भनिनुको अर्को कारण यसको धार्मिक, सांस्कृतिक र आध्यात्मिक उद्देश्य हो। यो स्थल मानिसहरूलाई ईश्वरप्रति श्रद्धा, नैतिक जीवन, संस्कार, शान्ति र आत्मिक उन्नतिको सन्देश दिन निर्माण गरिएको हो। यहाँको सम्पूर्ण संरचना, मूर्तिकलाहरू, प्रदर्शनीहरू र वातावरणले भारतीय आध्यात्मिकता र सनातन संस्कृतिको गौरव झल्काउँछ। यही कारणले यो मन्दिर श्रद्धालुहरूका लागि भगवानको पवित्र धाम र पर्यटकहरूका लागि भारतीय संस्कृति र आध्यात्मिकताको अद्वितीय प्रतीक बनेको छ।

## अक्षरधाम निर्माणको इतिहास

अक्षरधामको इतिहास भगवान स्वामीनारायणको आध्यात्मिक परम्परा, भारतीय संस्कृति र धार्मिक मूल्यहरूको संरक्षणसँग जोडिएको छ। यो भव्य मन्दिर BAPS Swaminarayan Sanstha नामक अन्तर्राष्ट्रिय हिन्दू धार्मिक संस्थाले निर्माण गरेको हो। यस संस्थाको उद्देश्य आध्यात्मिकता, नैतिकता, सेवा, संस्कार र मानव कल्याण को सन्देश फैलाउनु हो। अक्षरधाम निर्माण गर्ने सोच एउटा मन्दिर बनाउनुका अतिरिक्त भारतीय सभ्यता, धर्म, कला, संस्कृति र आध्यात्मिक विरासतलाई एकै ठाउँमा प्रस्तुत गर्ने उद्देश्य राखिएको थियो। त्यसैले, नयाँ दिल्लीजस्तो ऐतिहासिक र राष्ट्रिय महत्त्वको सहरमा यस्तो विशाल धार्मिक सांस्कृतिक परिसर निर्माण गर्ने योजना बनाइएको रहेछ।

अक्षरधामको निर्माण कार्य सन् २००० तिर सुरु भएको थियो र करिब पाँच वर्षको अथक मिहिनेतपछि यो भव्य संरचना तयार भयो। यसको उद्घाटन ६ नोभेम्बर २००५ मा भारतका तत्कालीन राष्ट्रपति डा. ए.पी.जे. अब्दुल कलामद्वारा गरिएको थियो। यसको निर्माणमा हजारौँ कालीगड, शिल्पकार, अभियन्ता, स्वयंसेवक र भक्तजनहरूले योगदान दिएका थिए। मन्दिर निर्माणमा परम्परागत भारतीय वास्तुकलाको प्रयोग गरिएको छ र यसमा गुलाबी बालुवा ढुङ्गा (Pink Sandstone) तथा सेतो संगमरमर (White Marble) प्रयोग गरिएको छ। सबैभन्दा रोचक कुरा भनेको यसको मुख्य संरचना निर्माणमा इस्पात (Steel) को प्रयोग नगरी परम्परागत ढुङ्गाको शैली अपनाइएको हो, जसले यसलाई अझ ऐतिहासिक, कलात्मक र टिकाउ बनाएको छ। यही कारणले अक्षरधाम आज धार्मिक स्थलमात्र नभई भारतीय शिल्पकला र स्थापत्यकला (Architecture) को उत्कृष्ट उदाहरण पनि मानिन्छ।

अक्षरधामको इतिहास यसको निर्माणसम्म सीमित छैन; यो भारतीय आध्यात्मिक चेतना र सांस्कृतिक गौरवको आधुनिक पुनर्जागरणको प्रतीक पनि हो। यसको स्थापना पछि लाखौँ श्रद्धालु, पर्यटक, विद्यार्थी र विदेशी आगन्तुकहरू यहाँ आएर भारतीय संस्कृति, धर्म, दर्शन र इतिहासको अनुभव गर्न थालेका छन्। यहाँको प्रदर्शनी, नौका यात्रा, सांस्कृतिक कार्यक्रम र शान्त वातावरणले यसलाई पूजास्थलका अतिरिक्त शिक्षा, प्रेरणा र आध्यात्मिक चेतनाको केन्द्र बनाएको छ। त्यसैले, अक्षरधामको इतिहास एउटा मन्दिरको निर्माणको कथामात्र नभई आस्था, परम्परा, कला, सेवा र राष्ट्रको सांस्कृतिक पहिचानलाई जीवित राख्ने महान् प्रयासको इतिहास पनि हो।

## अक्षरधामको वास्तुकला किन यति प्रसिद्ध छ ?

अक्षरधामको वास्तुकला संसारभरि प्रसिद्ध हुनुको मुख्य कारण यसको भव्यता, कलात्मकता, आध्यात्मिकता, सांस्कृतिक गहिराइ र परम्परागत भारतीय स्थापत्यकलाको अद्भुत संगम हो। यो मन्दिर आराधनास्थल मात्र होइन, भारतीय कला, धर्म, संस्कृति, इतिहास र शिल्पकौशलको एक जीवित नमुना हो। अक्षरधामलाई हेर्दा मानिसहरूले एउटा मन्दिरमात्र देख्दैनन्, बरु भारतको प्राचीन सभ्यता, शिल्प परम्परा, आध्यात्मिक दर्शन र वास्तुकलाको गौरवपूर्ण अभिव्यक्ति अनुभव गर्छन्। यही कारणले यसको वास्तुकला धार्मिक दृष्टिले मात्र नभई पर्यटन, संस्कृति, शिक्षा र कलात्मक अध्ययनका दृष्टिले पनि अत्यन्त महत्त्वपूर्ण मानिन्छ।

अक्षरधामको वास्तुकलाको सबैभन्दा पहिलो विशेषता



भनेको यसको भव्य र प्रभावशाली संरचना हो। मन्दिरको मुख्य भवन अत्यन्त विशाल, अग्लो र कलात्मक ढङ्गले निर्माण गरिएको छ, जसले पहिलो नजरमै जो कसैलाई आकर्षित गर्छ। यसमा गुलाबी बालुवा ढुङ्गा र सेतो संगमरमरको प्रयोग गरिएको छ, जसले मन्दिरलाई एकैपटक राजसी, पवित्र र सौन्दर्यपूर्ण बनाएको छ। गुलाबी बलुवा ढुङ्गाले ऊर्जा, परम्परा र भव्यता को प्रतीक प्रस्तुत गर्छ भने सेतो संगमरमरले शुद्धता, शान्ति र आध्यात्मिकताको भावना जगाउँछ। यी दुई सामग्रीको संयोजनले अक्षरधामलाई अत्यन्त आकर्षक, सन्तुलित र दिव्य स्वरूप दिएको छ। यही कारणले यसको बाहिरी रूप हेर्दा नै पर्यटकहरू मन्त्रमुग्ध हुन्छन्।



अक्षरधामको वास्तुकला प्रसिद्ध हुनुको अर्को मुख्य कारण यसको सूक्ष्म रूपमा कुँदिएका बुट्टा चित्रहरू (Intricate Carvings) हो। मन्दिरका खम्बा, भित्ताहरू, छाना, गुम्बज, तोरण, स्तम्भ र मूर्तिहरूमा अत्यन्तै सूक्ष्म, सुन्दर र जीवितजस्तो देखिने रूपमा कुँदिएका बुट्टा चित्रहरू गरिएको छ। यहाँ विभिन्न देवी देवता, साधु सन्त, पशुपक्षी, पुष्प, धार्मिक प्रतीक, सांस्कृतिक आकृतिहरू तथा पौराणिक दृश्यहरूलाई कलात्मक रूपमा प्रस्तुत गरिएको छ। यी रूपमा कुँदिएका बुट्टा चित्रहरूहरू सजावटका लागि मात्र नभएर धार्मिक कथा, नैतिक शिक्षा, आध्यात्मिक विचार र भारतीय जीवनदर्शनलाई दृश्यरूपमा अभिव्यक्त गर्छन्। प्रत्येक ढुङ्गामा कुँदिएको शिल्पकला यति जीवित र सूक्ष्म छ कि यसले प्राचीन भारतीय शिल्पकारहरूको कौशललाई आधुनिक युगमा पुनर्जीवित गरेको अनुभव हुन्छ। यही कारणले अक्षरधामलाई धार्मिक स्थलमात्र नभई पत्थरमा कुँदिएको सांस्कृतिक ग्रन्थ पनि भन्न सकिन्छ।

अक्षरधामको वास्तुकला विशेष रूपमा प्रसिद्ध हुनुको अर्को कारण हो – यसमा परम्परागत भारतीय स्थापत्यशैलीको प्रयोग। आधुनिक युगमा धेरै भवनहरू कङ्क्रिट, धातु र काँचको प्रयोग गरेर बनाइन्छन्, तर अक्षरधाममा प्राचीन भारतीय मन्दिर निर्माण परम्परालाई सम्मान गर्दै शिलामा आधारित निर्माण शैली अपनाइएको छ। यसको मुख्य संरचना निर्माण परम्परागत शिल्पकला र ढुङ्गाको जोडाइ प्रविधि अपनाइएको छ, जुन अत्यन्त प्रशंसनीय कुरा हो। यसरी अक्षरधामले आधुनिक युगमा बसेर पनि प्राचीन भारतको स्थापत्य गौरवलाई पुनर्जीवित गरेको छ, जुन यसको वास्तुकलाको सबैभन्दा ठूलो उपलब्धि हो।

यस मन्दिरको वास्तुकला प्रसिद्ध हुनुको अर्को महत्त्वपूर्ण पक्ष भनेको यसको आध्यात्मिक सन्देशलाई संरचनामार्फत व्यक्त गर्ने क्षमता हो। अक्षरधामको प्रत्येक भाग–मुख्य मन्दिर, गुम्बज, मूर्तिकलाहरू, स्तम्भ, प्रदर्शनी हल, बगैंचा र खुला परिसर–सबैले मिलेर एउटा गहिरो आध्यात्मिक वातावरण सिर्जना गर्छन्। मन्दिरको समग्र संरचनाले मानिसलाई भक्ति, शान्ति, अनुशासन, श्रद्धा र आत्मिक उन्नतितर्फ प्रेरित गर्छ। यहाँको वास्तुकलाले आँखालाई आनन्द दिने काम मात्र गर्दैन, यसले मन र आत्मालाई पनि स्पर्श गर्छ। यही कारणले अक्षरधामलाई हेर्दा मानिसहरूले “सुन्दर भवन” मात्र होइन, जीवनदर्शन र आस्थाको मूर्त रूप अनुभव गर्दछन्। वास्तुकलाको यति गहिरो आध्यात्मिक प्रभाव हुनु नै यसको प्रसिद्धिको अर्को आधार हो।

अक्षरधामको वास्तुकलामा भारतीय संस्कृति र सभ्यताको व्यापक प्रतिनिधित्व पाइन्छ। यसको निर्माणमा धार्मिक पक्षलाई मात्र महत्त्व दिइएको छैन; बरु भारतको ऐतिहासिक गौरव, संस्कार, दर्शन, कला, सङ्गीत, शास्त्र, प्रकृति र परम्परालाई पनि समेटिएको छ। मन्दिर परिसरभित्र रहेका सांस्कृतिक प्रदर्शनीहरू, नौका यात्रा, बगैंचा, मूर्तिकलाहरू र प्रेरणादायी दृश्यहरूले भारतीय सभ्यताको विकास, ऋषिमुनिहरूको ज्ञान, आध्यात्मिक विचार र सांस्कृतिक समृद्धिलाई प्रस्तुत गर्छन्। यसले अक्षरधामलाई एउटा “मन्दिर” नभई भारतको सांस्कृतिक विश्वकोश (Cultural encyclopedia) जस्तो बनाएको छ। यही व्यापकता र बहुआयामिकता नै यसको वास्तुकलाको अर्को ठूलो विशेषता हो।

अक्षरधामको वास्तुकलाको प्रसिद्धिमा यसको विशाल परिसरको पनि ठूलो योगदान छ। सामान्य मन्दिरहरू मुख्य गर्भगृह वा पूजा स्थलमा सीमित हुन्छन्, तर अक्षरधाम एक पूर्ण धार्मिक सांस्कृतिक परिसरको रूपमा विकसित गरिएको छ। यसको वरिपरि रहेका सुन्दर बगैंचा, प्रशस्त खुला स्थान, शिल्पयुक्त मार्ग, जलधारा, फोहरा र सुव्यवस्थित संरचनाहरूले समग्र वातावरणलाई अझ रमणीय बनाएका छन्। वास्तुकलाको दृष्टिले हेर्दा, कुनै पनि भवनको प्रभाव यसको मुख्य संरचनामा मात्र नभई सम्पूर्ण परिसरको योजना, सन्तुलन र सौन्दर्यमा पनि निर्भर हुन्छ। अक्षरधामले यस पक्षमा पनि अत्यन्त उच्च स्तरको उदाहरण प्रस्तुत गरेको छ।



अक्षरधामको वास्तुकला प्रसिद्ध हुनुको अर्को कारण यसको आधुनिक प्रस्तुतीकरण र पारम्परिक मूल्यहरूको समन्वय हो । मन्दिरको मुख्य संरचना पूर्ण रूपमा परम्परागत भारतीय शैलीमा बनेको भए पनि यसको प्रदर्शनी, सांस्कृतिक प्रस्तुति, प्रकाश व्यवस्था, सङ्गीतयुक्त फोहरा शो, र आगन्तुक व्यवस्थापन आधुनिक शैलीमा व्यवस्थित गरिएको छ । यसले प्राचीन र आधुनिक भारतलाई एउटै परिसरभित्र जोड्ने काम गरेको छ । यही कारणले यहाँ आउने वृद्ध, युवा, विद्यार्थी, अनुसन्धानकर्ता, श्रद्धालु तथा विदेशी पर्यटक सबैले आ-आफ्ना दृष्टिकोणबाट यसलाई मन पराउँछन् । वास्तुकलाको दृष्टिले यो “पुरानो शैलीको मन्दिर” मात्र होइन, परम्परा र आधुनिकताको सफल सामञ्जस्यता हो ।

अक्षरधामको प्रसिद्धिमा यसको प्रतीकात्मक र प्रेरणादायी स्वरूप पनि उत्तिकै महत्त्वपूर्ण छ । यसको प्रत्येक स्तम्भ, मूर्ति, छाना, आकृतिहरूमा कुँदिएका बुट्टा चित्रहरूले कुनै न कुनै धार्मिक, नैतिक, आध्यात्मिक वा सांस्कृतिक सन्देश बोकेको हुन्छ । उदाहरणका लागि, पशुपक्षी, फूल, मानव आकृतिहरू र देव सन्तहरूको प्रस्तुतीकरणले मानव र प्रकृतिबीचको सम्बन्ध, धर्म र जीवनको सन्तुलन, तथा भगवानप्रतिको समर्पणलाई अभिव्यक्त गर्छ । यसरी, अक्षरधामको वास्तुकला बाहिरी सौन्दर्यमा सीमित नभई अर्थपूर्ण र सन्देशमूलक पनि रहेको देखिन्छ । कुनै पनि महान् वास्तुकला त्यतिबेला दीर्घकालीन र विश्वप्रसिद्ध बन्छ, जब त्यसले मानिसलाई प्रभावितमात्र नगरी प्रेरित पनि गर्छ ।

यसको अन्तर्राष्ट्रिय ख्याति र लोकप्रियताले पनि यसको वास्तुकलाको महत्त्वलाई प्रमाणित गर्छ । अक्षरधाम आज भारतको राजधानी र वरपरका क्षेत्रभित्र पर्ने लगभग सबै पर्यटकहरूको मुख्य आकर्षणको केन्द्र बनेको छ । भारतका मात्र होइन, विश्वका विभिन्न देशका मानिसहरू यहाँ आएर यसको शिल्प, आध्यात्मिकता, सांस्कृतिक समृद्धि र स्थापत्य सौन्दर्यको अनुभव गर्छन् । वास्तुविद्, कलाकार, इतिहासकार, विद्यार्थी र अनुसन्धानकर्ताहरूले पनि यसलाई अध्ययनको विषयका रूपमा हेर्ने गरेका छन् । यसले के देखाउँछ भने अक्षरधामको वास्तुकला धार्मिक श्रद्धाको विषयमात्र होइन, नभई वैश्विक कलात्मक र सांस्कृतिक महत्त्वको विषय पनि हो ।

समग्रमा अक्षरधामको वास्तुकला प्रसिद्ध हुनुको मूल कारण यसको भव्यता, सूक्ष्म रूपमा कुँदिएका बुट्टा चित्रहरू, परम्परागत भारतीय शिल्प, आध्यात्मिक गहिराइ, सांस्कृतिक समृद्धि, विशाल परिसर र प्रतीकात्मक सौन्दर्य हो । यो मन्दिर ढुङ्गा र संगमरमरले बनेको भवनमात्र नभएर भारतको आत्मा, संस्कार, श्रद्धा, इतिहास र कलाको सजीव अभिव्यक्ति हो । यसलाई हेर्दा मानिसले सुन्दरतामात्र होइन, गौरव, आस्था, प्रेरणा र सांस्कृतिक पहिचान पनि अनुभव गर्छ । त्यसैले, अक्षरधामको वास्तुकला “प्रसिद्ध” मात्र होइन, अर्थपूर्ण, कालजयी, प्रेरणादायी र विश्वस्तरीय पनि छ ।

### भित्र के हुन्छ ?

अक्षरधाम भित्र प्रवेश गरेपछि मानिसहरूले सबैभन्दा पहिले शान्त, पवित्र र अत्यन्तै अनुशासित धार्मिक वातावरणको अनुभव गर्छन् । मुख्य मन्दिरभित्र भगवान स्वामीनारायणको सुन्दर र भव्य मूर्ति स्थापना गरिएको हुन्छ, जहाँ श्रद्धालुहरू दर्शन, प्रार्थना र भक्ति गर्न पुग्छन् । यसका साथै, मन्दिरभित्र अन्य देवी देवता, गुरु परम्परा तथा आध्यात्मिक व्यक्तित्वहरूसँग सम्बन्धित मूर्तिहरू र सजावटहरू पनि देख्न सकिन्छ । भित्री भाग अत्यन्तै कलात्मक, स्वच्छ, प्रकाशयुक्त र आध्यात्मिक अनुभूति दिने खालको हुन्छ, जसले मानिसको मनलाई तुरुन्तै भक्ति, श्रद्धा र शान्तितर्फ आकर्षित गर्छ । यहाँको वातावरण यस्तो बनाइएको हुन्छ कि आगन्तुकहरूले दर्शनका अतिरिक्त आत्मिक आनन्द, मौनता र आध्यात्मिक उर्जाको पनि अनुभव गर्न सकून् ।



अक्षरधाम भित्र पूजा वा दर्शनसहित धार्मिक, सांस्कृतिक र शैक्षिक गतिविधिहरू पनि हुने गर्छन् । यहाँ सांस्कृतिक प्रदर्शनी (Exhibitions), आध्यात्मिक सन्देश दिने चलचित्र, प्रेरणादायी प्रस्तुतीकरण, नौका यात्रा तथा संगीतसहितको फोहरा शो जस्ता विशेष आकर्षणहरू रहेका छन् । यी विशेषताहरूले भारतीय सभ्यता, ऋषिमुनिहरूको ज्ञान, नैतिक शिक्षा, संस्कार, विज्ञान र अध्यात्मको सन्देश दिन्छन् । यसरी, अक्षरधामको भित्री भाग मन्दिरको रूपमा सीमित ➲

## वडाध्यक्षको डायरीबाट

# पार्टीले वास्तविक मोहीको पक्ष लिन्छ

कुशल

प्रथम प्रहरको समय थियो । वडा कार्यालयमा सेवाग्राहीहरूको अलि भिड थियो । सेवाग्राहीहरूसँग म एकएक गरी छलफल गर्दै थिएँ । सेवाग्राहीहरूमा दुईजना सेवाग्राही मेरै घरअगाडिका पनि थिए । उनीहरूलाई म राम्रोसँग चिन्थे । केही समयपछि मैले उनीहरूसँग कुराकानी गरी समस्या के हो भनेर बुझ्न खोजेँ । ती सेवाग्राही मध्ये एकजनाको नाम बद्री सुवाल (नाम परिवर्तित) थियो भने अर्कोको नाम राधेश्याम सुवाल (नाम परिवर्तित) थियो । कुराकानीकै क्रममा बद्री सुवालले भन्नुभयो, 'हाम्रो एउटा जग्गा कमलविनायक पाइपलाइनमा छ । त्यो जग्गाको मोही मेरो बाजे साइला सुवाल हो । बाजेको मृत्यु भइसकेको धेरै वर्ष भइसकेको छ । साथै बुबाको पनि मृत्यु भइसकेको छ । बाजेका हामी हकदारहरू १४ जना छौँ । बाजेको नाममा मोही भएको त्यो जग्गा अब हामी हकवालाहरूको नाममा नामसारीको निम्ति आएका हौँ । तपाईँले नामसारीको सिफारिस दिनुपर्‍यो । सकेसम्म सर्जमिन नगरिकनै सिफारिस दिनुभयो भने राम्रो हुन्छ । सर्जमिन गर्दा समय धेरै लाग्ने भएकोले र हामी पनि व्यस्त मान्छे भएकाले सर्जमिन नगरिकनै सिफारिस दिनुहुन अनुरोध गर्दछु । तपाईँले मेरो बुबा र बाजे दुवैलाई चिन्नुभएकै हो । साथै हामीलाई पनि चिन्नुभएकै छ । हामी हकदार १४ जनालाई पनि तपाईंले चिन्नुभएकै छ । त्यसैले सर्जमिन नगरिकनै छिटो सिफारिस दिनुभयो भने काम छिटो सम्पन्न हुन्छ ।' अर्को राधेश्याम सुवालले पनि भन्नुभयो, 'वडाध्यक्षले हामी सबैलाई चिन्नुभएकोले सर्जमिन नगरिकनै सिफारिस दिँदा राम्रो हुन्छ । समयको पनि बचत हुन्छ । तपाईलाई पनि सजिलो हुन्छ ।'

उनीहरूको कुरा सुन्दै मैले फाइल अध्ययन गरेँ । फाइलमा लगत पनि थियो र साथसाथै श्रेस्ता पनि थियो । तर कर तिरेको कागज थिएन र साथै जग्गाधनीलाई बाली बुझाएको भरपाई पनि थिएन । त्यसैले मैले कर्मचारीलाई बोलाएँ र त्यो फाइल अध्ययन गर्नलाई दिएँ । कर्मचारीले एकैछिनमा फाइल सरसर्ती हेर्नुभयो र त्यसपछि भन्नुभयो, 'सर, यसमा त जग्गाधनीलाई बुझाएको भरपाई छैन नि ? मोहीयानी हक नामसारी गर्नको निम्ति त जग्गाधनीलाई बुझाएको बालीको भरपाई हुनुपर्‍यो । अनि सर्जमिन पनि अनिवार्य गर्नुपर्छ किनभने जग्गाको अवस्था के कस्तो छ, जग्गा कसले गरिरहेको छ भन्ने कुरा राम्रोसँग थाहा हुन्छ । त्यसैले सर्जमिन गर्नुपर्छ सर ।'

कर्मचारीको कुरा सुनेपछि र मैले पनि फाइल अध्ययन गरेकोले मैले बद्री र राधे श्यामलाई भनेँ, 'तपाईंहरू मोही भएको भए जग्गाधनीलाई बाली बुझाएको भरपाई त होला नि ।'

मेरो प्रश्नको जवाफमा बद्रीले भन्नुभयो, 'यो जग्गा हामीले अहिले गरेका छैनौँ । जग्गाधनीले नै गर्दै आएको भन्ने सुनेका छौँ । हामीले यो जग्गा नगरेको पचासौँ वर्ष भइसक्यो । हामी नाम मात्रका मोही हौँ । जग्गा जग्गा धनीले नै गरेको छ । त्यसैले हामीले बाली पनि बुझाएका छैनौँ । हामीले जग्गा नगरेपछि बाली किन बुझाउनु पर्‍यो । त्यसैले हामीसँग बाली बुझाएको भर्पाई पनि छैन ।'

भरपाई नभएको भनेपछि मैले बद्री र राधेश्यामलाई

---

➲ नभएर धर्म, संस्कृति, शिक्षा र आध्यात्मिक चेतनाको समग्र केन्द्र को रूपमा प्रस्तुत हुन्छ । यही कारणले यहाँ आउने मानिसहरूले दर्शनको अनुभवमात्र होइन, ज्ञान, प्रेरणा, शान्ति र भारतीय गौरवको अनुभूति पनि साथमा लिएर फर्कन्छन् ।

### निष्कर्ष

अन्ततः, अक्षरधाम भारतको एक अत्यन्तै महत्त्वपूर्ण धार्मिक, सांस्कृतिक, आध्यात्मिक तथा वास्तुकलात्मक सम्पदा हो । यसको भव्य निर्माण, सूक्ष्म रूपमा कुँदिएका बुट्टा चित्रहरू, ऐतिहासिक पृष्ठभूमि, आध्यात्मिक वातावरण तथा भारतीय सभ्यता र संस्कृतिको उत्कृष्ट प्रस्तुतीकरणले यसलाई एउटा मन्दिरमात्र नभएर भारतीय गौरवको प्रतीक बनाएको छ । यहाँको प्रत्येक संरचना, मूर्ति, प्रदर्शनी र वातावरणले भक्ति, शान्ति, नैतिकता, संस्कृति र मानव जीवनका सकारात्मक मूल्यहरूलाई उजागर गर्छ ।

त्यसैले, अक्षरधामलाई धार्मिक आस्थाको केन्द्रका रूपमा मात्र होइन नभएर ज्ञान, प्रेरणा, कला, अनुशासन र आध्यात्मिक चेतनाको विद्यालयका रूपमा पनि लिन सकिन्छ । यहाँ भ्रमण गर्ने व्यक्तिले सुन्दर भवन र दृश्यहरू हेर्ने अवसरसहित भारतीय संस्कृति, धर्म, इतिहास र जीवनदर्शनको गहिरो अनुभव पनि हासिल गर्दछन् । यही कारणले अक्षरधाम आज भारतको प्रमुख पर्यटकीय तथा आध्यात्मिक गन्तव्यको रूपमा विश्वभरि परिचित रहेको छ ।

तस्बिरहरू स्रोत : akshardham.com

फेरि सोधेँ, 'तपाईंहरू कसरी मोही हुनु भयो त ? मोही भएको भए मोहीयानी हक लिनको निम्ति खेत गरेको हुनुपर्‍यो, भरपाई समय समयमा लिएको हुनुपर्‍यो र जग्गाधनीलाई बाली बुझाएको हुनुपर्‍यो, होइन र ? तपाईंहरू साँच्चैको मोही होइन जस्तो छ । मोही भनेको त जग्गाधनीको जग्गा गरिरहेको र नियमित रूपमा जग्गा धनीलाई बाली तिर्दै आएको हुनुपर्छ, होइन र ? तपाईंहरू मोही नै नभईकन कसरी मोहीयानी हक नामसारी गर्नुहुन्छ ? जग्गा कसले गर्दै आएको छ ? वास्तवमा अहिले जग्गा गरिरहने व्यक्ति नै असली मोही हो । जग्गा धनीले नै जग्गा गरिरहेको भन्नुहुन्छ । त्यस अर्थबाट जग्गाधनीले नै मोहियानी हक पाउने गर्छ । तपाईंहरू कसरी मोहीयानी हक नामसारी गर्नुहुन्छ ? श्रेस्तामा तपाईंको बाजेको नाम छ भन्दैमा असली मोही तपाईंहरू कसरी हुन्छ र ? यस विषयमा जनप्रतिनिधिहरूसँग एकचोटी छलफल नगरिकन फाइल अगाडि बढाउन अप्ठ्यारो हुन्छ । त्यसैले फाइल छोडेर जानुस् । म तपाईंहरूलाई पछि खबर गर्छु ।'

मेरो कुराले उहाँहरू निराश हुनुभयो र उहाँहरूको अनुहार अँध्यारो देखियो । उहाँहरू सर्जमिन नगरिकनै सिफारिस लान्छु भन्ने सोचले आउनुभएको थियो । तर मैले सिफारिस दिने त परको कुरा तपाईंहरू मोही नै होइन भनेपछि उहाँहरू मसँग रिसाएको जस्तो लाग्यो । वास्तवमै पनि जग्गा गर्ने मान्छे मात्र मोही हुन सक्छ । तर कसरी उहाँहरू मोही हुनुभयो । त्यो विषयमा अनुसन्धान नगरिकन सिफारिस दिने पक्षमा म भइनँ । त्यसैले मैले उहाँहरूलाई केही समयको निम्ति फाइल छोड्न अनुरोध गर्दै वडाबाट बिदाबारी गरेँ ।

वडाबाट उहाँहरू जानुभएपछि मैले पुनः फाइल अध्ययन गरेँ । फाइलमा जगा धनीको नाम हरिभक्त सुवाल (नाम परिवर्तित) थियो । हरिभक्त सुवाल को हुन् भनेर जनप्रतिनिधि साथीहरूलाई फोनमा कल गरेँ । एकजना जनप्रतिनिधि साथीले उहाँलाई चिन्नुभएको रहेछ । उहाँ मार्फत मैले हरिभक्त सुवालको मोबाइल नम्बर लिएँ । मोबाइल नम्बर पाएपछि तत्कालै मैले हरिभक्त सुवाललाई कल गरेँ र त्यस जग्गाको सम्बन्धमा जानकारी दिनको लागि अनुरोध गरेँ । मेरो अनुरोधपछि उहाँले फोनमै भन्नुभयो, 'त्यो जग्गा हामी तीनजना दाजुभाइहरूले गरिरहेका हौँ । यसमा जग्गाधनीको नाम मेरो होइन, मेरो बुवाको नाम छ । आजभन्दा ५०-६० वर्ष पहिला नै हामीले मोहीबाट त्यो जग्गा किनिसकेका हौँ । किन्ने बेलामा उहाँहरूलाई कागज पनि गराएका थियौँ । सम्भवतः त्यो कागज घरमा हुनुपर्दछ । म खोजेर तपाईंलाई दिउँला । हामीले उहाँहरूको मोही हक पनि खरिद गरिसकेका छौँ र जग्गाधनी र मोही दुवै मेरो बुबा हुनुहुन्छ । तपाईंले त्यो फाइलमा सिफारिस नदिनुहोला र सर्जमिन पनि नगराउनु होला । अहिले त्यो जग्गा मेरो कान्छो भाइले गरिरहेको छ । आधा जग्गा हामीले बेचिसकेका छौँ । आधामात्र अहिले हामीले जग्गा गरिरहेका छौँ । वडा कार्यालयमा मोहीयानी हक कायम गराउनको निम्ति सिफारिस लिन आउने जुन मोहीहरू छन्, उनीहरूको कानुनी रूपमा पनि हक छैन र व्यवहारिक रूपमा पनि हक छैन किनकि कानुनी रूपमा हामीले किनिसकेका छौँ भने व्यावहारिक रूपमा त्यो खेत हामी आफैले जोतिरहेका छौँ ।'

त्यसपछिका दिनहरूमा बद्री र उनको दाइ वडा कार्यालयमा आउनुभएन । उहाँहरू वडा कार्यालयमा आउनु नभएपछि त्यो फाइल त्यत्तिकै रोकियो । साथै जग्गाधनी हरिभक्त सुवाल पनि वडा कार्यालयमा आउनुभएन । त्यसकारणले गर्दा मैले त्यस घटनालाई बिर्सें ।

त्यसको करिब ६ महिनापछि बद्री सुवाल र उहाँको दाइ वडा कार्यालयमा फेरि आउनुभयो । दिउँसोको दोस्रो प्रहर चलिरहेको कारणले गर्दा वडामा खासै सेवाग्राहीहरू थिएन । त्यसकारणले उहाँहरूलाई मैले चियाको लागि पनि अनुरोध गरेँ । उहाँहरू निकै नरम रूपमा प्रस्तुत भइरहनु भएको थियो । बद्री सुवालले भन्नुभयो, 'हामी करिब छ महिनापछि फेरि वडा कार्यालय आएका छौँ । जग्गाधनी हरिभक्त सुवाल र उनका दाजुभाइहरूसँग पनि हामीले भेट्यौँ । उहाँहरूलाई बाली पनि दिन खोज्यौँ । तर लिनुभएन । त्यसैले हामीले सम्बन्धित कार्यालयमा गएर बाली बुझाएको रसिद लिएर आएका छौँ । जग्गाधनीले बाली लिन नमानेपछि सरकारी अफिसमा गएर तिर्ने व्यवस्था भएको कुरा वडाध्यक्षज्यूलाई थाहा भएकै होला । त्यसैले हामीले बाली धरौटी राखेर रसिद लिएर आएका छौँ । तपाईंले छ महिना अगाडि पनि जग्गाधनीलाई बाली तिरेको भरपाई चाहिन्छ भन्नुभएको थियो । त्यही बाली बुझाएको भरपाई लिएर हामी आएका छौँ । आज तपाईंले जसरी भएपनि हामीलाई सिफारिस दिनुपर्छ । वास्तवमा हामीले जग्गा त गरेका होइनौँ तर पनि श्रेस्तामा हाम्रो नाम छ । हामीले आधा हक पाउनुपर्छ । तपाईंले हाम्रो हकलाई मेटाउन सक्नुहुन्न । व्यवहारिक रूपमा पनि अनि कानुनी रूपमा पनि हामीले हाम्रो हक पाउनैपर्छ । त्यसैले आज तपाईंले सर्जमिन नगरिकनै हाम्रो मोहीयानी हक नामसारीको सिफारिस गरिदिनु पर्ला । तपाईंलाई हामीले भोट दिएर जिताएपछि जनताको मर्का र समस्या बुझेर चाँडै हल गरिदिनु पर्छ । छ महिनादेखि हामी वडामा धाइरहेका छौँ । तर हाम्रो काम भरपाई नभएकोले तपाईंले रोकिदिनुभयो । हामीले व्यवहारमा जग्गा गरी नराखेको भनेर तपाईंले फाइल रोकिदिनुभयो । यो उचित कार्य तपाईंबाट भएन । तपाईंले जग्गाधनीको पक्ष लिएर हाम्रो फाइल रोकिदिनुभयो । तपाई

जग्गाधनीको मात्र वडाध्यक्ष हो कि मोहीको पनि वडा अध्यक्ष हो। नेपाल मजदुर किसान पार्टीबाट जितेको वडाध्यक्ष भएपछि त मोहीको पक्ष लिनुपर्ने होइन र ? एकजना किसानको छोरा वडाध्यक्ष भएपछि जग्गाधनीको पक्ष लिने हो कि मोहीको पक्ष लिने हो ? वास्तवमा तपाईंले मोहीको वकालत गर्नुपर्ने हो र हामीलाई सिफारिस दिनुपर्ने हो। तर किन तपाईंले जग्गाधनीको पक्ष लिएर हाम्रो फाइललाई रोकिराख्नु भएको हो ? हामीले जग्गाधनीलाई बाली बुझाउन लाँदाखेरि पनि बाली नलिने अनि तपाईंले पनि हाम्रो फाइल रोक्न मिल्छ र ? त्यसैले तपाईंले हामीलाई आज न्याय दिनुपर्छ र हाम्रो फाइललाई अगाडि बढाउनुपर्छ र हामीलाई सर्जमिन नगरिकनै सिफारिस दिनुपर्छ। हामीलाई धेरै हतार भएको छ र समय पनि कम छ। नेपाल सरकारले जग्गाधनी र मोही जग्गा छुट्याउने बाँडफाट गर्ने समयावधि चैत्रसम्म तोकेको छ।' त्यसपछि उहाँको दाइले पनि त्यही कुरा दोहोऱ्याउनुभयो। उहाँको दाइ अझ अलि बढी रिसाएर भन्नुभयो, 'वडा अध्यक्षले यसरी सबै फाइल कहाँ रोक्न पाइन्छ र ? हाम्रो हकको सम्पत्ति त्यसरी रोक्न पाइन्छ ? तपाई नेपाल मजदुर किसान पार्टीको मान्छे होइन ? नेपाल मजदुर किसान पार्टीको वडाध्यक्ष भएर मोहीको पक्ष लिने होइन ? यसरी जग्गाधनीको पक्ष लिन पाइन्छ ? तपाईंको पार्टीको नीतिले यो कुरा मिल्छ ? पार्टीको नीति अनुसार तपाईंले कार्य गर्ने होइन ? किसानको पक्ष लिएर तपाईंले काम गर्नुपर्ने होइन ? मोहीको पक्ष लिएर तपाईंले काम गर्ने होइन ? यसरी पीडकको पक्ष लिएर वडा अध्यक्षले काम गर्ने हो ? हामी त पीडित हौँ। हामी त मोही हौँ। तपाईंले मोही र पीडितको पक्ष लिनुपर्छ। त्यसैले आज तपाईंले जसरी भएपनि हामीलाई बिना सर्जमिन सिफारिस दिनुपर्छ।'

दुवै दाजुभाइको भनाइ मैले आरामले सुनिरहेको थिएँ। एकजना भाइ एकदम नरमले बोलिराखेका थिए भने दाइ चाहिं कडा रूपमा प्रस्तुत भइरहेका थिए। मैले उनीहरूको कुरा गराईको स्टाइलबाट के अन्दाज लगाएँ भने एकजना कडा रूपमा प्रस्तुत हुने र एकजना नरम रूपमा प्रस्तुत हुने भनेर सल्लाह गरेरै वडा कार्यालय आएका थिए। तर वास्तवमा उनीहरू यसरी कडा खालका मानिसहरू थिएनन्। मेरै घरअगाडिका भएकाले उनीहरूको सोच, प्रकृति र पारिवारिक पृष्ठभूमिबारे मलाई सबै थाहा थियो। तर पनि आज उनीहरू आफ्नो निजी स्वार्थको निम्ति र जग्गाको निम्ति कडा रूपमा बोलिरहेका थिए भने एकजना नरम रूपमा प्रस्तुत भइरहेका थिए। उनीहरूको बोली र उनीहरूको वचनबाट उनीहरूलाई कसरी बोल्ने भनेर म सोच्दै थिएँ। मैले पनि एकदम नरम भाषामा तिखो जवाफ दिँदै भनें, 'नेपाल मजदुर किसान पार्टीले वास्तवमा मोहीको पक्ष लिने हो। पीडितको पक्ष लिने हो। असहायको पक्ष लिने हो। कमजोरको पक्ष लिने हो। व्यवहारिक रूपमा पनि हेर्ने र कानुनी रूपमा पनि हेर्ने हो। साथै वडावासी र टोलवासी र सरोकारवालाका मानिसहरूको धारणालाई बुझेर निर्णय गर्ने हो। कुनै पनि विषय वडामा आएपछि त्यो विषयमा छलफल गरेर मात्र फाइल अगाडि बढ्छ। फाइलको विषयमा पनि मैले छ महिना पहिले बुझेर हेरेको थिएँ। वास्तवमा तपाईंहरूले जग्गा गरेकै रहेनछ। जग्गा त जग्गा धनीकै कान्छो भाइले गरिरहेको रहेछ। उनीहरूले आजभन्दा ५० वर्ष पहिला नै तपाईंको बुबा र बाजेसँग पैसा दिएर मोहीयानी हक पनि किनिसकेको रहेछ। उहाँहरूसँग त्यो किनेको कागज छ भन्छन्। तर मलाई देखाउनुभएको छैन। हो, तपाईंले भनेको के कुरा साँचो हो भने श्रेस्तामा तपाईंको बाजेको नाम जरुर छ। तर व्यवहारमा किन जग्गा उहाँहरूलाई छोड्नुभयो त ? तपाईंहरूको बुबा र तपाईंहरूले किन त्यो जग्गा गर्न जानुभएन ? ५० वर्षसम्म त्यसरी जग्गा अरूलाई छोड्न मिल्छ र ? तपाईंले सरोकारवाला अफिसमा बाली बुझायौँ भन्दैमा वैधानिक नामसारी कसरी सिफारिस दिने ? तपाईंको जग्गाधनी पनि तपाईंको घरसँगै रहेछ। तपाईंको घर पनि मेरै घर अगाडि छ। हामी तीनैजनाको घर एउटै टोलमा पर्छ। अनि कसरी सिफारिस दिन मिल्छ ? त्यसैले तपाईंको हक नमेटिने गरी जग्गा धनीको पनि हक कायम हुने गरी सिफारिस दिनु पर्छ। सबै तपाईंले मात्र जग्गाको स्वामित्व पाउने गरी जग्गा नामसारीको सिफारिस दिन मिल्दैन। त्यही भएर एक पल्ट सिरियस भएर सोचेर आउनु होला। म पनि निर्वाचित वडा समितिको बैठकमा यो विषयमा छलफल गरी हेर्छु। त्यसपछि वहाँहरू रिसाएर वडाबाट जानुभयो।

शुक्रवारको नियमित निर्वाचित समितिको बैठकमा यस विषयलाई प्रवेश गराएँ। छलफलमा सबै जनप्रतिनिधिले आ–आफ्नो राय पेश गर्नुभयो। अन्तिममा बैठकले मोही भाग जग्गा नगरेको कारण ६० प्रतिशत मात्र दिनुपर्ने र जग्गा गरिरहनेलाई ४० प्रतिशत मात्र दिने प्रस्ताव पास भयो। त्यही प्रस्ताव मैले बद्री सुवाललाई जानकारी गराएँ र साथै जग्गा गरिरहने हरि भक्त सुवाललाई पनि जानकारी गराएँ। वहाँहरूले पारिवारिक छलफल गरी जानकारी दिन्छु भनी जवाफ दिनुभयो।

एक हप्तापछि मैले सबै सरोकारवालालाई बैठक बोलाएँ। जनप्रतिनिधिहरू पनि बैठकमा आउनुभयो। अन्तमा निर्वाचित समितिकै प्रस्ताव दुवै पक्षले मान्नुभयो। तत्पश्चात मैले त्यही दिन नै दुवै पक्षलाई करारनामा गराएर सिफारिस दिई पठाएँ।

# ब्लेज पास्कल : प्रसिद्ध गणितज्ञ, भौतिकशास्त्री र दार्शनिक






राजेन्द्र बहादुर कायष्ठ

**विषय प्रवेश :** मानिसहरूको लागि स्वास्थ्य नै उसको जीवनको मुख्य आधार हो। त्यसैले भनिन्छ 'स्वास्थ्य नै धन हो।' हुन पनि हो स्वास्थ्य ठिक नभएमा केही नयाँ सिक्न र आफूले जानेको सीपहरू प्रयोग गर्न कठिनाइ हुन जान्छ। तर विश्वमा केही मानिसहरू यस्ता पनि छन्, जसको स्वास्थ्य अवस्था सानैदेखि कमजोर भएता पनि उनीहरूले आफ्नो दृढ इच्छाशक्ति, मिहिनेत र समस्यासँग जुध्ने साहसले विश्व प्रसिद्ध भएका छन्। यसै सन्दर्भमा नेपालकी झमक कुमारी धिमिरेलाई बाल्यकालदेखि नै सेरेब्रल पाल्सी (Cerebral palsy) रोग लागेको थियो। उनी आफ्नो बाँया खुट्टाले लेख्छिन्। उनले आफ्नो आत्मकथा 'जीवन काँडा कि फूल' कृति मार्फत मदन पुरस्कार प्राप्त गरिन्। यसरी नै एउटा मात्र खुट्टा भएकी रोमा नेपाल प्रसिद्ध नृत्याङ्गना भइन्। नोबेल पुरस्कारका संस्थापक तथा डाइनामाइटका आविष्कारक अल्फ्रेड नोबेलको स्वास्थ्य अवस्था बाल्यकालदेखि नै कमजोर थियो। विकलाङ्ग व्यक्तिहरूका लागि मोबिलिटी स्कुटर र सवारी साधनका उपकरणहरूका आविष्कारक राल्फ ब्राउन ६/७ वर्षदेखि नै मस्कुलर डिस्ट्रोफी (Muscular Dystrophy) रोगले ग्रसित थिए। उनी त्यसबेलादेखि नै ह्वीलचेयर प्रयोग गर्दथे। यसै क्रममा बाल्यकालदेखि नै स्वास्थ्य अवस्था कमजोर भएर पनि भौतिकशास्त्र, गणित र दर्शन क्षेत्रमा नयाँ नयाँ सिद्धान्तहरू पत्ता लगाउने वैज्ञानिक हुन् ब्लेज पास्कल (Blaise Pascal, 1623-1662)। उनको सानैदेखि स्वास्थ्य अवस्था कमजोर भएकोले उनको निधन ३९ वर्षको उमेरमा नै भएको थियो। तर उनले आफ्नो छोटो जीवनकालमा पनि विश्वलाई भौतिकशास्त्र, गणित र दर्शन क्षेत्रमा धेरै सिद्धान्त र योगदानहरू दिएर गएका छन्।

**बाल्यकाल र शिक्षा :** ब्लेज पास्कलको जन्म १९ जुन १६२३ मा फ्रान्सको क्लेमन्ट–फेराँ (Clemont-Ferrand) सहरमा भएको थियो। उनी आफ्नो परिवारको तेस्रो सन्तान र एक्लो छोरा थिए। उनको पिताको नाम एटियन पास्कल र माताको नाम एन्टोनेट बेर्गो थियो। उनका पिता एक कर सङ्कलक, स्थानीय न्यायाधीश र 'नोब्लेस डे रोज' (Noblesse de Robe) वर्गका सदस्य थिए। उनी आफैं गणित र विज्ञानमा रुचि राख्ने व्यक्ति थिए। उनले आफ्ना सन्तानहरूलाई घरमै शिक्षा दिएका थिए। पास्कल ३ वर्षको हुँदा उनको आमाको मृत्यु भएको थियो। त्यसपछिको उनको स्याहार सम्भार पिता एटियनले नै गरेका थिए। उनको एकजना दिदी गिल्बर्ट पास्कल र एकजना बहिनी ज्याकलिन पास्कल थिइन्। पास्कल १ वर्षको हुँदा उनलाई एक आश्चर्यजनक रोग लागेको थियो। उनको पेट सुन्निएको थियो। जसले गर्दा उनी सानो कुरामा पनि रुन्थे, चिच्याउँथे र कमजोर बन्दै गए। यो १ वर्षभन्दा बढि सयमसम्म चलेको थियो। यसबाट उनी मृत्युको नजिक पुगेको देखिन्थ्यो। उनको बाल्यकालभरिनै पेट दुखाई, कमजोरी र विभिन्न स्वास्थ्य समस्यासँग सङ्घर्ष गर्दै हुर्किए। आधुनिक अनुसन्धानअनुसार उनलाई सेलिएक डिजिज (Celiac disease) हुनसक्छ। यो रोगमा आन्द्राले खानेकुराबाट पोषक तत्त्वहरू राम्रोसँग अवशोषण गर्न नसक्ने जसले गर्दा शरीरमा पोषणको कमी, झाडापखाला, पेट फुल्ने, तौल घट्ने र अन्य स्वास्थ्य समस्या देखिन सक्छन्।

सन् १६२६ मा आमाको मृत्युपछि उनीहरूको परिवार क्लेमन्टबाट पेरिसतिर बस्न गए। पिता एटियनले सबै सन्तानहरूलाई घरमै विशेष तरिकाले शिक्षा दिए। उनको स्वास्थ्य अवस्था कमजोर भएपनि उनी सानैदेखि चतुर तीक्ष्ण बुद्धिका थिए। उनी ६/७ वर्षको हुँदा नै गणितको पुस्तक हेरेर जमिनमा ज्यामितीय आकृति बनाउन तल्लिन हुन्थे।




ज्यामितीय आकृति बनाउन तल्लिन पास्कल

त्यहिबेला उनका बुबा आएर किताब खोस्थे र उनलाई नराम्रोसँग गाली गर्थे । स्वास्थ्य अवस्था कमजोर भएको सानो छोराले गणितजस्तो कठिन विषय सिक्न आवश्यक छैन भन्ने मान्यता त्यसबेला उनका बुबाको थियो । तर उनले १२ वर्षको उमेरमा नै ज्यामितिको एउटा प्रयोग गरेर देखाएका थिए । जसमा उनले त्रिभुजको कोणहरूको जोड दुई समकोण हुन्छ भनी सिद्ध गरेर देखाए । छोराको अपूर्व प्रतिभा देखेर बुबा खुसीले गदगद भए र प्रसिद्ध गणितज्ञ युक्लिड (Euclid) को पुस्तक Elements पढ्न दिए । यसभन्दा पहिला छोराको स्वास्थ्य अवस्था कमजोर भएकोले गणित पढ्न अनुमति दिएका थिएनन् ।

पास्कल कहिल्यै औपचारिक विद्यालय गएनन् । उनको सम्पूर्ण शिक्षा घरमै भएको थियो । उनको बुबा आफै गणितज्ञ र कर अधिकृत भएकोले छोराको शिक्षाको पूर्ण जिम्मेवारी आफैं लिएका थिए । बुबा एटियनले छोरालाई अनौठो र प्रगतिशील तरिकाले पढाए । उनलाई घरमै ल्याटिन, ग्रीक भाषा, इतिहास, भूगोल, दर्शन, बाइबल, नागरिक तथा चर्च कानुन आदि अध्ययन गराएका थिए । उनी १४ वर्षको उमेरदेखि बुबासँग मर्सेन (Mersenne) को वैज्ञानिक बैठकहरूमा जान थाले, जहाँ फ्रान्सका प्रमुख वैज्ञानिकहरू भेला हुन्थे । यसबाट उनले १६ वर्षको उमेरमा नै प्रक्षेपण ज्यामिति (projective geometry) मा महत्त्वपूर्ण निबन्ध लेखे । पास्कलको परिवार मध्यम वर्गको समृद्ध र बौद्धिक परिवार थियो र पास्कलको शिक्षा घरेलु, स्वतन्त्र र पिताको विशेष योजनामा आधारित थियो, जसले उनको असाधारण प्रतिभालाई फस्टाउन मद्दत गऱ्यो ।

**पास्कलको आविष्कारहरू :** ब्लेज पास्कल फ्रान्सेली गणितज्ञ, भौतिकशास्त्री, दार्शनिक तथा आविष्कारक थिए । उनको मुख्य आविष्कार पास्कलाइन (Pascaline) थियो ।




उनले सन् १६४२ मा १९ वर्षको उमेरमा यान्त्रिक क्याल्कुलेटर (Mechanical Calculator) आविष्कार गरे । यो आविष्कार उनले आफ्नो बुबाको कर निर्धारण र हिसाब राख्न सजिलो बनाउनको लागि गरेका थिए ।

## पास्कलाइनको विशेषताहरू :

क) यो जोड्ने र घटाउने काम गर्न सकिने पहिलो व्यवहारिक यान्त्रिक क्याल्कुलेटर थियो ।

ख) पछि उन्नत संस्करणमा गुणन र भाग पनि गर्न सकिने बनाइयो ।

ग) यसमा घुमाउने चक्का र गियरको प्रयोग गरेका थियो ।

घ) पास्कलाइनलाई आधुनिक कम्प्युटरको पूर्वज मानिन्छ । उनको यो आविष्कारले पछि चार्ल्स ब्याबेज, एलन टयुरिङ जस्ता वैज्ञानिकहरूलाई कम्प्युटर आविष्कार गर्न प्रेरणा दियो ।


## अन्य महत्वपूर्ण योगदानहरू :

### गणितमा :

- **पास्कलको त्रिकोण** (Pascal's triangle) : सम्भाव्यता (Probability) को अध्ययनमा अत्यन्त उपयोगी
- सम्भाव्यताको सिद्धान्त (Probability Theory)
- अनन्त श्रृङ्खला र कलन गणितको प्रारम्भिक अध्ययन

### भौतिकशास्त्रमा :

- **पास्कलको नियम** (Pascal's Law) : तरल पदार्थमा दबाबको सिद्धान्त। जस अनुसार 'बन्द भाँडोमा रहेको तरल पदार्थमा कुनै एक ठाउँमा चाप दिइयो भने त्यति नै चाप सबैतिर लम्ब भएर प्रसारण हुन्छ।' यही सिद्धान्तको आधारमा हाइड्रोलिक प्रेस र सिरिञ्ज जस्ता यन्त्रहरू बने।




- टोरेसेल्लीसँग मिलेर भ्याकुम र वायुमण्डलीय चापबारेमा महत्त्वपूर्ण प्रयोगहरू गरेका थिए।


### दर्शन र धर्म :

- जीवनको पछिल्लो समयमा धार्मिक बने र जानसेनिज्म (Jansenism) मा लागे।
- उनको प्रसिद्ध पुस्तक विचारहरू 'Pensees' ले दार्शनिक र धार्मिक क्षेत्रमा ठूलो प्रभाव पारेको छ।
- 'पास्कलको बाजी' (Pascal's Wager) ले ईश्वरको अस्तित्वबारे तर्क दिएको छ।

## पास्कलद्वारा प्राप्त पुरस्कार र पदकहरू :

ब्लेज पास्कल फ्रान्सेली गणितज्ञ, भौतिकशास्त्री, आविष्कारक, दार्शनिक र लेखक थिए। उनी १७ औँ शताब्दीमा बाँचेका भएकाले उनले आधुनिक नोबेल पुरस्कार र अन्य पुरस्कारहरू प्राप्त गरेका थिएनन्। किनकि त्यस्ता पुरस्कारहरू पछिमात्र सुरु भएका थिए। उनले आफ्नो जीवनकालमा पाएका पुरस्कारहरू निम्न अनुसार छन् –

- सन् १६४९ मा रोयल पेटेन्ट (Royal Patent) : पास्कलको आविष्कार पास्कलाइनले संसारको पहिलो व्यवहारिक मेकानिकल क्याल्कुलेटरको लागि फ्रान्सका राजाबाट विशेष अधिकार (पेटेन्ट) प्राप्त गरे। यो उनको मुख्य व्यावसायिक वा आविष्कारक सम्मान थियो।
- पास्कलले आफ्नो वैज्ञानिक योगदानको लागि आफ्नो समयमा ठूलो प्रशंसा र मान्यता पाएका थिए। विशेष गरी प्रोजेक्टिभ जियोमेट्री, पास्कलको थिओरम, हाइड्रोस्टायटिक्स, प्रभाव सम्भाव्यताको लागि। तर यस कार्यका लागि कुनै औपचारिक मेडल वा पुरस्कार प्राप्त गरेको रेकर्ड फेला परेको छैन।



पास्कलको प्रतिमा, लुभ्रेमा

## पास्कलको नामबाट दिइने पुरस्कारहरू :

- Blaise Pascal Medal : European Academy of Science ले सन् २००३ देखि विभिन्न विज्ञान क्षेत्रमा उत्कृष्ट योगदान दिने वैज्ञानिकहरूलाई दिन्छ।
- Blaise Pascal Prize : Academie des Science फ्रान्समा रहेको संस्थाले विज्ञान क्षेत्रमा उल्लेखनीय कार्य गरे बापत दिइने पुरस्कार।

पास्कलले आफ्नो जीवनमा कुनै ठूलो औपचारिक पदक वा पुरस्कार प्राप्त गरेनन् , तर उनको आविष्कारका लागि राजकीय पेटेन्ट र वैज्ञानिक समुदायबाट ठूलो सम्मान पाएका थिए। उनी आज पनि विज्ञान इतिहासका एक महान् प्रतिभाको रूपमा सम्मानित छन्।


## पास्कल सम्बन्धी तथ्यहरु :

- उनको जन्म १९ जुन १६२३ मा फ्रान्सको क्लेमन्ट–फेराँ सहरमा भएको थियो ।
- उनको निधन १९ अगस्ट १६६२ (उमेर ३९वर्षमा) मा पेटको क्यान्सरको कारण फ्रान्सको पेरिसमा भएको थियो ।
- उनी बाल्यकालदेखि नै असाधारण प्रतिभाशाली थिए । उनले १२ वर्षको उमेरमा आफैं युक्लिड ज्यामिति सिद्धान्त पत्ता लगाएका थिए ।
- उनले गणित, भौतिकशास्त्र, दर्शन, धार्मिकलगायत विविध क्षेत्रमा महत्त्वपूर्ण कार्य गरेका थिए ।
- उनले पत्ता लगाएको पास्कलको नियमको आधारमा हाइड्रोलिक पम्प, हाइड्रोलिक ब्रेक, हाइड्रोलिक लिफ्ट, सिरिन्ज आदिको निर्माण भयो ।
- उनले टोरेसेल्लीसँग मिलेर आविष्कार गरेको ब्यारोमिटरद्वारा वायुमण्डलीय चाप नाप्ने काम भयो ।
- उनको सम्मानमा चापको एकाइ पास्कल राखियो ।
- उनले धार्मिक रूपमा जेन्सेनिस्ट आन्दोलनलाई समर्थन गरेका थिए ।
- उनको स्वास्थ्य जीवनभर नै कमजोर रह्यो तैपनि उनले छोटो जीवनमा धेरै उपलब्धि हासिल गरे ।
- उनकी दिदी गिल्बर्ट पास्कलले उनको जीवनी लेखेकी थिइन् ।
- उनकी बहिनी ज्याकलिन पास्कल साहित्यिक प्रतिभा थिइन् । पछि उनी Port-Royal मा nun बनिन् ।

**पास्कलको उत्तरार्ध जीवन :** ब्लेज पास्कल जीवनभर अविवाहित रहे । उनलाई आधुनिक विज्ञान, गणित र दर्शनको विकासमा अत्यन्त महत्त्वपूर्ण व्यक्तिको रूपमा सम्मान गरिन्छ । उनको छोटो जीवनमा गरेको कामले आज पनि कम्प्युटर विज्ञान, भौतिकशास्त्र र दर्शनशास्त्रलाई प्रभावित गरिरहेको छ । उनी धार्मिक लेखक पनि थिए । उनको जीवनको उत्तरार्ध (लगभग सन् १६५४ पछि) मुख्य रूपमा स्वास्थ्य समस्या, धार्मिक समर्पण र दार्शनिक लेखनमा केन्द्रित थियो । सन् १६५४ मा पास्कलले एक गहन आध्यात्मिक अनुभव (जसलाई 'रातको आगो' भनेर चिनिन्छ) गरे । त्यसपछि उनी पूर्ण रूपमा ईश्वरप्रति समर्पित भए र जन्सेनवाद (Jansenism) नामक क्याथोलिक आन्दोलनमा लागे । यो आन्दोलनले मानव स्वभावको कमजोरी र ईश्वरको अनुग्रहको आवश्यकतालाई जोड दिन्थ्यो । उनले सन् १६५६–१६५७ मा 'प्रोभिन्सियल लेटर्स' (Letters Provincials) लेखे । जसमा जेसुइटहरूको नैतिकता र धर्मशास्त्रको आलोचना गरे । यो कामले फ्रान्समा ठूलो विवाद निम्त्यायो र पास्कललाई चर्चको केही भागबाट आलोचना भयो । उनले जीवनको उत्तरार्धको प्रसिद्ध रचना 'पेन्से' (Pensees) हो । जुन उनको मृत्युपछि प्रकाशित भयो । यसमा उनले मानव जीवनको अर्थ, ईश्वरको अस्तित्व, विश्वास र तर्कको सम्बन्धबारे गहिरो विचारहरू लेखेका थिए ।

पास्कलको स्वास्थ्य बाल्यकालदेखि नै कमजोर थियो । जीवनको उत्तरार्धमा उनी अत्यधिक पीडा र रोगबाट ग्रस्त भए । उनी टाउको दुखाइ, पेटको समस्या र अन्य रोगबाट पीडित थिए । सन् १६५९ देखि उनी नियमित रूपमा कार्य गर्न असमर्थ भए । सन् १६६१–१६६२ मा उनको स्वास्थ्य झन बिग्रियो । उनी आफ्नी दिदी गिल्बर्ट पास्कलको घरमा बसेर बिताए । अन्तिम समयमा उनी आफ्नो दिदीको सहयोगमा गरिबहरूलाई सहयोग गर्न, चर्चहरूमा प्रार्थना गर्न र धार्मिक क्रियाकलापमा संलग्न हुन थाले । उनी १९ अगस्ट १६६२ मा मात्र ३९ वर्षमा पेटको क्यान्सर र अन्य रोगको कारण पेरिसमा निधन भयो । उनको निधनको अघिल्लो दिन चर्को ऐंठन (Convulsions) बाट ग्रस्त भए । उनका अन्तिम शब्दहरू 'भगवानले मलाई कहिल्यै नत्याग्नु होस्' ('May God never abandon me') ।

मृत्युपछि गरिएको पोस्टमार्टमले उनको पेटमा क्यान्सर, कलेजोको समस्या र मस्तिष्कमा घाउ देखाएको थियो । उनको पार्थिव शवलाई पेरिसको Saint-Etienne-du-Mont चिहानमा समाधिस्थ गरियो ।




पास्कलको छोटो तर प्रभावशाली जीवनले गणित, विज्ञान र दर्शनमा अमूल्य योगदान दियो, जसको प्रभाव आज पनि कायम छ । उनको उत्तरार्ध जीवनले देखाउँछ कि उनी विज्ञानबाट धर्म र दर्शनतर्फ मोडिए । तैपनि निःसन्देह उनी १७ औं शताब्दीका एक महान् वैज्ञानिक थिए । विज्ञानका क्षेत्रमा उनी सधैं अविष्मरणीय रहनेछन् ।

**सन्दर्भ सामग्रीहरू :**


१) विश्वका चर्चित वैज्ञानिकहरू : दिलिप श्रेष्ठ/उर्मिला शाही : पाँच पोखरी प्रकाशन गृह
२) कक्षा १० विज्ञान तथा प्रविधि : जनक शिक्षा सामग्री केन्द्र : २०८०
३) Blaise Pascal : The Man Who Made the Modern World by Graham Tomlin (Published by Amazon)
४) सबैका लागि विज्ञान सामान्य ज्ञान : भानुराज ज्ञवाली : शिक्षा – परीक्षा सामग्री केन्द्र ।


# कीर्तिपुरवासीको नाक काट्ने आदेश : कति सत्य कति झूट ?



डा. बालगोपाल श्रेष्ठ

शाह राजाहरूको प्रत्यक्ष शासनअन्तर्गत विशेषतः पञ्चायतकाल (सन् १९६०–१९९०) मा लेखिएको नेपालको इतिहासमा शाह राजाहरूका बखानबाहेक केही छैन। शाहकालमा निकै चलेका **बाबुराम आचार्य** (सन् १८८८–१९७१), **सूर्यविक्रम ज्ञवाली** (सन् १८९८–१९८५) जस्ता इतिहासकारहरूले विशेषतः गोरखाका राजा पृथ्वीनारायण शाह (सन् १७२३–१७७५) लगायत शाह राजाहरूको प्रशंसागानमा आफ्नो प्रशस्त बौद्धिक क्षमता खर्चे। पृथ्वीनारायण शाहले सैनिक हमला गरेर नेपाल (काठमाडौं उपत्यका) लगायत धेरै स-साना राज्यहरू जितेका थिए। ती इतिहासकारहरूले पृथ्वीनारायण शाहलाई 'नेपालका एकीकरणकर्ता' र 'आधुनिक नेपालका रचयिता' जस्ता विशेषणमात्र दिएनन्, बरु उनको नेतृत्वमा भएको सैनिक हमलाको क्रममा हमला भोगेका राज्यका जनतामाथि भएको नृशंस दमनलाई समेत छोप्न भरमार प्रयत्न गरे। विशेषतः कीर्तिपुरका जनताको नाक काटेको घटनाबारे उनीहरूले गर्ने गरेको व्याख्यालाई यसको उदाहरणको रूपमा लिनसक्छौं। पृथ्वीनारायण शाहका प्रशंसक भएकाले कीर्तिपुरका मानिसहरूका नाक काटेको आततायी घटनाबारे **फादर गुस्सेपे** आफैले देखेको वर्णन र अरू इतिहासकारका कथन उनीहरू सुन्न चाहँदैनन्। *(कीर्तिपुरको सो घटनासम्बन्धी वर्णनका लागि हेर्नुहोस्, फादर गुस्सेपे-**एकाउन्ट अफ द किङडम अफ नेपाल**,१७९०); विक्रमजीत हसरत-**हिस्ट्री अफ नेपाल एज टोल्ड बाई इट्स ओन एण्ड कन्टेम्पोरारी क्रोनिकल्स**, १९७० र पर्सिभल लान्डन-**नेपाल**, १९२८)*

**बाबुराम आचार्य** (नेपालको सङ्क्षिप्त वृत्तान्त–२००६) देखि नेपालका आजका अति तर्कजीवी बुज्रुकहरूजस्तै **दिनेश**




**सत्याल** उर्फ सौरभ *(फिरङ्गी मिथ नसकटपुर, कान्तिपुर दैनिक २०७१ मङ्सिर २४ गते)*, **सुजित मैनाली** *(पृथ्वीनारायणलाई किन देखिसहन्न पश्चिम ?– अन्नपूर्ण दैनिक, २०७३ पुस २३ गते)* ले कीर्तिपुरका जनताको नाक काटेको इतिहासलाई असत्य वा अतिरञ्जित भनी व्याख्या गर्ने गरेका छन्। नेपालमाथि पृथ्वीनारायण शाहले कब्जा जमाइसकेपछि देशनिकाला गरिएका इसाई मिसनले रिसमा त्यस्तो अतिरञ्जनापूर्ण प्रचार गरेको उनीहरूको विश्वास छ। तथापि धेरै विद्वानहरूले ती लेखकहरूलाई पृथ्वीनारायण शाहका अन्धभक्त भएको भनी आलोचना गरेका छन्। *(उदाहरणको लागि हेर्नोस्, **राजेन्द्र महर्जन**लिखित 'म कीर्तिपुरे नाक माग्दैछु' (कान्तिपुर–२०७० माघ ९ गते) र **कविताराम श्रेष्ठ**लिखित 'कीर्तिपुरेहरूको नाक, कान र ओठ काटेको तथ्य लुकाउने... देख्दा नेवार जातिलाई च्वास्स बिझ्छ'–कीर्तिपुर सन्देश (२०७० माघ २९ गते)*

कीर्तिपुरको सो घटनाबारे **फादर गुस्सेपे**को भनाइ उल्लेख गर्दै यो लेख आरम्भ गर्नु उपयुक्त हुनेछ। गुस्सेपेको प्रत्यक्षदर्शी वर्णन यसप्रकार छ :

**"...लामो समयको घेराबन्दीका कारण निकै थाकेका कीर्तिपुरका बासिन्दाको नाममा गोर्खाका मानिसले आममाफी जारी गरेका थिए। आफूलाई दिइएको वचन पूरा हुने आशासहित कीर्तिपुरका जनताले आफूलाई बन्दीको रूपमा आत्मसमर्पण गरे। त्यही बेला गोर्खालीहरूले सहरका सबै द्वार र किल्लाहरू कब्जा गरे। नुवाकोटमा रहेका पृथ्वीनारायण शाह लामो यात्रा छिचोलेर दुई दिनपछि कीर्तिपुर पुगे। कीर्तिपुर पुगेर उनले आफ्ना भाइ सुरप्रताप शाहलाई सहरका सबै बासिन्दाको नाक र ओठ काट्न आदेश दिए। आफ्नो आमाको काखमा बसेका बाहेक सबै केटाकेटीलाई समेत नछोड्न भनियो। कति जना मानिस रहेछन् भनी थाहा पाउन त्यसरी काटिएका सबै नाक र ओठ एकै ठाउँमा जम्मा गर्न आदेश दिए। अनि कीर्तिपुर सहरको नाम नासकाटपुर राख्न**


**आदेश दिए। नासकाटपुरको अर्थ नाक काटिएकाहरूको सहर हो। निकै आतङ्क र क्रुरतापूर्वक पृथ्वीनारायण शाहको आदेश पालना गरियो। फुक्ने बाजा बजाउनेहरूबाहेक कोही पनि यो क्रुरताबाट जोगिएनन्। त्यत्तिबेला त्यस्तो प्रकारको अमानवीय दमन भएको जानकारीबिना नै फादर माइकल एन्जेलो सुरप्रताप शाहको घरमा गएर विचरा कीर्तिपुरबासीहरूको पक्षमा अनुनय गर्न गएका थिए। यसरी नाक र ओठ काटिएका धेरै मानिसले पीडा सहन नसकेर आफ्नो प्राण त्यागेका थिए भने अति बलिया मानिस हामी कहाँ औषधि उपचारका लागि आएका थिए। मरेका मानिसको खप्परका जस्ता लाग्ने दाँत र नाक भएका मानिस धेरै सङ्ख्यामा देख्दा निकै चकित पारेको थियो।"** *(हेर्नोस् गुस्सेपे- 'एकाउन्ट अफ द किङदम अफ नेपाल')*

THE KINGDOM OF NEPAL. 319

themselves prisoners upon the faith of that promise. In the mean time the men of *Gorc'ha* seized all the gates and fortresses within the town; but two days afterwards *Prit'hwinarayan*, who was at *Navacuta* (a long day's journey distant) issued an order to *Surupa-ratna* his brother, to put to death all the principal inhabitants of the town, and to cut off the noses and lips of every one, even the infants, who were not found in the arms of their mothers; ordering at the same time all the noses and lips, which had been cut off, to be preserved, that he might ascertain how many souls there were, and to change the name of the town into *Naskatapur*, which signifies *the town of cut noses.* The order was carried into execution with every mark of horror and cruelty, none escaping but those who could play on wind instruments; although father *Michael Angelo*, who, without knowing that such an inhuman scene was then exhibited, had gone to the house of *Suruparatna*, and interceded much in favour of the poor inhabitants. Many of them put an end to their lives in despair; others came in great bodies to us in search of medicines; and it was most shocking to see so many living people with their teeth and noses resembling the skulls of the deceased.

*(Asiatic Researches, Vol 2 बाट)*

यो वर्णनले बाबुराम आचार्यलाई निकै समस्यामा पारेको थियो र यसलाई लत्याउन उनले आफूले सकेको प्रयास गरेका थिए। त्यही भएर बाबुराम आचार्यले आफ्नो कृति **'नेपालको संक्षिप्त इतिहास'** (२००६) मा अन्तिमका पूरा सात पृष्ठ पृथ्वीनारायण शाहको बचाऊमा खर्चेका छन्। उनको विचारमा कीर्तिपुर, भक्तपुरलगायत गोर्खाली सेनाले कब्जा गरेका अन्य ठाउँमा मच्चाएको नृशंस दमनका केही घटनाबारे फादर गुस्सेपे र अन्य विदेशी लेखकहरूले लेखेका सबै दाबी पृथ्वीनारायण शाहलाई बदनाम गर्न लेखिएका वर्णन हुन्। नेपालबाट इसाईहरूलाई निकाला गरेपछि रिसाएर ती विदेशीले शाहको बदनाम गर्न खोजेको उनको भनाइ हो। तर, कीर्तिपुरमा



(तस्बिर : काठमान्डु पोस्ट)

नाक र कान काटेको घटना भने उनी पूर्णरूपमा अस्वीकार गर्दैनन्। बरु उनले कीर्तिपुरमाथि गोर्खाले कब्जा गरेको पहिलो बिहान गोर्खाली सिपाहीँको हत्या गर्न आँट गर्ने केही युवाहरूको मात्र नाक र कान काटिएको भनी आफ्नै कथा बुनेका छन्।

**"कीर्तिपुर कब्जा गर्न रातभर नसुतेका केही गोर्खाली सिपाहीँ बिहान सुस्ताइरहेका थिए। उनीहरूमाथि ८-१० जना गुण्डाहरूले पानीघट्टका काम नलाग्ने घट्टले हमला गरे। हमलामा परी ८-१० जना गोर्खाली सिपाहीँ मारिए। पछि ती हमलाकारीलाई गिरफ्तार गरियो। काजी सुरप्रताप शाहले राजा पृथ्वीनारायण शाहसमक्ष उनीहरूलाई के सजाय दिने भनी सोधनी भयो। राजाले भने- "मैले प्रजाको जीवन र सम्पत्तिमा क्षति नगर्ने वचन दिएको थिएँ। उनीहरूले जस्तोसुकै अपराध गरे पनि उनीहरूलाई मृत्युदण्डको सजाय दिन्नँ। बरु उनीहरूका कान र नाक काटेर देश निकाला गर।"** *(बाबुराम आचार्य, नेपालको संक्षिप्त इतिहास)*

बाबुराम आचार्यले पृथ्वीनारायण शाहको बचाउमा अझ निम्न शब्द लेखेका छन्, **"केही इसाई धर्मप्रचारकले**

**पृथ्वीनारायण शाहलाई दमनकारी र बर्बर राजाको रूपमा प्रस्तुत गर्ने असफल प्रयास गरे । वास्तवमा उनीहरूले तिललाई पहाड बनाएका छन् ।"** *(उही)*

इतिहासकार **एल.एफ. स्टिलर** (१९२८-२००९) ले कीर्तिपुर घटनाबारे बाबुराम आचार्यको वर्णन अस्वीकार गरेका छन् । आचार्यले आफ्नो व्याख्याको कुनै प्रमाण प्रस्तुत गरेका छैनन् । स्टिलरले आचार्यलाई अन्य कुनै प्रमाण फेला नपर्दासम्म फादर गुस्सेपेको भनाइलाई पूर्णरूपमा अस्वीकार गर्नु वा संशोधन गर्नुभन्दा स्वीकार्न आग्रह गरेका थिए । उनले लेखेका छन्,

**"वास्तवमा तीनवटा स्वतन्त्र स्रोतहरू– फादर गुस्सेपेको भनाइ, वंशावली र लीलानाट्यश्वर शर्मा बराल तथा सूर्यविक्रम ज्ञवालीका किताबमा उल्लेखित सो घटनासँग सम्बन्धित संस्कृत कविताका साथै क्रिकप्याट्रिकले घटना भएको झन्डै तीस वर्षपछि आउँदा भेटेका त्यत्तिबेला जीवित घटनाका साक्षीहरूको भनाइअनुसार पनि कीर्तिपुर घटनाको व्याख्या अतिरञ्जना थिएन बरु सिधा तथ्यहरू थिए । ती प्रत्यक्षदर्शीहरू त्यत्तिबेला उनको यात्रामा भरियाको रूपमा आएका थिए ।"** *(लुडविग स्टिलर, **पृथ्वीनारायण शाह इन द डे लाइट अफ दिव्य उपदेश**-१९६८)*

स्टिलरले सो विवाद दस वर्ष आफ्नो अर्को किताब **'द राइज अफ द हाउस अफ गोर्खा: अ स्टडी इन द युनिफिकेसन अफ नेपाल'** प्रकाशन हुने समयसम्म पनि नसुल्झिएको लेखेका छन् । त्यत्तिबेलासम्म बाबुराम आचार्यले पनि आफ्नो अडानमा कुनै परिवर्तन गरेका थिएनन् । नेपाली इतिहासकार **कृष्णकान्त अधिकारी**ले पनि बाबुराम आचार्यले पृथ्वीनारायण शाहलाई दोषमुक्त गर्न गरेको प्रयासको आलोचना गरेका छन् ।


**"बाबुराम आचार्यजस्ता लेखकहरूले कीर्तिपुरका जनताविरुद्ध दमनका क्रममा गरेका नृशंसताबाट पृथ्वीनारायण शाहलाई दोषमुक्त गर्ने प्रयास गरे । कीर्तिपुरमा नाक काटेको घटनासम्बन्धमा पृथ्वीनारायण शाहको आदेशबारे फादर गुस्सेपे, क्रिकप्याट्रिक र अन्य नेपाली वंशावलीका भनाइ गलत भएको आचार्य बताउँछन् । एक क्षणलाई मानौँ, इसाई मिसनरीको नियतमाथि शङ्का गरी देश निकाला गरेका कारण गोरखाली शासकविरुद्ध युरोपेली लेखकले पूर्वाग्रहवश त्यस्ता कुरा लेखेका थिए रे । तर, पृथ्वीनारायण शाहका समकालीन कवि ललितावल्लभको भनाइ कसरी आँखा चिम्लेर लेखिएको हुनसक्ला र ? ललितावल्लभले पनि कीर्तिपुरका केही मानिसको राजाले नाक काटेको लेखेका छन् । आचार्यले आफ्नो तर्कलाई बलियो बनाउन कविले उल्लेख गरेका केही शब्दमाथि समेत प्रश्न गर्ने असफल प्रयास गरेका छन् ।"** *(कृष्णकान्त अधिकारी, **अ ब्रिफ सर्भे अफ नेपाली हिस्टोरियोग्राफी**-१९८०)*

त्यस्तै गरी इतिहासकार **तुल्सीराम वैद्य** र **तीर्थप्रसाद मिश्र**ले पनि घटनाको आलोचनात्मक रूपमा विश्लेषण गरेपश्चात् बाबुराम आचार्यको भनाइप्रति असहमति व्यक्त गरे र कीर्तिपुरको घटना भएको निश्चित गरे । अर्का लेखक **ईश्वर बराल**को नामले बढी चर्चित **लीलानाट्यश्वर शर्मा** (१९२३-१९९७) ले बेलायतको लण्डन विश्वविद्यालयलाई बुझाएको आफ्नो विद्यावारिधि शोधमा सो घटनाबारे प्रस्ट रूपमा लेखेका छन् :

**"सन् १७६६ को १४ मार्च शुक्रबारका दिन आत्मसमर्पण गरेको दुई दिनपछि उन (पृथ्वीनारायण शाह) ले सुरप्रतापलाई सहरमाथि कब्जा जमाउन पठाए । उनी त्यहाँ पुगेलगत्तै बाह्र वर्षदेखि माथिका सबै पुरुषलाई अर्को दिन किल्लामा भेला गराउन आदेश दिए । नयाँ राजालाई सम्मान व्यक्त गर्न त्यस्तो भेला आयोजना गरिएको भनिएको थियो । तर, त्यत्तिबेला पृथ्वीनारायण शाह आफैं भने त्यहाँ थिएनन् । जब मानिसहरू अर्को दिन भेला हुन भनिएको ठाउँमा भेला भए, सुरप्रतापले उनीहरूमाथि निकै निर्मम क्रुरताका साथ दुर्व्यवहार गरे । सहरका मुली मानिसहरूको हत्या गरियो र बाँकीमध्ये अधिकांशको नाक काट्न सिपाहीहरूलाई आदेश दिइयो । साथै उनले कीर्तिपुरको किल्लामा आगजनी गरे र त्यहाँ रहेका घरहरू पनि जलाइदिए । सुरप्रतापको एउटा आँखा फोडेका कारण पृथ्वीनारायण शाह कीर्तिपुरका मानिससँग रिसाएको भनिन्छ । त्यसको बदला लिन उनले सबैका नाक र ओठ काट्न आदेश दिए । फादर गुस्सेपेको बयानबाट पनि यो कुरा प्रस्ट हुन्छ । गुस्सेपेको वर्णनमा त पाटनको कापुचिन मिसनरीका माइकल एन्जोला कीर्तिपुरका जनताको पक्षमा याचना गर्न सुरप्रताप शाहसामु पुगेको भनी लेखेका छन् । पृथ्वीनारायण शाहका मूल पादरीमध्येका एक समकालीन कवि ललिताबल्लभले पनि नाक काटेको घटनाबारे लेखेका छन् । सन् १७९३ मा नेपाल पुगेका क्रिकप्याट्रिकले आफ्नो भ्रमणको क्रममा उत्तिबेला नाक काटिएका मानिसहरूसँग भेटेका थिए । नाक,**

**कान र टाउको काट्ने आदेश भोटेहरूलाई दिइएको पनि बताइन्छ। पृथ्वीनारायण शाहले ती भोटेहरूलाई पनि अत्याचार गरेको भन्दै हत्या गर्न लगाएका थिए।"** *(लीलानाट्येश्वर शर्मा बराल-**लाइफ एण्ड राइटिङ अफ पृथ्वीनारायण शाह**-१९६४)*

भीमसेन थापा प्रधानमन्त्री रहँदा (१८०६-३७) अर्थात् पृथ्वीनारायण शाहले नेपालमाथि विजय हासिल गरेको झन्डै चार दसकपछि एकजना नेवार लेखक पण्डित **सुन्दरानन्द विरासिताले** एउटा पुस्तक लेखेका थिए। त्यो पुस्तकको नाम थियो - **त्रिरत्न-सौन्दर्यगाथा**। उक्त पुस्तकमा लेखकले पृथ्वीनारायण शाहको उँचो प्रशंसा गरेका छन्। तर, उनले पनि कीर्तिपुरका मानिसहरूको नाक काटेको घटनाबारे आफ्नो पुस्तकमा लेखेका छन्। संस्कृतका श्लोकहरूका साथै उनले आफ्नो कृतिमा पुरानो खस अथवा पर्वते (गोर्खाली) भाषामा प्रस्टसँग त्यत्तिबेला कीर्तिपुरमा पुरुषको मात्र होइन, महिलाको पनि नाक काटिएको लेखेका छन्।


[ ११६ ]

तांहापछि काना बाज्यू भनि बोलायाको रिसले श्री ५ पृथ्वीनारायण साहबाट बक्साई कीर्तिपुऱ्या आइमाईसमेत समाई उसै दिनमा पांच वर्षसंमका लोग्न्या.को नाक काटिदिया. धन दौलत वृता सबै हरन् गरि लुटायाको बदोबस्त गरि प्रवेश गराई पछि विश्वासघात गऱ्याको एही फल पायो. अद्यापि कीर्तिपुऱ्याले कापट्य छोड्दैनन्. सुख पनि पाउंदैनन् ॥२८॥

**"आफूलाई कानो बाजे भनेको रिसमा सुरप्रतापले पृथ्वीनारायण शाहको अनुमतिमा कीर्तिपुरका पाँच वर्षभन्दा माथिका सबै पुरुष र महिला समेतका नाक काट्न लगाएका थिए। उनीहरूका सबै सम्पत्ति र जमिन खोसेका थिए। गोर्खाली कीर्तिपुर नगरभित्र पसेपछि धोखा दिनेलाई सजायस्वरूप त्यस्तो गरियो। आजसम्म पनि कीर्तिपुरका जनताले धोखा दिन छोड्ने छैनन् न त उनीहरू खुसी नै हुनसक्छन्।"** *(पण्डित सुन्दरानन्द विरासिता, **त्रिरत्न सौन्दर्यगाथा**-सन् १९६२)*

हालसालै **मणिक बज्राचार्य** र **एक्सल माइकल्सले 'हिस्ट्री अफ द किङ्स अफ नेपाल'** प्रकाशन गरे। पुस्तकको पहिलो खण्डमा खस भाषामा लेखिएका केही छानिएका नेपाली वंशावलीको उतार समेटिएका छन्। दोस्रो खण्डमा पनि यसका केही बाँकी उतार समावेश छन्। कीर्तिपुरका मानिसको नाक काटिएको घटनासम्बन्धी अभिलेख पहिलो खण्डमा प्रकाशन गरिएको छ। दोस्रो खण्डमा यसको अङ्ग्रेजी अनुवाद समावेश छ। अङ्ग्रेजी अनुवाद यसप्रकार छ:


**'कीर्तिपुर युद्धको समयमा सुरप्रताप शाहको एउटा आँखा फुटेको थियो। राजाले यसैको रिस साँध्न कीर्तिपुरका मानिसका नाक काट्न आदेश दिए। बाह्र वर्षभन्दा माथिका सबै मानिसको नाक काटियो। काटिएको नाकको तौल सत्र धार्नी, एक सेर भएको थियो। नाक काटिएका जम्मा मानिसको सङ्ख्या ८६५ थियो। कीर्तिपुरका मानिसले सात वर्षसम्म गोर्खालीलाई कीर्तिपुर सहर पस्न दिएका थिएनन्। कीर्तिपुरका जनता पराजित भएपछि मात्र गोर्खाली सेना त्यहाँ पस्न सकेका थिए। त्यस्ता बहादुर सिपाहीं र जनता पराजित भए र उनीहरूका नाक काटियो।"** *(मणिक बज्राचार्य र एक्सल माइकल्स-नेपालीका भुपाल वंशावली **हिस्ट्री अफ द किङ्स अफ नेपाल** : बुद्धिस्ट क्रोनिकल)*

## कीर्तिपुरका रैथाने शुक्रसागर श्रेष्ठको कथन

माथि उल्लेखित स्रोतको चर्चापछि कीर्तिपुरका रैथाने **शुक्रसागर श्रेष्ठ** (१९५२-२०१७) का कथनलाई प्रस्तुत गर्नु उपयुक्त हुनेछ। नेपालका विख्यात पुरालेखशास्त्री तथा पुरातत्त्वविद् कीर्तिपुरकै रैथाने बासिन्दा दिवंगत शुक्रसागर श्रेष्ठले खस भाषामै लेखेको एउटा लेखमा आफूसँग भएका ऐतिहासिक अभिलेखको आधारमा कीर्तिपुरमा नाक काटेको घटना निश्चय गरेका छन्। नाक काटिएको पुर्खाको सन्तानको रूपमा आफूलाई अपमान गर्ने गरिएका आफ्ना अनुभव पनि उनले सो लेखमा उल्लेख गरेका छन्। उनले सो घटनालाई अस्वीकार गर्नुभन्दा सबैले त्यो सत्यलाई स्वीकार्दा नै सो घटनाका पीडितका सन्ततिले राहत महसुस गर्ने कुरामा जोड दिएका छन्। मेरो अनुरोधमा उनले आफ्नो लेखमा चर्चा गरेका अभिलेखको विद्युतीय प्रति मलाई उपलब्ध गराएका थिए। उनको सहृदयताको निम्ति म सदा आभारी रहनेछु। मलाई अभिलेखका विद्युतीय प्रति उपलब्ध गराएको केही समयपश्चात् उनको दुःखद् निधन भयो। उनले उपलब्ध गराएका तिनै अभिलेखको अनुलिपि प्रस्तुत छ :

### शुक्रसागर श्रेष्ठबाट प्राप्त अभिलेखको अनुलिपिको अनुवाद -

*उप्रान्त महाराज करुणानिधान दयासागर नेपालमा श्री पृथ्वीनारायण महाराज प्रवेश हुँदा तीन सहरको बिर्ता थामी बक्सेको र हामी कीर्तिपुरेहरूको बिर्ता हर्ने नाक काट्ने हुनाले तीन सहरबमोजिम हामी नाककटुवाहरूको बिर्ता थामी पाऊँ भनी बिन्ती चढाउँदा कालु पाण्डे मार्ने हुनाले नाक काटेकाको बिर्ता हराएको भनी हुकुम भई नाक कटुवा जतिलाई*



*पाखो टार खेत दुई रोपनी दिनु भनी बक्सेको जम्मा एक हजार रोपनी खेत कमाई भोगचलन गरी खाई बसेकोमा पछि सो खेतको तिरो दराउनलाई कौसी (राजपरिषद्) पठाउँदा जाँच्न दिने र जाँच्न नदिने हुनाले पछि कौसीबाट पक्री जाँच्न दिनेलाई पैरु १/२ र जाँच्न नदिनेलाई दबल पैरु १ तिरो दराई गुर्ज्युको खानगीमा खुवा थपेको श्री पृथ्वीनारायण महाराज नेपाल प्रवेश हुँदा तीन सहरको बिर्ता थामिबक्सेको खेत रैकर ठहर्ने नाक कटुवाहरूलाई बक्सेको खेत रैकर ठहराई नापजाँच गर्नु पाउने होइन नापजाँच गर्नु भनी हुकुम मर्जीको तोक प्रमाणी नापजाँच गर्ने अड्डालाई पाउने हुन प्रभुको जो मर्जी हुकुम ।*

### टिप्पणी


यो युद्धमा पराजयपश्चात् नाक काटिएका र आफ्नो जमिन कब्जा गरिएका कीर्तिपुरका जनताले राजा पृथ्वीनारायण शाहलाई बुझाएको बिन्ती पत्र हो । यो अभिलेख तत्कालीन सरकारलाई आफूबाट खोसिएको जमिन फिर्ता गर्न उनीहरूले चढाएको निवेदन हो । यो अभिलेखले पनि राजा पृथ्वीनारायण शाहले कीर्तिपुरका ती मानिसको नाक काट्न आदेश दिएको र उनीहरूका जग्गा जमिन कब्जा गरेको प्रस्ट हुन जान्छ । युद्धमा कालु पाण्डेलाई मारेकै कारण उनीहरूलाई यस्तो सजाय दिइएको यो अभिलेखले प्रस्ट पार्छ । राजा पृथ्वीनारायण शाहले उनीहरूका जमिन कब्जा गरे पनि प्रत्येकलाई सजायस्वरूप पाखो टार खेत दुई-दुई रोपनी जग्गा दिइएको थियो । साथै यो अभिलेखले नाक काटिएका सबै मानिसलाई उनीहरूलाई दिइएको खेतको भूमिकर तिरे-नतिरेको बुझ्न राजपरिषद्मा हाजिर हुन बोलाइएको तर डरले प्रायशः हाजिर नभएको र त्यसै कारण उनीहरूलाई थप सजाय गरेको देखाएको छ । पछि भए पनि हाजिर हुन आउनेलाई १/२ रुपैयाँ र जो हाजिर हुन आएका थिएनन्, उनीहरूलाई १ रुपैयाँ जरिवाना गरिएको थियो ।

यो अभिलेख कहिले लेखिएको थियो अथवा कति पुरानो हो, त्यो भने प्रस्ट छैन । तथापि कीर्तिपुरका मानिसको नाक काटिएको आततायी घटनाको सत्य बुझ्ने कोणबाट यसले पीडितको अवस्था प्रस्तुत गरेकोले महत्त्वपूर्ण दस्तावेज हो ।

## भागवत प्रधानसँगको अभिलेख

काठमाडौँको थबही निवासी **भागवत प्रधान**ले हालै एउटा अभिलेखको हिस्सा आफ्नो फेसबुक पेजमा सार्वजनिक गरे । सो अभिलेखमा कीर्तिपुरका मानिसको नाक काटिएको घटनाको व्याख्या गरिएको छ । उनले आफ्नो परिवारसँग त्यो अभिलेख भएको बताएका छन् । यो अभिलेख पुनः प्रकाशन गर्ने अनुमति दिई पाठकलाई लाभान्वित गरेकाले म भागवत प्रधानप्रति आभार व्यक्त गर्छु ।

### भागवत प्रधानसँग भएको अभिलेखको अनुलिपिमाथि टिप्पणी



यो अभिलेखमा कीर्तिपुर युद्धको क्रममा सुरप्रतापको एउटा आँखा फुटेको आक्रोशमा कीर्तिपुर प्रवेश गरेपछि


कसरी बाह्र वर्षभन्दा माथिका सबैले राजालाई सलामी चढाउन आउनु भनी आदेश जारी गरिएको थियो भन्ने कुरा लेखिएको छ। तर, जसै ती मानिसहरू सलामी चढाउन आए उनीहरूलाई सैनिक किल्ला (कोत) मा कैद गरियो। एकदिनपछि उनीहरूको नाक काटियो। यसरी काटिएको नाकको जम्मा तौल ३०.३४ किलोग्राम (१२ धार्नी १ सेर र ६ तोला) थियो। जम्मा आठ सय ६५ जना मानिसको नाक काटिएको थियो। पछि नाक काट्ने जिम्मा पाएका भोटेहरूलाई मृत्युराज यमराजको राज्य यमलोक पठाइयो अर्थात् उनीहरूलाई पनि मारियो किनभने उनीहरूलाई नाकमात्र काट्न आदेश दिइएको थियो, तर उनीहरूले आदेश नदिइएको ओठ पनि काटेका थिए।

यो अभिलेखको सुरुमा नेपाल संवत् ८९६ (सन् १७७५) उल्लेख गरिएको छ। तर, यो साल किन उल्लेख गरियो, प्रस्ट छैन किनभने वास्तवमा कीर्तिपुरको घटना सन् १७६५ मा भएको थियो। तथापि यो अभिलेखमा प्रयोग भएको पुरानो पर्वतीया/खस भाषाको अक्षर शैलीले यसको मौलिकता झल्काउँछ।

यो अभिलेखले कसरी तत्कालीन सरकारले कीर्तिपुरका मानिसलाई झुक्याएर बाह्र वर्ष उमेरभन्दा माथिका सबै मानिसलाई राजालाई सलामी चढाउन बोलाइएको थियो तर भेला भएका मानिसलाई सैनिक कारागारमा थुनिएको थियो, अनि उनीहरूको नाक काटिएको थियो भन्ने कुराको व्याख्या गरेको छ। नाक काटिएका मानिसको जम्मा सङ्ख्या ८६५ जवान भएको तथ्याङ्क बज्राचार्य र माइक्सको किताबमा उल्लेखित सङ्ख्यासँग मेल खाएको छ। अधिकांश इतिहासकारले कीर्तिपुरका बासिन्दाको नाक काटिएको घटनामा एकमत भए पनि केही इतिहासकारले दाबी गरेको काटिएको नाकको धार्नीमा भने विमति रहँदै आएका छन्। भागवत प्रधानसँग भएको अभिलेखमा उल्लेखित काटिएको नाक र ओंठको जम्मा तौल (३०.३४ किलोग्राम) बज्राचार्य र माइक्सले दिएको तौल (४२.६२ किलोग्राम) भन्दा कम छ। तौलकै सम्बन्धमा **पर्सिभल लाण्डन**ले लेखेका छन्,**"हुकुम तामेली भएको प्रमाणको रूपमा पृथ्वीनारायणसामु नाक र ओठको जम्मा तौल भनी भयानक तथ्याङ्क प्रस्तुत गरियो। नाक र ओठको तौल आठ पाउन्ड थियो।"** *(पर्सिभल लाण्डन, **नेपाल**)* यो तौल बज्राचार्य र माइकल्सको वंशालवलीमा प्रस्तुत तौलसँग नजिक छ। प्रधानको अभिलेखमा काट्न भनिएको नाकमात्र नकाटी ओठसमेत काटेको हुनाले नाक काट्ने काम दिइएका भोटेहरूसमेतलाई मारिएको उल्लेख छ। यो अभिलेख महत्त्वपूर्ण छ किनभने यो रैथाने लेखकले लेखेका छन् र कुनै बेला शाह परिवारको सेवामा लागेको काठमाडौँ ठमेलका प्रधान परिवारबाट प्राप्त हुनुका कारण पनि यसको महत्त्व छ।

## कीर्तिपुर घटनाको वास्तविक दिन र मिति दर्शाउने वंशावली

हालसालैमात्र मेरो जानकारीमा आएको एउटा वंशावलीको अर्को पृष्ठ म अर्को प्रमाणको रूपमा प्रस्तुत गर्न चाहन्छु। कीर्तिपुरमा नाक काटिएको घटनाको वास्तविक दिन, मिति, महिना र वर्षसमेत यो अभिलेखमा खुलाएको छ। गोर्खा हमलाका केही अन्य अभिलेखका साथै यसमा कीर्तिपुरमाथिको हमलाको व्याख्या गरिएको छ। यसका अन्तिम पाँच पङ्क्ति प्रत्यक्ष रूपमा यो लेखको चर्चासँग सम्बन्धित छ। त्यसैकारण सो अभिलेखका अन्तिम पाँच पङ्क्तिको उतार प्रस्तुत छ :



शाके १६८६ संवत् १८२१ आश्विन महिना ४ गते आश्विन वदि ६ आइतबार कीर्तिपुरमाथि हमला भयो। तर, सफल भएन। शाके १६८७ संवत् १८२२ जेठ महिना १ गते जेठ वदि ६ शुक्रबार राति लुटी कोटमा कब्जा जमायो। पुनः चैत महिना ३ गते मलमास शुदि बुधबारका दिन कीर्तिपुर कब्जा गरियो। चैत २७ गते कीर्तिपुरका सबै मानिसको नाक काटियो।

### टिप्पणी

एकजना रैथाने नेवार अभिलेखकर्ताले लेखेको यो अभिलेखले कीर्तिपुरमा नाक काटिएको घटनालाई अभिलेखीकरण गरेको छ। साथै त्यो घटना कुन दिन, मिति, महिना र वर्षमा भएको थियो भन्ने कुरा प्रस्ट दिइएको छ। त्यत्तिमात्र होइन, यसमा चन्द्रमासको दिन र महिनासमेत प्रस्टरूपमा लेखिएको छ। नेपाली इतिहासकार **दिनेशराज पन्त**ले यो मिति नै कीर्तिपुरको घटना भएको सही मिति भएको स्वीकारेका छन्। *(दिनेशराज पन्त, **'पृथ्वीनारायण शाहले कीर्तिपुरवासीको नाक काटेका थिए ?'**)* यो अभिलेखको रोचक कुरा के हो भने यसमा दुवै संवत् शाके र विक्रममा सूर्यमास र चन्द्रमास दुवैमा महिना र सूर्यमास र चन्द्रमासमा मिति र दिनसमेत एकसाथ खुलाइएको छ। यो अभिलेखअनुसार सन् १७६५ को १७ मार्चका दिन (विसं १८२२ चैत ३) गते कीर्तिपुर कब्जा गरियो। तर, सन् १७६५ को १० अप्रिल अर्थात् २७ चैतको दिन अथवा कीर्तिपुरमाथि विजय

गरिएको दिनले २४ दिनपछि सबै कीर्तिपुरवासीका नाक काटिएको थियो। यो अभिलेखले कति जना मानिसको नाक काटियो भन्ने विषयमा बोलेको छैन तर यसमा **'कीर्तिपुरका सबै बासिन्दाको नाक काटिएको'** उल्लेख छ। यो अभिलेखले कसको आदेशमा नाक काटिएको थियो अथवा नाक काट्ने काम कसले गरेका थिए, लेखिएको छैन। अर्को ध्यान दिनुपर्ने महत्त्वपूर्ण कुरा भनेको यो अभिलेख पुरानो खस भाषामा लेखिएको छ।

## उपसंहार

माथि चर्चा गरिएका ऐतिहासिक अभिलेखका अतिरिक्त कीर्तिपुरका बासिन्दाहरू स्वयम्लाई त्यो त्रासदीपूर्ण घटनाका उत्तम जीवित प्रमाणको रूपमा लिनसक्छौँ। आफ्ना पुर्खामाथि कस्तो घटना घटेको थियो भन्ने कुरा उनीहरूले आफ्ना बुबा, हजुरबुबा र जिजुबुबाबाट सुन्दै हुर्केका छन्। गोर्खाली हमलाकारीले काट्न लगाएको कीर्तिपुरका मानिसको नाक, ओठ र कानको जम्मा तौल कति भएको थियो भन्ने विषयमा बहसको स्थान सधैँ रहनेछ। तर, त्यो घटना नै अस्वीकार गर्नु भनेको वास्तविक इतिहास नै अस्वीकार गर्नु हो। पाठकको निम्ति नेपालका गनिएका इतिहासकार, शाह राजाहरूका प्रशंसक एवम् गोर्खाको इतिहासबारे चार खण्ड पुस्तक निकालेका दिनेशराज पन्तले कीर्तिपुरका मानिसका नाक काटेको घटना सम्बन्धमा लेखेको कुरा रोचक लाग्न सक्छ :

**"मेरो अनुसन्धानले मैले कीर्तिपुरमाथि सन् १७६५ मार्च १७ (विसं १८२२ चैत ३ गते) विजय हासिल गरेको र १० अप्रिल (३ चैत) का दिन नाक काटिएको देखाएको छ। कति जना मानिसको नाक काटियो ? कति धार्नी पुगेको थियो ? मेरो विचारमा कसैले पनि यो नापतौल गरेको थिएन। पृथ्वीनारायणले यो घटना नघटाएका भए उत्तम हुने थियो।'** *(दिनेशराज पन्त, **'पृथ्वीनारायण शाहले कीर्तिपुरवासीको नाक काटेका थिए ?"**– अनलाइन खबर, २०७३ माघ ४ गते)*

त्यस्तै अर्का विख्यात नेपाली इतिहासकार **महेशराज पन्त** पनि त्यही विचार समूहबाट आएका हुन्। दिनेशराज पन्त उनका भाइ हुन्। पृथ्वीनारायण शाहको बदनामीबाट उनी ज्यादै दुःखी छन्। उनी कीर्तिपुरका मानिसको कयौँ धार्नी नाक काटिएको विश्वास गर्ने र कीर्तिपुरका मानिसको नाक काटिएको घटना अस्वीकार गर्ने दुवै थरी अतिवादी भनाइको विरोध गर्छन्। उनी लेख्छन्, **"निःसन्देह पृथ्वीनारायण शाहले कीर्तिपुरका मानिसका नाक काटेका थिए तर त्यसरी सबैको काटिएको नाक भने कैयौँ धार्नी पुगेको कुरा भने असत्य हो।"** *(महेशराज पन्त, **पृथ्वीनारायण नायक कि प्रतिनायक**, नागरिक दैनिक २०७४ पुस २९ गते)*। अझ अघि बढेर उनी सन् १७७० मा पृथ्वीनारायण शाहका दरबारिया कवि **सत्यवल्लभ**ले लेखेको पुस्तक **'पृथ्वीन्द्रवरुणोदय'** का कुरा ल्याएर सो घटनाको पुष्टि गर्छन्। जसमा प्रस्टतः कीर्तिपुरका मानिसको नाक काटिएको घटनाको वर्णन गरिएको छ। तथापि सो घटनालाई महेशराज पन्तले पृथ्वीनारायण शाहको कुनै भर्त्सनायोग्य कामको रूपमा प्रस्तुत गरेका छैनन्।

कीर्तिपुरको नाक काटिएको घटना पृथ्वीनारायण शाहले गर्न लगाएको त्यस्तो एकैमात्र घटना भने थिएनन्। उनले चोपुर गाउँ बासिन्दाका नाक र हात पनि काटेर सजाय दिएका थिए। पृथ्वीनारायणले नेपालमण्डलमाथि कब्जा गरेको विरोधमा त्यहाँका बासिन्दाले विद्रोह गर्ने हिम्मत गरेका थिए। *(पण्डित सुन्दरानन्द विरासिता, **त्रिरत्न सौन्दर्यगाथा**– सन् १९६२)*

पृथ्वीनारायण शाहले गरेका सबै नृशंसतालाई छोपेर केही इतिहासकारहरू उनको बचाउ गर्न रुचाउँछन्। उनीहरू पृथ्वीनारायणले आफ्नो शासनकालमा पराजित गरेका मानिसमाथि गरेको क्रुर व्यवहारको चर्चा पनि गर्न चाहँदैनन्। पृथ्वीनारायणको हमलाबाट फाइदा उठाइरहेका वा फाइदा लिएका मानिसले उनको गौरवगान गाउन नछोड्नु स्वाभाविक हो। बुझ्न नसकिने कुरा त के हो भने शाहवंशको राजतन्त्र समाप्त भइसकेर पनि आज सत्तासीन खस-आर्य बाहुन क्षेत्री सम्भ्रान्तहरू पृथ्वीनारायण शाहलाई 'राष्ट्रिय एकता' का प्रतीकको रूपमा उनको बखान गाउन छोडेका छैनन्। उनीहरू अझै पृथ्वीनारायणका सालिक बनाउन थालेका छन्। दोस्रो सफल जनआन्दोलनले शाहवंशीय राजतन्त्र अन्त्य गरेपछि सन् २००७ मा पृथ्वीनारायणको जन्म दिनमा सार्वजनिक विदा कटौती गरिएको थियो। तर, उनीहरूले त्यो बिदा पुनः दिने हिम्मत गरेका छन्। गोर्खा राज्य विस्तारको पृथ्वीनारायण शाहको महत्त्वाकाङ्क्षाका कारण पिरोलिएका मानिसहरूले त्यसको विरोध गरिरहेका छन्। पृथ्वीनारायण शाहको बचाउमा सत्तासीन शासक वर्ग लागिरहने हो भने ढिलो चाँडो ती मानिसको अभूतपूर्व विरोधको उनीहरूले सामना गर्नुपर्नेछ।

(हेडलवर्ग विश्वविद्यालय, हेडलवर्ग एकेडेमी अफ साइन्सेस एण्ड ह्युमेनिटीअन्तर्गत 'डकुमेन्ट अन द हिस्ट्री अफ रिलिजन एण्ड ल अफ प्रि-मोर्डन नेपाल' अनुसन्धान एकाइको लागि यो लेखको एउटा अंश तयार गरिएको थियो।)

**अनुवाद – नीरज**

स्रोत : रातो पाटी/ मजदुर, पुस २७, २०७५

# गोपालराज वंशावली




[धनवज्र बज्राचार्य (विसं १९८८–२०५१) र कमलप्रकाश मल्ल (विसं १९९३–२०७५) को पुस्तक इन्टरनेट अर्काइभबाट साभार–१२]

## पत्र ६०

ने.सं. ५०१ (वि.सं. १४३७) माघ शुक्ल पूर्णिमा मङ्गलवार मृगशिरानक्षत्रको दिन श्रीजयस्थितिराजमल्लदेवले ठकुरिणी (राजल्लदेवी) का छोरा तीनवटै कुमारहरू साथ गई श्रीचंगु गरुडनारायणकहाँ श्रपाहन–पूजा गरियो ।

ने.सं. ५०१ (वि.सं. १४३७) वैशाख कृष्ण नवमीको दिन बुहखुनीछेंका पाजु भाले देउपाटनमा (श्रीपशुपतिनाथलाई) कोष चढाए । आठ दिनपछि उनी बिरामी भए । ...

ने.सं. ५०१ (वि.सं. १४३८) ज्येष्ठ कृष्ण दशमी सोमवार अश्विनीनक्षत्रको दिन, मण्डे बहारछेंमा कोचपाहदेव (क्वापाद्यः) उठाउने (न्यास झिक्ने) काम भयो । यजमान अनेकचन्द अधिकारी, तेजराम मुलमी थिए ।

ने.सं. ५०१ (वि.सं. १४३८) ज्येष्ठ शुक्ल पूर्णिमाको दिन, म्यालखा कुलोको पानीको लागि मूल्यको रूपमा जम्मा १२०० पाथी धान उठाइयो । यति धान दिइएपछि श्रीश्रीजयस्थितिराजमल्लदेव प्रभुले आफ्ना प्रजाहरूलाई चन्द्र सूर्य छउञ्जेल (सदाको लागि) पानीको दस्तूर तिर्न नपर्ने गरी निगाह गरियो ।

ने.सं. ५०२ (वि.सं. १४३८) माघ कृष्ण पञ्चमीको दिन त्रिपुर क्वाछेंमा भ्वन्त श्रीश्रीजयार्जुनदेव रायको अस्त भयो ।

ने.सं. ५०२ (वि.सं. १४३९) वैशाख शुक्ल तृतीयाको दिन बहारछेंका कोचपाह देवता स्थापना गरिए । यजमान तेजराम मूलमी थिए ।

ने.सं. ४९७ (वि.सं. १४३३) पौष कृष्ण अमावास्याको दिन बनेपाली जयसिंहराम महाथले नित्यश्राद्ध गरे ।

ने.सं. ५०२ (वि.सं. १४३९) आश्विन शुक्ल अष्टमीको दिन, श्रीश्रीजयस्थितिराजमल्लदेव प्रभुद्वारा सारा भारादारहरूलाई चोकमा भित्र्याई खड्गस्थापना गरियो । ढाल तरबार सत्र शय (१७००) निगाह गरी दिइयो ।

ने.सं. ५०३ (वि.सं. १४३९) माघ शुक्ल दशमी बुधवारको दिन श्रीतिलमाधवलाई तोरण चढाइयो । मातारी सखु मूलमीका नाति राज मूलमीका छोरा मेघराज मूलमीले उक्त तोरण चढाइएको हो ।

ने.सं. ५०३ (वि.सं. १४३९) फाल्गुन शुक्ल तृतीया बृहस्पतिवारको दिन राति श्रीधर्ममल्लदेव ठाकुरको विवाह भयो ।




संस्कृत भाषामा लेखिएका पत्र

# पत्र ६१

यसपछि आदित्यवारको दिन देगुरि-पूजा (कुलदेवतापूजा) को लागि जानुभयो। ६ वटा रांगाको बलि दिइयो। ... भैरवानन्द नाटक नचाइयो। यही महीनामा भाइको मृत्यु भयो।... पाटन पाञ्चालीको सहयोगले एंडेश्वरको मन्दिरमा चूलिका चढाइयो। यही महीनाको शुक्लपक्ष एकादशी शुक्रवारको दिन कोथोछेंकी भट्टारिकाको (देवीको) खटमा सुनको छाना चढाइयो। यजमान लच्छकोयानिका योगीहरूको गण हो।

श्रीधर्ममल्लदेवको विवाहमा बनाइएको भैरवानन्द नाटक तीनै देशका प्रदेशहरूमा ... नचाइयो। त्यसका भरी (प्रबन्धक) द्विजराज, ज्योति कस्त भा, गजा मूलमी, पण्ड्या मनकु भा (पण्डित माणिक भा) थिए।

ने.सं. ५०४ (वि.सं. १४४१) ज्येष्ठ शुक्ल पूर्णिमा, शुभ विवाह भएको वर्ष श्रावण महीनामा झरें (पुतली) प्रदर्शनीको लागि चाहिँदो विधान गरियो। घण्टाकर्ण चतुर्दशीको दिन 'मुण्ड' झुण्ड्याउने; श्रावण शुक्ल त्रयोदशीको दिन प्रदर्शन गर्ने; भित्र्याउने दिन ... पुतली उठाउने; यसको भोलिपल्ट ... उठाई यसको उपलक्ष्यमा सन्ताजा खुवाउने ... गाईजात्राको दिन ज्वांपानमा उठाई मूल बाटोबाट ... चार दिनपछि... पूजा गर्ने; भाटभटिनीका पुतलीको जस्तै पूजा गर्ने; हिंसा ... छर्ने; 'समय' गरी येङ्वोपानको लागि 'देश-बलि' गर्ने काम चाहिं गर्नुपर्दैन।

ने.सं. ५०४ (वि.सं. १४४०) आश्विन कृष्ण द्वितीयाको दिन पसलछें दुंथोलाई ... घाम लागेपछि ...।

यस साल (ने.सं. ५०४ मा) कार्तिकभित्र श्रीराजकुलको भीड्को सहपो यात्रामा हराएका, मरेका जम्मा १५ जना थिए।

यसपछि शाखरक्वाठमा नुवाकोटले घेरा हाल्यो। टोखा र कपनक्वाठ बनेपाले कब्जा गऱ्यो; सलंक्वाठ र फर्पिङ पनि बनेपाले कब्जा गऱ्यो। फिशरीक्वाठ जोगरामले कब्जा गरे। भोटेहरूले विद्रोह गरे। यस वेला ... लामाहरू श्रीहरिक्षेत्रमा सम्पूर्णको लागि जाँदा निर्वाण प्राप्त गरे।

# पत्र ६२

ने.सं. ५०४ (वि.सं. १४४१) ज्येष्ठ कृष्ण दशमीको दिन झाड्ह उठाई 'लंख्वयात' (पानी माग्ने जात्रा) गरियो। यस महीनामा ... भएन।

ने.सं. ५०६ (वि.सं. १४४२) कार्तिक शुक्ल द्वितीया बृहस्पतिवार स्वातिनक्षत्र प्रीतियोगको दिन श्रीराजल्लदेवीको मृत्यु भयो।

ने.सं. ५०६ (वि.सं. १४४२) फाल्गुन कृष्ण षष्ठी मङ्गलवार विशाखानक्षत्र, व्याघात योगको दिन सबै मिली फिशरीक्वाठमा घेरा हालियो।... मानिसहरू विरुद्ध उठे। पाटनले किल्ला भत्कायो।

ने.सं. ५०३ (वि.सं. १४३९) पौष कृष्ण एकादशीको दिन भैरवानन्द नाटकको उद्घाटन (शुभारम्भ) गरियो। २४ दिनसम्म सिकाई अभ्यास गरी माघ कृष्ण दशमीको दिन श्रीकोथोछेंमा 'सिद्धि' थाप्ने काम गरियो। पहिले डो भा ( तिरहुते भारादार) ले लेलेको ग्रन्थ हेरी यम्बटुनुं विहारका मनकु भा (माणिक भा) ले यो ग्रन्थ (भैरवानन्द नाटक) बनाएका हुन्। मनकु भाका सहोदर भाइ उझाजीवा भारोको शिरमा गजुर हाली वीर नेतचुलामा झुण्ड्याई नाच नचाइयो। यस काममा श्रीश्रीधर्म्ममल्लदेव ठाकुरले निगाह गर्नुभएको




नेपालभाषामा लेखिएका पत्र

थियो। उहाँ ठाकुरकै विवाहको लागि सो नाटक बनाइएको थियो। विवाह फाल्गुन शुक्ल तृतीया वृहस्पतिवारको राति भएको हो। यस नाटकका ... प्रबन्धक श्रीद्विजराज भारो, ज्योतिकस्त भा र गजा मूलमी थिए। एक महीनासम्म नाच नचाइयो।

ने.सं. ५०६ (वि.सं. १४४२) पौष शुक्ल एकादशीको दिन श्रीस्थितिराजमल्लदेवले चाँगुको धाराको जीर्णोद्धार गराउनुभयो।

ने.सं. ५०४ (वि.सं. १४४१) आषाढ श्रावणमा चामल दश कुरुवा आफ्ना देशवासीले किन्न सकेनन्। बनेपालीहरू र तिरहुतेहरूले कपडा नून सुन चाँदी चामलको मूल्य अनुसार ... हाट बजारको भाउसँग नमिल्ने गरी आफ्नै मूल्यले लिई आफ्ना मानिसलाई बेच्न लाए।

ने.सं. ५०५ (वि.सं. १४४२) ज्येष्ठ शुक्ल दशमीको दिन, श्रीजयस्थितिराजमल्लदेवले श्रीपशुपतिमा सुखाडो स्थापना गर्नुभयो। जजमान जयसिंहराम महाथ भा थिए।

ने.सं. ५०६ (वि.सं. १४४३) प्रथम आषाढ कृष्ण दशमीको दिन श्रीश्रीजयस्थितिराजमल्लदेवद्वारा दिगचपह्नि (आगमघर) मा तेलिया ईंट छाप्ने काम पूरा गरियो।

# पत्र ६३

ने.सं. ५०७ (वि.सं. १४४३) कार्तिक शुक्ल प्रतिपदाको दिन श्रीश्रीजयस्थितिराजमल्लदेव प्रभुले यड्गल केलछेंमा बाधाव (कोसेली ?) पठाइयो। जम्मा जलसी पाट ७६ थिए। ... सो दल पाटन पसी काठमाडौंतिर गएको थियो।

ने.सं. ५०७ (वि.सं. १४४३) पौष शुक्ल षष्ठीको दिन श्रीश्रीजयस्थितिमल्लदेव र बनेपाली महाथ जयसिंहराम आफैं गई तिलपात्र दान गर्नुभयो। यस बेला द्वारे श्रेष्ठ मङ्लछें देयलछेंका जय मूलमीका सुपुत्र गजा मूलमीको, ठाकुरको महास्वस्त (?) भयो।

ने.सं. ५०७ (वि.सं. १४४३) फाल्गुन शुक्ल प्रतिपदा बुधवार हस्तनक्षत्र वृद्धियोगको दिन श्रीदेउपाटन नवहरमा पुरानो धाराको जीर्णोद्धार गराई पानी आउने पारियो। श्रीश्रीजयस्थितिराजमल्लदेव ठाकुर जजमान हुनुभएको थियो। दिवङ्गत श्रीराजल्लदेवीलाई लक्ष गरी सो धारा बनाइएको हो।

यो साल टोल टोलमा ईंट छाप्ने काम गरियो। ... ढलहरू सफा पारिए; आफ्नो आफ्नो इलाकाको बाटो आफैं आफैंले बनाए।

ने.सं. ५०७ (वि.सं. १४४४) वैशाख शुक्ल चतुर्थीको दिन श्रीश्री जयस्थितिराजमल्लदेव ठाकुर तीनजना छोरासाथ बुङमतीमा जानुभयो। चौध दिन बस्नुभयो। बनेपाली महाथ जयसिंहराम पनि साथै गएका थिए।

ने.सं. ५०७ (वि.सं. १४४४) आषाढ शुक्ल नवमीको दिन उपाध्याय श्रीशिवदासज्यू शिवलोक जानुभयो।

ने.सं. ५०७ (वि.सं. १४४४) आषाढ शुक्ल द्वादशीको दिन, राजा श्रीजयस्थितिराजमल्लदेवले मेनंटुंठि (इनारविशेष) मा पानी लिनुभयो; खण्डागाह (खड्गग्राह – अङ्गरक्षक) गजा खण्डाग्राह थिए।

ने.सं. ५०८ (वि.सं. १४४५) आषाढ शुक्ल दशमीको दिन श्रीद्विजराज उपाध्याय (गुरुज्यू) ले आफ्ना भाइ र डोय मुलमीलाई पाटा कसी... सर्वस्व कब्जा गराए; उपाध्यायले यो कुरा श्रीराजकुलमा बताएनन्। उपाध्यायले व्यवहार (मुद्दाको कार्बाइ) राम्ररी गरेनन् भन्ने उजुरी निवेदन डोय मूलमीले श्रीराजाको हजूरमा पारे; राजाबाट यस निवेदनमा कार्बाइको लागि आदेश गराई डोयले...

# अतिरिक्त पत्र*

ने.सं. ४६६ (वि.सं. १४०२) माघ शुक्ल पञ्चमी अमवर्म्मा, कस भाले कांसानकिल्ला दखल गरे। यसको भोलिपल्टदेखि बनेपालाई कष्ट भयो। ... नालादेखि पूर्व धरिक्षल (धुलिखेल) देखि पश्चिमका गाउँमा, शहरमा प्रतिदिन... गर्नुपर्‍यो। ठूलो कष्ट भयो। बनेपामा १ द्रम्मले चामल चार माना पनि नपाइने भयो। सांगाका आइमाईहरूका आङमा लुगाकै अभाव हुने अवस्था पारियो। ... नाला पनौती सारा गाउँमा बाँच्नै गाह्रो भयो। कस्त भाका सैनिकले भावाखारमा ... प्रमुखहरूले ... सैनिकहरूले उजाड पारी बचावट गर्न नसकिने पारियो। ... भित्र रातदिन घेरा हाली अन्न पस्नै दिइएन। यस्तो भएको हुँदा ... कस्त भालाई गयना मुलमीले त्रिपुर र बनेपा मिलाई दुवैले अनेकरामले आफ्नै काँधमा भार लिई हस्तक्षेप गरी विश्वास दिलाई घेरा उठाउन लाए (?)।

ने.सं. ४६६ (वि.सं. १४०३) आश्विन शुक्ल प्रतिपदा आदित्यवारको दिन पशुपतिमल्ल टोखामा बसे; ब्रह्म अठिमा बसे।

*यो पत्र ५० पत्रपछिको जस्तो देखिन्छ।

(समाप्त)

# नेवाः नां (८)



सङ्कलक :
शान्तराज शाक्य

## मिसा मस्तय्‌गु नां

| | | |
|---|---|---|
| मुखल | मुखः | : मुकुट । |
| मुखलजल | मुखःजः | : मुकुट किरण । |
| मुक्ताल | मुक्ताः | : सक्षमता । |
| मुतिजल | मुतिजः | : मोतिकिरण । |
| मुजल | मुजः | : क्वाःजः, म्हय्‌ च्वंगु क्वाःजः । |
| मुलसल | मुसः | : पीजा कंगु अयलाः । |
| मुसल | मुसः | : मुख्यगु आवाज । |
| मुस्याल | मुस्याः | : चिलाख । |
| यकायि | यकायि | : स्वाधीन, स्वच्छन्द । |
| यचिन | यचिं | : शुद्ध । |
| यूजल | यूजः | : यूयागु जः । |
| यूराज | यूराज | : यूराज । |
| यलपाल | यलपाः | : यःगुया भाव । |
| यलमि | यलय्‌ | : यलय्‌ च्वंम्ह मनू । |
| यव | यः | : प्रिय । |
| येमकुलि | येमकुलि | : ईशान (उत्तर दक्षिण कोण) । |
| यवतेव | यःत्यः | : आशिक । |
| याउँसु | याउँसु | : शान्ति । |
| रसन | लसन | : लय्‌ताये, खुसि जुया । |
| राप | राप | : ताप, क्वाःजः । |
| लकस | लकस | : वातावरण । |
| लखु | लखु | : लः, पतिनय्‌ न्ह्याइगु । |
| लँजुवाल | लँजुवाः | : वट्वा । |
| लबु | लबु | : लःयागु छाल । |
| लवल | लवः | : नाफा । |
| लस | लय्‌ | : हर्ष, मे हालेगु लय्‌ । |
| लसकुस | लसकुस | : स्वागत । |
| लसने | लसने | : सभ्य जुयेगु । |
| लसपाल | लसपाः | : हर्षया भाव । |
| लसये | लसये | : व्यवहार बांलाक हनेगु । |
| लसन | लस्सा | : या दङा । |
| लसान | लसां | : प्वालाप्वाला थीकेगु ज्याभः । |
| लसिक | लसिक | : रसिक, रसयुक्त । |
| लसिकल | लसिकल | : प्रेमकला । |
| लहने | लहन | : सभ्य जुयेगु । |
| लाउन | लाउं | : ख्वाःया वर्ण । |
| लाज | राज | : जुजु । |
| लाजकुमार | राजकुमार | : राजकुमार । |
| लायपु | लायपु | : राजपुत्र । |
| लिकुन | लिकुन | : थात च्वने । |
| लिचोल | लिच्वः | : परिणाम । |
| लिजल | लिजः | : प्रतिविम्व । |
| लिधन | लिधन | : भरोसा । |
| लिपुत,लिपुल | लिपु | : लिसः । |
| लिफल | लिफः | : लिज्यां कायेगु । |
| लिबल | लिबः | : भरोसा, लिधंसा । |
| लिसन | लिसं | : लिसं तयेगु, स्वापू तयेगु । |
| लिसन | लिसः | : जवाफ । |
| लिसवाल | लिसवाः | : लिपा वइगु सवाः । |
| लिहान | लिहां | : लित । |
| लुतिअजिमा | लुतिअजिमा | : इन्द्रायणी । |
| लदन | लदन | : सन्तोष । |
| लुधन | लुधन | : सन्तोष । |
| लुधन्ति | लुधन्ति | : सन्तोष । |
| लुपाल | लुपाः | : उपलब्धी । |
| लुमन | लुमन | : सम्झना । |
| लिच्वल | लिच्वः | : परिणाम । |
| लुमुजल | लुमुजः | : लुमुसे च्वंगु किरण । |
| लुमंसुलि | लुमंसू | : लुमंकेगु पह । |
| लुव | लू | : दृश्य । |
| लुवजल | लूजः | : सूर्योदय । |
| लूजल | लूजः | : सूर्योदय । |
| लूनिभाल | लूनिभाः | : नकतिनि त्वःगु निभाः । |
| लेबु | लेबु | : छता पाउँ । |
| लुँचिन | लुँचिं | : लुँसिन्हः । |
| लुँनिभाल | लुँनिभाः | : सुवर्ण किरण । |
| लुँपताक | लुँपताः | : लुँयागु पताः । |
| ल्यायम्ह | ल्यायम्ह | : युवक, युवा । |
| लँजुवाल | लँजुवाः | : वट्वा । |
| वंकुरि | वंकुरि | : सँल्हू । |
| वहल | वहः | : तुयुगु धातु । |
| वहलपताक | वहःपताः | : वहःयागु पताः । |
| सकल | सकल | : सकलें । |

(कथहं)

(साभार : 'नेवाः नां', नेसं ११२७ सफुलिं)

## तस्बिरमा केही गतिविधि




नेमकिपाका अध्यक्ष नारायणमान बिजुक्छें (रोहित) ख्वप मावि र शारदा क्याम्पस माविमा कक्षा ११ का नवआगन्तुक विद्यार्थीहरूको स्वागत तथा अभिमुखीकरण कार्यक्रममा । जेठ २९ गते




नेमकिपाका सचिव प्रेम सुवालबाट ख्वप कलेज अफ लको आयोजनामा 'फौजदारी कानुन र न्याय' विषयक दोस्रो राष्ट्रिय सम्मेलनको उद्घाटन । जेठ २३ गते




भक्तपुर नपाबाट आव २०८३/०८४ का विद्यार्थीहरूलाई छात्रवृत्ति सिफारिस पत्र वितरण । असार ११ गते



भक्तपुर नपाबाट युवा विद्यार्थीहरूका लागि डिजिटल मार्केटिङसम्बन्धी एक महिने तालिम । असार १४ गते

# तस्बिरमा केही गतिविधि




ख्वप कलेजको आयोजनामा विद्यार्थीहरूबिच 'ख्वप शैक्षिक–औद्योगिक संवाद' कार्यक्रम । जेठ ३१ गते




भक्तपुर नपाबाट तीन महिने साङ्केतिक भाषा तालिम । असार १ गते



भक्तपुर नपाको खेलकुद प्रशिक्षणमा सहभागी खेलाडीहरू एसईई २०८२ मा उत्तीर्ण भएकालाई सम्मान तथा बधाई ज्ञापन । जेठ २४ गते



भक्तपुर नपाबाट सञ्चालित १० दिने उद्घोषक तालिमको समापन कार्यक्रम । जेठ २६ गते

## तस्बिरमा केही गतिविधि



भक्तपुर नपाबाट अपाङ्गता भएका व्यक्तिहरूलाई झुल वितरण।
असार १४ गते



ख्वप बहुप्राविधिक अध्ययन संस्थानमा नर्सिङ संकायका नयाँ विद्यार्थीहरूलाई अभिमुखीकरण। असार ११ गते



भक्तपुर नपाबाट सञ्चालन हुने चार महिने चिनियाँ तथा जापानी भाषा तालिमका प्रशिक्षार्थीहरूको अभिमुखीकरण। असार ३ गते




भक्तपुर नगरपालिकाबाट सञ्चालित कम्प्युटर तालिम

## तस्विरमा केही गतिविधि




सिद्धपोखरी जीर्णोद्धार कार्यमा विभिन्न सङ्घ-संस्था र विद्यालयहरूबाट श्रमदान भइरहेको छ ।

भक्तपुर नपाबाट २७२ जनाको सहभागितामा चित्रकला प्रतियोगिता, लायक् क्षेत्र, भक्तपुर । असार ५ गते

# भक्तपुर नगरपालिका कार्यपालिकाको बैठक निर्णय

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा भक्तपुर नगर कार्यपालिकाको बैठक भक्तपुर नपा वडा नं. २ ब्यासीस्थित नगरपालिकाको कार्यालय भवनमा विभिन्न मितिमा बसी लिइएका निर्णय जानकारीको लागि दिइएको छ।

## बैठक सङ्ख्या- १०८

### मिति २०८३ वैशाख १६ गते, बुधबार

**उपस्थिति**

| | |
|---|---|
| १. प्रमुख श्री सुनिल प्रजापति | उपस्थित |
| २. उपप्रमुख श्री रजनी जोशी | ऐ |
| ३. वडाध्यक्ष श्री श्यामकृष्ण खत्री | ऐ |
| ४. वडाध्यक्ष श्री हरिप्रसाद बासुकला | ऐ |
| ५. वडाध्यक्ष श्री राजकृष्ण गोरा | ऐ |
| ६. वडाध्यक्ष श्री उपेन्द्र सुवाल | ऐ |
| ७. वडाध्यक्ष श्री योगेन्द्रमान बिजुक्छेँ | ऐ |
| ८. वडाध्यक्ष श्री हरिराम सुवाल | ऐ |
| ९. वडाध्यक्ष श्री उकेश कवां | ऐ |
| १०. वडाध्यक्ष श्री कृष्णप्रसाद कोजु | ऐ |
| ११. वडाध्यक्ष श्री रविन्द्र ज्याख्व | ऐ |
| १२. वडाध्यक्ष श्री लक्ष्मीप्रसाद ह्यौमिखा | ऐ |
| १३. कार्यपालिका सदस्य श्री रोशनमैया सुवाल | ऐ |
| १४. कार्यपालिका सदस्य श्री छोरीमैया सुजखु (प्रजापति) | ऐ |
| १५. कार्यपालिका सदस्य श्री सुनिता प्रजापति (अवाल) | ऐ |
| १६. कार्यपालिका सदस्य श्री कृष्णप्यारी भुजु | ऐ |
| १७. कार्यपालिका सदस्य श्री रञ्जना त्वाती | ऐ |
| १८. प्रमुख प्रशासकीय अधिकृत श्री बसन्त भट्टराई | ऐ |

## निर्णयहरू

### भाषा प्रशिक्षण

यस वर्ष यस नगरपालिकाबाट सञ्चालन हुने चिनीयाँ भाषा र जापानिज भाषा प्रशिक्षण (आधारभूत तह) सञ्चालन गर्न सूचना प्रकाशित गर्ने निर्णय गरियो।

### समितिको निर्णय अनुमोदन

**शिक्षा, स्वास्थ्य तथा संस्कृति समिति**

**मिति २०८२।१२।२७ गते**

१. यस वर्षको एस.ई.ई. परीक्षामा सहभागी भएका विद्यार्थीहरूलाई लक्षित गरी आधारभूत कम्प्युटर तालिम सञ्चालन गर्न सूचना प्रकाशित गर्ने निर्णय गरियो।

२. यस वर्षका लागि यस नगरपालिकाबाट भक्तपुर नगरव्यापी दाफा भजन प्रतियोगिता सञ्चालन गर्ने। सोको लागि निम्न मिति, समय र आवश्यक तयारीका लागि देहाय बमोजिम दाफा भजन प्रतियोगिता व्यवस्थापन समिति गठन गर्ने निर्णय गरियो–

संयोजक – श्री रविन्द्र ज्याख्व, वडाअध्यक्ष, भनपा ९
सदस्य – श्री उकेश कवां, वडाअध्यक्ष, भनपा ७
सदस्य –श्री लक्ष्मी प्रसाद ह्यौंमिखा, वडाअध्यक्ष, भनपा १०
सदस्य –श्री कृष्णप्यारी भुजु, कार्यपालिका सदस्य
सदस्य – श्री सुनिता प्रजापति (अवाल), कार्यपालिका सदस्य
सदस्य – श्री गोविन्द दुवाल, वडासदस्य, भनपा ६
सदस्य – श्री कल्पना शिल्पकार, वडासदस्य, भनपा १
सदस्य – श्री कृष्ण सुन्दर प्रजापति, वडासदस्य,भनपा ४
सदस्य – श्री श्रीराम कासिछ्वा, क.अ. भनपा

**मिति २०८३।१।१५ गते**

१. यस नगरपालिकाबाट इतिहास, संस्कृति, पुरातत्त्व लगायतका विषयहरूमा छात्रवृत्ति प्रदान गर्ने नीति अनुरूप निवेदन पेश हुन आएकामध्ये देहाय बमोजिमका विद्यार्थीहरूलाई देहाय बमोजिम छात्रवृत्ति प्रदान गर्ने निर्णय गरियो :

क. सृजना प्रजापति – विद्यावारिधी– भक्तपुर नगरको पूर्वमध्यकालीन नेवा बस्ती संरचनाको अध्ययन
ख. रोजिना शाक्य – नेपाल भाषा स्नातकोत्तर – २२,७००।–

२. यस नगरपालिकाबाट सञ्चालित शिशु स्याहार तथा बाल विकास केन्द्रहरूमा Internship कार्य गर्न निवेदन पेश भएको देहाय बमोजिमका निवेदकहरूलाई खाजा खर्च स्वरूप रु.१०,०००।– मासिक प्रदान गर्ने निर्णय गरियो:

क. मैया ख्याजु ख. अन्जना प्रजापति
ग. दिया गोसाई घ. रामेश्वरी गाईसी
ङ. नानीछोरी त्वाती

३. भक्तपुर बहिरा सङ्घको च.नं. २६ मिति २०८२।१२।२० गतेको निवेदनमा कार्यक्रम सञ्चालन तथा सहयोगका लागि माग भई आएका विषयमा छलफल हुँदा उक्त संस्थाको लागि आवश्यक फर्निचर व्यवस्थापन गर्न रु.३,५०,०००।– आर्थिक सहयोग र ३ महिने साङ्केतिक भाषा तालिम यस नगरपालिकाको महिला बालबालिका तथा समाज

कल्याण समिति हेर्ने कर्मचारीको समन्वय र सहजीकरणमा सञ्चालन गरी भएको खर्चको सोध भर्ना निकासा दिने निर्णय गरियो ।

**महिला, बालबालिका तथा समाज कल्याण समिति**

**मिति २०८३।१।१५ गते**

१. भनपाद्वारा सञ्चालन गर्ने हेयर कटिङ्ग तालिम वैशाख १५ गतेदेखि सुरु गर्ने र आधारभूत सिलाइ, एड्भान्स सिलाइ र पाक शिक्षा तालिम वैशाख २० गतेदेखि सुरु गर्ने निर्णय गरियो ।

२. भनपाद्वारा सञ्चालन गरिने तालिमहरूको कक्षा सञ्चालन गर्न प्रशिक्षक नियुक्ति सम्बन्धमा छलफल हुँदा शैक्षिक योग्यता, कक्षा सञ्चालन तथा अनुभवको आधारमा तपसिल बमोजिम प्रशिक्षकहरू नियुक्ति गर्न करारनामा गर्ने निर्णय गरियो ।

**क. एड्भान्स सिलाइ तालिम**

| | | |
|---|---|---|
| गिता देउपाला | - रु.२५,०००।- | - ६ महिना |
| कमला शाक्य | - रु.२५,०००।- | - ६ महिना |

**ख. पाक शिक्षा तालिम**

| | | |
|---|---|---|
| विष्णु श्रेष्ठ | - रु.२५,०००।- | - ४ महिना |
| सुनिल सुवाल | - रु.२५,०००।- | - ४ महिना |

भनपाद्वारा सञ्चालन गरिने विभिन्न तालिमहरू निरीक्षण, रेखदेख गर्ने जिम्मेवारी दिने र मासिक प्रगति विवरण समितिमा पेश गर्ने गरी श्रीराम कासिछ्वालाई मासिक रु. ५,०००।- (पाँच हजार रुपैयाँ) रकम भत्ता दिने निर्णय गरियो ।

**युवा तथा खेलकुदसमिति**

**मिति २०८३।१।७ गते**

१. भक्तपुर नगरपालिकाको आयोजनामा मिति २०८२ सालमा भक्तपुर जिल्लाबाट विभिन्न खेल प्रतियोगितामा सहभागी भई पदक प्राप्त गर्नु भएका वर्षका उत्कृष्ट पुरुष तथा महिला खेलाडीहरूलाई बधाई तथा अन्तर्राष्ट्रिय प्रतियोगितामा पदक प्राप्त गर्न सफल खेलाडी, रेफ्री, निर्णायक तथा प्रशिक्षक प्रशिक्षण कोर्षमा उत्तीर्ण प्रशिक्षकहरूलाई सम्मान कार्यक्रमको लागि तपसिल अनुसार खेलाडी छनौट समिति गठन गर्ने निर्णय गरियो–

तपसिल

संयोजक : श्री श्याम कृष्ण खत्री
सदस्य : उपेन्द्र सुवाल
सदस्य : उकेश कवां
सदस्य : रामसुन्दर वासी
सदस्य : रविन्द्र खर्बुजा
सदस्य : विनोद चरण राय
सदस्य : विनोद प्रजापति
सदस्य : प्रकाश मोहन धौभडेल
सदस्य : राजु सिं बजिको
सदस्य : इन्द्रभक्त पंच
सदस्य सचिव : कृष्ण गोविन्द सुवाल

२. भक्तपुर नगरपालिकाको आयोजनामा मिति २०८२ सालमा भक्तपुर जिल्लाबाट विभिन्न खेल प्रतियोगितामा सहभागी भई पदक प्राप्त गर्नु भएका वर्षका उत्कृष्ट पुरुष तथा महिला खेलाडीहरूलाई बधाई तथा अन्तर्राष्ट्रिय प्रतियोगितामा पदक प्राप्त गर्न सफल खेलाडी, रेफ्री, निर्णायक तथा प्रशिक्षक प्रशिक्षण कोर्षमा उत्तीर्ण प्रशिक्षकहरूलाई सम्मान कार्यक्रमको लागि रु.३,२५,०००।- (अक्षेरूपी तीन लाख पच्चिस हजार रूपैयाँ) बजेट पेश गर्ने निर्णय गरियो ।

**आर्थिक तथा लेखा समिति**

**मिति २०८३।१।११ गते**

१. पामिला बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष श्री मेनुका वनमालाको निवेदन अनुसार पामिला बचत तथा ऋण सहकारी संस्थाबाट तलव भत्ता खाई आएका भक्तपुर जिल्ला साविक दधिकोट गाविस, वडा नं. ३ बस्ने अजय श्रेष्ठले संस्थाबाट रु.३,००,००,०००।- (अक्षेरूपी तीन करोड रूपैयाँ) ऋण लिई पटक पटक ताकेता गर्दा समेत ऋण चुक्ता नगरेको हुँदा निज अजय श्रेष्ठको नाममा रहेको निम्न लिखित जग्गाहरू रोक्का गरी दिन भनी निवेदन पर्न आएकोले जग्गा रोक्काको लागि सम्बन्धित कार्यालयहरूमा पत्राचार गर्ने निर्णय गरियो–

तपसिल

**भक्तपुर नगरपालिका आदर निकेतन सेवा**

| क्र.सं. | जग्गा धनीको नाम | जिल्ला | ठेगाना | वडा नं. | कि.नं. | क्षे.फ. |
|---|---|---|---|---|---|---|
| १ | अजय श्रेष्ठ | कास्की | चापाकोट | ९ | ११४६ | २-५-२-३ |
| | | ऐ | ऐ | ऐ | ११७१ | ०-३-०-२ |
| | | ऐ | ऐ | ऐ | ११७३ | ०-४-२-० |
| | | ऐ | ऐ | ऐ | ११८५ | १-३-०-० |
| २ | अजय श्रेष्ठ | ललितपुर | नल्लु | ४ ४(ख) | ९४ | ३-१२-०-० |
| ३ | अजय श्रेष्ठ | तनहुँ | मैवल | ३ ३(ज) | ८ | १-१४-०-१ |

**सम्बन्धी ऐन बमोजिम गठित सञ्चालन समिति**

**मिति २०८३।१।१४ गते**

१. भ.न.पा वडा नं. ६ मा रहेको आदर निकेतन सञ्चालन गर्नका लागि निम्नानुसारको कर्मचारीहरू लिने निर्णय गरियो–

क. सहायक स्तर पाँचौं तह – १ जना

ख. जेष्ठ नागरिक हेरचाहकर्ता – २ जना

ग. ड्राइभर श्रेणीविहीन – १ जना (हलुका सवारी चालक)

२. आदर निकेतन सञ्चालन प्रक्रियालाई अगाडि बढाउने निर्णय गरियो ।

३. आदर निकेतनको लागि आवश्यक सामानहरू खरिद गर्नको लागि ६ नं. वडाका वडा सचिवलाई जिम्मा दिने निर्णय गरियो ।

**नगर विपद् व्यवस्थापन समिति**

**मिति २०८३।१।१४ गते**

१. गत वर्षको देशभर अविरल वर्षाको क्रममा मिति २०८२ साल असोज १८ गते रसुवा जिल्लाको गोसाइ कुण्ड गा.वि.स. वडा नं. ४ स्थित पेरिङ्ग खोलामा आएको बाढीमा परी वेपत्ता भई मृत्यु हुने यस नगरपालिका वडा नं. १०, क्वाठण्डौ बस्ने रवि श्रेष्ठको परिवारलाई विपद् सम्वेदनशील सामाजिक सुरक्षा तथा राहत वितरण मापदण्ड २०८१ को दफा ९ को (क) बमोजिम यस नगरपालिकाबाट राहत रकम रु.२ लाख उपलब्ध गराउने र उक्त रकम सोही मापदण्डको दफा ११ बमोजिम जिल्ला विपद् व्यवस्थापन समिति समक्ष सोधभर्नाको लागि माग गर्ने ।

२. यस नगरपालिका वडा नं. १० मा भएको आगलागीको क्रममा लक्ष्मी पुरी गिरीको गाई फर्ममा क्षति भएको हुँदा राहत स्वरूप रु.१ लाख स्थानीय विपद् व्यवस्थापन कोषबाट उपलब्ध गराउने ।

३. विपद् व्यवस्थापन प्रतिकार्यका लागि यस समितिको मिति २०८२।२।१ को निर्णय बमोजिम खरिद गर्ने भनिएका सामानहरू खरिद गरी उक्त सामानहरू वडा नं. ४,५,९ र १० लाई तथा रबर बोट वडा नं. १ र १० लाई उपलब्ध गराउने, सोका लागि क्रमशः इन्द्रायणी इन्टरप्राइजेज र ए सत्यवती इन्टरप्राइजेजको दरभाउ पत्र स्वीकृत गरी खरिद प्रक्रिया अगाडि बढाउने ।

४. जुद्ध वारुण यन्त्र, भक्तपुरमा हस्तान्तरण गर्न यस नगरपालिकाबाट खरिद गरिएका सामानहरू यस नगरपालिकामा मिति २०८३।१।१५ मा एक कार्यक्रम आयोजना गरी हस्तान्तरण गर्ने ।

**निर्माण समिति**

**मिति २०८३।१।१४ गते**

| क्र.सं. | योजनाका विवरण | वडा नं. | बजेट शीर्षक | ल.ई.रकम | रि.ल.ई./कबोल रकम | पेश्की | खर्च रकम | भुक्तानी रकम | मूल्याङ्कन रकम | योजनाको अवस्था | कार्य गर्ने | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क) ल.ई. स्वीकृति सम्बन्धमा | | | | | | | | | | | | |
| १ | भेलुखेल पार्किङमा गेट तथा रेन इनलेट निर्माण कार्य | ५ | भेलुखेलमा पार्किङ पूर्वाधार निर्माण | ४३३,८०९।२२ | | | | | | | | |
| २ | खंचा पुखू स्वास्थ्य केन्द्र भवनमा वाउण्डरी वाल तथा गेट निर्माण कार्य | ७ | खंचा पुखू स्वास्थ्य केन्द्र भवन निर्माण कार्य (अन्तिम चरण) | २,४३०,०२४।४० | | | | | | | | |
| ३ | सिलखे फोहोरमैला प्रशोधन केन्द्रमा बाटो मर्मत कार्य | १० | मर्मत | ९९,७९४।१४ | | | | | | | | |
| ४ | बेको तँ बाटोमा ग्राभेलिङ कार्य | १० | मर्मत | ९७,९२४।९८ | | | | | | | | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **ख) उपभोक्ता समिति स्वीकृति सम्बन्धमा** | | | | | | | | | | | | |
| १ | आदर निकेतन सञ्चालन गर्न भवन फिनिसिङ कार्य (दोस्रो चरण) | ६ | आदर निकेतन पूर्वाधार विकास तथा फर्निचर खरिद | ५१९,४२५।७१ | | | उ.स.अ. : श्री जगन्नाथ सुजखू अ.स.स. : श्री हरिराम सुवाल | | | | | |
| २ | नपुखूमा पर्यटक काउण्टर निर्माण कार्य | १ | वातावरणीय सुधार तथा व्यवस्थापन | ८६३,४३७।३५ | | | उ.स.अ. : श्री विकल बाटी अ.स.स. : श्री श्यामकृष्ण खत्री | | | | | |
| ३ | लायकू पाहाछेँ पुन:निर्माण कार्य दोस्रो चरण | ३ | नपा | ८,९८०,०२१।५० | | | उ.स.अ. : श्री रामहरि गोरा अ.स.स. : श्री राजकृष्ण गोरा | | | | | |
| ४ | सिलखेमा वर्कशप तथा पार्किङ व्यवस्थापन कार्य | १० | प्राङ्गारिक मल प्रशोधन केन्द्र | ४,१५७,३५९।०७ | | | उ.स.अ. : श्री ईश्वरमान दुमरू अ.स.स.:श्री कृष्णनारायण दुमरू | | | | | |
| ५ | नपुखू ध्वाकासँगैको पसल कवलहरूमा पाखा मर्मत कार्य | १ | मर्मत | ६४२,६४८।९० | | | उ.स.अ. : श्री जनकलाल गोठेअ.स.स.:श्री श्यामकृष्ण खत्री | | | | | |
| **ग) पेश्की फछ्र्यौट तथा भुक्तानी सम्बन्धमा** | | | | | | | | | | | | |
| १ | सांस्कृतिक प्रदर्शनी केन्द्र निर्माण कार्य | ९ | नपा | ३,२०३,३७२।४४ | | १,०००,०००।०० | २,१२४,५९९।२० | १,१२४,५९९।२० | २,४४१,३५९।१० | सम्पन्न | रत्नप्रसाद प्रजापति | |
| २ | न्याकी देग: नारायण मन्दिर पुन:निर्माण कार्य | ८ | नपा | ६,२७९,०४९।७६ | प्रथम पेश्की | ६५०,०००।०० | १,२२४,९११।५० | ५७४,९११।५० | १,२७२,८४८।६८ | सम्पन्न | कृष्ण सागर वासी | तेस्रो पे.फ. गरी रु. ५,१५,२४७।३९ भुक्तानी दिने |
| | | | | | दोस्रो पेश्की | ७७५,०००।०० | १,८६८,०३५।०० | १,०९३,०३५।०० | २,६१७,०५५।१४ | | | |
| | | | | | तेस्रो पेश्की | ९०६,०००।०० | १,४२१,२४७।३९ | ५१५,२४७।३९ | १,४९९,०९७।३४ | | | |
| | | | | | **जम्मा** | २,३३१,०००।०० | ४,५१४,१९३।८९ | २,१८३,१९३।८९ | ५,३८९,००१।१६ | | | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ३ | इन्द्रायणी द्य:छैं पुन:निर्माण कार्य चौथो चरण | २ | नपा | ८,८२६,२५४।०६ | प्रथम पेश्की | २,६००,०००।०० | ७,२०२,५९२।३७ | ४,६०२,५९२।३७ | ७,३१८,५४३।३८ | सम्पन्न | विनोद चरण राय | आर्थिक सहयोग रु. १० लाख प्राप्त भएकोले नपुग रु. २,२०,८५५।९० भुक्तानी दिने |
| | | | | | दोस्रो पेश्की | | १,२२०,८५५।९० | २२०,८५५।९० | १,४५७,६५८।४४ | | | |
| | | | | | **जम्मा** | २,६००,०००।०० | ८,४२३,४४८।२७ | ४,८२३,४४८।२७ | ८,७७६,२०१।८२ | | | |
| ४ | तारा मा.वि.को भवन निर्माण कार्य | ४ | वाग्मती प्रदेश समपुरक अनुदान | ल.ई. २,४०,००,०००।०० | कबोल रकम १,४२,११,४२८।५७ | प्रथम रनिङ बिल | ४,०८५,७३२।१० | ४,०८५,७३२।१० | ४,०८५,७३२।१० | आंशिक सम्पन्न | देसेमरू कन्स्ट्रक्सन प्रा.लि.,भक्तपुर | रु. १२३३५००।०० पेश्की कट्टा गरी नपुग रु. ४,१७,३१८।३६ भुक्तानी दिने |
| | | | | | | दोस्रो रनिङ बिल | १,६५०,८१८।३६ | ४,३१८,२७४।०१ | १,६५०,८१८।३६ | | | |
| | | | | | | **जम्मा** | ५,७३६,५५०।४६ | ८,४०४,००६।११ | ५,७३६,५५०।४६ | | | |
| ५ | भक्तपुर नगरपालिका स्वास्थ्य शाखाको कोठाहरूमा रंगरोगन तथा आवश्यक मर्मत कार्य | २ | मर्मत | ९६,७४३।०८ | | २९,०००।०० | ७४,९९८।६८ | ४५,९९८।६८ | ७८,६४५।११ | सम्पन्न | लक्ष्मीप्रसाद दुवाल | |
| ६ | सिद्धि गणेश द्य:छैंदेखि पुखुचासम्मको ढुङ्गा छपाइ बाटो मर्मत कार्य | ७ | सडक बोर्ड नेपाल · नपा | १,१९१,७१३।६९ | | ३३०,०००।०० | १,०८१,६६७।८० | ६६६,६६७।८० | १,२५४,३१९।२० | सम्पन्न | बुद्धिकुमार गोर्खाली | रु. ८५ हजार बराबरको श्रमदान |

## विविध

विविध विषयमा छलफल हुँदा निम्नानुसार गर्ने निर्णय गरियो–

क. यस नगरपालिकाको चालू आ.व. २०८२/०८३ का लागि आन्तरिक बजेट शीर्षकद्वारा व्यहोर्ने गरी भनपा वडा नं. ७ स्थित महेश्वरी खेल मैदानमा प्यारापिट निर्माण कार्य ठेक्का नं. bktmun/NCB/works/09/082/83) गर्न लागत इष्टिमेट बमोजिम रु.२,३३,८२,२०१।५५ स्वीकृत भई गोरखापत्र दैनिकमा मिति २०८२।११।६ गते अनलाइन बोलपत्र आह्वानको सूचना प्रकाशन भएकोमा सो कार्य स्थलमा वर्षायाममा पानीको बहावको उचाई उच्च विन्दुमा पुग्ने र आसपासको क्षेत्रलाई डुबान तथा माटो कटानको सम्भावना भएको गुनासो समेत आएको हुँदा र हाललाई सो निर्माण कार्य आवश्यक नभएको र उचित परामर्श पश्चात मात्र उक्त निर्माण कार्य भावी समयमा सूचारु गर्ने गरी सार्वजनिक खरिद ऐन, २०६३ को दफा २६ बमोजिम सो खरिद कारवाही रद्द गर्ने निर्णय गरियो ।

ख. यस नगरमा सम्पन्न भएको विश्व प्रसिद्ध बिस्का जात्रा अवधिभर सुरक्षा प्रदान गर्नु हुने सुरक्षा समिति तथा सुरक्षाकर्मीहरुलाई खाजा तथा खाना उपलब्ध गराए वापत रु.३५,०००।– पौडेल क्यान्टिनलाई भुक्तानी दिने निर्णय गरियो ।

ग. यस नगरपालिकाद्धारा सञ्चालित ख्वप बहुप्राविधिक अध्ययन संस्थानको प्रशासनिक तथा अन्य खर्चका लागि अनुदान स्वरुप रु. ५०,००,०००।– निकासा दिने निर्णय गरियो ।

# बैठक सङ्ख्या– १०९

## मिति २०८३ वैशाख ३० गते, बुधबार

## निर्णयहरू

## जनप्रतिनिधि वहालको ४ वर्ष

यस नगरपालिकामा जनप्रतिनिधि वहाल भएको ४ वर्ष पुगेको अवसरमा देहाय बमोजिम कार्यक्रम गर्ने निर्णय गरियो–

१. हाडा छें उद्घाटन समारोह

मिति : २०८३।२।६ गते ।

स्थान : मंगलाछें, भनपा ४ ।

२. वर्षको उत्कृष्ट खेलाडी सम्मान कार्यक्रम

मिति : २०८३।२।६ गते ।

स्थान : ख्वप इन्जिनियरिङ कलेज, लिवाली, भक्तपुर ।

## सेवा परिवर्तन कार्यविधि

यस नगरपालिकाको १८ औं नगर सभाबाट स्वीकृत भए बमोजिम सङ्गठन तथा व्यवस्थापन प्रतिवेदन (O&M) अनुसार स्वीकृत दरबन्दीभित्र रही कार्य गरेका दैनिक तथा मासिक ज्यालादारीमा कार्यरत कर्मचारीहरूलाई आ.व. २०८२/०८३ को बजेट वक्तव्य बुंदा नं. ७२ बमोजिम प्रक्रिया पुर्‍याई करार सेवामा परिवर्तन गर्न कार्यविधि निर्माण गर्न देहाय बमोजिम समिति गठन गर्ने निर्णय गरियो । उक्त समितिलाई जेठ ७ गतेभित्र संशोधित कार्यविधि पेश गर्न लगाउने निर्णय गरियो ।

देहाय

संयोजक : हरिराम सुवाल, वडाअध्यक्ष, भनपा ६

सदस्य : प्रशासन शाखा प्रमुख

सदस्य : लेखा शाखा प्रमुख

सदस्य : मुद्दा उपशाखा प्रमुख

## राय सुझाव सङ्कलन

आ.व. २०८३/०८४ बजेट निर्माणको लागि वडा स्तरमा र नगर स्तरमा विभिन्न क्षेत्रबाट राय सुझाव सङ्कलन गर्ने निर्णय गरियो ।

## समितिको निर्णय अनुमोदन

### शिक्षा, स्वास्थ्य तथा संस्कृति समिति

**मिति २०८३।१।२२ गते**

यस नगरपालिकाबाट आयोजना हुने दाफा प्रर्दशनीमा सहभागी हुन इच्छुक समूहहरूले यही २०८३।२।१० गते सम्ममा कार्यालय समयभित्र नगरपालिकाको प्रशासन शाखा, वडा कायालय वा जनज्योति पुस्तकालयमध्ये कुनै एक स्थानमा दर्ता गर्न सक्ने तथा यस सम्बन्धमा गठित व्यवस्थापन समितिबाट पेश भएका नियमहरू स्वीकृत गरी सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

### सुशासन समिति

**मिति २०८३।१।२८ गते**

क. 'भक्तपुर नगरपालिकाको स्थानीय सेवा (कर्मचारी) गठन, सञ्चालन, व्यवस्थापन, सेवा शर्त तथा सुविधा सम्बन्धमा बनेको ऐन, २०८०' को दफा ५४ मा अस्थायी, करार, मासिक ज्यालादारी, दैनिक ज्यालादारी,

सेवा करारमा कार्य गर्ने कर्मचारीको हकमा मासिक तलवको ५ प्रतिशत रकम कट्टा गरी नगरपालिकाको तर्फबाट सोही रकम बराबरको रकम थप गरी नागरिक लगानी कोषमा जम्मा गरिने छ भनी उल्लेख भएकोमा यस नगरपालिकामा अटुट रूपमा ५ वर्ष वा सोभन्दा बढी सेवा पूरा गरेका अस्थायी र करार सेवाका कार्यरत कर्मचारीहरूलाई आ.व. २०८१/०८२ को साउन महिनादेखि उक्त सुविधा उपलब्ध गराउने भनी मिति २०८१।७।२५ गतेको कार्यपालिका बैठकबाट निर्णय भएकोमा आ.व. २०८२/०८३ को बजेट वक्तव्यमा कार्यरत कर्मचारीहरूलाई दिंदै आएको सुविधालाई १० प्रतिशत कर्मचारीको रकम कट्टा गर्ने र १० प्रतिशत नगरपालिकाबाट थप गरी जम्मा गर्ने भनी उल्लेख भए अनुसार मिति २०८३ वैशाख महिनादेखि लागू हुने गरी यस पूर्व नागरिक लगानी कोषमा कट्टी गरिएका ५ वर्ष सेवा अवधि पूरा भएका र अब आइन्दा सेवा अवधि ५ वर्ष पूरा हुने कर्मचारीलाई समेत लागू हुने गरी अस्थायी, करार कर्मचारीहरूको तर्फबाट १० प्रतिशत र सोही बराबरको रकम कार्यालयको तर्फबाट थप गरी नागरिक लगानी कोषमा जम्मा गर्ने निर्णय गरियो।

ख. यस नगरपालिकाका वडाअध्यक्षहरू, वडा सचिवहरू, नगरपालिकाका शाखा प्रमुखहरू १५ जना, कम्प्युटर अपरेटर-१० जना र अन्य ५ जना गरी ५० जनालाई देहायको मिति समय र स्थानमा सञ्चालन हुने AI Readiness for Local Governance कार्यक्रममा सहभागी गराउने तथा सो तालिमका लागि प्राप्त Information care Pvt. को प्रस्ताव स्वीकृत गर्ने निर्णय गरियो-

देहाय

मिति : २०८३।२।१, २ र ३ गते

स्थान : ख्वप कलेज, देकोचा ।

**युवा तथा खेलकुद समिति**

**मिति २०८३।१।२१ गते**

१. भक्तपुर नगरपालिकाको आयोजनामा मिति २०८२ सालमा भक्तपुर जिल्लाबाट विभिन्न खेल प्रतियोगितामा सहभागी भई पदक प्राप्त गर्नु भएका वर्षका उत्कृष्ट पुरुष तथा महिला खेलाडीहरूलाई बधाई तथा अन्तर्राष्ट्रिय प्रतियोगितामा पदक प्राप्त गर्न सफल खेलाडी, रेफ्री, निर्णायक तथा प्रशिक्षक प्रशिक्षण कोर्षमा उत्तीर्ण प्रशिक्षकहरूलाई सम्मान कार्यक्रम निम्न मिति, समय स्थानमा गर्ने निर्णय गरियो-

मिति : २०८३ जेष्ठ ६ गते,

स्थान : ख्वप इन्जिनियरिङ कलेज

२. २०८३ जेष्ठ ६ गते हुने वर्षको उत्कृष्ट पुरुष तथा महिला खेलाडीहरूलाई बधाई तथा अन्तर्राष्ट्रिय प्रतियोगितामा पदक प्राप्त गर्न सफल खेलाडी, रेफ्री, निर्णायक तथा प्रशिक्षक प्रशिक्षण कोर्षमा उत्तीर्ण प्रशिक्षकहरूलाई ट्र्याकसुट १/१ जोर र टिशर्त र ज्याकेत १/१ वटा दिने निर्णय गरियो ।

३. ज्यापु समाज यलको आयोजनामा मिति २०८३ वैशाख २५ र २६ गते हुने प्रथम उपत्यकाव्यापी करांते प्रतियोगिता २०८३ मा यस नगरपालिका अन्तर्गतका करांते प्रशिक्षणका प्रशिक्षार्थीहरूलाई सहभागी गराउने गर्ने निर्णय गरियो ।

**राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम अन्तर्गत स्थानीय कार्यक्रम कार्यान्वयन समिति**

**मिति २०८३।१।२३ गते**

१. महिला, बालबालिका तथा समाजकल्याण समितिबाट सुचारु भई हस्तान्तरित आधारभूत सिलाइ तथा आधारभूत हेयर कटिङ तालिम भ.न.पाको रोजगार सेवा केन्द्र अन्तर्गत राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रमबाट सञ्चालन गर्ने तथा उक्त तालिमका लागि रोजगारी सृजना शीर्षकबाट खर्च गर्ने निर्णय गरियो।

२. रोजगारी सृजनाको लागि प्राप्त जम्मा बजेट रु.९,७२,०००।-सीप विकास तालिमको निम्न अनुसार सीपमूलक तालिममा खर्च गर्ने निर्णय पारित गरियो-

तालिमको विवरण

१. आधारभुत सिलाइ तालिम

२. आधारभुत हेयर कटिङ तालिम

आय तथा खर्च विवरण

नेपाल सरकारबाट हस्तान्तरित अनुदान रकमः रु ४,७२,०००।-

भक्तपुर नगरपालिकाबाट विनियोजित रकमः रु ५,००,०००।-

प्रशिक्षार्थी : ४० जना । दिन : ६५ ।

**भक्तपुर नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

भनपा २, ब्यासी, भक्तपुर

**सहुलियत दरमा कम्पोस्ट मल बिक्रीसम्बन्धी सूचना**

उपरोक्त विषयमा भक्तपुर नगरपालिकाबाट उत्पादित कम्पोस्ट मल २० किलोको प्रतिबोरा रु.३५०।- मा सर्वसाधारणको लागि बिक्री भइरहेकोमा कृषकहरूलाई मध्यनजर गरी सहुलियत दरमा २० किलोको प्रतिबोरा रु.२००।- मा उपलब्ध गराउने भनी निर्णय भएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## निर्माण समिति

### मिति २०८३/०१/२५ गते

| क.सं. | योजनाका विवरण | वडा नं. | बजेट शीर्षक | ल.ई.रकम | रि.ल.ई /कबोल रकम | पेश्की | खर्च रकम | भुक्तानी रकम | मूल्याङ्कन रकम | योजनाको अवस्था | कार्य गर्ने | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **क) ल.ई. स्वीकृति सम्बन्धमा** | | | | | | | | | | | | |
| १ | इन्द्रायणी द्यःछें पुनःनिर्माण कार्य अन्तिम चरण | २ | नपा | ३,८०५,८६१।३६ | | | | | | | | |
| २ | ज्ञानकुञ्जको बाटोमा ग्राभेलिङ्ग कार्य | १ | मर्मत | ४३,७१९।३४ | | | | | | | | |
| ३ | पाइपलाइनमा बाटो मर्मत तथा ढल व्यवस्थापन कार्य | १० | मर्मत | ८७,०९९।०० | | | | | | | | |
| ४ | भार्वाचो ध्वाकादेखि च्याम्हासिंह ध्वाकासम्म सडक बत्ती जडान र मर्मत कार्य | नपा | सम्पदा क्षेत्रमा बत्ती व्यवस्थापन तथा सडक बत्ती जडान र मर्मत | ९८७,३२६।१० | | | | | | | | |
| ५ | शहीद स्मृति खेल मैदानमा फ्लोड लाइट जडान कार्य | २ | सम्पदा क्षेत्रमा बत्ती व्यवस्थापन तथा सडक बत्ती जडान र मर्मत | १८१,१३५।६६ | | | | | | | | |
| ६ | कासनदेखि वकोसम्म खोला सफाइ कार्य | ६ | खोला तथा घाट सुधार | ५६६,०८९।९३ | | | | | | | | |
| ७ | प्रदर्शनी केन्द्र फिनिसिङ कार्य | २ | सांस्कृतिक प्रदर्शनी केन्द्र निर्माण कार्य | ३,६१२,६७२।२८ | | | | | | | | |
| ८ | आदर निकेतन भवनमा वाउण्डरी वाल निर्माण कार्य | ६ | आदर निकेतन पूर्वाधार विकास तथा फर्निचर खरिद | २,३४२,९८१।३३ | | | | | | | | |
| ९ | लिवाली नर्सरी स्थानान्तरण गर्ने कार्य | ८ | वातावरणीय सुधार तथा व्यवस्थापन | ३,६५९,४६९।३४ | | | | | | | | |
| **ख) उपभोक्ता समिति स्वीकृति सम्बन्धमा** | | | | | | | | | | | | |
| १ | आदर निकेतन सञ्चालन गर्न भवन फिनिसिङ, सीसीटीभी जडान तथा फर्निचर बनाउने कार्य | ६ | आदर निकेतन पूर्वाधार विकास तथा फर्निचर खरिद | १,३८२,६५६।७७ | | | उ.स.अ.:श्री कुमार कुम्पाख<br>अ.स.स.:श्री हरिराम सुवाल | | | | | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २ | खंचा पुखू स्वास्थ्य केन्द्र भवनमा वाउण्डरी वाल तथा गेट निर्माण कार्य | ७ | खंचा पुखू स्वास्थ्य केन्द्र भवन निर्माण कार्य (अन्तिम चरण) | २,४३०,०२४।४० | | | उ.स.अ.:श्री कृष्णराम वासी अ.स.स.:श्री हरिरत्न गोर्खाली | | | | | |
| ३ | शहीद स्मृति खेल मैदानमा फ्लोड लाइट जडान कार्य | २ | सम्पदा क्षेत्रमा वत्ती व्यवस्थापन तथा सडक वत्ती जडान र मर्मत | १८१,१३५।६६ | | | उ.स.अ.:श्री गणेशभक्त खर्बुजा अ.स.स.:श्री श्यामसुन्दर मातां | | | | | |
| ४ | १ नं. वडाको विभिन्न स्थानमा सडक वत्ती जडान कार्य | १ | सम्पदा क्षेत्रमा वत्ती व्यवस्थापन तथा सडक वत्ती जडान र मर्मत | ५६६,९१७।६० | | | उ.स.अ.:श्री विकास सुवाल अ.स.स.:श्री श्यामकृष्ण खत्री | | | | | |
| **ग) पेश्की फछ्र्यौट तथा भुक्तानी सम्बन्धमा** | | | | | | | | | | | | |
| १ | तरकारी बजार पूर्वाधार निर्माणको कार्यालय भवन निर्माण (दोस्रो चरण) | ५ | नपा | १,७६९,५८३।५० | | ४६०,०००।०० | १,१५२,५३०।०० | ६९२,५३०।०० | १,३९१,०८९।२३ | सम्पन्न | राजाराम त्वानाबासु | |
| २ | दथुत्वचादेखि नागपोखरीसम्मको ढुङ्गा छपाइ बाटो मर्मत कार्य | १० | सडक बोर्ड नेपाल ' नपा | १,१८४,७९२।७४ | | ३३०,०००।०० | १,०८४,५५०।७२ | ६६९,५५०।७२ | १,२१०,५५०।०० | सम्पन्न | रमेश दुवाल | रु.८५ हजार वरावरको श्रमदान |
| ३ | भनपाका शाखा, उपशाखा, वडा कार्यालयहरूमा विद्युतीय मर्मत सम्भार कार्य (चैत्र महिना) | १-१० | सम्पदा क्षेत्रमा वत्ती व्यवस्थापन तथा सडक वत्ती जडान र मर्मत | ८२,८३२।८० | | | २८,४००।०० (ज्याला) | २८,४००।०० (ज्याला) | ७५,९१७।५२ | सम्पन्न | रामगोपाल वाला | विद्युतीय सामानहरू जिन्सी शाखा र सम्वन्धित वडाहरूवाट प्राप्त भएको |
| ४ | भनपा १ देखि १० सम्म विभिन्न नियमित मर्मत कार्यहरू (चैत महिना) | १-१० | मर्मत | ९९,०१४।९४ | | | ९७,७१०।०० | ९७,७१०।०० | १०६,२७६।१९ | सम्पन्न | राधेश्याम भैनात्व | |

## बोलपत्र मूल्याङ्कन समिति

निर्णय नं. १

| *सि. नं.* | *मालसामानको नाम/ स्पेसिफिकेशन* | *परिमाण* | *स्वीकृत अनुमानित लागत रकम रु.* | | *बोलपत्रदाता: दियो ट्रेड प्रा.लि. भक्तपुर* | | |
|---|---|---|---|---|---|---|---|
| | | | दर | जम्मा | साबिक कबोल अङ्क | हाल संशोधित दर | जम्मा |
| *१,* | **तोकोजाई** | १,००,०००के.जी | ४५।०० | ४५,००,०००।०० | ४५।२० | ४५।०० | ४५,००,०००।०० |
| २, | **ढुटो** (ननस्टिम) | २२,०००के.जी | ५४।४५ | ११,९७,९००।०० | ५४।०० | ५४।०० | ११,८८,०००।०० |
| ३, | **रातोमाटो** | ३,००,०००के.जी | २।३० | ६,९०,०००।०० | ३।३० | २।३० | ६,९०,०००।०० |
| ४, | **सुली** (कोइलर/ लोकल कुखुराको) | २५,०००के.जी. | ६।०० | १,५०,०००।०० | २०।०० | ६।०० | १,५०,०००।०० |
| | **जम्मा :** | | | ६५,३७,९००।०० | | | ६५,२८,०००।०० |

निर्णय नं. २

भक्तपुर नगरपालिकाबाट नगर स्वास्थ्य केन्द्रहरूमा आवश्यक पर्ने औषधीहरू खरिद गर्न मिति २०८२/१२/२४ र २५ गते सिलबन्दी दरभाउपत्र आह्वान सम्बन्धी प्रकाशित सूचना अनुसार म्यादभित्र दर्ता हुन आएका ६ थान दरभाउ पत्रहरूमध्ये न्यूनत्तम अङ्क कबोल गर्ने दरभाउपत्रदाता नयन मेडिको फर्मा, मध्यपुर थिमी, भक्तपुरको कुल अङ्क रु. ६,३०,४०६।१० (अक्षरूपी छ लाख तीस हजार चार सय छ रूपैया दस पैसा) मात्र लागत अनुमान भन्दा ७३.९९% ले घटी हुन आएको हुँदा न्यूनत्तम मूल्याङ्कित सारभूत रूपमा प्रभावकारी भएकोले सो सम्बन्धमा विज्ञ प्राविधिक वरिष्ठ फर्मासिष्ट श्री सूर्यनारायण गाईजूबाट मिति २०८३/०१/२९ मा पेश भएको प्रतिवेदनअनुसार आवश्यक कागजातहरू माग गरी उक्त सिलबन्दी दरभाउ स्वीकृत गर्न सिफारिस गर्ने निर्णय गरियो ।

## विविध

विविध विषयमा छलफल हुँदा निम्नानुसार गर्ने निर्णय गरियो–

क. चालु आ.व. २०८२/८३ का लागि यस नपाबाट सामुदायिक विद्यालयहरूको लागि दिइने अनुदान रकमको विवरण

| क्र.सं. | विद्यालयको नाम | लागत इष्टिमेट तयार गर्नुपर्ने कार्य | नपाबाट छुट्याइएको अनुदान रकम (रु.) |
|---|---|---|---|
| १. | हंशबाहिनी आधारभूत विद्यालय | क) भान्छा कोठा र पानी ट्याङ्की माथिल्लो तलामा व्यवस्था<br>ख) पानी तान्ने पम्प किन्नुपर्ने | १००,०००।०० |
| २. | दत्तात्रय आधारभूत विद्यालय | क) भूमिगत ट्याङ्की र शौचालय निर्माण गर्नुपर्ने | ७००,०००।०० |
| ३ | ब्रम्हचारिणी आधारभूत विद्यालय | क) पानी ट्याङ्की बनाउने<br>ख) कौसीमा जान भऱ्याङ बनाउने | ५००,०००।०० |
| ४ | भीम आदर्श आधारभूत विद्यालय | क) झ्यालमा खापा राख्नुपर्ने<br>ख) कार्पेट फेर्नुपर्ने | ५००,०००।०० |
| ५ | ब्रम्हायणी आधारभूत विद्यालय | क) इसीडीमा कार्पेट फेर्नुपर्ने<br>ख) रंगरोगन गर्नुपर्ने | ३००,०००।०० |
| ६ | समाजसेवा आधारभूत विद्यालय | क) रंगरोगन गर्नुपर्ने | ५००,०००।०० |
| ७ | बालसेवक आधारभूत विद्यालय | क) रंगरोगन गर्नुपर्ने<br>ख) धारा जडान | ३५०,०००।०० |
| ८ | चण्डेश्वरी आधारभूत विद्यालय | क) ३० जोर डेक्सबेञ्च आवश्यक<br>ख) भान्छा, पुस्तकालय व्यवस्था गर्नुपर्ने | ४००,०००।०० |
| ९ | भारती आधारभूत विद्यालय | क) टि.भी. दुई वटा आवश्यक<br>ख) भवन पछाडिको ग्राउण्ड छोप्ने | ५००,०००।०० |
| १० | जनसेवा आधारभूत विद्यालय | क) प्ले स्टेशन बनाउने | ७८२,०००।०० |
| ११ | शारदा आधारभूत विद्यालय | क) प्ले-ग्राउण्ड<br>ख) डेक्स बेञ्च १० वटा आवश्यक | ३००,०००।०० |
| १२ | उदय आधारभूत विद्यालय | क) भवनको अगाडिको पाटा प्लाष्टर गर्नुपर्ने<br>ख) झ्यालमा खापा राख्नुपर्ने | ३००,०००।०० |
| १३ | ज्ञान विजय आधारभूत विद्यालय | क) एउटा कोठामा तेलिया ईंटा छाप्ने | ३००,०००।०० |
| १४ | महेन्द्र आधारभूत विद्यालय | क) प्ले स्टेशन राखेको कोठालाई कक्षा बनाउनुपर्ने | ३,५००,०००।०० |
| १५ | सरस्वती विद्या गृह माध्यमिक विद्यालय | क) डेक्स बेञ्च खरिद कार्य | ४००,०००।०० |
| १६ | वरदायणी आ.वि. | मर्मत संभार/ रङ्गरोगन | ५,००,०००।०० |
| | जम्मा | | ९९,३२,०००।०० |

चालु आ.व. २०८२/८३ का लागि यस नपाबाट सामुदायिक विद्यालयहरूको लागि सेवयम्सेवी शिक्षक शिक्षिकाहरूको लागि चालू खर्चको विवरण

| क्र.सं. | विद्यालयको नाम | चालू खर्च रकम (रु.) |
|---|---|---|
| १ | श्री आधारभूत विद्यालय | २००,०००।०० |
| २ | नवीन आधारभूत विद्यालय | २००,०००।०० |
| ३ | भीम आदर्श आधारभूत विद्यालय | २००,०००।०० |
| ४ | जनसेवा आधारभूत विद्यालय | २००,०००।०० |
| जम्मा | | ८००,०००।०० |

ख. यस भक्तपुर नगरमा सम्पन्न भएको विश्व प्रसिद्ध बिस्का जात्रा अवधिभर डीउटीमा खटिएका नगर प्रहरीहरूलाई खाजा उपलब्ध गराए वापत रु.१५,२००।– होटेल लहनालाई भुक्तानी दिने निर्णय गरियो ।

# बैठक सङ्ख्या– ११०

## मिति २०८३ जेठ ५ गते, मङ्गलबार

## निर्णयहरू

भक्तपुर नगरपालिकाको 'भौतिकपूर्वाधार तथा निर्माण मापदण्ड २०६०, तेश्रो संशोधन' अनुसार भक्तपुर नगरपालिकाबाट भक्तपुर नगरको विश्व सम्पदा क्षेत्र तथा पुरानो नगर क्षेत्रमा परम्परागत शैलीका घर तथा भवन निर्माण गर्न नगरवासीहरूको प्रोत्साहन स्वरूप घर तथा भवन निर्माण गर्ने क्रममा मोहडा तर्फ प्रयोग हुने काठ, इँटा र झिँगटी खरिदको लागि भक्तपुर नगरपालिकाले दिने अनुदान सम्बन्धी कार्यविधि २०७५, अनुसार अनुदान माग निवेदन सम्बन्धमा सम्बन्धित वडा कार्यालयबाट पेश प्रतिवेदन, भ.न.पा. नक्सा उपशाखाको सिफारिसको आधारमा निम्न विवरण अनुसार अनुदान सहयोग दिने निर्णय गरियो–

| क्र.सं. | घरधनीको नाम | निर्माण स्थल (हाल वडा नं.) | निर्माण स्थल (साविक वडा नं.) | कि.नं. | क्षेत्रफल | मूल्याङ्कन रकम रु. | अनुदान रकम रु. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | विजय राम प्रजापति | ४ | १४ | १४५ | ०-५-१-१ | ३,७३२,९७।४२ | ३,००,०००।०० | |
| २ | सन्दिपकुमार जोन्छे | १ | १७ | ३२७ | ०-१-२-० | १,४१,००४।०० | १,४१,००४।०० | |
| ३ | सर्जुमैया अमात्यहाडा र शिव सुन्दर हाडा | ३ | १६ | १७७ र १८० | ०-०-३-२ र ०-१-१-० | १,९६,०२२।५८ | १,९६,०२२।५८ | |
| ४ | बुद्धलक्ष्मी मचामसी | ५ | ८ | ८४२ | ०-१-०-२ | २,३१,८७२।०२ | २,३१,८७२।०२ | |
| ५ | प्रविण सिंह राठौर, सुधिर सिंह राठौर, पुरन्द राठौर | ४ | १४ | ४६३, ४६४, ४६५ | ०-१-०-० ०-१-१-२ ०-०-०-३ | २,९१,३०३।२० | २,९१,३०३।२० | |
| ६ | गीरीगोविन्द सिलाकार | ३ | १६ | ३३० | ०-१-०-३ | ३,०१,३९९।७८ | ३,००,०००।०० | |
| ७ | इन्द्र सिंख्वाल | ४ | १२ | ३९९ | ०-१-२-३ | २,७७,५२७।४९ | २,७७,५२७।४९ | |
| ८ | सुनमाया खाइतु | ५ | ११ | ३५१ | ०-१-३-२ | १,६८,८११।०७ | १,६८,८११।०७ | |
| ९ | रितामैया न्हिसुतु प्रधान | ७ | ७ | १०५४, १०५२ | ०-०-१-३ र ०-४-०-३ | २,०४,५९४।६२ | २,०४,५९४।६२ | |
| | | | | | जम्मा रकम रू. | २१,८,५८३२।१८ | २१,११,१३४।९८ | |

पुनश्च : निवेदकहरूमध्ये निवेदक श्री रमेश कर्माचार्यले भ.न.पा. वडा नं. ७ साविक ७ स्थित कि.नं. १४६ क्षे.फ. ०-२-३-०.५ जग्गामा बनेको घरको लागि अनुदान माग गरिएको सम्बन्धमा निजले स्वीकृत नक्साभन्दा फरक गरी घरको दक्षिण पश्चिमतर्फ कौसीमा फलामे पोल उठाई फाइवर छानामा कोठा एक थप निर्माण भएको प्रतिवेदन पेश भएको हुँदा निजलाई हाललाई अनुदान सहयोग नदिने निर्णय गरियो ।

## समितिको निर्णय अनुमोदन

### नक्सा सूचीकरण समिति

भक्तपुर नगरपालिकाको "साविक मापदण्ड अनुसार निर्माण भएका घर/भवनको नक्सापास हुने र सूचीकरण सम्बन्धी कार्यविधि २०७७" अनुसार नक्सापास हुने र सूचीकरणको लागि पेश भएका नक्सा सम्बन्धमा सम्बन्धित वडाबाट सर्जमिन साथ प्राविधिक प्रतिवेदन पेश भई नक्सा सूचीकरण समितिबाट विभिन्न मितिमा सिफारिससाथ निर्णयार्थ कार्यपालिका वैठकमा पेश भएका निम्न विवरण अनुसार गर्ने निर्णय गरियो–

| क्र.सं. | निवेदकको नाम/थर | निर्माण ठेगाना | कि.नं. | क्षेत्रफल | सूचीकरण समितिको सिफारिस विवरण | सूचिकरण समितिको सिफारिस मिति | कार्यपालिकाको बैठक निर्णय |
|---|---|---|---|---|---|---|---|
| १ | शर्मिला मल्ल | भ.न.पा. वडा नं. हाल १० | ८९८ | ०-२-३-० | पास एवं सूचीकरण समेत नहुने । | २०८३।०१।०८ | पास एवं सूचीकरण समेत नहुने । |
| २ | लक्ष्मीकेशरी गोजा | भ.न.पा. वडा नं. हाल १० | १४२ | ०-२-२-२ | सूचीकरण हुने । | २०८३।०१।०८ | सूचीकरण हुने । |
| ३ | रंजना मल्ल | भ.न.पा. वडा नं. हाल २ | २०५ | ०-३-०-० | पास एवं सूचीकरण समेत नहुने । | २०८३।०१।०८ | पास एवं सूचीकरण समेत नहुने । |
| ४ | मायादेवी अवाल | भ.न.पा. वडा नं. हाल १० साविक वडा नं. ४ | | ०-३-०-० | नक्सा पास हुने । | २०८३।०१।०८ | नक्सा पास हुने । |
| ५ | चनादेवी श्रेष्ठ | भ.न.पा. वडा नं. हाल १० | १७६ | ०-२-३-३ | नक्सा पास हुने । | २०८३।०१।०८ | नक्सापास हुने । |
| ६ | विक्रम लाखे र विकास लाखे | भ.न.पा. वडा नं. हाल ९ | ४६ साविक कि.नं. २९४ | ०-५-२-०.४३ | सूचीकरण हुने । | २०८३।०१।०८ | सूचीकरण हुने । |
| ७ | बुद्धलक्ष्मी दुमरू | भ.न.पा. वडा नं. हाल १० | २०३ | ०-२-२-० | सूचीकरण हुने । | २०८३।०१।२९ | सूचीकरण हुने । |
| ८ | राममाया श्रेष्ठ | भ.न.पा. वडा नं. हाल ९ साविक ३ पुरानो नगर क्षेत्र | २३ | ०-४-१-१ | सूचीकरण हुने । | २०८३।०१।२९ | सूचीकरण हुने । |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ९ | मंगलमाया सिन्ताकल | भ.न.पा. वडा नं. हाल १ साविक वडा नं. १७ | ३७५ | ०-४-२-२ | पास एवं सूचीकरणसमेत नहुने । | २०८३।०१।२९ | पास एवं सूचीकरणसमेत नहुने । |
| १० | हरि कृष्ण प्रजापति | भ.न.पा. वडा नं. हाल ४ साविक १२ | १७३९ | ६०.९३ ब.मी. | सूचीकरण हुने । | २०८३।०१।२९ | सूचीकरण हुने । |
| ११ | रामेश्वरी ठिमी | भ.न.पा. वडा नं. हाल ३ साविक १६ | ४८२ | ०-१-१-१ | सूचीकरण हुने । | २०८३।०१।२९ | सूचीकरण हुने । |
| १२ | लक्ष्मी केशरी दुवाल | भ.न.पा. वडा नं. हाल ६ पुरानो नगर क्षेत्र | ५०६ | ०-०-३-२ | सूचीकरण हुने । | २०८३।०१।२९ | सूचीकरण हुने । |
| १३ | हरि शरण याचा | भ.न.पा. वडा नं. हाल ८ साविक २ | ५३४ | ०-१-३-२ | सूचीकरण हुने । | २०८३।०१।२९ | सूचीकरण हुने । |
| १४ | रत्नगोपाल सिंख्वाल | भ.न.पा. वडा नं. हाल ७ | ४०३ र ४०९ | ०-२-०-२ र ०-१-३-० | पास एवं सूचीकरणसमेत नहुने । | २०८३।०१।३० | पास एवं सूचीकरणसमेत नहुने । |

## निर्माण समिति

**मिति २०८३/२/४ गते**

| क्र. सं. | योजनाका विवरण | वडा नं. | बजेट शीर्षक | ल.ई.रकम | रि.ल.ई./ कबोल रकम | पेश्की | खर्च रकम | भुक्तानी रकम | मूल्याङ्कन रकम | योजना को अवस्था | कार्य गर्ने | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **क) ल.ई. स्वीकृति सम्बन्धमा** | | | | | | | | | | | | |
| १ | लिवाली नर्सरी स्थानान्तरण गर्ने कार्य | ८ | वातावरणीय सुधार तथा व्यवस्थापन | ३,६५९, ४६९।३ ४ | | | | | | | | |
| २ | शित भण्डारण परिसर र खुला चौर व्यवस्थित गर्ने कार्य | ८ | शित भण्डारण गृहको परिसरमा कम्पाउण्ड वाल तथा ट्रान्सफर्मर जडान | २,८३४, ३२६।९४ | | | | | | | | |
| ३ | थथु वही अगाडिको ध्वाका पुन:निर्माण कार्य | १ | थथु वही ध्वाका पुन:निर्माण | २,७४६, ४५९।२ ३ | | | | | | | | |
| ४ | दही विनायक द्य: छैं पुन:निर्माण कार्य | ५ | नपा | ५,३५३,३ ६३।८२ | | | | | | | | |
| **ख) उपभोक्ता समिति स्वीकृति सम्बन्धमा** | | | | | | | | | | | | |
| १ | विर्सु पली पुन:निर्माण कार्य | ६ | नपा | २,१२१, ८८८।७ ९ | | | उ.स.अ.:श्री कृष्णकुमार राजचल<br>अ.स.स. : श्री हरिराम सुवाल | | | | | |
| २ | इन्द्रायणी द्य:छैं पुन:निर्माण कार्य अन्तिम चरण | २ | नपा | ३,८०५, ८६१।३६ | | | उ.स.अ.:श्री विनोद चरण राय<br>अ.स.स.:श्री श्यामसुन्दर मातां | | | | | |
| ३ | भाजु पोखरी प्रवेशद्वार निर्माण कार्य | १ | भाज्या पुखुको दक्षिणतर्फको बाटोमा ढुङ्गा छपाइ | ६८९,७१ २।३१ | | | उ.स.अ. : श्री लुनिश सुवाल<br>अ.स.स. : श्री श्यामकृष्ण खत्री | | | | | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ४ | भेलुखेल पार्किङमा गेट तथा रेन इनलेट निर्माण कार्य | ५ | भेलुखेलमा पार्किङ पूर्वाधार निर्माण | ४३३,८०९।२२ | | | उ.स.अ.:श्री रामप्रसाद फसिकवा अ.स.स.:श्री योगेन्द्रमान बिजुक्छें | | | | | |
| ५ | तुमचो दुगरे आवास क्षेत्रमा रिटेनिङ वाल मर्मत कार्य | ९ | मर्मत | १,४६०,८१९।६८ | | | उ.स.अ.:श्री कृष्णगोपाल छुस्याबाग अ.स.स. : श्री इन्द्रबहादुर प्याठ | | | | | |
| **ग) पेश्की फछ्र्यौट तथाभुक्तानी सम्बन्धमा** | | | | | | | | | | | | |
| १ | दही विनायक द्य: छें निर्माणको लागि उत्खनन कार्य | ५ | नपा | २७५,४५०।९५ | | ८०,००।०० | ८७,५००।०० | ७,५००।०० | ११६,४०७।५३ | सम्पन्न | विवेकमान कर्माचार्य | |
| २ | तालाक्व दंफोमा रहेको पाटी पुन:निर्माण कार्य | ४ | तालाक्व दंफोमा रहेको पाटी पुन:निर्माण र अन्य योजनाको बाँकी भुक्तानी | २,०६५,९३०।३४ | | ६५०,०००।०० | २,०४४,७२७।०० | १,३९४,७२७।०० | २,५३६,४९४।२७ | सम्पन्न | उद्धव प्रजापति | |
| ३ | लिवाली प्लानिङमा ग्राभेलिङ गर्ने कार्य | ८ | सडक बोर्ड नेपाल नपा | १,१८१,१५४।०१ | | ३३०,०००।०० | १,०९८,५९९।८० | ६७०,०९९।८० | १,३१५,२८७।१० | सम्पन्न | लक्ष्मीप्रसाद खाइजु | रु.९८,५००।०० बराबरको श्रमदान |
| ४ | मंगल तीर्थमा सीसीटीभी सर्भिलेन्स जडान कार्य | ३ | सीसी क्यामेरा जडा तथा मर्मत | ९७,४८३।२८ | | | ८६,२१९।०० | ८६,२१९।०० | १०३,५५१।३० | सम्पन्न | अनिता सुवाल (अमानत बाट) | |
| ५ | तारा मा.वि.को भवननिर्माण कार्य | ४ | वागमती प्रदेश समपुरक अनुदान | ल.ई. २,४०,००,०००।०० | कबोल रकम १,४२,११,४२८।५७ | प्रथम रनिङ बिल | ४,०८५,७३२।१० | ४,०८५,७३२।१० | ४,०८५,७३२।१० | आंशिक सम्पन्न | देसेमरू कन्स्ट्रक्सन प्रा.लि.,भक्तपुर | तेस्रो रनिङ्ग बिल रु. १५,८७,६१८।८४ भुक्तानी दिने |
| | | | | | | दोस्रो रनिङ बिल | १,६५०,८१८।३६ | १,६५०,८१८।३६ | १,६५०,८१८।३६ | | | |
| | | | | | | तेस्रो रनिङ बिल | १,५८७,६१८।८४ | १,५८७,६१८।८४ | १,५८७,६१८।८४ | | | |
| | | | | | | **जम्मा** | ७,३२४,१६९।३० | ७,३२४,१६९।३० | ७,३२४,१६९।३० | | | |
| ६ | कयतामरू घाट पुल निर्माण कार्यको लागि माटो परीक्षण कार्य | ४ | परामर्श सेवा | ल.ई. १,८४,५२८।८८ | कबोल रकम १,५०,८५५।०० | | १५०,८५५।०० | १५०,८५५।०० | १५०,८५५।०० | सम्पन्न | प्लानेट टेस्ट प्रा.लि. काठमाडौं | |
| ७ | हनुमानघाटमा पानीपास मर्मत कार्य | ७ | मर्मत | ९९,०९१।०१ | | ३०,०००।०० | ९५,०२५।८० | ६५,०२५।८० | १०८,३१७।१४ | सम्पन्न | विष्णुप्रसाद दुवाल | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ८ | सिलखे फोहोर मैला प्रशोधन केन्द्रमा बाटो मर्मत कार्य | १० | मर्मत | ९९,७९ ४।१४ | | | ९९,० ००।० ० | ९९,०० ०।०० | १००,९२९। ६० | सम्पन्न | राजन दुवाल | |
| ९ | शित भण्डारण गृहको परिसरमा कम्पाउण्ड वाल निर्माण कार्य | ४ | नपा | ५,०५३, ५९५।२६ | प्रथम पेश्की | १,६५० ,०००। ०० | १,८३ ४,२७ ०।०० | १८४,२ ७०।०० | २,०२२,२५ ५।५३ | सम्पन्न | चन्द्रकृष्ण ग्वाछा | दोस्रो पेश्की फछ्र्यौट गरी बाँकी रु. १,०९१ २८।२५ नपाको बैंक खातामा दाखिला भएको । |
| | | | | | दोस्रो पेश्की | ५००, ०००। ०० | ३९०, ८७१। ७५ | | ४४६,०१६। ३५ | | | |
| | | | | | **जम्मा** | **२,१५० ,०००। ००** | **२,२२ ५,१४ १।७५** | **१८४,२ ७०।००** | **२,४६८,२७ १।८८** | | | |
| १० | विद्युतीय मर्मत सम्भार कार्य (वैशाख महिनामा बाराहीस्थान, महेश्वरी, हनुमानघाट, इतापाके, लिवाली र भनपा भवन) | १० | सम्पदा क्षेत्रमा बत्ती व्यवस्थापन तथा सडक बत्ती जडान र मर्मत | ३११,८४ ८।७१ | | | २९,६ ००।० ० | २९,६० ०।०० | २८०,२३९। १९ | सम्पन्न | राजन दुवाल | |

**भक्तपुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**

| | | (क) चालु रकमान्तर | | | | २०८२ वैसाख ३१ सम्मको प्रगति | प्रगति प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| | | **थप्नुपर्ने शीर्षक** | *बजेट* | *थपबजेट* | *रकमान्तरपछिको बजेट* | | |
| १ | २११३२ | कर्मचारी सहुलियत (खाजा, महँगी) | ६०,००,००० | १०,००,००० | ७०,००,००० | ५५,४३,००० | ९२।३८ |
| २ | २११३२ | सफाइ कर्मचारी सहुलियत (खाजा, महँगी) | ५०,००,००० | १०,००,००० | ६०,००,००० | ४७,०४,७९८ | ९४।१० |
| ३ | २२४११ | परामर्श तथा अन्य सेवा शुल्क कानूनी सल्लाहकार र लेखापरिक्षक समेत | १०,००,००० | **२,५०,०००** | १२,५०,००० | ९,८४,१४० | ९८।४१ |

| | | **घटाउने शीर्षक** | *बजेट* | *घटाईएको बजेट* | *रकमान्तरपछिको बजेट* | | |
|---|---|---|---|---|---|---|---|
| १ | २११३२ | पर्यटन कर्मचारी सहुलियत (खाजा, महँगी) | ३०,००,००० | १०,००,००० | २०,००,००० | १५,२६,००० | ५०।८७ |
| २ | २११३५ | कर्मचारी प्रोत्साहन तथा पुरस्कार | ७०,००,००० | १०,००,००० | ६०,००,००० | ४०,७८,१९८ | ५८।२६ |
| ३ | २२११२ | सञ्चार महसुल (टेलिफोन) | २५,००,००० | **२,५०,०००** | २२,५०,००० | ६,३०,६८४ | २५।२३ |

## विविध

**विविध विषयमा छलफल हुँदा निम्नानुसार गर्ने निर्णय गरियो–**

**अरनिको सभा भवन निर्माण समितिको निर्णय अनुसार भक्तपुर नगरपालिका वडा नं. ६, देकोचास्थित कि.नं. २१५७ को जग्गा (भक्तपुर नगरपालिकाको नाममा दर्ता कायम भएको जग्गा २६५९५.०५ व.मि. अर्थात् ५२-४-१-२.८४ मध्ये अरनिको सभा भवन निर्माणको लागि छुट्याइएको जग्गा १३७०५.५० व.मि. र कि.नं. २३२८ को जग्गा (देको मिवा इतापाकेको नाममा दर्ता भएको) जग्गा २५३.५३ व.मी. समेत गरी जम्मा १३९५९.०३ व.मि. जग्गामा निर्माण हुने अरनिको सभा भवन गुरु योजनाका सम्पूर्ण संरचनाहरूको लागि माथि उल्लेखित कित्ताहरूको जग्गामा उल्लेखित अरनिको सभा भवनको नाममा भवनहरूको नक्सापास गर्न मञ्जुरी दिने निर्णय गरियो ।**

भक्तपुर नगरपालिका गतिविधि

भक्तपुर नगरपालिका गतिविधि

# सिद्धपोखरीमा डकर्मी सङ्घ र स्थानीयहरूबाट श्रमदान







सिद्धपोखरी पुनर्निर्माण तथा मर्मत कार्यमा नेपाल क्रान्तिकारी डकर्मी सङ्घ र स्थानीयहरूले जेठ २१ गते श्रमदान गरेका छन् ।



श्रमदान कार्यक्रममा सहभागी डकर्मी र स्थानीयहरूलाई उत्साह प्रदान गर्दै भक्तपुर नगरपालिकाका नगर प्रमुख सुनिल प्रजापतिले निरीक्षण गर्नुभयो ।

## श्रमदानको लागि अनुरोध



भ.न.पा.को आर्थिक लगानीमा भक्तपुर नगरपालिका वडा नं. १ दुधपाटीस्थित ऐतिहासिक एवम् साँस्कृतिक महत्वको सिद्धपोखरी जीर्णोद्धार भइरहेको व्यहोरा सम्पूर्णमा जानकारीको लागि अनुरोध गरिन्छ । अतः उक्त जीर्णोद्धार कार्यमा श्रमदान गर्न ईच्छुक महानुभावहरु, स्थानीय बासिन्दाहरु, टिमक्लब, दाफाभजन समूह, गुठी समूह, संघसंस्थालगायत सम्पूर्णलाई सम्बन्धित उपभोक्ता समितिमा सम्पर्क गरी हाम्रो गौरवका सम्पदा संरक्षण कार्यमा स्वेच्छिक श्रमदानको लागि हार्दिक आह्वान गरिन्छ ।

*सिद्धपोखरी पेटी पुनःनिर्माण उपभोक्ता समिति*

*सम्पर्क*

**श्री कृष्ण बहादुर दगुजु**
**अध्यक्ष, सिद्धपोखरी पेटी पुनःनिर्माण उपभोक्ता समिति**
**सम्पर्क नं. : ९८४१५९०३२९**

# विश्व वातावरण दिवसको अवसरमा सिद्धपोखरीमा सफाइ



विश्व वातावरण दिवस (जुन ५) को अवसरमा भक्तपुर नगरपालिकाको आयोजनामा जेठ २२ गते ऐतिहासिक सिद्धपोखरी परिसरमा सरसफाइ कार्यक्रम सम्पन्न भयो।

नगरको सम्पदा संरक्षण र वातावरणीय स्वच्छतालाई प्राथमिकता दिँदै आयोजना गरिएको उक्त कार्यक्रममा उपप्रमुख, जनप्रतिनिधिहरू, नगर कार्यपालिकाका कर्मचारीहरू, छिकोङ समूह, विद्यार्थीहरूको उत्साहजनक सहभागिता रहेको थियो।

भक्तपुर नगरपालिकाले हरेक वर्ष वातावरण दिवसमात्र नभई नियमित रूपमा पनि नगरका ऐतिहासिक सांस्कृतिक, र प्राकृतिक सम्पदाहरूको पाक्षिक रूपमा सरसफाइ कार्यक्रम आयोजना गर्दै आएको छ।

## केही झलक







# एसईई उत्तीर्ण खेलाडीलाई सम्मान तथा मार्गनिर्देशन



भक्तपुर नगरपालिकाको आयोजनामा विभिन्न ६ वटा खेलकुद प्रशिक्षणमा सहभागी भई एसईई २०८२ मा उत्तीर्ण भएका ४० जना खेलाडीलाई सम्मान तथा बधाई ज्ञापन कार्यक्रम जेठ २४ गते सम्पन्न भयो।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले सहभागी खेलाडीहरूलाई आगामी शैक्षिक तथा खेलकुद यात्राका लागि शुभकामना दिँदै अध्ययन र खेलकुदलाई सँगसँगै अगाडि बढाउन प्रेरित गर्नुभयो।

नगर प्रमुख प्रजापतिले खेल र शिक्षालाई सँगसँगै अगाडि बढाउन समय व्यवस्थापनमा विशेष ध्यान दिन आग्रह गर्नुभयो।

उहाँले खेलकुदले अनुशासन, नेतृत्व र आत्मविश्वास विकास गर्ने भएकाले अध्ययनसँगै खेलकुदमा पनि निरन्तर लाग्नुपर्ने बताउनुभयो। साथै, प्राप्त ज्ञानलाई व्यवहारमा उतार्दै जिम्मेवार र व्यावहारिक नागरिक बन्न विद्यार्थीहरूलाई प्रेरित गर्नुभयो।

प्रमुख प्रजापतिले विश्व परिवेशमा साना तथा कमजोर राष्ट्रहरूले आफ्नो सार्वभौमिकतामा विभिन्न चुनौतीहरूको सामना गरिरहेको उल्लेख गर्दै राष्ट्रियता, स्वाभिमान र देशप्रेमको भावना बलियो बनाउनुपर्ने बताउनुभयो।

उहाँले देशको सीमा, राष्ट्रिय हित र सार्वभौमिकताको

संरक्षण केवल राज्यको मात्र नभई सचेत नागरिकको पनि दायित्व भएको धारणा राख्दै प्रधानमन्त्रीले प्रतिनिधिसभामा सीमासम्बन्धी अभिव्यक्ति दिँदै नेपालले पनि भारतको सिमाना मिचेको अभिव्यक्तिले नेपालको सार्वभौमिकता तथा कूटनीतिक अडानलाई कमजोर बनाउन सक्ने बताउनुभयो।

सहज र सजिलो बाटो रोज्नेभन्दा चुनौतीपूर्ण कार्यलाई आत्मसात् गर्ने व्यक्ति नै जीवनमा अगाडि बढ्ने बताउँदै उहाँले एसईईपछि कुन विषय अध्ययन गर्ने र भविष्यमा के बन्ने भन्ने स्पष्ट लक्ष्य निर्धारण गर्न विद्यार्थीहरूलाई आग्रह गर्नुभयो।

भक्तपुर नगरपालिका वडा नं. १ का वडाध्यक्ष एवम् युवा तथा खेलकुद समितिका संयोजक **श्यामकृष्ण खत्री**ले खेलकुदले युवापुस्तालाई अनुशासित, स्वस्थ र जिम्मेवार नागरिक बनाउन महत्त्वपूर्ण भूमिका खेल्ने बताउँदै नयाँ पुस्तालाई सही दिशातर्फ मार्गदर्शन गर्न खेलकुद गतिविधिमा जोडिन आवश्यक रहेको उल्लेख गर्नुभयो।

उहाँले खेलकुदलाई सर्वसाधारणको पहुँचमा पुऱ्याउन स्थानीय तहले आवश्यक पूर्वाधार विकास, प्रशिक्षण तथा प्रोत्साहनका कार्यक्रमलाई निरन्तरता दिनुपर्ने धारणा राख्नुभयो।

कार्यक्रममा प्रशिक्षक **विनोदचरण राय**ले विद्यार्थी जीवनमा शिक्षा र खेलकुदलाई सँगसँगै अघि बढाउनुपर्नेमा जोड दिँदै उहाले 'पढ्नेले खेल्नुपर्छ, खेल्नेले पढ्नुपर्छ' भन्ने अवधारणाले नै समग्र व्यक्तित्व विकास सम्भव हुने बताउनुभयो।

उहाँले नेपालका ७५३ स्थानीय तहमध्ये खेलकुद क्षेत्रलाई विशेष प्राथमिकता दिँदै योजनाबद्ध रूपमा लगानी र पूर्वाधार विकास गर्ने स्थानीय तहका रूपमा भक्तपुर नगरपालिका परिचित रहेको उल्लेख गर्नुभयो ।

नगर प्रमुख प्रजापतिले एसईई २०८२ मा उत्तीर्ण खेलाडी विद्यार्थीहरूलाई फूलमाला लगाई सम्मान गर्नुभयो।

# दसदिने उद्घोषक तालिम सम्पन्न




भक्तपुर नगरपालिका वडा नं. ८ को आयोजनामा सञ्चालित १० दिने उद्घोषक (पब्लिक स्पिकिङ) तालिम सफलतापूर्वक सम्पन्न भयो।

जेठ २६ गते आयोजित समापन कार्यक्रममा भक्तपुर नगरपालिकाका नगर प्रमुख **सुनिल प्रजापति**ले राम्रो वक्ता बन्नका लागि सफल र असल व्यक्तिहरूको अध्ययन गर्नुपर्ने तथा निरन्तर अभ्यास अपरिहार्य रहेको बताउनुभयो। उहाँले कुनै पनि व्यक्ति एकैचोटि सफल नहुने उल्लेख गर्दै निरन्तर प्रयास, लगनशीलता र आत्मविश्वासले मात्र सफलता हासिल गर्न सकिने धारणा राख्नुभयो।

'यो तालिम एउटा दबु मात्र हो। अबको लक्ष्य र गन्तव्य सहभागीहरूले आफैं निर्धारण गर्नुपर्छ,' उहाँले भन्नुभयो।

उहाले वक्ता बन्नका लागि अध्ययन, अनुसन्धान र विषयवस्तुको गहिरो जानकारी आवश्यक पर्ने बताउँदै ज्ञान र सीपको संयोजनबाट मात्र प्रभावकारी वक्तृत्वकला विकास हुने उल्लेख गर्नुभयो।

नगर प्रमुख प्रजापतिले भक्तपुरमा भएका राम्रा कामहरूको प्रचार-प्रसार स्थानीय नागरिक र युवाहरूले नै गर्नुपर्ने बताउनुभयो।

नगरपालिकाले शिक्षाको विकासका लागि कलेज सञ्चालन गरी दक्ष जनशक्ति उत्पादनमा योगदान पुऱ्याएको उल्लेख गर्दै युवापुस्तालाई अगाडि बढाउन पठन संस्कृतिको विकासमा विशेष जोड दिइएको बताउनुभयो।

यसै सन्दर्भमा उहाँले पठन संस्कृति बिकासको लागि जनज्योति पुस्तकालय सञ्चालनमा ल्याइएको जानकारी दिँदै त्यहाँ आधुनिक ई-लाइब्रेरीको समेत व्यवस्था गरिएको बताउनुभयो। पुस्तकालय र ई-लाइब्रेरीले युवाहरूलाई अध्ययन, अनुसन्धान तथा ज्ञान अभिवृद्धिमा महत्त्वपूर्ण सहयोग पुऱ्याइरहेको उहाँको भनाइ थियो।

समसामयिक विषयमा धारणा राख्दै नगर प्रमुख सुनिल प्रजापतिले केवल युवा व्यक्ति प्रधानमन्त्री वा नेतृत्वमा पुगेकै आधारमा सबै काम राम्रो हुन्छ भन्ने नठान्नुपर्ने बताउनुभयो। उहाँले नेतृत्वमा पुगेपछि जिम्मेवारी, जवाफदेहिता, अनुशासन र राष्ट्रप्रतिको प्रतिबद्धता सबैभन्दा महत्त्वपूर्ण हुने उल्लेख गर्नुभयो।

उहाँले संसदमा नियमित उपस्थिति नजनाउने, जनताप्रति जवाफदेही नहुने तथा अनुशासनहीन गतिविधि देखिने प्रवृत्तिप्रति चिन्ता व्यक्त गर्नुभयो।

साथै, राष्ट्रहितविपरीत अभिव्यक्ति र गतिविधिले देशको अन्तर्राष्ट्रिय छवि तथा राष्ट्रिय हितमा नकारात्मक असर पार्न सक्ने भएकाले सार्वजनिक पदमा रहेका व्यक्तिहरू

जिम्मेवार र संवेदनशील हुनुपर्ने धारणा उहाँले व्यक्त गर्नुभयो ।

कार्यक्रमका सभापति तथा वडा नं. ८ का वडा अध्यक्ष **कृष्णप्रसाद कोजु**ले उद्घोषक तथा पब्लिक स्पिकिङ तालिमले सहभागीहरूको आत्मविश्वास अभिवृद्धि गर्न महत्त्वपूर्ण भूमिका खेलेको बताउनुभयो । उहाँले प्रभावकारी सञ्चार कला आजको आवश्यकता भएको उल्लेख गर्दै सार्वजनिक रूपमा आफ्ना विचार स्पष्ट र व्यवस्थित ढङ्गले प्रस्तुत गर्न सक्ने क्षमता विकासका लागि यस्ता तालिम उपयोगी हुने बताउनुभयो ।



कार्यक्रममा पूर्व वडाअध्यक्ष **महेन्द्र खायमली**, वडा सदस्य **रामसुन्दर बासी** र तालिमका प्रशिक्षक **किरण सुवाल**ले तालिमको महत्त्व र आवश्यकता तथा सहभागीहरूको नियमित उपस्थिति र अनुशासनको प्रशंसा गर्दै बोल्ने कला हरेक व्यक्तिका लागि आवश्यक सीप भएको बताउनुभयो ।

तालिमका सहभागी **वैविक लक्ष्मी बाला, अञ्जली श्रेष्ठ, रिजा कपाली, राजल जकिबन्जार, प्रनिशा दुवाल** र **वर्णना सुवाल**लगायतले तालिम अत्यन्त उपलब्धिमूलक रहेको अनुभव सुनाए । उनीहरूले तालिमबाट उद्घोषण कला, प्रस्तुतीकरण सीप, शुद्ध उच्चारण तथा आत्मविश्वासका साथ बोल्ने क्षमता विकास भएको बताए ।

कार्यक्रमका प्रमुख अतिथि नगर प्रमुख सुनिल प्रजापतिले तालिम सफलतापूर्वक सम्पन्न गरेका ४० जना प्रशिक्षार्थीहरूलाई प्रमाणपत्र वितरण गर्नुभयो ।

# देशको जिम्मेवार व्यक्तिले देश नै नरहने खालको अभिव्यक्ति दिन नहुने

भक्तपुर नगरपालिका ७ नं. वडा कार्यालयको आयोजनामा फुटसल प्रतियोगिताका उपविजेता खेलाडीहरूलाई



बधाई ज्ञापन कार्यक्रम जेठ २९ गते सम्पन्न भयो ।

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको प्रमुख आतिथ्यमा भएको बधाई ज्ञापन कार्यक्रममा खेलाडीहरूलाई बधाईका साथै मायाको चिनो पनि वितरण भएको थियो ।

कार्यक्रममा प्रमुख अतिथि **प्रजापति**ले पछिल्लो समयमा भक्तपुरका टीम क्लब र खेलाडी निस्क्रिय भयो भन्ने भनाइ गलत रहेको बताउनुभयो ।

युवा भनेको देशको भविष्य भएको हुँदा भोलिको समाज आजका युवाको हातमा रहेको र देशको जिम्मेवार व्यक्तिले देश नै नरहने खालको अभिव्यक्ति दिन नहुने विचार व्यक्त गर्नुभयो ।

उहाँले पुर्खाको योगदानलाई बिर्सन नहुने र सदा स्मरण गर्नुपर्ने बताउनुभयो ।

भक्तपुर नगरपालिकाबाट बिहान र बेलुका गरी नियमित ६ वटा खेलको प्रशिक्षण भइरहेको बताउँदै पालिकाले उच्च शिक्षा अध्ययनले लागि छात्रवृत्ति र ऋण उपलब्ध गराउँदै आएको बताउनुभयो ।

भक्तपुर युवा टीमका संस्थापक अध्यक्ष **विश्वराम कवाँ**ले खेलाडीहरूले कहिले पनि देशको शिर निहुराउने काम गर्न नहुने विचार व्यक्त गर्दै खेलाडीहरू देशको सम्पत्ति भएको बताउनुभयो ।

समाजसेवी **कृष्णगोविन्द खाइजू**ले खेल आफ्नै परिधिभित्र बसेर खेल्ने भएकोले खेलाडीहरू हरपल अनुशासित हुनुपर्ने बताउनुभयो ।

भक्तपुर नगरपालिका ७ नं. वडाका वडा अध्यक्ष **उकेश कवां**को समापतित्वमा भएको बधाई ज्ञापन कार्यक्रममा वडा सदस्य **हरिरत्न गोर्खाली, रञ्जना त्वाती**, भक्तपुर युवा टीमका अध्यक्ष **केशब त्वानाबासु**, सचिव **रामेश्वर मचामसी**, सदस्य **संजिव कवां**, खेलाडी **रूजल कवां**ले पनि प्रतियोगिता र प्रतियोगिताको अनुभवबारे आआफ्नो विचार व्यक्त गर्नुभएको थियो ।

# सरकार संविधानको पालक र जवाफदेही बन्नुपर्ने



भक्तपुर नपा २ वडा युवा तथा खेलकुद समितिको आयोजनामा वडाका खेलाडीहरूको भेटघाट तथा सम्मान कार्यक्रम भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको प्रमुख आतिथ्यमा जेठ ३१ गते सम्पन्न भयो ।

कार्यक्रममा प्रमुख **प्रजापति**ले खेलाडीहरू त्याग, तपस्या, धैर्य र इमानदारीले नै सफल हुने बताउनुभयो । उहाँले गल्तीबाट पाठ सिकेर पुनः त्यस्ता गल्तीहरू नदोहोऱ्याउने र खेलकुदका नयाँ नयाँ नियमसम्बन्धी अपडेट भएको हुनुपर्ने बताउनुभयो । खेलकुदमा खेलाडीहरूले नयाँ पुस्ता तयार गर्नुपर्ने बताउँदै कति खेलाडीहरू तयार हुँदै छन् र आफूले बनाउँदै छु भन्ने कुरा ख्याल गर्नुपर्ने उहाँले बताउनुभयो । युवा उमेरले होइन विचारले हुने औँल्याउँदै उहाँले नयाँ विचार र सिद्धान्तनिष्ठ मानिस देशको लागि आवश्यक रहेको बताउनुभयो । जवाफदेही, संविधान र कानुनको पालना गर्ने सरकार नै जनताको असल शासक हुने उहाँले बताउनुभयो । विदेशी शक्तिको सेवा गर्ने प्रतिस्पर्धाले नेपालमा धेरै लेण्डुपहरू भइसकेको बताउँदै उहाँले जनता सजग हुनुपर्ने स्पष्ट पार्नुभयो ।

नगर खेलकुद समितिका पूर्वसंयोजक **रवीन्द्र खर्बुजा**ले गलत नेतृत्वले सम्पूर्ण समाज र क्षेत्रलाई नै पछाडि धकेल्ने भएकोले खेलाडीहरू त्यस्ता गलत उद्देश्य प्राप्तिको लागि जान सक्ने सम्भावनालाई कम गर्न राजनीतिक रूपमा सचेत हुनुपर्ने औँल्याउनुभयो । विभिन्न समयमा खेल कूटनीतिले ठुला ठुला युद्ध भएको स्मरण गर्दै खेलकुद र खेलाडीको भूमिका अहम् रहेको उहाँले बताउनुभयो ।

भक्तपुर नगरपालिका २ वडाका वडा अध्यक्ष **हरिप्रसाद बासुकला**ले नेतृत्वको महत्त्वबारे चर्चा गर्दै त्यसले खेल्ने भूमिकाले जुनसुकै क्षेत्रमा सफलता हासिल गर्न सक्ने बताउनुभयो । नगरपालिकाबाट सञ्चालित देको मिबा इतापाके जग्गा एकीकरणको खोला मापदण्डसम्बन्धी गलत हल्ला फैलाइरहेकोले सत्यतथ्य जानकारी वडा र आयोजनाबाट दिइरहेको बताउनुभयो ।

नेपाल मजदुर किसान पार्टी २ वडा एकाइ समितिका प्रतिनिधि **गणेशप्रसाद सुवाल**ले खेल सँगसँगै पढाइलाई पनि निरन्तरता दिन सके जुनसुकै क्षेत्रमा प्रतिस्पर्धा गर्न सक्ने बताउनुभयो । सफा राजनीतिले मात्र सम्पूर्ण समाजलाई माथि उठाउन सक्ने भएकोले खेलाडीहरू सही राजनीति चिन्न अध्ययन गर्नुपर्ने बताउनुभयो ।

जिल्ला भलिबल सङ्घका अध्यक्ष **विनोदचरण राय**ले खेलाडीहरू प्रारम्भिक रूपमा वडा, नगरपालिका, अञ्चल, प्रदेश हुँदै देशकै प्रतिनिधि भएर अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्न सक्षम हुनुपर्ने बताउँदै साहसी, दुःख पीडा सहन सक्ने, पसिना चुहाउन तत्पर आँटिलो व्यक्ति नै देशको जर्सी लगाउन सफल हुने बताउनुभयो । जेनजीको आडमा बनेको अहिलेको सरकारले खेलकुदमा बजेट घटाउनु र एउटा खेललाई मात्र अगाडि बढाउन खोज्नु युवाको भावनाविपरीत भएको उहाँले बताउनुभयो ।

भलिबलका अन्तर्राष्ट्रिय रेफ्री **गौतम लासिवा**ले जुनसुकै क्षेत्रमा पक्षपात हुने भएकाले खेलाडीहरू त्यस्ता पक्षपात, हेलाहोचोविरुद्ध आवाज उठाउन राजनीतिक र सैद्धान्तिक ज्ञान हुनुपर्ने बताउनुभयो ।

टेबुलटेनिसका मुख्य प्रशिक्षक **मोहनदास बासुकला**ले खेलाडीको मुख्य जग स्थानीय वडा भएकोले जग बलियो बनाउन खेलाडी र सरोकारवालाहरू अग्रसर हुनुपर्ने बताउनुभयो ।

२ वडा युवा तथा खेलकुद समितिका अध्यक्ष **पुण्यराम स्वंगमिखा**को सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा वडाबाट प्रतिनिधि भई खेलकुदमा सहभागी खेलाडीहरूलाई प्रमुख अतिथिबाट सम्मान गरिएको थियो । सम्मानित हुनेहरूमा देशव्यापी अन्तर वडा टेबुलटेनिस प्रतियोगितामा कास्य पदक जित्न सफल वडाका खेलाडीहरू, महिला शारीरिक सुगठनमा धर्मश्री पदक विजेता तारा सुवाल र भक्तपुर नगरव्यापी वडाकप फुटसल प्रतियोगितामा सेमीफाइनलसम्म सफल खेलाडीहरू भएको जानकारी समितिका उपाध्यक्ष अजेन्द्रकुमार लघुले दिनुभयो ।

# सैनिक महाविद्यालयबाट श्रमदान

सैनिक आवासीय महाविद्यालयका शिक्षक विद्यार्थीहरूले सिद्धपोखरीमा जेठ ३१ गते श्रमदान गर्दै ।





## बक्सिङ खेलाडीहरूलाई शुभकामना तथा मार्गनिर्देशन



वाग्मती प्रदेश खेलकुद विकास परिषद्, वाग्मती प्रदेशद्वारा आयोजित हुने तेस्रो वाग्मती प्रदेश खेलकुद प्रतियोगिताअन्तर्गत बक्सिङ प्रतियोगितामा सहभागी खेलाडीहरूलाई भक्तपुर नगरपालिकाका नगर प्रमुख सुनिल प्रजापतिले असार १ गते शुभकामना दिँदै मार्गनिर्देशन गर्नुभयो।

उहाँले खेलाडीहरूलाई अनुशासन, आत्मविश्वास र खेलभावनासहित प्रतियोगितामा उत्कृष्ट प्रदर्शन गर्न प्रेरित गर्दै भक्तपुरको गौरव उच्च राख्न आग्रह गर्नुभयो। नगर प्रमुख प्रजापतिले खेलकुदले व्यक्तित्व विकास, स्वास्थ्य प्रवर्द्धन तथा राष्ट्रको पहिचान स्थापित गर्न महत्त्वपूर्ण भूमिका खेल्ने भएकाले खेलाडीहरूले आफ्नो क्षमता र मिहिनेतको उत्कृष्ट प्रदर्शन गर्नुपर्ने बताउनुभयो।

## साङ्केतिक भाषा तालिम प्रारम्भ



भक्तपुर नगरपालिकाको आयोजनामा तीन महिने साङ्केतिक भाषा तालिम असार १ गतेदेखि सुरु भएको छ। तालिमको उद्घाटन भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले गर्नुभएको हो।

उद्घाटन कार्यक्रममा नगर प्रमुख **प्रजापति**ले अपाङ्गता भएका व्यक्तिहरूसँगको सञ्चारलाई प्रभावकारी र सहज बनाउन साङ्केतिक भाषा तालिम सञ्चालन गरिएको बताउनुभयो। उहाँले ख्वप अस्पताल, नगरपालिकाका विभिन्न शाखा, वडा कार्यालयका कर्मचारी तथा अभिभावकहरूको सहभागितामा तालिम सञ्चालन गरिएको जानकारी दिनुभयो।

नगर प्रमुख प्रजापतिले नगरपालिकाले अपाङ्गता भएका व्यक्तिहरूको अधिकार, पहुँच र सहभागिता अभिवृद्धिका लागि विभिन्न कार्यक्रम तथा तालिम सञ्चालन गर्दै आएको उल्लेख गर्दै साङ्केतिक भाषाको प्रयोगलाई प्रोत्साहन गर्ने उद्देश्यले यो तालिम आयोजना गरिएको बताउनुभयो।

कार्यक्रममा भक्तपुर बहिरा सङ्घका अध्यक्ष **जयराम पकानेवार**ले नगरपालिकाले आयोजना गरेको तालिम समावेशी समाज निर्माणका लागि महत्त्वपूर्ण कदम भएको बताउनुभयो। उहाँले आधारभूत तहको तालिमसँगै आगामी दिनमा उन्नत (एड्भान्स) साङ्केतिक भाषा तालिमसमेत सञ्चालन गर्न आवश्यक रहेको धारणा राख्नुभयो।

तालिममा सहभागीहरूलाई साङ्केतिक भाषाका आधारभूत सीप तथा बहिरा समुदायसँग प्रभावकारी सञ्चार गर्न आवश्यक ज्ञान प्रदान गरिने जनाइएको छ।

कार्यक्रममा बहिरा सङ्घको तर्फबाट **टिकाराम लामिछाने**ले सहजीकरण गर्नुभएको थियो भने भक्तपुर नगरपालिकाका तालिमका सहजकर्ता **श्रीराम कासिछ्वा**ले पनि बोल्नुभएको थियो।

# चिनियाँ तथा जापानी भाषा तालिमका प्रशिक्षार्थीहरूको अभिमुखीकरण




भक्तपुर नगरपालिकाको आयोजनामा सञ्चालन हुन लागेको चार महिने चिनियाँ तथा जापानी भाषा तालिमका प्रशिक्षार्थीहरूको अभिमुखीकरण कार्यक्रम असार ३ गते भयो। उक्त कार्यक्रममा तालिमका प्रशिक्षार्थीहरूलाई तालिमको उद्देश्य, महत्त्व तथा भावी अवसरबारे जानकारी गराइएको थियो।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले नगरपालिकाले केही समयअघि साङ्केतिक भाषा तालिमसमेत सञ्चालन गरेको उल्लेख गर्दै जनताका आवश्यकता र समस्यालाई सम्बोधन गर्ने क्रममा विभिन्न सीपमूलक तथा व्यावसायिक तालिमहरू सञ्चालन गर्दै आएको बताउनुभयो।

विदेशी पर्यटकलाई भक्तपुरको कला, संस्कृति र सम्पदासँग जोडिराख्न भाषा तालिम महत्त्वपूर्ण रहेको उहाँको भनाइ थियो।

उहाँले युवाहरूलाई सक्षम र आत्मनिर्भर बनाउने उद्देश्यले प्रत्येक युवाले कम्तीमा चार वटा भाषा सिक्न सक्ने वातावरण सिर्जना गर्नुपर्ने धारणा राख्नुभयो। भाषा ज्ञानले रोजगारी, व्यापार-व्यवसाय, शैक्षिक अवसर तथा सांस्कृतिक अनुभव आदानप्रदानमा सहजता ल्याउने बताउँदै दुई देशबीचका साहित्य, संस्कृति र विभिन्न विषयका पुस्तकहरू अनुवाद गर्नसमेत भाषा ज्ञान उपयोगी हुने उल्लेख गर्नुभयो। साथै भविष्यमा दक्ष भाषा प्रशिक्षक उत्पादन गर्ने लक्ष्यका साथ तालिम सञ्चालन गरिएको जानकारी दिनुभयो।

कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत **बसन्त भट्टराई**ले भक्तपुर नगरपालिकाले १०० वर्षपछिको भक्तपुरको परिकल्पनालाई मूर्तरूप दिन नगरवासीलाई विभिन्न विदेशी भाषा तालिम सञ्चालन गर्दै आएको बताउनुभयो। उहाँले विदेशी पर्यटकलाई सहज सेवा प्रदान गर्ने, उच्च शिक्षाका अवसर विस्तार गर्ने तथा रोजगारीका सम्भावना बढाउने उद्देश्यले भाषा तालिम सञ्चालन गरिएको स्पष्ट पार्नुभयो।

कार्यक्रममा चिनियाँ भाषा प्रशिक्षक **विनय हाडा**ले विदेशी भाषा सिक्नुको महत्त्वबारे प्रकाश पार्दै भाषा सिकेर सम्बन्धित देशको कला, संस्कृति, राजनीति तथा जीवनशैलीबारे बुझ्न सकिने बताउनुभयो। भाषा ज्ञानले दुई देशबीचको सम्बन्धलाई अझ सुदृढ बनाउन सहयोग पुग्ने उहाँको भनाइ थियो।

जापानी भाषा प्रशिक्षक **सीताराम सिवञ्जार**ले तालिममार्फत प्रशिक्षार्थीहरूलाई जापानी भाषा बोल्न सिकाइने र जापानी पर्यटकलाई प्रभावकारी रूपमा मार्गदर्शन गर्न सक्ने



क्षमता विकास गरिने जानकारी दिनुभयो।

तालिम सहजकर्ता **दिपेन्द्र प्रजापति**ले प्रशिक्षार्थीहरूलाई तालिमको उद्देश्य, सञ्चालन प्रक्रिया, कक्षा व्यवस्थापन तथा आवश्यक जानकारी प्रदान गर्दै चार महिने चिनियाँ तथा जापानी भाषा तालिम असार ७ गतेदेखि सुरु हुने, तालिम प्रत्येक दिन बेलुका ५:३० बजेदेखि ७:०० बजेसम्म ख्वप इन्जिनियरिङ कलेजमा सञ्चालन गरिने जानकारी गराउनुभयो।

# गणेश माविबाट श्रमदान





गणेश मावि, भार्वाच्वका शिक्षक र विद्यार्थीहरूबाट असार ५ गते सिद्धपोखरी जीर्णोद्धारमा श्रमदान गरेको छ।

# भक्तपुर क्यान्सर अस्पतालका कर्मचारीहरूले नगर प्रमुख प्रजापतिलाई ज्ञापनपत्र बुझाए



भक्तपुर, असार ८ गते। भक्तपुर क्यान्सर अस्पतालको कर्मचारी सेवाको शर्त तथा सुविधासम्बन्धी विनियमावली तत्काल पारित गराउन आवश्यक पहलका लागि अनुरोध गर्दै अस्पतालका चिकित्सक, नर्स, पारामेडिक्स तथा कर्मचारीहरूको एक प्रतिनिधिमण्डलले असार ८ गते भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिलाई भेट गऱ्यो।

विनियमावलीको अभावमा लामो समयदेखि कार्यरत कर्मचारीहरूको सेवा सुविधा तथा वृत्ति विकासमा नकारात्मक प्रभाव परेको उल्लेख गर्दै कर्मचारीहरूले लिखित ज्ञापन पत्र बुझाउँदै अस्पताल सञ्चालन तथा व्यवस्थापन समिति र कर्मचारीहरूको अथक प्रयासबाट तयार पारिएको उक्त विनियमावली कसैको स्वार्थवश व्यवस्थापन समितिबाट पारित गराउन अवरोध सिर्जना भएकोमा दुःख व्यक्त गरे। अस्पतालमा कार्यरत कर्मचारीहरूको भावनाबमोजिम तयार गरिएको विनियमावली लोकसेवा आयोग र अर्थ मन्त्रालयबाट समेत सिफारिस भई स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयमा स्वीकृत गराउन अस्पताल सञ्चालन तथा व्यवस्थापन समितिबाट पारित गराउनुपर्नेमा एक महिना नाघिसक्दासमेत कार्यकारी निर्देशकले बेवास्ता गरेको कर्मचारीहरूको भनाइ छ।

ज्ञापन पत्रमा उल्लेख छ, 'अस्पतालप्रति सधैँ माया गर्ने इमानदार कर्मचारीहरूको अथक प्रयासपछि बनेको विनियमावली लोकसेवा र अर्थ मन्त्रालयको सिफारिससहित स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयबाट अस्पताल विकास समितिबाट स्वीकृतार्थ २०८३।२।६ गते अस्पतालमा पेश भएकोमा हालसम्म पनि विकास समितिबाट मन्त्रालयमा स्वीकृतिका लागि पठाउन नसक्नु गैर जिम्मेवार एवं लाजमर्दो कुरा हो।'

अस्पतालका कार्यकारी निर्देशक डा. उज्ज्वल चालिसेले आफ्नो नातेदार र भनसुनका आधारमा ३० जनाभन्दा बढी कर्मचारीहरूलाई नियुक्त गरेको अवस्थामा र सार्वजनिक खरिद नियमावली विपरित कार्य गर्ने अभिप्रायले विनियमावली स्वीकृत नगर्ने बहानाबाजी गर्दै आएकोमा आक्रोश व्यक्त गर्दै ज्ञापन पत्रमा उक्त विनियमावली तत्काल समितिमार्फत पारित गराई स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयमा प्रेषित गर्न नगर प्रमुखलाई अनुरोध गरिएको छ।

विसं २०५१ सालमा क्यान्सर केयर युनिटको रूपमा स्थापित उक्त अस्पतालमा गैरसरकारी संस्थामार्फत व्यापक अनियमितता भएपछि त्यसको विरोधमा कार्यरत कर्मचारीहरूले आन्दोलन गरी स्थानीय जनता र भक्तपुर नगरपालिकाको सहयोगमा नेपाल सरकारबाट भक्तपुर क्यान्सर अस्पताल सञ्चालन गठन आदेश जारी गरी विसं २०७७ कार्तिक २३ गते पूर्ण सरकारी स्वामित्वमा गएको हो। उक्त अस्पतालले हाल दैनिक सयौँको सङ्ख्यामा देशभरिका क्यान्सर रोगका बिरामीहरूको उपचार सेवा प्रदान गर्दै आएको छ। अस्पतालमा लिनायक मेसिन, ब्राकिथेरापी, मोडुलार अपरेशन थियटरलगायत अत्याधुनिक प्रविधिबाट बिरामीको उपचार भइरहेको छ। गरिब तथा विपन्न परिवारका रोगीहरूलाई सहज ढङ्गबाट उपचार सेवा प्रदान गर्दै आएको उक्त अस्पताल क्यान्सर उपचारका लागि कम शुल्कमा उपचार सेवा देशकै उत्कृष्ट विशिष्टकृत अस्पतालमध्येमा पर्छ।

कर्मचारीहरूको प्रतिनिधिमण्डलले नगर प्रमुखबाट अस्पतालको विकास तथा कर्मचारीहरूको वृत्ति विकासमा सकारात्मक सुधारका लागि पहल हुने विश्वास व्यक्त गरेको थियो।

# अपाङ्गता भएका व्यक्तिहरूलाई झुल वितरण

भक्तपुर नगरपालिकाको आयोजनामा भक्तपुर नगरक्षेत्रभित्रका अपाङ्गता भएका व्यक्तिहरूलाई झुल वितरण



कार्यक्रम असार १४ गते सम्पन्न भएको छ ।

कार्यक्रममा उपप्रमुख एवं अपाङ्गता भएका व्यक्तिहरूको परिचयपत्र वितरण सम्बन्धी अस्थायी समन्वय समितिका संयोजक **रजनी जोशी**ले संविधानले प्रत्याभूत गरेका अधिकारअनुसार नगरभित्रका अपाङ्गता भएका व्यक्तिहरूको स्वास्थ्य तथा आवश्यकतालाई ध्यानमा राख्दै नगरपालिकाले अपाङ्गता सहायक सामग्री वितरण गरिँदै आएको बताउनुभयो । केन्द्र तथा प्रदेश सरकारबाट प्राप्त बजेट घट्दै गए पनि भक्तपुर नगरपालिकाले आफ्नै स्रोतबाट बजेट व्यवस्थापन गर्दै अपाङ्गता दिवसका अवसरमा विविध कार्यक्रम, खेलकुद, स्वास्थ्य शिविर तथा सर्वोत्तम पिठो वितरणजस्ता कार्यक्रम सञ्चालन गर्दै आएको उहाँले जानकारी दिनुभयो । साथै उहाँले पछिल्लो समय अटिजमको समस्या बढ्दै गएको भन्दै यसतर्फ विशेष ध्यान दिनुपर्ने आवश्यकता औँल्याउनुभयो ।

कार्यक्रममा स्वागत मन्तव्य राख्दै समितिका सदस्य एवं वडा नं. १ का वडा अध्यक्ष **श्यामकृष्ण खत्री**ले वडाको सिफारिस तथा मागका आधारमा सहायक सामग्री वितरण गर्दै आएको चर्चा गर्नुहुँदै नगरपालिकाले अपाङ्गता सम्बन्धी कार्यक्रमलाई वार्षिक कार्यक्रममा समावेश गरेको, साङ्केतिक भाषा तालिम सञ्चालन तथा संविधानले सुनिश्चित गरेका अधिकार कार्यान्वयनका लागि निरन्तर काम गरिरहेको जानकारी दिनुभयो ।

अतिथि डा. **रत्नसुन्दर लासिवा**ले वर्षायाममा डेंगु लगायत लामखुट्टेबाट सर्ने रोगको जोखिम बढ्ने भएकाले समयमै सचेत हुनुपर्ने बताउनुभयो । उहाँले अनावश्यक रसायनको प्रयोगबाट सावधानी अपनाउन, लामखुट्टेको लार्भा नष्ट गर्ने अभियानमा सहभागी हुन तथा रोग नियन्त्रणका लागि पूर्वतयारी गर्नुपर्नेमा जोड दिनुभयो ।

कार्यक्रमका अतिथि तथा अपाङ्गता भएका व्यक्तिहरूको परिचयपत्र वितरण सम्बन्धी अस्थायी समन्वय समितिका सदस्य **हिमालयश्वरलाल मूल**ले अपाङ्गता भएका व्यक्तिहरूले वडा कार्यालयसँग नियमित समन्वय गर्नुपर्ने तथा समितिको भूमिका परिचयपत्र वितरणमा मात्र सीमित नभई उनीहरूको जीवनयापन सहज बनाउन पनि केन्द्रित हुनुपर्ने बताउनुभयो ।

उक्त कार्यक्रममा कार्यपालिका सदस्य **रोशनमैया सुवाल**ले बोल्नुभएको थियो ।



कार्यक्रममा उपप्रमुख रजनी जोशीले अपाङ्गता भएका व्यक्तिहरूलाई झुल हस्तान्तरण गर्नुभएको थियो ।

# डिजिटल मार्केटिङसम्बन्धी एक महिने तालिम सुरु




भक्तपुर नगरपालिका ९ नं. वडा कार्यालयको आयोजनामा वडावासी युवा विद्यार्थीहरूका लागि डिजिटल मार्केटिङसम्बन्धी एक महिने तालिम असार १४ गतेदेखि सुरु भयो । नगर प्रमुख सुनिल प्रजापतिले एक समारोहबीच तालिमको समुद्घाटन गर्नुभयो ।

कार्यक्रममा प्रमुख **प्रजापति**ले सूचना प्रविधिको विकासले संसार नै गाउँजस्तो बनिरहेको अवस्थामा संसारभरिका युवाहरूसँग भक्तपुरका युवाहरूले अध्ययन, पेसा, खेलकुद लगायत सबै क्षेत्रमा प्रतिस्पर्धी बन्न सक्नुपर्नेमा जोड दिनुभयो । उहाँले व्यक्तिगत स्वार्थपूर्तिका लागि नभई समाज र देशको हितको लागि सूचना प्रविधिको सदुपयोग गर्न निर्देशन दिँदै ऊर्जा उत्पादनको उद्देश्यले आणविक शक्तिको आविष्कार गरेका वैज्ञानिकहरू साम्राज्यवादी देशहरूले हिरोसिमा र नागासाकी ध्वस्त पार्न एटम बम खसाल्दा पश्चाताप व्यक्त गरेको बताउनुभयो । उहाँले भन्नुभयो, 'सामाजिक सञ्जाल

र डिजिटल सूचना प्रविधिको उपयोग गर्दा आचारसंहिताको पालना गर्नुपर्ने र गलत नियतलाई अपराध मानिन्छ।



वडाध्यक्ष **रविन्द्र ज्याख्व**ले भक्तपुर नगरपालिकाले युवालक्षित गतिविधिलाई निरन्तरता दिने क्रममा समयको माग र युवा पुस्ताको आकर्षण रहेको डिजिटल मार्केटिङको तालिम सञ्चालन गरेको बताउनुभयो।

कार्यपालिका सदस्य **छोरीमैया सुजखू**ले वडावासी युवा विद्यार्थीहरूको व्यक्तित्व विकास र अध्ययनसँगै सीप प्रदान गर्ने उद्देश्यले तालिम सञ्चालन गरेको प्रस्ट पार्दै सीपको उपयोग गर्न सबैमा अनुरोध गर्नुभयो।

प्रशिक्षक **अनिल पाउँ**ले डिजिटल मार्केटिङको तालिमको पाठ्यक्रमबारे जानकारी दिँदै सैद्धान्तिकभन्दा व्यवहारिक पक्षलाई जोड दिएको उल्लेख गर्नुभयो।

कार्यक्रममा वडाका कर्मचारी **मीरा बासुकला**ले पनि बोल्नुभयो।

# भक्तपुर नपा पूर्णखोप सुनिश्चितता तथा दिगोपना घोषणा



भक्तपुर नगरपालिकालाई पूर्ण खोप सुनिश्चितता तथा दिगोपना नगरपालिका घोषणा गरिएको छ। भक्तपुर नगरपालिकाका नगर प्रमुख सुनिल प्रजापतिले भक्तपुर नगरपालिकालाई पूर्ण खोप सुनिश्चितता तथा दिगोपना घोषणा गर्दै असार १६ गते प्रतिबद्धतामा हस्ताक्षर गर्नुभयो।

राष्ट्रिय खोप कार्यक्रमअनुसार भक्तपुर नगरपालिकाका १० वटै वडाहरूमा वडास्तरीय पूर्ण खोप घोषणा भइसकेको र नगरपालिका स्वास्थ्य शाखाबाट कुनै पनि बालबालिका खोपबाट छुट बच्चा नभेटिएकोले भक्तपुर नपाका १६ देखि २३ महिनाभित्रका बालबालिकाहरू पूर्ण खोपयुक्त भएकोले भक्तपुर नपालाई पूर्ण खोप सुनिश्चितता तथा दिगोपना घोषणा गरिएको हो।

घोषणा कार्यक्रममा भक्तपुर नपाका प्रमुख **सुनिल प्रजापति**ले प्रत्येक बालबालिकाले समयमै नियमित खोप पाउने वातावरण सुनिश्चित गर्न जनप्रतिनिधि, स्वास्थ्यकर्मी, महिला स्वास्थ्य स्वयंसेविका तथा अभिभावक सबैको सक्रिय सहकार्य आवश्यक रहेको उल्लेख गर्नुभयो।

उहाँले एक जना पनि बालबालिका खोपबाट छुट्न नहुने उल्लेख गर्दै नगरभित्र बसोबास गर्ने सबै लक्षित बालबालिकालाई अनिवार्य रूपमा पूर्ण खोप उपलब्ध गराउनु सबैको साझा दायित्व भएको बताउनुभयो।

नगर प्रमुख प्रजापतिले भक्तपुर नपाले १०० शय्याको ख्वप अस्पताल सञ्चालन गरी नागरिकलाई गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गरिरहेको बताउँदै भक्तपुरलाई स्वास्थ्य सेवाको केन्द्रका रूपमा विकास गर्ने लक्ष्यसहित नगरपालिका अघि बढिरहेको उल्लेख गर्दै यस अभियानलाई सफल बनाउन सबै पक्षको निरन्तर सहयोग आवश्यक रहेको बताउनुभयो।

उपप्रमुख **रजनी जोशी**ले रोग लागेपछि उपचार गर्नुभन्दा रोग नै लाग्न नदिनु स्वास्थ्य सेवाको मूल मान्यता भएको बताउँदै खोप कार्यक्रमको महत्त्व अत्यन्त ठूलो रहेको उल्लेख गर्नुभयो। स्वस्थ र शिक्षित नागरिक नै समृद्ध समाज तथा राष्ट्र विकासको आधार भएकाले सबै बालबालिकाले समयमै पूर्ण खोप प्राप्त गर्नुपर्नेमा उहाँले जोड दिनुभयो।

भक्तपुर नपाका प्रमुख प्रशासकीय अधिकृत **बसन्त भट्टराई**ले पूर्ण खोप सुनिश्चिततासहित स्वास्थ्य सेवाको दिगोपनाका लागि केही महत्त्वपूर्ण पक्षमा विशेष ध्यान दिन आवश्यक रहेको बताउँदै खोप कार्यक्रमलाई थप प्रभावकारी बनाउन नियमित अनुगमन, सिकाइ तथा सेवा सुधारमा जोड दिनुपर्ने बताउनुभयो।

जिल्ला जनस्वास्थ्य कार्यालय भक्तपुरका प्रमुख **अन्जना खड्का**ले पूर्ण खोप सुनिश्चितता अभियान सफल बनाउन योगदान पुऱ्याउने सबैप्रति धन्यवाद व्यक्त गर्दै आगामी दिनमा पनि सबै बालबालिकालाई नियमित खोप सेवाको पहुँचमा ल्याउन समन्वयात्मक रूपमा काम गरिने प्रतिबद्धता व्यक्त गर्नुभयो।

भक्तपुर नगरपालिका स्वास्थ्य शाखा प्रमुख डा. **रत्नसुन्दर लासिवा**ले पूर्ण खोप सुनिश्चितता विभिन्न सङ्क्रामक रोगबाट बालबालिकालाई जोगाउने प्रभावकारी माध्यम भएको बताउँदै अभियानले खोपबाट छुटेका बालबालिकासमेत पहिचान गरी खोप लगाउने अवसर प्रदान गरेको बताउनुभयो ।

कार्यक्रममा भक्तपुर नपाका खोप फोकल पर्सन **कमलकेशरी राजचल**ले पूर्ण खोप सुनिश्चितताको वर्तमान अवस्था, खोप कार्यक्रमको प्रगति, खोपको पहुँच तथा उपलब्धिसम्बन्धी तथ्याङ्क प्रस्तुत गर्नुभयो ।



कार्यक्रममा जिल्ला जनस्वास्थ्य कार्यालय भक्तपुरका प्रमुख अन्जना खड्काले नगर प्रमुख सुनिल प्रजापतिलाई पूर्ण खोप सुनिश्चितता तथा दिगोपना प्रमाणपत्र हस्तान्तरण गर्नुभयो ।

त्यसैगरी नगर प्रमुख प्रजापतिले जिल्ला जनस्वास्थ्य कार्यालय भक्तपुरलाई मायाको चिनोस्वरूप भक्तपुरको मौलिक कला झल्कने मयूरको झ्याल प्रदान गर्नुभयो ।

कार्यक्रममा भक्तपुर नपा वडा नं. ९ का वडाध्यक्ष **रविन्द्र ज्याख्व**ले पनि बोल्नुभएको थियो ।

## भक्तपुर नपाको अनुगमन

## रासायनिक मल बिक्रेता सहकारीहरूको अनुगमन

भक्तपुर नगरपालिकाद्वारा गठित कृषि समितिले नेपाल सरकारबाट अनुदानप्राप्त रासायनिक मल बिक्री-वितरण गरिरहेका सहकारी संस्थाहरूको जेठ ३१ र असार १ गते अनुगमन गरेको छ ।

कृषि समितिका संयोजक राजकृष्ण गोराको नेतृत्वमा



समितिका सदस्यहरू लक्ष्मीप्रसाद ह्यौमिखा, न्हुछेराम कोजु, कृष्णलाल किसी, इन्द्रबहादुर प्याठ र कृषि अधिकृत रवि ख्याजुको सहभागितामा जेठ ३१ गते र असार १ गते भक्तपुर नगरपालिकाभित्र सञ्चालित १५ वटा मल बिक्रेता सहकारीहरूको स्थलगत अनुगमन गरिएको हो ।

अनुगमनका क्रममा सहकारीहरूसँग रहेको मलको मौज्दात, वितरणको अवस्था, किसानले मल प्राप्त गरेको विवरण तथा सहकारीहरूले सरकारी मापदण्डअनुसार मल वितरण गरिरहेका छन् वा छैनन् भन्ने विषयमा रुजु गरिएको थियो ।

अनुगमनको मुख्य उद्देश्य वास्तविक किसानले तोकिएको परिमाणमा रासायनिक मल प्राप्त गरेको सुनिश्चित गर्नु, मल वितरण प्रक्रियालाई पारदर्शी बनाउनु, कालोबजारी, मिसावट तथा तोकिएको मूल्यभन्दा बढी शुल्क लिने जस्ता अनुचित गतिविधि नियन्त्रण गर्नु तथा सहकारीहरूसँग रहेको मौज्दात र वितरणसम्बन्धी तथ्याङ्क अद्यावधिक गर्नु रहेको कृषि समितिले जनाएको छ ।

अनुगमन टोलीले सहकारीका सञ्चालक तथा जिम्मेवार पदाधिकारीहरूलाई मल वितरणमा कुनै पनि प्रकारको भेदभाव नगर्न, तोकिएको मूल्यभन्दा बढी रकम नलिन, मल लुकाएर कृत्रिम अभाव सिर्जना नगर्न तथा कालोबजारीजस्ता गतिविधिमा संलग्न नहुन निर्देशन दिएको छ ।

कृषि समितिले किसानहरूको सहज पहुँच सुनिश्चित गर्दै कृषि उत्पादन वृद्धि गर्न मलको निष्पक्ष, पारदर्शी र व्यवस्थित वितरणमा विशेष ध्यान दिन सहकारीहरूलाई आग्रह गरेको छ ।

# शैक्षिक गतिविधि

## 'फौजदारी कानुन र न्याय' विषयक दोस्रो राष्ट्रिय सम्मेलन




भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप कलेज अफ लको आयोजनामा 'फोजदारी कानुन र न्याय' विषयक दोस्रो राष्ट्रिय सम्मेलन जेठ २३ गते सम्पन्न भयो ।

उक्त कार्यक्रमको उद्घाटन नेपाल मजदुर किसान पार्टीका सचिव प्रेम सुवालले गर्नुभएको थियो ।

कार्यक्रममा सचिव **सुवाल**ले उत्पादनका मुख्य मुख्य साधन र सेवा सामाजिकीकरण हुने राजनीतिक व्यवस्थामा अपराध घट्दै जाने स्पष्ट पार्दै भन्नुभयो, 'मानव समाजको विकासको सिलसिला अध्ययन गर्दा राज्यको उत्पत्ति कमजोरवर्गलाई दमन गर्न भएको पुष्टि हुन्छ । वर्गीय समाजमा राज्य संयन्त्रले कामदार वर्गविरूद्ध नीतिगत र कानुनी रूपमा अपराध गरिरहेको हुन्छ । दार्शनिकहरूले अपराधमुक्त, करमुक्त र सबै प्रकारका भेदभावमुक्त सुसंस्कृत समाजमा राज्यसत्तासमेत अन्त्य हुने स्पष्ट गर्नुभएको छ ।'



उहाँले भन्नुभयो, 'पैतीस वर्षयता सरकारमा गएका दलहरू सडकमा हुँदा 'भारतले नेपाली सीमा मिचेको हुँदा खुट्टा नकमाइकन भारतसँग वार्ता गर्नुपर्ने' उपदेश दिन्थ्यो भने सरकारमा पुगेपछि तिनीहरू कूटनीतिक पहल गर्नुपर्ने भनी आत्मसपर्णवादी कुतर्क राख्छन् । सरकार प्रमुखले हालै संसद्मा नेपालले भारतको सीमा मिचेको छ भन्नु यस्तै देशविरोधी सिलसिला हो ।'

इलामको पशुपतिनगरदेखि सिराहाको तिलाठी र लालापट्टि, नवलपरासीको सुस्ता, कञ्चनपुरको दोधारा चाँदनी, दार्चुलाको लिपुलेक, कालापानी र लिम्पियाधुरासम्मको नेपाली भूमि भारतले मिचेको विरोधमा नेपाल मजदुर किसान पार्टीले सडक र संसद्मा आवाज उठाउँदै आएको चर्चा गर्दै सचिव सुवालले नेपालको भूमि अतिक्रमण हुने गरी भारतले एकतर्फी बनाएको नेपाल–भारत सीमा नक्सा खारेज गर्नु जरूरी छ भन्नुभयो ।

भदौ २३ र २४ गतेको शान्तिपूर्ण आन्दोलनमा नेपाल प्रहरीको झूटो सामाजिक सञ्जाल, ठेगाना प्रयोग गरी विद्यालय पोशाक र झोलासहित उपस्थित भए विद्यार्थीलाई प्रहरीद्वारा गोली नहानिने र पेट्रोल बमसहित आन्दोलनमा आउन आह्वान गर्नेहरू कसरी अपराधमुक्त होलान् भन्दै उहाँले प्रश्न गर्नुभयो, 'भदौ २३ गते निहत्था जनताको हत्या गर्ने र भदौ २४ गते देशभरि झैं आगजनी गर्नेहरूलाई फागुन २१ गतेको निर्वाचनमा उम्मेदवार हुन नदिई जेल पठाउनुपर्ने किन होइन ?'

सचिव सुवालले भन्नुभयो, 'राष्ट्रिय मानव अधिकार आयोग र कार्की आयोगको बयानमा सरोकारवालाले भदौ २४ गते संसद् भवन, सिंहदरबार, सर्वोच्च अदालतलगायत आगजनी हुनुमा नेपाली सेनाको पनि कमजोरी भएको उल्लेख छ । विश्लेषक अनिल गिरीले 'माउन्टेन टीभी'मा 'एकलाख सेनामध्ये असी हजार परिचालन गरी एउटा व्यक्तिलाई प्रधानमन्त्री बनाउने सेनापतिले भदौ २४ गते सिंहदरबार जलाइँदा ननिभाएको' भनी प्रश्न उठाउनुभएको छ । विश्लेषक प्रतीक प्रधानले ४० वर्षयता काठमाडौँमा बनेका ९० प्रतिशत घर भ्रष्टाचारीहरूको भएको र भदौ २३ र २४ गते उपद्रव गर्ने जेन्जी भनिएकाहरू उनीहरूकै छोराछोरी भएको बताउनुभएको थियो ।'

उहाँले भन्नुभयो, 'सरकारले विदेशीसँग खबौँ रुपैयाँ ऋण ल्याएर कर्मचारीको तलब २१ प्रतिशतसम्म बढाएको नेपालको अर्थतन्त्रमा अर्को आगजनी किन होइन ?

दार्शनिकहरूले महिलालाई शिक्षा दिनु परिवर्तन भित्रको परिवर्तन हुने बताएको भन्दै यसलाई मनन गरी राजनीतिक, आर्थिक, सामाजिक क्षेत्रमा भइरहेको अपराध घटाउन यो दोस्रो राष्ट्रिय सम्मेलनले महत्त्वपूर्ण सुझाव दिने अपेक्षा गर्दछु ।'

कार्यक्रमका सभापति, कलेज सञ्चालक समितिका अध्यक्ष एवं भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले सर्वसाधारण जनतालाई कम शुल्कमा गुणस्तरीय उच्च शिक्षा प्रदान गर्ने उद्देश्यले भक्तपुर नगरपालिकाले ७ वटा कलेजहरू सञ्चालन गरिरहेको र हाल ती कलेजहरूमा देशभरिका ७ हजार ५ सयभन्दा बढी विद्यार्थी अध्ययनरत रहेको जानकारी दिनुभयो ।



हरेक क्षेत्रमा चाहिने विशेषज्ञहरू तयार गर्ने लक्ष्यसहित ती कलेजहरूले अध्ययन अनुसन्धानलाई जोड दिँदै राष्ट्रिय र अन्तर्राष्ट्रिय सम्मेलन गरिरहेको र आजको कार्यक्रम त्यसैको निरन्तरता रहेको प्रमुख प्रजापतिले बताउनुभयो ।

कानुनमा जस्तोसुकै व्यवस्था गरिए पनि यदि पीडितहरूले न्याय नपाए त्यस्तो कानुनको अर्थ नरहने स्पष्ट पार्दै प्रमुख प्रजापतिले पीडितलाई न्याय दिलाउन प्रहरी प्रशासन र न्यायपालिकाको भूमिका महत्त्वपूर्ण हुने उल्लेख गर्नुभयो ।

हिरासतमा रहेका कैदीलाई मानसिक र शारीरिक यातना दिन नहुने संवैधानिक र कानुनी मान्यताविपरीत 'भक्तपुर काण्ड' मा नेपाल मजदुर किसान पार्टीका कार्यकर्ताहरूलाई अमानवीय यातना दिएको र नेमकिपालाई नष्ट गर्ने बद्नियतसहित पार्टी अध्यक्ष नारायणमान बिजुक्छेँलगायत पार्टीका कार्यकर्ताहरूलाई झूटा ज्यान मुद्दा लगाई प्रहरी प्रशासनद्वारा तयार गरिएको कागजमा जबजरस्ती सही गर्न बाध्य पारेको उहाँले स्मरण गर्नुभयो ।

न्यायको दृष्टिमा सबै समान हुने भएकोले सरकारमा बसेकालाई छुट र सरकार बाहिर बसेकालाई दण्ड दिन नमिल्ने स्पष्ट पार्दै प्रमुख प्रजापतिले न्याय निष्पक्ष नभएसम्म कानुनको अर्थ नरहने भएकोले कानुनभन्दा माथि कोही नहुने बहस कानुनका विद्यार्थीहरूले चलाउनु जरुरी भएको र विद्यार्थीले समस्यामात्र होइन समाधान पनि देखाउनु आवश्यक छ भन्नुभयो ।

कानुन बमोजिम जेलमा हुनुपर्ने अपराधीहरू खुलेआम हिँडिरहने र पीडितहरू डराइ डराई बाँच्नुपर्ने स्थितिको अन्त्य हुनुपर्ने र न्याय गरेको जस्तो नभई न्याय पाएको अनुभूति दिलाउनुपर्नेमा प्रमुख प्रजापतिले जोड दिनुभयो ।

फौजदारी कानुनका विज्ञ प्रा.डा. **रंजितभक्त प्रधानाङ्ग**ले शिक्षा क्षेत्रमा भक्तपुर नपाद्वारा सञ्चालित कलेजहरूले अग्रणी भूमिका खेलिरहेको बताउनुभयो ।



कानुनका धेरै विषयहरूमा अध्ययन अनुसन्धान गर्न धेरै बाँकी भएको चर्चा गर्दै उहाँले सम्मेलनको निचोडले राष्ट्रिय रूपमै योगदान गर्ने अपेक्षा व्यक्त गर्नुभयो ।

कानुनी विषयको अनुसन्धानको नाममा राष्ट्रिय र अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूले गरिरहेको भूमिका चित्तबुझ्दो नभएको उहाँले बताउनुभयो ।

नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य एवं वाग्मती प्रदेशसभा सदस्य **सृजना सैंजू**ले आधा आकाश ढाकिएका महिलाको संसार अँध्यारो रहेसम्म समाजमा परिवर्तन हुननसक्ने अध्यक्ष माओको भनाइ स्मरण गर्दै न्यायिक समानता र समाज परिवर्तनको लागि हरेक क्षेत्रमा महिलाको अग्रसरता हुनु जरुरी छ भन्नुभयो ।



समाजवादी व्यवस्थाले महिला स्वतन्त्रताको प्रत्याभूति गर्ने स्पष्ट पार्दै उहाँले महिला अगाडि बढेको समाजमात्र न्यायिक समानता र समृद्धि सम्भव छ भन्नुभयो ।

छोरीलाई पढाएर योग्य बनाउनुपर्छ भन्दै दसकौं अगाडि शैक्षिक अभियान चलाएको नतिजा भक्तपुर आज शैक्षिक गन्तव्यको रूपमा विकास हुनुमा नेमकिपाको योगदान महत्त्वपूर्ण रहेको स्पष्ट पार्नुभयो ।



कलेज सञ्चालक समितिका उपाध्यक्ष, भक्तपुर नगरपालिकाका उपप्रमुख एवं भक्तपुर नगरपालिका न्यायिक समितिका अध्यक्ष **रजनी जोशी**ले कानुनी सचेतता एवं जनपक्षीय कानुन निर्माणको पक्षमा सम्मेलनको निचोडले महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने अपेक्षा व्यक्त गर्नुभयो ।

देशको लागि आवश्यक जनशक्ति हामी आफैं तयार गर्छौं भन्ने लक्ष्यसहित भक्तपुर नपाद्वारा ७ वटा कलेजहरू सञ्चालन भइरहेको उपप्रमुख जोशीले उल्लेख गर्नुभयो ।



सम्मेलनका 'कि नोट स्पिकर' वरिष्ठ प्रहरी उपरीक्षक **रञ्जु सिग्देल**ले महिलाले अपराध गर्न सक्दैन, यदि गरेमा त्यो महिला नै हुन नसक्ने भन्ने मानसिकतामा परिवर्तन हुँदै आएको र ५ वर्षको अवधिमा

महिला अपराधीको सङ्ख्या ५ प्रतिशतबाट १० प्रतिशत पुगेको बताउनुभयो ।

बैङ्किङ कसुर, लागूपदार्थ, चोरी, जुवा, आतङ्कवादजस्ता आपराधिक क्रियाकलापमा महिलाको सहभागिता रहेको चर्चा गर्दै उहाँले पीडा सहन नसकी महिलाबाट जघन्य अपराधसमेत हुने उल्लेख गर्नुभयो ।

'शोषण र उत्पीडन सहन नसकी बाध्य भई गरेको जघन्य अपराधलाई कसरी सम्बोधन गर्ने ?' भन्ने छलफलको विषय भएको उहाँले उल्लेख गर्नुभयो ।

प्रहरीबाट गल्ती हुँदा खबरदारी गर्ने हातहरू आवश्यक भएको चर्चा गर्दै वरिष्ठ प्रहरी उपरिवेक्षक सिग्देलले स्क्रिनबाट हुने अपराधहरू बढ्दै गएकोमा चिन्ता व्यक्त गर्नुभयो ।



ख्वप कलेज अफ लका प्राचार्य **अनिता जधारी**ले फौजदारी कानुन र न्यायको क्षेत्रमा अनुसन्धान, विचार विमर्श तथा नीतिगत संवाद जरूरी छ भन्दै नेपालको फौजदारी न्याय प्रणालीमा सम्मेलनको विषय 'अपराधमा महिला' बारे गहन अध्ययन र बहसको आवश्यकता रहेको बताउनुभयो ।

उहाँले भन्नुभयो, 'ख्वप कलेज अफ लले स्थापनाकालदेखि नै कलेजको शैक्षिक उत्कृष्टता, व्यावहारिक कानुनी शिक्षा, अनुसन्धान तथा सामुदायिक सेवामा विशेष जोड दिँदै आएको छ । हाम्रो विश्वास छ कि कानुनी शिक्षा केवल कक्षा कोठाभित्र सीमित रहनु हुँदैन, यसले समाजका जटिल कानुनी तथा सामाजिक समस्याहरूको समाधान खोज्न सक्रिय भूमिका निर्वाह गर्नुपर्छ ।'



कार्यक्रममा सम्मेलन आयोजक समितिका संयोजक **लक्ष्मी बखाद्यो**ले धन्यवाद ज्ञापन गर्नुभएको थियो ।

विश्वविद्यालय अनुदान आयोगको सहयोगमा भएको उक्त कार्यक्रममा कलेजको अनुसन्धान विभागका प्रमुख **आशिष पौडेल**ले पनि बोल्नुभएको थियो ।

## मन्तव्य

# 'दण्डहीनताले अपराधीहरूको मनोबल बढ्छ र समाजमा अराजकता बढ्छ' : सुनिल प्रजापति




भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप कलेज अफ लको आयोजना र विश्वविद्यालय अनुदान आयोगको सहयोगमा 'फौजदारी कानुन र न्याय' विषयक दोस्रो राष्ट्रिय सम्मेलन शनिबार सुरु भइसकेको छ । भक्तपुर नगरपालिकाले ख्वप कलेज अफ लसहित उच्च शिक्षा प्रदान गर्ने सात वटा शैक्षिक संस्थाहरू सञ्चालन गर्दै आएको छ । कम शुल्कमा गुणस्तरीय शिक्षा प्रदान गर्ने उद्देश्यले स्थापित यी शैक्षिक संस्थाहरूमा अहिले देशभरबाट सात हजार पाँच सय विद्यार्थीहरू अध्ययनरत छन् । हरेक शैक्षिक संस्थाहरूमा अध्ययन र अनुसन्धानलाई जोड दिइरहेका छौँ । हाम्रो शैक्षिक संस्थाहरूमा अध्ययनरत हरेक विद्यार्थीलाई योग्य र सक्षम बनाउन हामीले आफ्नो तर्फबाट आवश्यक सहयोग गरिरहनेछौँ ।

नगरपालिकाद्वारा सञ्चालित कलेजहरूमा यस्ता राष्ट्रिय सम्मेलनहरू नियमित रूपमा भइरहेका छन् । ख्वप इन्जिनियरिङ कलेज र ख्वप कलेज अफ इन्जिनियरिङको संयुक्त आयोजनामा अन्तर्राष्ट्रिय सम्मेलनहरू पनि नियमित रूपमा भइरहेका छन् । फौजदारी न्याय र कानुन विषयक यो दोस्रो सम्मेलन पनि त्यसैको सिलसिला हो । यो कानुनका विद्यार्थीहरूका लागि मात्र होइन सबैका लागि अत्यन्त महत्त्वपूर्ण विषय हो ।

फौजदारी न्याय प्रशासन भन्नासाथ प्रहरी, सरकारी वकिल, जेल प्रशासन र अदालतलाई सम्झने गरिन्छ । कानुनमा पीडितको पक्षमा जस्तोसुकै राम्रो कानुनी व्यवस्था गरिए पनि पीडितले न्याय पाएको अनुभव गर्न पाएन भने त्यो न्याय गरेको ठहर्दैन । न्याय प्रशासनका अङ्गहरूले राम्रो काम गरेनन् भने पीडितले न्याय पाउन सक्दैन ।

न्याय पाउने प्रत्येक नागरिकको अधिकार हो। पीडितले कानुनबमोजिम न्याय पाउने अपेक्षा गरेको हुन्छ। त्यसैले, न्यायपालिका र न्यायाधीशहरूलाई जनताको आस्थाको केन्द्रको रूपमा हेर्ने गरिन्छ। तर, प्रहरी प्रशासन, सरकारी वकिल र अदालतले गम्भीर प्रकृतिका मुद्दाहरूमा गहिराइमा गएर अनुसन्धान गरेर मात्र निर्णय गर्नुपर्दछ। पूर्वाग्रही र पक्षपातपूर्ण ढङ्गले कसैलाई फसाउने नियतले अनुसन्धानको नाउँमा सतही छानबिन गरेर निर्णय गरे भने पीडितले न्यायको अनुभूति गर्ने छैन।

संविधानमा जस्तोसुकै व्यवस्था गरिए पनि प्रहरी प्रशासन कस्तो हुन्छ हामी आफै त्यसको साक्षी छौँ। 'भक्तपुर काण्ड' को नाउँले कुख्यात २०४५ सालको घटनालाई एक उदाहरणको रूपमा लिन सकिन्छ। त्यतिबेला पञ्चायती व्यवस्था थियो। संविधानमा हिरासतमा रहेका व्यक्तिलाई शारीरिक र मानसिक यातना दिने छैन, पक्राउ परेको २४ घण्टाभित्र मुद्दा हेर्ने अधिकारी समक्ष उपस्थित गराउनुपर्ने, हिरासतमा रहँदा आफूले रोजेको कानुन व्यवसायीसँग कानुनी सल्लाह लिन पाउनेजस्ता व्यवस्थाहरू थिए। पञ्चहरूले त्यस घटनामा संलग्नहरूलाई कारबाही गर्नुभन्दा सरकारका विपक्षीहरूलाई दबाउने काम गरे। नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) देखि नेमकिपाका नेता कार्यकर्ताहरूलाई नियोजित रूपमा फसाउने षड्यन्त्र पञ्चहरूले गरे। स्वेच्छाको बयान दिनुको कुनै अर्थ थिएन। मानसिक र शारीरिक यातनाको बयान गरी साध्य थिएन। पक्राउ परेका जति अधिकांशलाई निर्मम यातना दिइन्थ्यो, उनीहरूले तयार गरेको कागज वा तयारी बयानमा सही नगरुन्जेल यातना दिइन्थ्यो। अभियुक्तविरुद्ध प्रहरीले नक्कली प्रमाण जुटाउँथ्यो। कुनै अनुसन्धानबिना सरकारका विरोधीहरूलाई षड्यन्त्रमा फसाइन्थ्यो; त्यो गलत थियो। त्यसैले, पञ्चायती व्यवस्थाविरुद्ध जनता उठे र त्यसको अन्त्य गरियो।

अहिले गणतान्त्रिक राज्य व्यवस्था छ। नयाँ संविधान छ। संविधानले फौजदारी न्यायसम्बन्धी हक प्रदान गरेको छ। तर, अहिले पनि सरकारको विपक्षमा रहेकाहरूलाई कारबाही गरिन्छ भने त्यही काम सरकारमा बसेकाहरूले गरेको खण्डमा छुट दिने गरिन्छ। कानुन कार्यान्वयनको सिलसिलामा यस्तो भेदभाव हुनु हुँदैन। कुनै पनि व्यक्तिलाई राज्यले नियोजित रूपमा फसाउन मिल्दैन। कानुनमात्र भएर पुग्दैन, कानुन कार्यान्वयन गर्ने पदाधिकारीहरू निष्पक्ष नभएसम्म जनताले न्याय पाउन सक्दैनन्।

भदौ २३ र २४ गते घटनाबाट देशमा नयाँ परिस्थिति सिर्जना भयो। त्यस घटनाबारेमा २ वटा आयोगहरू गौरीबहादुर कार्कीको नेतृत्वमा बनेको छानबिन आयोग र राष्ट्रिय मानव अधिकार आयोगबाट अलग–अलग प्रतिवेदनहरू सार्वजनिक भए। कार्की आयोगले २३ गतेको घटनालाई मात्र अपराध देख्यो र त्यसमा संलग्नहरूलाई कारबाही गर्न सिफारिस गऱ्यो। त्यसले भदौ २४ गतेको घटनामा संलग्नहरूलाई बचाउने प्रयास गऱ्यो। त्यसैले, कार्की आयोग निष्पक्ष भएन, एकतर्फी भयो भनेर त्यसको आलोचना पनि भयो। राष्ट्रिय मानव अधिकार आयोगले २३ र २४ गते दुवै दिनको घटनामा संलग्नलाई कारबाहीको सिफारिस गरेको छ। त्यसमा आजका धेरै जना सांसदहरू पनि परेको देखिन्छ।

नेपालका धरोहरहरू सिंहदरबार, राष्ट्रपति भवन, संसद् भवन, सर्वोच्च अदालतलगायत खरानी बनाउनेहरू कारबाहीको भागी बन्नुपर्छ कि पर्दैन ? यो प्रश्न आज नेपाली जनताले उठाउँदै छन्। हिजो कार्की आयोगको प्रतिवेदन सार्वजनिक हुनेबित्तिकै केही नेताहरूलाई रातारात पक्राउ गर्ने मन्त्रीहरू आज मानव अधिकार आयोगको प्रतिवेदन सार्वजनिक भएपछि मौन छन्। तिनीहरू आयोगको प्रतिवेदन कार्यान्वयन गर्न खुट्टा कमाइरहेका छन्। के सिंहदरबारको आगजनी ठिक थियो ? के न्यायको मन्दिर मानिने सर्वोच्च अदालत खरानी बनाउनु अपराध थिएन ? के नेपाली सेनाका परमाधिपति राष्ट्रपति कार्यलय, संसद् भवन र अन्य सरकारी कार्यालयहरूमा आगो लगाउनेलाई कारबाही गर्नुपर्ने होइन ? यदि यस्ता घटनालाई छुट दिँदै जाने हो भने देशमा अराजकता फैलिन्छ, देशमा कहिल्यै शान्ति हुँदैन।

पञ्चायतकालमा पञ्चहरूले जस्तोसुकै अपराध गरे पनि माफी पाउँथे। बहुदलवादीहरू दबाउन प्रहरी प्रशासन र न्यायालयको प्रयोग गरिन्थ्यो। बहुदलपछि पनि झन्डै त्यस्तै भयो। गुण्डा नाइकेहरू मारिँदा शासक दलहरूले आफ्नो कार्यकर्ता मारिएको भनी संसद् बन्द गरेका दृश्यहरू पनि नेपाली जनताले देखेकै हुन्।

अपराधीहरूलाई कानुनबमोजिम कारबाही गर्नुको सट्टा शासक दलहरूले तिनीहरूलाई संरक्षण दिए। राजनीतिलाई अपराधीकरण र अपराधलाई राजनीतिकरण गर्दा समस्या भएको हो। अपराध गरेका मानिसहरू जेलमा बस्नुपर्नेमा खुलेआम समाजमा हिँडिरहेका छन्। पीडितहरू मुख लुकाएर हिँड्नुपर्ने अवस्था छ। यसले जनतामा न्यायालय, प्रहरी प्रशासन र दलहरूप्रति विश्वास घट्न गएको हो।

अझ बलात्कारजस्ता जघन्य अपराध गरेका अपराधीहरू जेलमा हुनुपर्नेमा समाजमा खुला हिँडिरहँदा बलात्कृत चेलीहरू लज्जित हुनुपर्ने अवस्था छ। अपराधमा संलग्नहरूलाई कडा कारबाही गरेको भए सम्भवतः आजको जस्तो न्यायपालिकाप्रति विश्वास घट्ने थिएन।

समाजमा अपराध नहुने भए प्रहरी प्रशासन, कानुन, अदालत र जेल प्रशासनको आवश्यकता नै पर्दैनथ्यो। समाजमा अपराध हुन्छ, त्यसलाई नियन्त्रण गर्न ती अङ्गहरू राज्यले स्थापना गरिएका हुन्छन्। कानुन, अदालत, न्यायालय सरकारका विपक्षी दबाउने हतियार हुनु हुँदैन। प्रजातन्त्रमा सबैलाई कानुनबमोजिम जिउने हक हुन्छ। एउटै कानुन कसैको लागि वरदान र कसैको लागि अभिशाप हुनुहुँदैन।

स्वेच्छाचारी शासन गर्नेहरू टिक्न सक्दैनन्। ढिलो या चाँडो फोहोर फाल्ने नालीमा फालिनेछन्। जनविरोधी काम गर्ने शासकहरूलाई नङ्ग्याउन पनि कानुन व्यवसायीहरू सधैँ तयार हुनुपर्छ। कानुन पीडितको पक्षमा बनाउने मात्र होइन, लागू गर्न पनि हरदम प्रयास गर्नुपर्छ।

समाजमा अपराध हुन्छ। शान्ति सुरक्षा कायम राख्न अपराधीहरूलाई दण्ड सजाय गर्नुपर्दछ। दण्डहीनताले अपराधीहरूको मनोबल बढ्छ। त्यसले समाजमा अराजकता ल्याउँछ र समाज अशान्ति हुन्छ। त्यस्तो समाज अगाडि बढ्न सक्दैन। निर्दोषले सजाय पाउनु हुन्न। अपराधी छुट्नु पनि हुन्न। कानुन बनाउँदैमा आफै कार्यान्वयनमा आउने होइन। त्यसको लागि कार्यान्वयन गर्ने ठाउँमा बस्नेहरू सक्रिय हुनु आवश्यक छ। आजको यो राष्ट्रिय सम्मेलनले सबैलाई आ–आफ्नो जिम्मेवारीबोध गराउने अपेक्षा गरिएको छ। राष्ट्रिय कानुन निर्माणमा महत्त्वपूर्ण योगदान गर्ने अपेक्षा छ।

न्याय गरेको जस्तो होइन, न्याय परेको पनि हुनुपर्छ भन्ने मान्यता स्थापित गर्दै जानुपर्ने आवश्यकता छ।

(ख्वप कलेज अफ लको आयोजनामा २०८३ जेठ २३ गते 'फोजदारी कानुन र न्याय' विषयक दोस्रो राष्ट्रिय सम्मेलनमा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले व्यक्त गर्नुभएको मन्तव्यको सार सङ्क्षेप)

# अनुसन्धान सम्बन्धी तालिम तथा पुनर्ताजगी कार्यक्रम



भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप कलेज अफ इन्जिनियरिङको आयोजनामा जेठ २४ गते एक समारोहका बीच अनुसन्धान सम्बन्धी तालिम तथा पुनर्ताजगी कार्यक्रमका सहभागीहरूलाई प्रमाणपत्र वितरण गरिएको छ।

कलेजमा मिति २०८३ वैशाख १३ गतेदेखि १५ गतेसम्म सञ्चालन भएको तीनदिने अनुसन्धान सम्बन्धी तालिम (3 Day Faculty Development Training on Research, Academic Writing and Technology–Enhanced Teaching Learning) तथा मिति २०८३ वैशाख २१ गतेदेखि २३ गतेसम्म विश्वविद्यालय अनुदान आयोगको सहयोगमा सञ्चालन भएको तीनदिने पुनर्ताजगी कार्यक्रम (Refresher Training on Updated Syllabus and Innovative Teaching Strategies) का सहभागी शिक्षक तथा कर्मचारीहरूलाई प्रमाणपत्र प्रदान गरिएको हो।

कार्यक्रमका प्रमुख अतिथि भक्तपुर नगरपालिकाका उपप्रमुख तथा कलेज सञ्चालक समितिका उपाध्यक्ष आ. **रजनी जोशी**ले तालिमबाट प्राप्त ज्ञान र सीपको प्रभावकारी उपयोग गर्दै अनुसन्धानसँगै नवप्रवर्तनलाई प्राथमिकता दिनुपर्ने बताउनुभयो। उहाँले शिक्षा, स्वास्थ्य, सरसफाइ तथा अन्य विकासका गतिविधिहरूमा भक्तपुर नगरपालिका अन्य स्थानीय तहभन्दा अग्रणी रहेको उल्लेख गर्दै नगरपालिकाका कार्यप्रणाली तथा उपलब्धिहरू अध्ययन गर्न विभिन्न स्थानीय तहका जनप्रतिनिधिहरू भक्तपुर आउने गरेको जानकारी दिनुभयो।

उहाँले 'पुर्खाले सिर्जेको सम्पत्ति, हाम्रो कला र संस्कृति' भन्ने नारालाई आत्मसात् गर्दै नयाँ पुस्तालाई योग्य, सक्षम तथा देश र जनताप्रति जिम्मेवार नागरिकका रूपमा विकास गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो। साथै, नगरपालिकाद्वारा सञ्चालित कलेजहरूले अनुसन्धानसँगै नवप्रवर्तनलाई पनि संस्थागत रूपमा अगाडि बढाउनुपर्ने सुझाव दिँदै विश्वविद्यालय अनुदान आयोगबाट गुणस्तर प्रत्यायन प्राप्त भइसकेकाले त्यसको प्रभावकारी कार्यान्वयन तथा नवप्रवर्तनात्मक गतिविधिमा अझ सक्रिय हुनुपर्ने बताउनुभयो।

उहाँले भक्तपुर नगरपालिकाद्वारा सञ्चालित कलेजहरूको प्राविधिक सहयोगमा २०७२ सालको भूकम्पबाट क्षतिग्रस्त करिब १७८ वटा ऐतिहासिक तथा सांस्कृतिक सम्पदाहरूको पुनःनिर्माण, जीर्णोद्धार तथा मर्मत कार्य सम्पन्न गरिएको जानकारी दिनुभयो।

कार्यक्रमलाई सम्बोधन गर्दै कलेजका प्राचार्य ई. **सुनिल दुवाल**ले अध्ययन–अध्यापनसँगै अनुसन्धान र नवप्रवर्तनको सोचलाई संस्थागत रूपमा अघि बढाउनुपर्ने आवश्यकता औँल्याउनुभयो। उहाँले कलेजले विगतदेखि नै सामूहिक प्रयास

र समूहगत कार्यसंस्कृतिलाई प्राथमिकता दिँदै आएको उल्लेख गर्दै अब जनताको जीवनस्तर सुधारमा योगदान पुग्ने प्राविधिक तथा नवप्रवर्तनात्मक प्रविधिहरूको विकासमा केन्द्रित हुनुपर्ने बताउनुभयो ।

कार्यक्रममा कलेजको रिसर्च एण्ड डेभलपमेन्ट युनिटका संयोजक प्रा. डा. **राजुभाइ त्यात**ले सम्पन्न दुवै तालिमको समीक्षात्मक टिप्पणी प्रस्तुत गर्दै यस्ता क्षमता अभिवृद्धिमूलक कार्यक्रमहरू नियमित रूपमा सञ्चालन गरिनुपर्ने आवश्यकता औंल्याउनुभयो ।

प्रशासन शाखा प्रमुख **सञ्जय मानन्धर**ले पनि मन्तव्य व्यक्त गर्नुभएको उक्त कार्यक्रममा प्रमुख अतिथि आ. रजनी जोशीले सहभागी शिक्षक तथा कर्मचारीहरूलाई प्रमाणपत्र वितरण गर्नुभएको थियो ।

# ख्वप मावि र शारदा क्याम्पस माविमा नवआगन्तुक विद्यार्थीहरूको स्वागत तथा अभिमुखीकरण




भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप माध्यमिक विद्यालय र शारदा क्याम्पस माध्यमिक विद्यालयमा शैक्षिक वर्ष २०८३/८४ मा कक्षा ११ मा भर्ना भएका नवआगन्तुक विद्यार्थीहरूको स्वागत तथा अभिमुखीकरण कार्यक्रम जेठ २९ गते भयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका अध्यक्ष **नारायणमान बिजुक्छेँ (रोहित)** ले भक्तपुरलाई शैक्षिक गन्तव्यका रूपमा रोजेका विद्यार्थीहरूलाई आफ्नै घर सम्झेर ख्वपमा अध्ययन गर्न आग्रह गर्नुभयो । उहाँले विद्यार्थीहरूलाई अध्ययनप्रति समर्पित भई देश र समाजको आवश्यकताअनुसार दक्ष, अनुशासित र जिम्मेवार नागरिक बन्न आग्रह गर्नुभयो ।




अध्यक्ष बिजुक्छेँले विद्यार्थीहरूलाई शैक्षिक प्रमाणपत्र प्राप्तिमा मात्र सीमित नभई आफ्नो सर्वाङ्गीण विकासमा ध्यान दिन आग्रह गर्दै ख्वप शिक्षालयहरू नाफा कमाउने उद्देश्यले सञ्चालन नभएको स्पष्ट पार्दै यहाँका शिक्षक तथा कर्मचारीहरू देशको भविष्य निर्माण गर्ने जिम्मेवारीका साथ समर्पित भएर काम गरिरहेको बताउनुभयो । उहाँले ख्वप सर्कलले गुणस्तरीय, व्यवहारिक र समाजप्रति उत्तरदायी शिक्षा प्रदान गर्दै आएको उल्लेख गर्नुभयो ।

अध्यक्ष बिजुक्छेँले ख्वप सर्कल सञ्चालक समितिले विद्यार्थीहरूको समस्या, आवश्यकता र सुझावलाई गम्भीरतापूर्वक बुझेर काम गर्नुपर्ने बताउँदै देशका विभिन्न जिल्लाबाट अध्ययनका लागि आएका विद्यार्थीहरूसँग कलेजमा कार्यरत कर्मचारीहरूले शिष्ट, सहयोगी र सम्मानजनक व्यवहार गर्नुपर्नेमा जोड दिनुभयो ।

उहाँले विद्यार्थीहरूलाई अनुशासन, नैतिकता, सामाजिक उत्तरदायित्व र देशप्रेमका भावनासहित अध्ययनमा अघि बढ्न आग्रह गर्दै शिक्षा केवल प्रमाणपत्र हासिल गर्ने माध्यम नभई व्यक्तित्व निर्माण र समाज रूपान्तरणको आधार भएको धारणा व्यक्त गर्नुभयो ।

सो अवसरमा उहाँले वर्तमान सरकारको आलोचना गर्दै देशको सार्वभौमिकता र राष्ट्रिय स्वाधीनताको रक्षा गर्नुपर्ने जिम्मेवारीमा सरकार कमजोर देखिएको टिप्पणी गर्दै राज्यका महत्त्वपूर्ण निकायहरूलाई कमजोर बनाउने गतिविधिले देशको समग्र विकास र स्वाभिमानमा नकारात्मक असर पार्ने धारणा राख्नुभयो ।

कार्यक्रमका सभापति भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले ख्वप शिक्षालयहरूले देशका लागि आवश्यक योग्य, दक्ष र अनुशासित जनशक्ति उत्पादन गर्दै आएको बताउनुभयो ।

उहाँले शिक्षा सबै नागरिकको मौलिक अधिकार भएकाले राज्यले यसको जिम्मेवारी वहन गर्नुपर्ने धारणा राख्दै पछिल्ला

वर्षहरूमा शिक्षामा राज्यको लगानी घट्दै गएको उल्लेख गर्दै अन्तर्राष्ट्रिय मान्यताअनुसार कुल बजेटको कम्तीमा २० प्रतिशत शिक्षा क्षेत्रमा लगानी गर्नुपर्ने बताउनुभयो । शिक्षा किनबेचको वस्तु बन्न नहुने र सबै नागरिकको पहुँचमा गुणस्तरीय शिक्षा सुनिश्चित हुनुपर्ने उहाँको भनाइ थियो ।

उहाँले ख्वप माविले स्थापना कालदेखि नै विद्यार्थीलाई माध्यमिक तहदेखि उच्च शिक्षासम्म अध्ययन गर्ने अवसर उपलब्ध गराउँदै आएको जानकारी दिँदै २०५६ सालमा स्थापना भएको ख्वप माविले यस वर्ष कक्षा ११ मा भर्नाका लागि देशका ६४ जिल्लाबाट १ हजार ८ सयभन्दा बढी विद्यार्थी आएको बताउनुभयो ।

नगर प्रमुख प्रजापतिले देशलाई आवश्यक योग्य दक्ष प्राविधिक तथा विशेषज्ञ जनशक्ति उत्पादन गर्ने उद्देश्यले नगरपालिकाले विभिन्न कलेज सञ्चालन गर्दै आएको बताउँदै ती शिक्षालयहरूको मुख्य उद्देश्य अनुशासित, नैतिकवान् र देशभक्त नागरिक तयार गर्नु रहेको उहाँले स्पष्ट पार्नुभयो ।

उहाँका अनुसार भक्तपुर नगरपालिकाद्वारा सञ्चालित कलेजहरूले हरेक वर्ष करिब साढे ४ करोड रुपैयाँ बराबरको छात्रवृत्ति प्रदान गर्दै आएका छन् भने आर्थिक अवस्था कमजोर भएका विद्यार्थीहरूको उच्च शिक्षा सुनिश्चित गर्न हालसम्म करिब ८५० जना विद्यार्थीलाई शैक्षिक ऋण उपलब्ध गराइएको जानकारी दिनुभयो ।

हालै सरकार प्रमुखले नेपाल र भारतबीचको सीमा सम्बन्धी दिएको अभिव्यक्तिप्रति टिप्पणी गर्दै त्यस्ता अभिव्यक्तिले नेपालको राष्ट्रिय हित र सीमा सुरक्षासम्बन्धी विषयमा गम्भीर प्रभाव पार्न सक्ने धारणा व्यक्त गर्दै नेपालको सार्वभौमिकता, भौगोलिक अखण्डता र राष्ट्रिय स्वाधीनताको रक्षा सबै नेपालीको साझा दायित्व भएको बताउनुभयो ।

कार्यक्रममा वागमती प्रदेशसभा सदस्य **सुरेन्द्रराज गोसाईले** विद्यार्थीहरूले स्पष्ट लक्ष्य र अर्जुनदृष्टि लिएर अध्ययनमा अघि बढे सफलता हासिल गर्न सक्ने बताउनुभयो ।

उहाँले 'रोम एकै दिनमा बनेको होइन' भन्ने उखान स्मरण गराउँदै भक्तपुर र ख्वप शिक्षालयहरूको इतिहास पनि लामो सङ्घर्ष, समर्पण र निरन्तर प्रयासबाट निर्माण भएको उल्लेख गर्नुभयो । ख्वप शिक्षालयहरू देशभरका विद्यार्थीहरूको विश्वासिलो शैक्षिक केन्द्रका रूपमा स्थापित भएको उहाँको भनाइ थियो ।

नयाँ पुस्ताले गलत प्रवृत्ति, भ्रम फैलाउने विचार र अस्वस्थ प्रभावबाट आफूलाई जोगाउनुपर्नेमा जोड दिँदै सही विचार, अध्ययन र अनुभवबाट व्यक्तित्व विकास गर्न सके मात्र समाज र राष्ट्रप्रति जिम्मेवार नागरिक बन्न सकिने उहाँले बताउनुभयो ।

उहाँले बाहिरी तथा भित्री व्यक्तित्व निर्माणमा विद्यार्थीहरू सचेत हुनुपर्ने धारणा राख्दै डिजिटल प्लेटफर्ममा अत्यधिक समय खर्चिनुभन्दा सामाजिक गतिविधि, अध्ययन, छलफल र सिर्जनात्मक कार्यमा सहभागी हुन सके प्रगतिउन्मुख जीवन निर्माण गर्न सहज हुने बताउनुभयो ।

ख्वप शिक्षालयहरू अहिले देशका विभिन्न जिल्लाबाट आएका हजारौँ विद्यार्थीहरूको साझा घर बनेको उल्लेख गर्दै उहाँले विशाल हृदय, उच्च सोच र कडा मिहिनेतका साथ अध्ययनमा लाग्न विद्यार्थीहरूलाई आग्रह गर्नुभयो ।

परीक्षा केन्द्रमै उत्तरपुस्तिका परीक्षण गर्ने व्यवस्थाले विद्यार्थीहरूले अपेक्षाअनुसार नतिजा प्राप्त गर्न नसकेको र हालको शैक्षिक प्रणालीमा सुधार आवश्यक रहेको धारणा राख्नुभयो । उहाँले एसईईको उत्तीर्ण प्रतिशत सन्तोषजनक नभएको उल्लेख गर्दै त्यसलाई शिक्षा नीतिको कमजोरीसँग जोडेर समीक्षा गर्नुपर्ने बताउनुभयो ।



कार्यक्रममा ख्वप कलेजका प्राचार्य **प्रकाशकुमार श्रेष्ठले** विद्यार्थीहरूले अध्ययनसँगै अनुशासनलाई विशेष महत्त्व दिनुपर्ने बताउनुभयो ।

ख्वप कलेजमा शिक्षक र विद्यार्थीको सक्रिय सहभागिता तथा गतिशीलताले सिकाइ प्रक्रियालाई जीवन्त बनाएको बताउँदै प्राचार्य श्रेष्ठले ख्वपमा सबै विद्यार्थीलाई समान अवसर र समान व्यवहार प्रदान गरिने, समानताको भावनालाई व्यवहारमा उतार्न सबै विद्यार्थीका लागि एउटै पोसाक (ड्रेस) व्यवस्था गरिएको जानकारी पनि दिनुभयो ।

त्यसैगरी ख्वप कलेज अफ इन्जिनियरिङका प्राचार्य **सुनिल दुवालले** ख्वप सर्कलको आधारशिला संस्था ख्वप माध्यमिक विद्यालय रहेको उल्लेख गर्दै यस शैक्षिक परिवारमा आबद्ध हुनु नै गर्वको विषय भएको बताउनुभयो ।

उहाँले ख्वप शिक्षालयहरू भक्तपुरवासीको मिहिनेत, त्याग र पसिनाबाट निर्माण भएको सम्पत्ति भएकाले यसको

संरक्षण र विकासमा सबैले जिम्मेवारीबोध गर्नुपर्नेमा जोड दिनुभयो ।

ख्वप अस्पतालका निमित्त मेडिकल डाइरेक्टर डा. **मजेश प्रताप मल्ल**ले विद्यार्थीहरूले निरन्तर मिहिनेत गर्न छोड्न नहुने बताउँदै भविष्यमा जुनसुकै पेसा र क्षेत्रमा पुगे पनि समाजप्रति योगदान दिनुपर्ने धारणा राख्नुभयो । उहाँले नयाँ पुस्तामा धैर्य, अनुशासन, अग्रजप्रति सम्मान र आफ्नो लक्ष्यप्रति स्पष्ट रहने गुण आवश्यक रहेको बताउनुभयो ।

ख्वप मावि र शारदा क्याम्पस माविका प्राचार्य **लक्ष्मीप्रसाद कर्माचार्य**ले नगरपालिकाले माध्यमिक तहदेखि इन्जिनियरिङ, व्यवस्थापन, विज्ञान, तथा अन्य उच्च शिक्षाका कार्यक्रम सञ्चालन गरी हजारौँ विद्यार्थीलाई गुणस्तरीय शिक्षा उपलब्ध गराउँदै आएको बताउनुभयो ।

कार्यक्रममा कक्षा १२ अध्ययनरत विद्यार्थीहरू **छाया प्रधान, निर्भाना बज्राचार्य, कृति लामिछाने**ले पनि बोल्नुभएको थियो भने विद्यार्थी **रविन बस्याल**ले गीत सुनाएका थिए ।

कार्यक्रममा विद्यार्थीहरूले सांस्कृतिक प्रस्तुति पनि देखाएका थिए ।

## छात्रवृत्ति छनौट परीक्षा सम्पन्न



भक्तपुर नगरपालिकाले प्रत्येक वर्ष लिँदै आएको छात्रवृत्ति छनौट परीक्षा जेठ ३० गते सम्पन्न भयो ।

भक्तपुर नगरपालिकाभित्र कक्षा ११ र १२ सञ्चालित विद्यालयहरूमा अध्ययन गर्न चाहने विद्यार्थीहरूको लागि एसईई परीक्षाको नतिजा प्रकाशनपछि पालिकाले परीक्षा सञ्चालन गरी छात्रवृत्तिको लागि सिफारिस गर्ने गरिन्छ ।

८ सय १ जना परीक्षार्थीहरूमध्ये ७ सय १५ जना सहभागी भएको परीक्षामा विज्ञान विषयमा ४ सय ४४ जना, व्यवस्थापन विषयमा २ सय ३९ जना, मानविकी विषयमा ८ जना, कानुन विषयमा १७ जना र शिक्षा विषयमा ७ जनाले भक्तपुर नगरपालिकाभित्र कक्षा ११ र १२ सञ्चालित विभिन्न विद्यालयमा छात्रवृत्तिमा अध्ययनका लागि परीक्षा दिएका हुन् ।

ख्वप कलेज देकोचा केन्द्रमा सञ्चालन भएको छनौट परीक्षाको निरीक्षण भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापति र भक्तपुर नगरपालिका ७ नं. वडाका वडा अध्यक्ष उकेश कवांले गर्नुभएको थियो ।

## ख्वप कलेजमा शैक्षिक-औद्योगिक संवाद कार्यक्रम




भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप कलेजको आयोजनामा विद्यार्थीहरूबिच उद्यमशील सोचको विकास गर्ने अभिप्रायले एकदिने 'ख्वप शैक्षिक-औद्योगिक संवाद' कार्यक्रम जेठ ३१ गते सम्पन्न भयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख तथा कलेज सञ्चालक समितिका अध्यक्ष **सुनिल प्रजापति**ले शिक्षालाई श्रमसँग जोड्ने नीतिअन्तर्गत भक्तपुर नगरपालिकाद्वारा सञ्चालित कलेजहरूमा अध्यापन कार्य भइरहेको बताउनुभयो ।

शैक्षिक क्षेत्र विदेशीको लागि सस्तोमा ज्यामी तयार गर्ने ठाउँ नभई शिक्षासँगै सीपको विकास गराई उद्यमशीलताको विकास गर्नुपर्ने आवश्यकता औँल्याउँदै उहाँले युवाहरूमा उद्यमशील सोच, नवप्रवर्तन तथा आत्मनिर्भर व्यवसायिक संस्कृतिको विकास आजको आवश्यकता भएको बताउनुभयो ।

उहाँले भन्नुभयो, 'शैक्षिक संस्था र उद्योग क्षेत्रबिचको सहकार्यलाई अझ सुदृढ बनाउनु जरूरी छ । भक्तपुर पर्यटकीय क्षेत्र भएकोले स्थानीय स्तरमा आवश्यक सामग्रीको उत्पादनमा जोड दिन भक्तपुर नगरपालिकाले उद्यमशील कर्जा प्रवाह गरिरहेको र विभिन्न सीपमूलक तालिम सञ्चालन गरिरहेको छ ।'

ख्वप कलेजका प्राचार्य **प्रकाशकुमार श्रेष्ठ**ले शिक्षालाई व्यावहारिक तथा उद्यममुखी बनाउन यस्ता संवाद कार्यक्रमहरू महत्त्वपूर्ण हुने बताउनुभयो । कलेजले उच्च शिक्षामा औपचारिक अध्यापनमात्र नभई विद्यार्थीको वृत्ति विकासका कार्यमा समेत जोड दिई सामाजिक उत्तरदायित्व वहन गरिरहेको बताउनुभयो ।

खवप ईन्क्युवेसन ल्यावका संयोजक **अञ्जु ग्वाछाले** कार्यक्रमको उद्देश्य, पृष्ठभूमि तथा अपेक्षित उपलब्धिबारे जानकारी दिई विद्यार्थीहरूमा उद्यमशील सोच तथा नेतृत्व क्षमताको विकास गर्न कलेजले इन्क्युवेसन ल्यावको माध्यमबाट विभिन्न कार्यक्रम सञ्चालन गरिरहेको बताउनुभयो ।

कलेजका उप-प्राध्यापक तथा उद्यमी **निष्ठा कायष्ठ**ले आफ्नो व्यवसायिक यात्राको अनुभव बताउँदै व्यवसायमा व्यावहारिक रूपमा आइपर्ने अवसर तथा चुनौतीहरूको बारेमा बताई विद्यार्थीलाई उद्यमी बन्नको लागि अभिप्रेरित गर्नुभयो ।

उहाँले सफल उद्यमी बन्नको लागि निरन्तर सिकाइ, मिहिनेत, नवीन सोच तथा आत्मविश्वास अत्यावश्यक हुने बताउनुभयो ।



कार्यक्रमको दोस्रो सत्रमा त्रिभुवन विश्वविद्यालयका प्राध्यापक डा. भोजराज अर्याल, भक्तपुर उद्योग वाणिज्य सङ्घका अध्यक्ष कृष्णमुरारी न्यौपाने र गोर्खा इको प्यानलका प्रमुख तथा उद्यमी ई. सुरेश कवांको उपस्थितिमा छलफल भयो ।

कार्यक्रमका सहजीकरणकर्ता एवं कलेजका उप-प्राध्यापक रामेश्वरी बखुन्छैंले विज्ञहरूमाझ उद्यमशीलता प्रवर्द्धन, उद्योग-शिक्षा सहकार्य, नवप्रवर्तन तथा स्टार्टअप संस्कृतिको विकासका विविध पक्षमा प्रश्न राखी अन्तरक्रियात्मक छलफल भयो।

त्यस अवसरमा सहभागी विद्यार्थीहरूले उद्यमशीलतासम्बन्धी उपस्थित विज्ञहरूमाझ विभिन्न जिज्ञासाहरू राखेका थिए ।

कार्यक्रमले शैक्षिक संस्था र उद्योग क्षेत्रबिचको सम्बन्धलाई थप सुदृढ बनाउँदै विद्यार्थीहरूमा उद्यमशील सोचको विकास गर्न महत्त्वपूर्ण योगदान पुर्‍याउने विश्वास व्यक्त गरिएको थियो ।

कार्यक्रममा शिक्षक/प्राध्यापक, उद्योग क्षेत्रका प्रतिनिधि तथा विद्यार्थीहरूको उल्लेखनीय सहभागिताबिच अन्तरक्रियात्मक कार्यक्रम भयो । कार्यक्रममा कलेजका उपप्राध्यापक सुनिता गाइसीले पनि बोल्नुभएको थियो ।

# चित्रमार्फत कला, संस्कृति र सम्पदाको देश विदेशमा प्रचारप्रसार हुने




भक्तपुर नगरपालिकाको आयोजनामा सिथि नखः पर्वको अवसरमा चित्रकला प्रतियोगिता असार ५ गते दरबार स्क्वायरमा सम्पन्न भयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले विद्यार्थीहरूले आफूसँग भएको सीपलाई निरन्तरता दिनुपर्ने आवश्यकता औँल्याउनुभयो ।


कलाकार देशको सम्पत्ति भएको धारणा राख्दै उहाँले चित्रकार चित्रले धेरै कुरा दर्शाउने भएकोले चित्रमार्फत भक्तपुरको कला, संस्कृति र सम्पदाको विषयमा देश विदेशमा प्रचारप्रसारमा सहयोग पुग्नेछ भन्नुभयो ।

भक्तपुर नगरपालिकाले विभिन्न विषय अध्ययनको लागि छात्रवृत्ति वितरण गर्दै आएको र उच्च शिक्षा अध्ययनका लागि ऋण पनि उपलब्ध गराउँदै आएको प्रमुख प्रजापतिले जानकारी दिनुभयो ।

भक्तपुर नगरपालिका शिक्षा शाखाका प्रमुख **साधुराम फुयाल**ले चित्र कोर्ने कलाकारले चित्रमार्फत भक्तपुरको जनजीवनलाई उजागर गर्नुका साथै यहाँको कला, संस्कृति र सम्पदालाई चित्रमार्फत देखाएको बताउनुभयो ।

कलाकार **जगतराम धुख्वा**ले कलाकारले आफ्नो सीपलाई निरन्तरता दिनुपर्ने र आफूसँग भएको सीपलाई अरूलाई पनि सिकाउँदै लानुपर्ने बताउनुभयो ।

चित्र लेख्नको लागि प्रतियोगितामा कक्षा ५ सम्मका लागि 'कला, संस्कृति र सम्पदा' विषय दिइएको थियो भने कक्षा ६ भन्दा माथिका लागि 'वातावरण र हाम्रो दैनिक



जीवन' दिइएको थियो ।

प्रतियोगितामा २ सय ७२ जनाको सहभागिता थियो ।

प्रतियोगिताको कला, संस्कृति र सम्पदा विषयक कक्षा ५ सम्मको समूहबाट वागीश्वरी माध्यमिक विद्यालयका लोककुमारी मगर **प्रथम**, सूर्योदय सेकेन्डरी स्कूलका रिया मुस्याख्व **द्वितीय** र राजर्षी गुरूकुलका हार्पर **नोरा प्रजापति** तृतीय भएका थिए ।

त्यस्तै, वातावरण र हाम्रो दैनिक जीवन विषयमा सैनिक आवासीय महाविद्यालयबाट अमन श्रेष्ठ **प्रथम**, एभरेस्ट इङ्ग्लिस स्कूलका संचिता बाटी **द्वितीय** र साइनिङ स्टुडेन्टस् एकेडेमीका रेगन घटाने **तृतीय** भएका थिए ।

प्रतियोगिताको उत्कृष्ट विद्यालय र विद्यार्थीहरूलाई प्रमुख प्रजापतिले ट्रफीसँगै नगद, प्रमाणपत्र र पुरस्कार वितरण गर्नुभएको थियो ।

# बाल विकास सहजकर्ताहरूद्वारा नगर प्रमुखको ध्यानाकर्षण

बाल विकास सहजकर्ता (ई.सी.डी. शिक्षक) सङ्घर्ष समिति भक्तपुरले असार २ गते आफ्नो नबढेको तलब



सुविधालगायत विभिन्न मागहरूबारे ध्यानाकर्षण गर्न भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिसमक्ष एक ध्यानाकर्षण पत्र बुझायो ।

ज्ञापनपत्रमा भनिएको छ, 'विद्यालय शिक्षाको मुख्य आधार पूर्व प्रावि तह हो । जुन तहमा २ वर्षदेखि ४ वर्षसम्मका कलिला बालबालिकाहरूको चौतर्फी विकास गर्न खटिएका हामी पूर्व प्रावि तहका शिक्षकका समस्या धेरै छन् । हालसम्म हामीलाई सरकारले शिक्षकको मान्यता नदिई बाल विकास सहजकर्ताको पद (नाम) ले सम्बोधन गरेको छ । हामी शिक्षकहरूलाई श्रम ऐनले तोकेको न्यूनतम ज्यालाभन्दा कम पारिश्रमिक दिइरहेको छ । मासिक रु. १२,०००।– मात्र पारिश्रमिक सङ्घीय सरकारले दिइरहेको छ । ईसीडी शिक्षकहरूलाई महँगी भत्ता, प्रोत्साहन भत्तालगायत कुनै किसिमको भत्ताको व्यवस्था छैन । विद्यालयमा कम्तीमा पनि ९:३० –४:३० बजेसम्म काम गर्नुपर्ने बाध्यता छ । यसले श्रम शोषण भइरहेको स्पष्ट छ ।'

'नेपाल सरकारले आ.व. २०८३/०८४ को बजेटमा ईसीडी शिक्षकहरूको पारिश्रमिक बारेमा कुनै सम्बोधन गरेको छैन । तर, अन्य राष्ट्रसेवक कर्मचारीहरूको पारिश्रमिक २१ प्रतिशतले वृद्धि भएको देखियो । यसको लागि प्रमुख जिल्ला अधिकारी र शिक्षा विकास तथा समन्वय एकाइमार्फत शिक्षामन्त्रीलाई ज्ञापनपत्र बुझाइसकेका छौँ ।'

सङ्घर्ष समितिका अध्यक्ष सीतालक्ष्मी छुस्याकीद्वारा हस्ताक्षरित ध्यानाकर्षण पत्रमा लेखिएको छ, 'नेपालको संविधान २०७२ अनुसार विद्यालय तहको शिक्षाको व्यवस्थापनको जिम्मेवारी स्थानीय तहको हो । भक्तपुर नगरपालिकाले विगत वर्षहरूमा ईसीडी शिक्षकहरूको पारिश्रमिकको लागि थप आर्थिक अनुदान प्रदान गरेकोमा धन्यवाद व्यक्त गर्दछौँ । साथै आभारी पनि छौँ । यस आर्थिक वर्षमा पनि विगतको अनुदानलाई निरन्तरता दिई नेपाल सरकारको बजेटमा उल्लेख भएबमोजिम कम्तीमा २१ प्रतिशतले हुन आउने रकम वृद्धि

गरी हामी ईसीडी शिक्षकहरूको जीवनयापन सहज बनाइदिनुहुन सविनय निवेदन गर्दछौँ ।'

ज्ञापनपत्र बुझ्दै नगर प्रमुख **सुनिल प्रजापति**ले ईसीडी शिक्षकहरूको मागबारे कार्यपालिकाको बैठकमा प्रस्ताव लाने र शिक्षकहरूले भक्तपुरको शैक्षिक उन्नयनमा निरन्तर योगदान गर्ने विश्वास व्यक्त गर्नुभयो ।

ध्यानाकर्षण पत्र बुझाउने टोलीमा नेपाल क्रान्तिकारी शिक्षक सङ्घ केन्द्रीय समितिका कोषाध्यक्ष चक्रबहादुर चाकत्, जिल्ला समितिका अध्यक्ष गणेशराम थुसा, भक्तपुर नगर समितिका अध्यक्ष विष्णुप्रसाद दुमरुलगायतको उपस्थिति थियो ।

# मनैदेखि बिरामीको सेवा गर्ने भावना नर्सिङ शिक्षाको मूल आधार : प्रमुख सुनिल प्रजापति




भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप बहुप्राविधिक अध्ययन संस्थानमा नर्सिङ संकायको २३ औँ ब्याचमा नयाँ भर्ना भएका नर्सिङ प्रथम वर्षका विद्यार्थीहरूलाई लक्षित गरी अभिमुखीकरण कार्यक्रम असार ११ गते भयो ।

कार्यक्रममा कलेज सञ्चालक समितिका अध्यक्ष एवं भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले नर्सिङ अध्ययन गर्ने विद्यार्थीहरूले मनैदेखि बिरामीको सेवा गर्ने भावना विकास गर्नुपर्ने बताउनुभयो ।

प्रमुख प्रजापतिले नर्सहरूको शिष्ट व्यवहार, नम्र बोली र सेवामुखी सोचले बिरामीहरू खुसी हुने तथा अस्पताल र स्वास्थ्य संस्थाप्रति जनविश्वास बढ्ने बताउँदै स्वास्थ्य सेवामा प्राविधिक ज्ञानसँगै मानवीय संवेदनशीलता र सेवाभाव उत्तिकै महत्त्वपूर्ण रहेको उल्लेख गर्नुभयो ।

उहाँले नर्सिङ कलेज भक्तपुरका जनताको लामो र कठिन सङ्घर्षको परिणामस्वरूप स्थापना भएको स्मरण गराउँदै यहाँ अध्ययन गर्ने विद्यार्थीहरूले योग्य र जिम्मेवार नर्स बनेर समाजको सेवा गर्नुपर्ने बताउनुभयो । 'तपाईंहरू राम्रो नर्स बनेर जनताको सेवा गर्न सक्नुभयो भने त्यसले भक्तपुरका जनतालाई खुसी र गौरवान्वित बनाउनेछ,' उहाँले भन्नुभयो ।

प्रमुख प्रजापतिले कुनै पनि काम सहज नहुने भन्दै अध्ययन र पेशागत जीवनमा विभिन्न चुनौती तथा अप्ठेरा अवस्थाहरू आउने उल्लेख गर्दै यस्ता कठिन परिस्थितिमा निराश नभई आत्मविश्वासका साथ अघि बढ्नुपर्नेमा उहाँले जोड दिनुभयो ।

उहाँले देश र समाजको विकास अरू कसैले गरिदिने नभई हामी आफैले जिम्मेवारीबोधका साथ काम गरेर सम्भव हुने बताउँदै 'देश र समाज बनाउने जिम्मेवारी हाम्रो आफ्नै हो भन्ने भावना लिएर काम गर्नुपर्छ,' भन्नुभयो ।

आत्मनिर्भरता नै सम्मानपूर्ण जीवन र समुन्नत समाज निर्माणको आधार भएको उल्लेख गर्दै प्रमुख प्रजापतिले सीप, ज्ञान र मिहिनेतका माध्यमबाट आत्मनिर्भर बन्न विद्यार्थीहरूलाई आग्रह गर्नुभयो । साथै उहाँले विदेशीको सेवा गर्ने उद्देश्यले मात्र अध्ययन नगरी आफ्नै देश, आफ्नै माटो र आफ्नै समुदायको सेवा गर्ने भावनाका साथ अघि बढ्नुपर्नेमा जोड दिनुभयो ।

उहाँले नर्सिङ पेशा केवल रोजगारीको माध्यम नभई मानव सेवाको उत्कृष्ट क्षेत्र भएकाले विद्यार्थीहरूले अनुशासन, लगनशीलता र सेवाभावलाई आत्मसात् गर्दै अगाडि बढ्नुपर्ने बताउनुभयो ।

कार्यक्रममा कलेजका प्राचार्य डा. **रत्नसुन्दर लासिवा**ले विद्यार्थीहरू संस्थाका वास्तविक राजदूत भएको उल्लेख गर्दै नर्सिङ शिक्षामा प्राविधिक दक्षतासँगै व्यवहारिक ज्ञान र सकारात्मक आचरणको पनि उत्तिकै महत्त्व रहेको बताउनुभयो । अध्ययनका क्रममा कुनै समस्या वा जिज्ञासा उत्पन्न भए लुकाएर नराखी सम्बन्धित निकाय वा शिक्षकसँग खुलस्त रूपमा राख्न उहाँले सुझाव दिनुभयो ।



त्यसैगरी, नर्सिङ विभाग प्रमुख **इश्वरी डंगोल**ले नर्सिङ पेशामा सेवाभावसँगै अनुशासन, नैतिक आचरण तथा प्रभावकारी सञ्चार सीप अपरिहार्य हुने बताउनुभयो । उहाँले सैद्धान्तिक अध्ययनपछि प्रयोगात्मक अभ्यासका लागि विभिन्न

अस्पतालमा जानुपर्ने भएकाले विद्यार्थीहरूलाई कलेजमा नियमित उपस्थित भई अध्ययनमा सक्रिय रहन आग्रह गर्नुभयो ।

कार्यक्रममा शिक्षिका **मुना लवजु**ले पनि बोल्नुभएको थियो ।

# छात्रवृति सिफारिस पत्र वितरण

भक्तपुर नगरपालिकाले आर्थिक वर्ष २०८३/०८४ का लागि सञ्चालन गरेको छात्रवृत्ति छनौट परीक्षामा सफल




भएका विद्यार्थीहरूलाई छात्रवृत्ति सिफारिस पत्र वितरण कार्यक्रम असार ११ गते भक्तपुर नपाको सभाकक्षमा सम्पन्न भयो ।

छात्रवृत्ति प्राप्त गर्न सफल विद्यार्थीहरूलाई बधाई तथा शुभकामना व्यक्त गर्दै नगर प्रमुख **सुनिल प्रजापति**ले भक्तपुरको शैक्षिक गुणस्तर अग्रज पुस्ताको त्याग, समर्पण र निरन्तर मिहिनेतको परिणाम भएको बताउनुभयो । उहाँले छात्रवृत्ति कार्यक्रम जनताले तिरेको कर तथा अग्रजहरूको सङ्घर्ष र मिहिनेतको प्रतिफल भएको उल्लेख गर्दै भक्तपुर नगरपालिकाले वार्षिक ४ करोड रुपैयाँभन्दा बढी रकम छात्रवृत्तिमा खर्च गर्दै आएको जानकारी दिनुभयो ।

उहाँले कक्षा ११ मा विषय छनोट गर्ने समय नै उच्च शिक्षाको बलियो जग हाल्ने समय भएकाले विद्यार्थीहरूले आफ्नो रुचि, क्षमता र भविष्यको लक्ष्यअनुसार विषय छनोट गर्नुपर्नेमा जोड दिनुभयो ।

अभिभावकको चाहना पूरा गर्नका लागि मात्र नभई आफ्नै रुचि र उद्देश्यअनुसार अध्ययन गर्नुपर्ने बताउँदै उहाँले सजिलो कामको मात्र खोजी नगरी चुनौतीहरू सामना गर्दै अघि बढ्न आग्रह गर्नुभयो ।

प्रमुख प्रजापतिले परीक्षामा धेरै अङ्क ल्याउनु मात्र सफलताको मापन नभएको उल्लेख गर्दै आगामी दिनमा शिक्षाको गुणस्तर र सिकाइ उपलब्धिलाई अझ उत्कृष्ट बनाउन विद्यार्थीहरूले मिहिनेत गर्नुपर्ने बताउनुभयो ।

उहाँले असल सङ्गतले व्यक्तित्व निर्माणमा महत्त्वपूर्ण भूमिका खेल्ने भएकाले खराब सङ्गतबाट टाढा रही सकारात्मक सोच र व्यवहार भएका व्यक्तिहरूसँग सम्बन्ध विस्तार गर्न सुझाव दिनुभयो । शिक्षित हुनु भनेको व्यक्तिगत उन्नतिमा मात्र सीमित नभई देश र समाजका लागि योगदान गर्न सक्षम हुनु भएको बताउँदै समाज परिवर्तन र राष्ट्र निर्माणको भावना लिएर अध्ययन गर्न विद्यार्थीहरूलाई प्रेरित गर्नुभयो ।

भक्तपुर नगरपालिकाका उपप्रमुख **रजनी जोशी**ले छात्रवृत्ति प्राप्त विद्यार्थीहरूलाई अध्ययनमा निरन्तर मिहिनेत गरी उत्कृष्ट नतिजा हासिल गर्न प्रेरित गर्दै विद्यार्थीहरूले पाठ्यपुस्तकमा सीमित नभई व्यवहारिक ज्ञानसमेत हासिल गर्नुपर्नेमा जोड दिनुभयो । प्राप्त अवसरको सदुपयोग गरी सक्षम र जिम्मेवार नागरिक बन्न आग्रह गर्दै उहाँले विद्यार्थीहरूले आफ्नो धरातल, संस्कृति र समाजप्रतिको जिम्मेवारी कहिल्यै बिर्सन नहुने र सभ्य समाज निर्माणमा आफ्नो भूमिका पहिचान गरी योगदान गर्नुपर्ने उल्लेख गर्नुभयो ।

उहाँले भक्तपुर नगरपालिकाले गुणस्तरीय उच्च शिक्षाको पहुँच विस्तारका लागि ख्वप विश्वविद्यालय स्थापनाको उद्देश्यसहित निरन्तर सङ्घर्ष गरिरहेको बताउँदै नगरपालिकाले शिक्षा क्षेत्रको विकास र विद्यार्थीहरूको उज्ज्वल भविष्यका लागि विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएको पनि जानकारी दिनुभयो ।

अभिमुखीकरण कार्यक्रममा भनपा वडा नं. ९ का वडाध्यक्ष **रविन्द्र ज्याख्व**, ख्वप माविका प्रधानाध्यापक **लक्ष्मीप्रसाद कर्माचार्य**, नगर शिक्षा शाखा प्रमुख **साधुराम फुँयाल**ले नगरपालिकाले प्रत्येक वर्ष योग्य तथा जेहेनदार विद्यार्थीलाई उच्च शिक्षा अध्ययनमा सहयोग पुर्‍याउने उद्देश्यले छात्रवृत्ति छनौट परीक्षा सञ्चालन गर्दै आएको बताउँदै छात्रवृत्ति केवल आर्थिक सहयोग मात्र नभई विद्यार्थीको क्षमता विकास, शैक्षिक उत्कृष्टता र जिम्मेवार नागरिक निर्माणको आधार भएको उल्लेख गर्दै प्राप्त अवसरको सही सदुपयोग गर्न विद्यार्थीहरूलाई आग्रह गर्नुभयो ।



भक्तपुर नगरपालिकाले सञ्चालन गरेको छात्रवृत्ति छनोट परीक्षामा सहभागी ७१५ जना विद्यार्थीमध्ये विज्ञानमा ३६, व्यवस्थापन संकायमा ५४, मानविकीमा ४ जना, शिक्षामा ७ र कानुन संकायमा ४ जना गरी १०५ जना विद्यार्थी सफल भएका थिए ।



An Undertaking Of Bhaktapur Municipality

# Khwopa Hospital

## Jestha Report 2083

| Age Group | Number | In Percentage |
|---|---|---|
| 0-9 | 2786 | 9.36 |
| 10-14. | 1031 | 3.46 |
| 15-19 | 988 | 3.32 |
| 20-59 | 18263 | 61.33 |
| ≥60 | 6712 | 22.54 |
| Total | 29780 | 100.00 |

| Services | Number | In Percentage |
|---|---|---|
| Emergency | 619 | 2.08 |
| General | 4100 | 13.77 |
| Insurance | 25061 | 84.15 |
| Total | 29780 | 100.00 |

| District | Number | In Percentage |
|---|---|---|
| Accham | 1 | 0.01 |
| Gulmi | 1 | 0.01 |
| Palpa | 1 | 0.01 |
| Rupandehi | 1 | 0.01 |
| Solukhambhu | 1 | 0.01 |
| Kanchanpur | 1 | 0.01 |
| Lamjung | 1 | 0.01 |
| Arghakhanchi | 1 | 0.01 |
| Dhading | 2 | 0.01 |
| Dhanusha | 2 | 0.01 |
| Mugu | 2 | 0.01 |
| Parsa | 2 | 0.01 |
| Rautahat | 2 | 0.01 |
| Tanahun | 2 | 0.01 |
| Darchula | 2 | 0.01 |
| Baglung | 2 | 0.01 |
| Panchthar | 2 | 0.01 |
| Bajhang | 3 | 0.01 |
| Rolpa | 3 | 0.01 |
| Siraha | 3 | 0.01 |
| Taplejung | 3 | 0.01 |
| Baitadi | 4 | 0.01 |
| Nuwakot | 4 | 0.01 |
| Bara | 5 | 0.02 |
| Dang | 5 | 0.02 |
| Ilam | 5 | 0.02 |
| Mahottari | 5 | 0.02 |
| Banke | 5 | 0.02 |
| Chitwan | 6 | 0.02 |
| Saptari | 6 | 0.02 |
| Gorkha | 7 | 0.02 |
| Jajarkot | 8 | 0.03 |
| Khotang | 8 | 0.03 |
| Salyan | 8 | 0.03 |
| Sankhuwasabha | 8 | 0.03 |
| Udayapur | 9 | 0.03 |
| Bhojpur | 10 | 0.03 |
| Makwanpur | 10 | 0.03 |
| Sunsari | 12 | 0.04 |
| Kailali | 13 | 0.04 |
| Kalikot | 14 | 0.05 |
| Okhaldhunga | 16 | 0.05 |
| Dailekh | 17 | 0.06 |
| Jhapa | 19 | 0.06 |
| Morang | 19 | 0.06 |
| Sarlahi | 19 | 0.06 |
| Surkhet | 19 | 0.06 |
| Lalitpur | 25 | 0.08 |
| Dolkha | 49 | 0.16 |
| Jumla | 49 | 0.16 |
| Sindhuli | 70 | 0.24 |
| Sindhupalchowk | 136 | 0.46 |
| Kathmandu | 149 | 0.50 |
| Ramechap | 213 | 0.72 |
| Kavrepalanchok | 660 | 2.22 |
| Bhaktapur | 28130 | 94.46 |
| Total | 29780 | 100.00 |
| Madhyapur Thimi | 274 | |
| Suryabinayak | 1846 | |
| Changu | 6160 | |
| Bhaktapur | 19850 | |
| Total | 28130 | |

| Department | Number | In Percentage |
|---|---|---|
| Physiotherapy | 2 | 0.01 |
| Nephrology | 55 | 0.18 |
| Neuro Surgery | 81 | 0.27 |
| Urology | 215 | 0.72 |
| Cardiologist | 278 | 0.93 |
| Laboratory | 393 | 1.32 |
| Psychiatric | 410 | 1.38 |
| Inpatients (Ward) | 432 | 1.45 |
| CHRP- Respiratory Medicine | 560 | 1.88 |
| MDGP | 685 | 2.30 |
| Dermatology | 882 | 2.96 |
| General Surgery OPD | 1025 | 3.44 |
| ENT | 1398 | 4.69 |
| Emergency Ward | 1439 | 4.83 |
| Dental | 1474 | 4.95 |
| Internal Medicine | 1697 | 5.70 |
| Paediatric | 2076 | 6.97 |
| Obs. & Gynaecology | 2365 | 7.94 |
| Orthopedic | 4385 | 14.72 |
| General OPD | 9928 | 33.34 |
| Total | 29780 | 100.00 |

| | |
|---|---|
| Patient Admitted | 432 |
| Discharge | 392 |
| LAMA | 15 |
| Refer | 18 |

### Eye Program

| | |
|---|---|
| Total Checkup | 3263 |
| Total Cataract Surgery | 73 |

### Operation

| | |
|---|---|
| Major | 171 |
| Minor | 120 |

| Gender | Number | In Percentage |
|---|---|---|
| Female | 17938 | 60.24 |
| Male | 11842 | 39.76 |
| Total | 29780 | 100.00 |

Safe Motherhood Program 54

भक्तपुर नपाद्वारा सञ्चालित ख्वप अस्पतालको
२०८३ जेठ महिनाको सेवा प्रगति

## भेटघाट-अवलोकन

# वीरगञ्जका व्यापारीहरूको टोली भक्तपुरमा



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिसँग वीरगञ्ज महानगरपालिकाका व्यवसायीहरूले असार १४ गते भेटघाट गर्नुभयो ।

ख्वप कलेजको सभा कक्षामा भएको उक्त कार्यक्रममा प्रमुख **प्रजापति**ले भक्तपुर नगरपालिकाका गतिविधि र कार्यक्रमहरूबारे जानकारी गराउनुभयो ।

भक्तपुर नगर गुणस्तरीय शिक्षा प्राप्ति र स्वास्थ्य उपचारको गन्तव्यको रूपमा परिचित हुँदै आएको चर्चा गर्दै प्रमुख प्रजापतिले भक्तपुर नगरपालिकाले दुई वटा इन्जिनियरिङ कलेज, एउटा स्नातक तहको पढाइ हुने कानुन कलेजसहित ७ वटा शैक्षिक संस्थाहरू सञ्चालन गरी सर्वसाधारण जनताले समेत अध्ययन गर्न सक्ने गरी कम शुल्कमा उच्च शिक्षा प्रदान गरिरहेको र देशभरिका ७,५०० भन्दा बढी विद्यार्थीहरू ख्वप कलेजहरूमा अध्ययन गरिरहेको बताउनुभयो ।

उहाँले भन्नुभयो, 'भक्तपुर नगरपालिकाले सञ्चालन गरिरहेको ख्वप अस्पतालमा दैनिक १२०० देखि १३०० जनाले स्वास्थ्य उपचार पाइरहेको छ, यस अस्पतालमा रु. १००।– मा विशेषज्ञ सेवा उपलब्ध गराउँदै आएको छ । दैनिक २० वटा भन्दा बढी साना-ठुला विभिन्न रोगको शल्यक्रिया हुनेगर्छ । ख्वप अस्पतालले छिट्टै नै एमआरआई सेवा उपलब्ध गराउँदै छ ।'

ख्वप अस्पतालले आ.व. २०८२/८३ मा १६,००० सिलिन्डर अक्सिजन निःशुल्क वितरण गरेको जानकारी गराउँदै प्रमुख प्रजापतिले नगरवासीले अक्सिजन, रगत र शववाहन सेवा निःशुल्क रूपमा पाइरहेको बताउनुभयो ।

प्रत्येक वडामा घरदैलो नर्सिङ सेवा विस्तार भइरहेको र असहाय तथा ज्येष्ठ नागरिकलाई घरघरमा गई उपचार गराउने व्यवस्था गर्दै आएको प्रमुख प्रजापतिले उल्लेख गर्नुभयो ।

शैक्षिक गुणस्तर वृद्धिको लागि सामुदायिक विद्यालयमा निजी शिक्षक बन्दोबस्त गर्न नगरपालिले आर्थिक सहयोग गर्नुका साथै नगरपालिकाबाट उपलब्ध गराउँदै आएको शैक्षिक ऋणबारे प्रमुख प्रजापतिले जानकारी गराउनुभयो ।

नगरपालिकाको विकास निर्माणमा नगरवासीको सक्रिय सहयोग हुने र सम्पदा निर्माणमा अझ विशेष सहयोग हुने जानकारी गराउँदै उहाँले आफ्नो कार्यकालमा नगरपालिको आफ्नै स्रोतमा १७८ सम्पदाको पुनःनिर्माण गरिसकेको बताउनुभयो ।

सार्वभौमिकतासँग जोडिएको विदेशी अनुदान भक्तपुर नगरपालिकालाई स्वीकार्य नहुने स्पष्ट पार्दै प्रमुख प्रजापतिले नेपाल मजदुर किसान पार्टीको अध्यक्ष नारायणमान बिजुक्छें (रोहित) ले लेख्नुभएको 'सय वर्षपछिको भक्तपुर' किताब नै भक्तपुर नगरपालिकाको लागि मार्गनिर्देशक भएको बताउनुभयो ।

कार्यक्रममा व्यवसायी **मोहन प्रधान**ले नगरपालिकाको गतिविधिबारे राख्नुभएको जिज्ञासालाई प्रमुख प्रजापतिले स्पष्ट पार्नुभएको थियो ।

कार्यक्रममा ख्वप कलेजका प्राचार्य प्रकाश कुमार श्रेष्ठले ख्वप मा.वि./कलेजको बारे जानकारी गराउनुभएको थियो ।

त्यस क्रममा टोलीले भक्तपुर नगरपालिकाबाट सञ्चालित ख्वप कलेज, ख्वप अस्पताल र ख्वप इन्जिनियरिङ कलेजको अवलोकन गऱ्यो ।

भक्तपुर
BHAKTAPUR [MONTHLY] मासिक
भक्तपुर नपाको वेबसाइट
bhaktapurmun.gov.np
को 'प्रकाशनहरू' मा पढ्न सक्नुहुनेछ ।

# सङ्क्षेपमा

## तालिम निरीक्षण



भक्तपुर नगरपालिकाबाट सञ्चालित कम्प्युटर तालिमको जेठ २८ गते निरीक्षण गर्नुहुँदै नगर प्रमुख सुनिल प्रजापति ।

## सिद्धपोखरी जीर्णोद्वारको अवलोकन



नपाल मजदुर किसान पार्टीका सचिव  प्रेम सुवालबाट ऐतिहासिक सिद्धपोखरी जीर्णोद्वार कार्य र निर्माणाधीन बहुउद्देश्यीय भवनको असार १ गते अवलोकन गर्नुभयो ।

## म्युजिक फेस्टिभल




भक्तपुरको ग:हितिमा असार ६ गते म्युजिक फेस्टिभल २०८३ सम्पन्न भयो ।

## आगलागि नियन्त्रण तालिम

भक्तपुर नगरपालिकाको आयोजनामा वडास्तरीय घरेलु तथा सामुदायिक आगलागि नियन्त्रण तालिम सबै वडामा विभिन्न मितिमा सञ्चालन गरिएको छ ।

### केही झलक










# विविध समाचार

## जेसिसमा एसईई ब्याचलाई बिदाइ




जेसिस सेकेन्डरी स्कुलले एसईई २०८२ ब्याचका विद्यार्थीहरूलाई बिदाइ तथा शुभकामना कार्यक्रम जेठ २१ गते आयोजना गरेको छ।

कार्यक्रमका प्रमुख अतिथि भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले शिक्षामार्फत समाज रूपान्तरण गर्ने उद्देश्यले शैक्षिक संस्था सञ्चालन भइरहेको बताउनुभयो। उहाँले विद्यार्थीहरूको उज्ज्वल भविष्यको कामना गर्दै उच्च शिक्षा अध्ययनका अवसर उपलब्ध गराउन भक्तपुर नगरपालिकाले कलेज सञ्चालन गरिरहेको र देशभरबाट विद्यार्थीहरू अध्ययनका लागि आउने गरेको जानकारी दिनुभयो।

नगरप्रमुख प्रजापतिले सरकारले शिक्षा निःशुल्क भने पनि शिक्षामा कर लगाएर अभिभावकमाथि थप भार थोपरेको टिप्पणी गनुभयो।

जुनसुकै विषय अध्ययन गरे पनि त्यसमा विशेषज्ञ बन्नुपर्नेमा जोड दिँदै देश निर्माणका लागि सबै विषयको समान महत्व रहेको उहाँले बताउनुभयो। आफूले आर्जन गरेको शिक्षा बहुसङ्ख्यक जनताको हितमा प्रयोग गर्नुपर्ने, विदेशमा उच्च शिक्षा हासिल गरेपछि आफ्नै देशमा फर्किएर सेवा गर्नुपर्ने तथा शिक्षक र अभिभावकले विद्यार्थीहरूलाई सधैँ उत्साहित गरिरहनुपर्ने उहाँको भनाइ थियो। विद्यार्थीको क्षमता र रुचिअनुसार उनीहरूको विकासमा जोड दिनुपर्नेमा पनि उहाँले जोड दिनुभयो।

कार्यक्रममा विद्यालयका प्रिन्सिपल **जयराम गोर्खाली**ले विद्यार्थीहरूलाई बधाई तथा शुभकामना व्यक्त गर्दै एसईईपछिको शैक्षिक यात्रा अझ चुनौतीपूर्ण हुने बताउनुभयो।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष एवं समाजसेवी **कृष्णप्रसाद अवाल** को सभापतित्वमा भएको कार्यक्रममा **दिलरेमण कोजू**,सार्वजनिक शैक्षिक गुठी विद्यालय सङ्घका अध्यक्ष **जे.यस. पौडेल र** विद्यार्थी प्रतिनिधि **पृथुजा गोर्खालीले पनि बोल्नु भएको थियो।**

सो अवसरमा नगरप्रमुख प्रजापतिले एसईईमा उत्तीर्ण विद्यार्थीहरूलाई मायाको चिनो वितरण गर्नुका साथै राष्ट्रिय खेलकुद प्रतियोगितामा विजेता बनेकी विद्यार्थी सिल्भी नागालाई सम्मान गरिएको थियो।

## उर्लाबारी नपाले आइतबार पनि विद्यालय सञ्चालन गर्ने

उर्लाबारी नगरपालिका, मोरङले सूचना प्रकाशित गरी उर्लाबारी नगरपालिकाका संस्थागत तथा सामुदायिक विद्यालयहरू अतिरिक्त क्रियाकलाप गर्ने गरी आइतबार पनि सञ्चालन गर्ने निर्णय गरेको हो।

जेठ २१ गतेको सूचनामा असार १ गते देखि लागू हुने गरी आइतबार पनि विद्यालय सञ्चालन गर्ने उल्लेख छ। सरकारले शनिबार र आइतबार विद्यालय बिदा दिने निर्णय गरेको भए पनि दुई दिनको बिदाले विद्यार्थीको शैक्षिक तथा अतिरिक्त क्रियाकलापमा कमी आएको सूचनामा जनाइएको छ।

## कोशी सरकार २ दिने बिदा हटाउने तयारीमा

कोशी प्रदेश सरकारले सातामा दुई दिन दिइँदै आएको सार्वजनिक बिदाबारे पुनर्विचार गर्ने सङ्केत गरेको छ। प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले सामाजिक सञ्जालमार्फत यस विषयमा नागरिकको राय–सुझाव आह्वान गरेका छन्।

## देशमा वैदेशिक हस्तक्षेप कायम रहेको छ : अध्यक्ष रोहित



नेपाल मजदुर किसान पार्टीका अध्यक्ष **नारायणमान बिजुक्छेँ (रोहित)**ले देशमा वैदेशिक हस्तक्षेप कायम रहेको बताउनुभएको छ ।

भदौ २३ र २४ गतेको घटनाको तयारी तीनचार महिनाअगाडि नै भएको हुनुपर्ने भन्दै उहाँले दुईदिनभित्र सिंहदरबारलगायत देशभरका सयौँ संरचना ध्वस्त गराउन कम्तीमा ३ लाख मानिस नभई हुन्नथ्यो, यी सबैको निम्ति गुप्त योजना बनाइएको बताउनुभयो ।

संस्थागत विद्यालय सङ्घ नेपाल (इसान) ले जेठ २५ गते आयोजना गरेको कार्यक्रममा अध्यक्ष रोहितले विगतमा सरकारमा बसेका पार्टीहरूका एकतिहाइ केन्द्रीय सदस्यहरू विदेशीका गुप्तचर भएको प्रस्ट पार्नुभयो । उहाँले रुसी कम्युनिस्ट पार्टीमा समेत विदेशीको गुप्तचर पुगेर स्तालिनलाई विष प्रयोग गरेको र स्तालिनपछिको सम्भावित नेता किरोभको हत्या गरेको उदाहरण प्रस्तुत गर्नुभयो ।

अध्यक्ष रोहितले अहिलेको सरकार आएपछि विदेशी ऋण झन् बढेको उल्लेख गर्दै भदौ २३ र २४ मा १ खर्ब रुपियाँभन्दा बढीको क्षतिपूर्ति गर्न अझ ऋणको भार थपिने उल्लेख गर्नुभयो । उहाँले ऋण दिएर घरखेत हडपेजस्तैको हालत नेपालीको हुने धारणा राख्नुभयो । नयाँ मानिसको नाममा जालसाजी भइरहेको चर्चा गर्दै अध्यक्ष रोहितले केही नबुझ्ने नयाँको अर्थ नभएको बताउनुभयो ।

उहाँले भन्नुभयो, 'नयाँ पुस्ता आउँदैमा राम्रो हुन्छ भन्ने कुराको ग्यारेन्टी हुँदैन, मुख्य कुरा योग्य हुनुपर्‍यो ।'

कार्यक्रममा इसानका संस्थापक अध्यक्ष एवम् सल्लाहकार **सरोजराज गोसाईं**ले सरकारले शिक्षामा अत्यन्तै न्यून बजेट विनियोजन गरेको उल्लेख गर्दै देशको संविधानको मर्मविपरीत शिक्षा कर फेरि लागू गरेको बताउनुभयो ।

इसानका उपाध्यक्ष **सनकमान महर्जन**ले सरकारले सबै संस्थागत विद्यालयलाई एउटै डालोमा राखेर हेर्नु गलत भएको तर्क गर्नुभयो ।

इसानका कोषाध्यक्ष **उकेश कवां**ले शिक्षा करविरूद्ध एकजुट हुनुपर्ने भनाइ राख्नुभयो ।

आयोजक समितिका अध्यक्ष **प्रेमजन थापा**श्रेष्ठको सभापतित्वमा सम्पन्न कार्यक्रममा केन्द्रीय सदस्य **लिसा प्रजापति**ले शुभकामना व्यक्त गर्नुभएको थियो ।

कार्यक्रममा इसानअन्तर्गतका विद्यालयबाट २०८२ को विद्यालय शिक्षा परीक्षामा उत्कृष्ट नतिजा ल्याउने प्रत्येक विद्यालयका विद्यार्थीलाई प्रशंसापत्र वितरण तथा १० वर्षभन्दा बढी सेवा गर्ने शिक्षक तथा कर्मचारीलाई धन्यवाद पत्र वितरण गरिएको थियो ।

## 'इपिजी प्रतिवेदन' राखिएको दराजको साँचो परराष्ट्रलाई



नेपाल–भारत प्रबुद्ध व्यक्ति समूह (इपिजी) को नेपालतर्फका संयोजक डा भेषबहादुर थापाले इपिजी प्रतिवेदन राखिएको दराजको साँचो परराष्ट्र मन्त्रालयलाई जेठ २२ गते बुझाएका छन् ।

संयोजक थापाले आफ्नो स्वास्थ्य र उमेरका कारण देखाउँदै परराष्ट्रमन्त्री शिशिर खनालको समुपस्थितिमा परराष्ट्रसचिव अमृतबहादुर राईलाई बिहीबार दराजको साँचो हस्तान्तरण गरेको मन्त्रालयले जनाएको छ ।

नेपाल र भारतबीचका समस्याका बारेमा अध्ययन गरी समाधानका उपाय खोज्न संयुक्त रूपमा प्रबुद्ध व्यक्तिहरूको समूह गठन गरिएको थियो । सन् २०१६ मा नेपाल र भारतले उक्त समूह गठन गरी दुई वर्षसम्म अध्ययन गरी समूहले प्रतिवेदन तयार गरेको थियो ।

उक्त प्रतिवेदन दुवै देशका प्रधानमन्त्रीले बुझ्नुपर्ने प्रावधान भए पनि हालसम्म दुवै देशका प्रधानमन्त्रीले बुझेका छैनन् ।

## छायाँदेवी कम्प्लेक्सको दसक पुरानो विवादको न्याय निरुपण भएन

ऐतिहासिक, पुरातात्त्विक, सांस्कृतिक एवम् धार्मिक महत्त्वको ठमेलको कमलपोखरी हडपेर बनाइएको छायाँदेवी कम्प्लेक्सको दसक पुरानो विवादको न्यायाधीशद्वय शारंगा सुवेदी र टेकप्रसाद ढुंगानाको इजलासबाट जेठ २१ गते न्याय निरुपण हुने सम्भावना थियो ।




तर, २०८१ पुस ४ गते युट्युबमा अपलोड गरिएको हिन्दी भाषाको अडियोका कारण निर्णय प्रभावित भयो। अडियोमा दुवै न्यायाधीशमाथि गम्भीर आरोप लगाइएको थियो ।

अडियोमा भनिएको थियो– विश्वस्त सुत्रका अनुसार, छायाँदेवी सेन्टरको मुद्दा जुन सरकारसँग चलिरहेको छ, यसमा एक महिला न्यायाधीश छन् उनको श्रीमान्लाई क्यान्सर भएको छ। अर्का पुरुष न्यायाधीश छन् जसले करोडौं रुपैयाँ घुस लिएर छायाँ सेन्टरका पृथ्वीबहादुर पाण्डेको पक्षमा फैसला गर्ने तयारी गरिरहेका छन्।

सर्वोच्चका बाँकी न्यायाधीशको मोबाइलमा पनि त्यो अडियो पठाइएको थियो। त्यो अडियो बनाउनुको उद्देश्य थियो– न्याय निरुपणलाई प्रभावित पार्ने। नभन्दै अदालतले निर्णय लिन सकेन, विवाद पूर्ण इजलासमा पठाउने आदेश भयो ।

छायाँदेवी कम्प्लेक्स विवादको सार भनेको ठमेलको भगवानबहाल क्षेत्रमा रहेको ऐतिहासिक कमलपोखरी र त्यससँग जोडिएको गुठी जग्गा निजी स्वामित्वमा लगेर व्यापारिक भवन बनाइयो कि बनाइएन भन्ने हो।

२०७१ सालमा यो विवाद सर्वोच्च अदालतमा प्रवेश गरेको थियो। यस अवधिमा दर्जनौँ पटक हेर्न नमिल्ने, आधा दर्जन पटक हेर्न नभ्याउने र स्थगित हुँदै आएको मुद्दाको पेसी जेठ २१ गते बिहीबार तोकिएको थियो।

ऐतिहासिक पोखरी मासेर खडा भएको छाया सेन्टर विवादको मुद्दा सर्वोच्चमा घुमेको घुम्यै छ।

छायाँदेवी कम्प्लेक्सको विवादको चुरो बुझ्न १०० वर्षभन्दा पछाडि फर्कनुपर्छ। अहिले काठमाडौँ महानगरपालिका–२९ मा पर्ने राणाकालीन दरबार केशरमहलसँगै 'थँ बहिल' भनिने विक्रमशील महाबिहार छ। बौद्ध धर्मावलम्बीले जन्म–मरण संस्कार गर्ने यो महाबिहार लिच्छविकालीन मानिन्छ, जसको रेखदेख श्री सिंहसार्थ वाहु गरुड भगवान गुठी अन्तर्गत हुँदै आएको छ।

छाया सेन्टर बन्नुभन्दा अघि २०३३ कात्तिक १६ मा सर्भे नापी भई खडा भएको फिल्डबुकमा साबिक काठमाडौँ महानगरपालिका–२९ स्थित कित्ता नम्बर १६७ को क्षेत्रफल १२.१३.२.२ र कित्ता नम्बर १०४० को क्षेत्रफल ९ आना २ पैसा ३ दामको फिल्डबुकमा जोताह महल खाली र जग्गाधनीको महलमा क्रमशः पोखरी र चोक जनिएको पाइन्छ ।

२०४४ सालमा ठमेल वडा नं. २९ को ५७.१४.३.२ रोपनी क्षेत्रफलमा फैलिएको सार्वजनिक जग्गा तत्कालीन श्री ५ को सरकारले आफ्नो नाममा दर्ता गर्‍यो। त्यसरी दर्ता गरिएको कमलपोखरीको कित्ता नं. १६७ को १२.१३.२.२ रोपनी जग्गाको विवरणमा आवादीमा पर्ती पोखरी र घरजग्गाको महलमा पोखरी कायम गरिएको छ। जग्गाधनीको नाममा श्री ५ को सरकार लेखिएको छ। मोहीको महलमा पोखरी नै उल्लेख छ।

## भारतीय सुरक्षाकर्मी सुस्ता प्रवेश गरेपछि स्थानीयको प्रतिकार



परासी – भारतीय सीमा सुरक्षाफोर्स (एसएसबी) नेपाली भूमि सुस्तामा प्रवेश गरेपछि स्थानीयले प्रतिकार गरेका छन्। जेठ २९ गते बिहान करिब ७ बजे सुस्ता गाउँपालिका–५ स्थित थारू टोलमा एसएसबी प्रवेश गरेपछि स्थानीयले हो–हल्ला गर्दै आफ्नै भूमि जान भनेका थिए।

नेपाल सरकारले कटान र डुबानबाट सुस्ता जोगाउन कटान र डुबानबाट सुस्ता बचाउन १४ करोड लगानीमा तटबन्ध निर्माण भइरहेको छ। तर, भारतीय सुरक्षाकर्मीले काम रोक्न दबाब दिएका छन्।

नारायणी नदीमा निर्माणाधीन तटबन्धको काम रोक्न १७ जेठमा एसएसबी नेपाली भूमि प्रवेश गरेपछि यस क्षेत्रलाई

नेपाली र भारतीय दुवै पक्षले थप निगरानीमा राखिरहेका छन् ।

खेतमा काम गरिरहेका स्थानीयले नेपाली भूमिमा किन प्रवेश गरेको भन्दै भारतीय सुरक्षाकर्मीलाई फर्कन भनेका थिए । स्थानीयसँग केही समय सामान्य वादविवाद गरेपछि एसएसबी भारततर्फ नै लागेका थिए ।

सुस्ता बचाउ अभियानका प्रवक्ता रवीन्द्र जयसवालले शुक्रबार बिहान भारतीय सुरक्षाकर्मी नेपाली भूभागमा देखेपछि स्थानीयले भारततर्फ जान र आफ्नो भूमिमा प्रवेश नगर्न भनेपछि केही समय विवाद भएको र पछि दुबै पक्षका सुरक्षाकर्मीको पहलमा समस्या समाधान गरिएको जानकारी दिए ।

२०२२ मा तत्कालीन राजा महेन्द्रले सुस्तामा केही भूपू सैनिक र सुस्ता आसपास सिमानाको रक्षार्थ करिब ४ सय परिवारको बस्ती बसालेका थिए । २०३४ मा नारायणी नदीले धार परिवर्तन गरेर बस्ती बगरमा परिणत गरी दिएपछि उनिहरू बिस्थापित हुन पुगे । त्यसपछि भारतीय पक्षले लगातार अतिक्रमण गर्ने र सिमा स्तम्भ नभएको फाइदा उठाउँदै आएको स्थानीयको आरोप छ ।

सुस्ताको कुल क्षेत्रफल ४० हजार ९ सय ८० हेक्टरमध्ये भारतले १४ हजार हेक्टर अतिक्रमण गरेर आफ्नो कब्जामा लिएको छ भने १९ हजार ४ सय ८० हेक्टर क्षेत्रफल विवादित भन्दै जोतभोग गर्न दिइएको छैन । सुस्ताबासीले अहिले ७ हजार ५ सय हेक्टर क्षेत्रफलको भूमि मात्रै जोतभोग गर्दै आएका छन् ।

पश्चिम नवलपरासीको सनहीदेखि कुडियासम्म १६ वटा सिमा स्तम्भ भएपनि सुस्ताको २४ किलोमिटर क्षेत्रमा सीमा स्तम्भ छैन । सीमा स्तम्भ नभएका ठाउँमा खोला, रुख वा अन्य जैविक सिमानाको भर पर्दा जोतभोगका विषयमा सीमावर्ती क्षेत्रका नागरिकबीच पटक पटक विवाद हुँदै आएको छ । नेपाल-भारतको विवादित भूमिमा एउटा सिमलको रुखलाई सीमा स्तम्भका रूपमा मानिँदै आएको छ ।

(कान्तिपुर)

## राष्ट्रिय ध्वजाको हविगत !

नेपालमा राष्ट्रिय ध्वजा आधा झुकाउनु पर्ने कुनै घटना भएको छैन । तर सुस्ता गाउँपालिका वडा नं. ५ मा २०८१ असोज १० गते राष्ट्रपतिबाट उद्घाटन गरिएको झोलुङ्गे पुलमा फहराइएको राष्ट्रिय ध्वजा आधा झुकिरहेको छ ।



ध्वजा च्यातिएर झन्डै धुजाधुजा हुँदा पनि त्यहाँको सरकारी निकायको ध्यान नगएको गत जेठ १८ गते यो तस्बिर खिच्ने एक आन्तरिक पर्यटकले अनुभव गरेका छन् ।

## 'सहकारी अध्यादेश २०८३ तथा जाँचबुझ आयोग प्रतिवेदन' विषयक अन्तरक्रिया



सहकारी अध्ययन समाज नेपालद्वारा जेठ २९ गते आयोजित 'सहकारी अध्यादेश २०८३ तथा जाँचबुझ आयोग प्रतिवेदन' विषयक अन्तरक्रिया कार्यक्रममा भक्तपुर नगरपालिकाका नगर प्रमुख **सुनिल प्रजापति**ले सहकारी क्षेत्रमा देखिएको समस्याको समाधानभन्दा पनि ठूला सहकारी ठगी प्रकरणमा संलग्न व्यक्तिलाई जोगाउने उद्देश्यले अध्यादेश ल्याइएको बताउनुभयो ।

कार्यक्रमका प्रमुख अतिथि प्रजापतिले अर्बौं रुपैयाँ ठगी गर्ने सहकारी सञ्चालक तथा जिम्मेवार व्यक्तिमाथि कडा कारबाही गर्नुको सट्टा उनीहरूलाई संरक्षण गर्ने मनसायले सहकारी अध्यादेश २०८३ ल्याइएको देखिएको बताउनुभयो ।

उहाँले सहकारी क्षेत्रमा मात्र नभई राज्यका विभिन्न क्षेत्रमा विकृति र विसङ्गति रहेको उल्लेख गर्दै सरकार प्रमुखले संसद्मा प्रस्तुत गरेका धारणा सन्तोषजनक नरहेको टिप्पणी गर्नुभयो ।

उहाँले वर्तमान सरकारमा बहुमतको दम्भ देखिएको बताउँदै सहकारीको नाममा बचतकर्ताको रकम दुरुपयोग गर्ने प्रवृत्तिलाई नियन्त्रण गर्न प्रभावकारी नियमन आवश्यक रहेको बताउनुभयो ।

सहकारी सञ्चालकहरूले आफ्नै संस्थाबाट ऋण लिनु जोखिमपूर्ण अभ्यास भएको उल्लेख गर्दै राज्यलाई तिरेको करको दुरुपयोग हुन नहुने धारणा राख्नुभयो ।

नगर प्रमुख प्रजापतिले सहकारी क्षेत्रको समस्या समयमै समाधान गर्न नेपाल राष्ट्र बैङ्कले प्रभावकारी नियमन र अनुगमन गर्न नसक्दा अवस्था विकराल बनेको बताउनुभयो ।

स्थानीय तहले सहकारीलाई सङ्कटग्रस्त घोषणा गराएर दबाब सिर्जना गर्न खोजेको बताउँदै तीन तहका सरकार आफ्नो अधिकार क्षेत्रभित्र स्वतन्त्र रहेको र एकअर्काको कार्यक्षेत्रमा हस्तक्षेप हुन नहुने उहाँको भनाइ थियो ।

उहाँले राजनीतिक दलको सदस्य भएको व्यक्ति



सहकारीको सञ्चालक वा पदाधिकारी बन्न नपाउने व्यवस्था व्यवहारिक नभएको टिप्पणी गर्दै अध्यादेशको आयु लामो नहुने र राष्ट्रपतिले चाहेमा जुनसुकै बेला खारेज हुन सक्ने उल्लेख गर्नुभयो ।

कार्यक्रममा सहकारी समाज नेपालका उपाध्यक्ष **कृष्णगोबिन्द लाखा**ले सहकारी क्षेत्रको वर्तमान अवस्था, जाँचबुझ आयोगको प्रतिवेदन तथा अध्यादेशका व्यवस्थाबारे प्रस्तुतिकरण देखाउँदै बचतकर्ताको हित संरक्षण, पारदर्शिता र जवाफदेहितालाई केन्द्रमा राखेर कानुनी तथा नीतिगत सुधार गर्नुपर्नेमा जोड दिनुभयो ।

कार्यक्रममा समाजका अध्यक्ष **राधेश्याम सुवाल**, सचिव **जगन्नाथ प्रजापति** र समाजका **महेन्द्र बखुन्छें**ले पनि सहकारी सुधार, पारदर्शिता र बचतकर्ताको हित संरक्षणमा जोड दिनुभयो ।

# लक्ष्मीनरसिंह मन्दिर पुनर्निर्माणमा योगदान पुऱ्याउने र अभिषेक पाठ सम्पन्न गर्ने सहयोगीहरूलाई कदरपत्र




लक्ष्मीनरसिंह मन्दिरमा आयोजित अभिषेक पाठ तथा रुद्री पाठ कार्यक्रमको समापन समारोह असार २ गते एक कार्यक्रमबीच सम्पन्न भयो ।

समापन कार्यक्रममा नगर प्रमुख **सुनिल प्रजापति**ले लक्ष्मीनरसिंह मन्दिरको पुनर्निर्माणमा धेरै व्यक्ति तथा समुदायको योगदान रहेको बताउँदै यो कुनै एक व्यक्तिको प्रयासले नभई सम्पूर्ण नगरवासीको सहकार्य र मिहिनेतबाट सम्भव भएको बताउनुभयो ।

उहाँले भक्तपुर नगरपालिकाले मूर्त र अमूर्त सम्पदाको संरक्षणलाई प्राथमिकतामा राख्दै आएको र सम्पदा

पुनर्निर्माणका कार्यहरू अभिलेखीकरणसहित पारदर्शी ढङ्गले सञ्चालन गरिरहेको जानकारी दिनुभयो ।

नगर प्रमुख प्रजापतिले भक्तपुरको सम्पदा संरक्षणको मोडल देशकै लागि उदाहरणीय बनेको उल्लेख गर्दै हालसम्म १७८ वटा सम्पदाको पुनर्निर्माण सम्पन्न भइसकेको र केही पुनर्निर्माणको क्रममा रहेको बताउनुभयो ।

आर्थिक सहयोग र श्रमदान सम्पदा संरक्षणका महत्त्वपूर्ण आधार भएको उल्लेख गर्दै आत्मनिर्भर भएर आफ्नो स्वाभिमान जोगाउन भक्तपुर सफल भएको धारणा राख्नुभयो । उहाँले अभिषेक पाठ तथा रुद्री पाठ सम्पन्न गर्न सहयोग गर्ने सम्पूर्ण ब्राह्मण, व्यवस्थापन समिति तथा भक्तजनहरूलाई धन्यवाद ज्ञापन गर्नुभयो ।

कार्यक्रममा भक्तपुर नगरपालिका वडा नं. ४ का अध्यक्ष **उपेन्द्र सुवाल**ले भक्तपुर कला, संस्कृति र सम्पदाले सम्पन्न नगर भएको उल्लेख गर्दै नगरपालिकाले मूर्त तथा अमूर्त सम्पदाको संरक्षण र संवर्द्धनमा निरन्तर काम गरिरहेको बताउनुभयो । उहाँले पुराना सम्पदाहरूको पुनर्निर्माण गर्न भक्तपुरका कालीगड सक्षम रहेको उदाहरण लक्ष्मीनरसिंह मन्दिर नै भएको धारणा राख्नुभयो ।

कार्यक्रममा लक्ष्मीनरसिंह व्यवस्थापन समितिका अध्यक्ष **न्हुच्छेराम भेले**ले पुरुषोत्तम मासको अवसर पारेर अभिषेक पाठ तथा रुद्री पाठ आयोजना गर्नुको उद्देश्य विश्वशान्ति र मानव कल्याण रहेको बताउनुभयो । उहाँले ८० भन्दा बढी ब्राह्मणहरूको सहभागितामा रुद्री पाठ सम्पन्न भएको जानकारी दिनुभयो ।

जोशी समाजका प्रतिनिधि **कृष्णराज जोशी** तथा राजोपाध्याय समाजका संयोजक **गिरीशराज शर्मा**ले लक्ष्मीनरसिंह मन्दिरको स्थापनाकालदेखि यति ठूलो धार्मिक अनुष्ठान नभएको उल्लेख गर्दै ब्राह्मणहरूको उत्साहजनक सहभागितामा कार्यक्रम सफलतापूर्वक सम्पन्न भएको बताउनुभयो । उहाँहरूले रुद्री पाठले धार्मिक चेतना अभिवृद्धि गर्नुका साथै समाजमा सद्भाव र सकारात्मक सन्देश प्रवाह गर्ने विश्वास व्यक्त गर्नुभयो ।

त्यसैगरी **विनोदराज शर्मा**ले अभिषेक पाठको धार्मिक महत्त्वबारे प्रकाश पार्दै यस्ता अनुष्ठानले आध्यात्मिक उन्नयन तथा सांस्कृतिक परम्पराको संरक्षणमा योगदान पुऱ्याउने बताउनुभयो ।

सो अवसरमा नगर प्रमुख प्रजापतिले लक्ष्मीनरसिंह मन्दिर पुनर्निर्माणमा महत्त्वपूर्ण योगदान पुऱ्याउनुहुने इन्जिनियर रामगोविन्द श्रेष्ठ र सूर्यभक्त खर्बुजालाई अभिनन्दन तथा सम्मान गर्नुभएको थियो ।

कार्यक्रममा इन्जिनियर **रामगोविन्द श्रेष्ठ**ले मन्दिर पुन:निर्माणका महत्त्वपूर्ण पक्षमाथि प्रकाश पार्नुभयो भने लक्ष्मीनरसिंह मन्दिर संरक्षण समितिका अध्यक्ष **पशुपति प्रजापति**ले धन्यवादज्ञापन गर्नुभयो ।

कार्यक्रमका अवसरमा अभिषेक पाठ तथा रुद्री पाठ सफल बनाउन आर्थिक, भौतिक सहयोग पुऱ्याउने विभिन्न व्यक्ति तथा सहयोगीहरूलाई कदरपत्र प्रदान गरी सम्मान गरिएको थियो । आयोजकले धार्मिक तथा सांस्कृतिक कार्यलाई सफल बनाउन सहयोग गर्ने सम्पूर्ण सहयोगीहरूप्रति आभार व्यक्त गर्दै आगामी दिनमा पनि यस्ता कार्यमा निरन्तर साथ र सहयोगको अपेक्षा गरेको जनाएको छ ।

# घरेलु तथा साना उद्योग प्रवर्द्धनमा जोड दिनुपर्ने : प्रमुख प्रजापति




भक्तपुर घरेलु तथा साना उद्योग सङ्घको आयोजना, भक्तपुर पर्यटन विकास समितिको सहकार्य तथा 'गो लोकल' अभियानको संयोजनमा असार ६ र ७ गते भक्तपुर नगरपालिका-२ स्थित न:पुखू परिसरमा 'हेरिटेज मार्केट एण्ड कल्चरल किचेन' मेलाको उद्घाटन भक्तपुर नगरपालिकाका नगर प्रमुख सुनिल प्रजापतिको प्रमुख आतिथ्यमा सम्पन्न भयो ।

कार्यक्रमको उद्घाटन नगर प्रमुख प्रजापतिले गमलामा पानी हालेर गर्नुभएको थियो ।

उद्घाटन समारोहलाई सम्बोधन गर्दै प्रमुख **प्रजापति**ले स्थानीय स्रोत, साधन र सीपमा आधारित घरेलु उत्पादनलाई प्राथमिकता दिन सके रोजगारीका अवसर वृद्धि हुने, युवाहरू आत्मनिर्भर बन्ने तथा वैदेशिक रोजगारीका लागि विदेशिने युवाहरूको सङ्ख्यासमेत घटाउन सकिने बताउनुभयो ।

उहाँले घरेलु उत्पादनको प्रवर्द्धन र बजारीकरणका लागि मेला, उत्सव तथा प्रदर्शनीहरूले महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने उल्लेख गर्दै यस्ता कार्यक्रमले स्थानीय उत्पादनलाई व्यापक रूपमा चिनाउन सहयोग पुग्ने बताउनुभयो।

नगर प्रमुख प्रजापतिले भक्तपुर नगरपालिकाले विभिन्न विषयमा युवाहरूलाई सीपमूलक तालिम प्रदान गर्दै आएको र त:का, तपुली, जुजु धौलगायत स्थानीय उत्पादनको राष्ट्रिय सूचीकरण प्रक्रियालाई अगाडि बढाएको जानकारी दिनुभयो।

उहाँले ताइचिन च्युरा, हाकुपतासीलगायत स्थानीय उत्पादनको संरक्षण, प्रवर्द्धन र बजारीकरणका लागि नगरपालिकाले घरेलु उद्योग व्यवसायीहरूसँग समन्वय र सहकार्य गर्दै आएको पनि बताउनुभयो। साथै घरेलु तथा साना उद्योगको विकासका लागि सरकारले सहुलियत ब्याजदरमा ऋण तथा अनुदानको व्यवस्था गर्नुपर्ने आवश्यकता औँल्याउँदै भक्तपुर नगरपालिकाले सीपमूलक तालिमसँगै युवा उद्यमशीलता ऋण कार्यक्रम सञ्चालन गर्दै आएको जानकारी दिनुभयो।



भक्तपुर घरेलु तथा साना उद्योग सङ्घका अध्यक्ष **श्यामकुमार श्रेष्ठ**को सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा नेपाल पत्रकार महासङ्घ भक्तपुर शाखाका अध्यक्ष **सुन्दर शिल्पकार**ले पनि शुभकामना मन्तव्य राख्नुभएको थियो भने भक्तपुर पर्यटन विकास समितिका अध्यक्ष **दिपेशराज शर्मा**ले धन्यवाद ज्ञापन गर्नुभएको थियो।

कार्यक्रममा घरेलु उद्योगी, व्यवसायी, विभिन्न सङ्घसंस्थाका प्रतिनिधि तथा स्थानीयवासीहरूको उल्लेखनीय सहभागिता रहेको थियो।

**कति शब्द बन्छ होला ? को उत्तर**

OUR, OUT, ROT, ROUT, RUT, TOR, TORY, TOT, TOUR, TOUT, TROUT, TRY, TRYOUT, TUE, TUR, TUT, TUTOR, YOU, YOUR,

# शोभा प्रधानको चौथो स्मृति

## 'धेरै ठूलो कुरा नगरेर सानो काम गरेर पनि जनताको सेवा गर्न सकिन्छ'




नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) की जीवन साथी तथा नेपाल क्रान्तिकारी महिला सङ्की पूर्व केन्द्रीय कोषाध्यक्ष शोभा प्रधानको चौथो स्मृति सभा असार ८ गते सम्पन्न भयो।

सभामा वक्ताहरूले नेतृ प्रधानको जीवन र योगदानबारे विभिन्न कोणबाट प्रकाश पार्नुभएको थियो।

सभामा नेपाल मजदुर किसान पार्टीका अध्यक्ष **नारायणमान बिजुक्छेँ (रोहित)**ले जीवनको लामो अवधि निर्वासन, जेल र डेरामा बिताएको हुँदा घर पनि डेराजस्तो लाग्ने गरेको बताउनुभयो। पैसा कमाउने, ठूलो हुने, झिलिमिली खानेजस्ता ठूलो इच्छा–आकाङ्क्षा नराखी शोभा प्रधानले घर सम्हाल्ने गरेको उहाँले स्मरण गर्नुभयो।




सरकारले क्यान्सरको औषधिको व्यवस्था गर्न नसकेकैले शोभा प्रधानको चाँडै निधन भएको चर्चा गर्दै उहाँले भन्नुभयो, 'सरकारको स्वास्थ्य नीति राम्रो र औषधि उपचारको व्यवस्था भएको भए आधा मान्छे असमयमै मर्ने थिएनन्।'

उहाँले नेता तथा कार्यकर्तालाई जनताको सक्दो सेवा गर्न जोड दिनुभयो। २०१५ सालमा भक्तपुरमा जम्मा एक जना इन्जिनियर भएकोमा आज घनत्वको हिसाबले भक्तपुरमा देशकै धेरै इन्जिनियर उत्पादन भएको उहाँले बताउनुभयो। भक्तपुर नगरपालिकाले सञ्चालन गरेका अस्पताल र शिक्षालयले देशभरिकै गरिब जनताका छोराछोरीलाई सस्तो सेवा दिइरहेको उहाँले बताउनुभयो।



स्व. शोभा प्रधान

अध्यक्ष बिजुक्छेँले भन्नुभयो, 'क्रान्ति गर्न नसके पनि जनताको सेवा त गर्‍यौँ। धेरै ठुलो कुरा नगरेर सानो काम गरेर पनि जनताको सेवा गर्न सकिन्छ।'

स्मृति सभामा वाग्मती प्रदेशसभा सदस्य **सृजना सैँजू**ले नेतृ प्रधानले कार्यकर्ताहरूको राम्रो हेरविचार गर्ने गरेको स्मरण गर्नुभयो।

नेतृ प्रधानले २०४५ सालको भक्तपुर काण्डमा सहेको यातना र योगदानलाई इतिहासले लेखाजोखा गरेको बताउनुभयो। उहाँलाई शैक्षिक आन्दोलन, महिला आन्दोलन र साक्षरता तथा स्वास्थ्य अभियन्ताको रूपमा बुझ्नुपर्नेमा उहाँले जोड दिनुभयो।

कार्यक्रममा पोषणविद् डा. **कान्ति श्रेष्ठ**ले नेपालका रैथाने बोटबिरूवा र पकवानहरूमा पाइने पोषक तत्त्वबारे विस्तृत चर्चा गर्नुभयो। खाना आहारमात्र नभई औषधि पनि हुने भन्दै उहाँले हाम्रा पुर्खाको रैथाने ज्ञानमा लुकेको विज्ञानका विभिन्न पाटाबारे केलाउनुभयो।

फ्याट्टी एसिड, एमिनो एसिड र फ्लेबोनोइड मिसाएको सन्तुलित आहार खानाले निरोगी बन्न सकिने उहाँको मूल सन्देश थियो।

शिक्षक **राजामान बिजुक्छेँ**ले 'शोभा भाउजू' बारे विभिन्न सम्झनाहरू सुनाउनुभयो। 'शोभा भाउजू' घरबाहिर मात्र नभएर घरमा पनि सफल बुहारी बन्नुभएको चर्चा गर्दै उहाँले भन्नुभयो, 'उहाँले देश र जनताको सेवा गर्ने 'दाइ' को आदर्श अनुरूप जीवनयापन गर्नुभएको थियो।'

भक्तपुर काण्डको बेला 'शोभा भाउजू' ले समाजका सबै यातना सहनुभएको र कहिल्यै चित्त नदुखाउनुभएको उहाँले स्मरण गर्नुभयो।

नर्सिङ समाजकी अध्यक्ष **देविका दनेखु**ले मानसिक रूपमा सशक्त हुनाले नै नेतृ शोभा प्रधानले दुईपल्ट क्यान्सरको सामना गर्नुभएको बताउनुभयो।

क्यान्सरको औषधिमा आज पनि देश पछाडि नै रहेको उहाँले गुनासो गर्नुभयो।

मानसिक स्वास्थ्यसम्बन्धी चर्चा गर्दै उहाँले देशमा पुरूषभन्दा बढी महिलाहरू मानसिक रोगको सिकार भइरहेको तस्बिर उतार्नुभयो। उहाँले गाउँमा भन्दा बढी सहरमा, देशमा भन्दा बढी विदेशमा र धनीभन्दा बढी गरिब महिलाहरू बर्सेनि मानसिक रोगको सिकार हुने गरेको तथ्याङ्कहरू पेस गर्नुभयो।

आयोजक समितिको तर्फबाट बोल्दै नेपाल क्रान्तिकारी महिला सङ्घका अध्यक्ष **अनुराधा थापामगर**ले नेतृ प्रधानले आफ्नो युगको लागि मात्र नभई आउँदो युगका लागि पनि समर्पित जीवन बाँच्नुभएको विचार राख्नुभयो।

एक महिला घरको चुलोचौकोमा मात्र सीमित नभई आमूल परिवर्तनका लागि सङ्घर्षशील हुन सक्ने एक उदाहरणको रूपमा नेतृ प्रधान सदा स्मरणीय रहने उहाँले बताउनुभयो।

सभामा आयोजक समितिकी सदस्य **पवित्रा शाही**ले स्वागत मन्तव्य राख्नुभएको थियो भने सञ्चालन **गङ्गा वैद्य**ले गर्नुभएको थियो।

# नगर प्रमुख प्रजापतिद्वारा पुस्तक विमोचन




भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले असार १३ गते आयोजित एक कार्यक्रमबीच शिक्षाविद् बाबा सरको योगदानसँग सम्बन्धित पुस्तक The Soul of Teaching विमोचन गर्नुभयो।

विद्या विकास आवासीय विद्यालयद्वारा आयोजना भएको बाबा सर विशेषाङ्क पुस्तक विमोचन गर्दै नगर प्रमुख **प्रजापति**ले भक्तपुरमा अङ्ग्रेजी शिक्षाको आवश्यकता महसुस भएको समयमा स्थापित विद्यालयहरूमध्ये विद्या विकास स्कुलले पनि भक्तपुरको शैक्षिक विकासमा उल्लेखनीय भूमिका खेलेको स्मरण र्नुभयो ।

नगर प्रमुख प्रजापतिले अङ्ग्रेजी शिक्षक बाबा सर अगाडि पुस्ताका आदर्श गुरु रहेको उल्लेख गर्दै राम्रो काम गर्ने व्यक्तिलाई समाजले सधैँ चिन्ने बताउनुभयो । उहाँले यस्ता व्यक्तिका अनुभव र योगदानलाई पुस्तकमार्फत अभिलेखीकरण गर्नु भावी पुस्ताका लागि मार्गनिर्देशक हुने बताउँदै बाबा सरले नेपालभाषा सिक्ने प्रयास गर्नु प्रशंसनीय रहेको उल्लेख गर्दै भक्तपुरको शिक्षा विकासमा उहाँको महत्त्वपूर्ण योगदान रहेको बताउनुभयो ।

उहाँले नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँले अघि सार्नुभएको 'एक घर, एक स्नातक' अभियानलाई भक्तपुर नगरपालिकाले कलेज सञ्चालनमार्फत सार्थक बनाएको उल्लेख गर्दै नगरपालिकाले दक्ष जनशक्ति उत्पादनमा महत्त्वपूर्ण भूमिका खेलेको र भक्तपुरलाई देशकै शैक्षिक गन्तव्यका रूपमा स्थापित गर्न योगदान पुऱ्याएको उहाँले बताउनुभयो ।

कार्यक्रममा वाग्मती प्रदेशसभा सदस्य **सुरेन्द्रराज गोसाईं**ले निजी क्षेत्रबाट सञ्चालित भक्तपुरका विद्यालयहरूले पनि शैक्षिक विकासमा महत्त्वपूर्ण भूमिका खेलेको उल्लेख गर्दै विद्यालयको थप प्रगति र उन्नतिको कामना गर्नुभयो । उहाँले बाबा सरले विद्यार्थीप्रति देखाएको माया, अङ्ग्रेजी शिक्षामा पुऱ्याएको योगदान तथा शिक्षण यात्रा प्रेरणादायी भएको बताउनुभयो । सांसद गोसाईंले बाबा सर विद्यार्थीप्रति माया गर्ने, समर्पित र प्रेरणादायी शिक्षक भएको उल्लेख गर्दै शिक्षा क्षेत्रमा उहाँले छोडेको छाप दीर्घकालसम्म स्मरणीय रहने बताए । जीवनमा नाम र पहिचान छोड्ने गरी काम गर्नु नै साँचो सफलता भएको उल्लेख गर्दै उहाँले बाबा सरको शैक्षिक यात्रा नयाँ पुस्ताका लागि प्रेरणाको स्रोत रहेको धारणा व्यक्त गर्नुभयो ।

पूर्व शिक्षक **सूर्य राई**ले बाबा सरसँगको आफ्नो सहकार्य र शिक्षाप्रतिको समर्पणबारे चर्चा गर्नुभयो ।

सरस पाठशालाका निर्देशक **इन्द्रप्रसाद खाइतु**ले विद्यालयमा बाबा सरको योगदान, शिक्षण अनुभव तथा पुस्तकको विशेषताबारे प्रकाश पार्नुभयो ।

कार्यक्रममा विद्यालयका अङ्ग्रेजी शिक्षिका **दिप्ती थापा**ले स्वागत मन्तव्य व्यक्त गर्नुभएको थियो ।

कार्यक्रममा विद्यालयका प्रिन्सिपल **प्रदीप क्षेत्री**ले धन्यवाद ज्ञापन गर्नुभयो ।

कार्यक्रममा शिक्षक, शिक्षाप्रेमी, पूर्वविद्यार्थी, अभिभावकहरूको सहभागिता रहेको थियो ।

## विराटनगर जलाउने मुख्य अभियुक्तलाई थुनामा राख्न आदेश

जेनजी आन्दोलनको आवरणमा विराटनगरमा भएको आगजनी र तोडफोड घटनाका मुख्य अभियुक्त ताजिम अन्सारीलाई जिल्ला अदालत मोरङले पुर्पक्षका लागि असार १२ गते थुनामा पठाउन आदेश दिएको छ । अदालतको आदेशपछि उनलाई शुक्रबार जिल्ला कारागार मोरङ चलान गरिएको छ ।

न्यायाधीश चित्रबहादुर गुरुङको इजलासले अन्सारीलाई नापी कार्यालयमा भएको आगजनी तथा तोडफोडसँग सम्बन्धित आपराधिक उपद्रव मुद्दामा थुनामा राखेर मुद्दाको पुर्पक्ष गर्न आदेश दिएको अदालतका सूचना अधिकारी हेमबहादुर बुढाथोकीले जानकारी दिए ।

सरकारी वकिल कार्यालयले अन्सारीविरुद्ध विराटनगरस्थित नापी कार्यालय र जिल्ला सरकारी वकिल कार्यालयमा भएको आगजनी तथा तोडफोडका घटनासम्बन्धी छुट्टाछुट्टै दुई आपराधिक उपद्रव मुद्दा अदालतमा दर्ता गरेको थियो । नापी कार्यालयसँग सम्बन्धित मुद्दामा थुनामा राख्ने आदेश भए पनि सरकारी वकिल कार्यालयमा भएको आगजनी र तोडफोडसम्बन्धी मुद्दामा भने अदालतले ३ लाख रुपैयाँ धरौटीमा रिहा गर्न आदेश दिएको थियो । तर, धरौटीबापतको रकम अन्सारीले बुझाएका छैनन् ।

गत २०८२ साल भदौ २४ गते जेनजी आन्दोलनको दोस्रो दिन विराटनगरमा व्यापक आगजनी, तोडफोड र लुटपाट भएको थियो । घटनाका क्रममा कोशी प्रदेशसभा सचिवालय, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश प्रमुखको कार्यालय, जिल्ला प्रशासन कार्यालय, जिल्ला अदालत, उच्च अदालत, नापी कार्यालय, आन्तरिक राजस्व कार्यालय, विराटनगर महानगरपालिका, वडा कार्यालयलगायतका विभिन्न सरकारी कार्यालय, भाटभटेनी सुपरमार्केट तथा निजी घरहरूमा समेत क्षति पुऱ्याइएको थियो ।

# ११ महिनामा रोजगारीका लागि ७ लाख २२ हजार विदेशिए



काठमाडौँ, असार २ गते। चालु आर्थिक वर्षको ११ महिनामा ७ लाख २२ हजार ८४१ व्यक्ति वैदेशिक रोजगारीका लागि बाहिरिएका छन्। चालु आव २०८२/०८३ को जेठमसान्तसम्म वैदेशिक रोजगारीमा ७ लाख २२ हजार ८४१ जना गएको वैदेशिक रोजगार विभागले जनाएको छ। विभागका अनुसार यो सङ्ख्या नयाँ तथा पुनः श्रम स्वीकृति लिएर जानेको हो।

गत महिना वैशाखमा ७४ हजार ४२९ नेपाली वैदेशिक रोजगारीमा गएका थिए, तर वैशाख महिनाको भन्दा जेठमा भने कम नेपाली वैदेशिक रोजगारीमा गएका छन्। जेठ महिनामा ६१ हजार ७२ जना नेपालीले वैदेशिक रोजगारीका लागि श्रम स्वीकृति लिएका छन्। विभागका अनुसार वैदेशिक रोजगारीमा जानेमा पुरुषको तुलनामा महिलाको सङ्ख्या निकै कम देखिएको छ। जेठ महिनामा ५३ हजार ६९८ पुरुष र ७ हजार ३७४ महिलाले श्रम स्वीकृति लिएका छन्।

आर्थिक वर्ष सकिन दुई महिना बाँकी रहेकाले यो वर्ष पनि वैदेशिक रोजगारीमा जानेको सङ्ख्या गत वर्षकै हाराहारीमा पुग्ने देखिन्छ। गत आर्थिक वर्ष २०८१/०८२ मा ८ लाख ३९ हजार २ सय ६६ जना युवा श्रम स्वीकृति लिएर वैदेशिक रोजगारीमा गएका थिए।

| **महिना** | **श्रम स्वीकृति** | **महिना** | **श्रम स्वीकृति** |
|---|---|---|---|
| साउन | ६८,११० | भदौ | ६७,९७२ |
| असोज | ६४,६३४ | कात्तिक | ७३,९४ |
| मंसिर | ६५,७०५ | पुस | ६२,५५९ |
| माघ | ७०,५०३ | फागुन | ५२,९४४ |
| चैत | ६१,८१९ | वैशाख | ७४,४२९ |
| जेठ | ६१,७२ | | |

जम्मा ७ लाख २२ हजार ८४१

# वैदेशिक रोजगारीमा बढ्दो मृत्यु

वैदेशिक रोजगार बोर्डले सार्वजनिक गरेको तथ्याङ्कअनुसार २०८२ साउन १ गतेदेखि २०८३ जेठ मसान्तसम्म अर्थात् ११ महिनामा वैदेशिक रोजगारीका क्रममा १ हजार ४३८ नेपालीको मृत्यु भएको छ।

उक्त तथ्याङ्कले वैदेशिक रोजगारीका क्रममा प्रत्येक महिना औसत १३० जनाभन्दा बढी तथा दैनिक चारजनाभन्दा बढी नेपालीको मृत्यु हुने गरेको देखाएको छ।

बोर्डका अनुसार जेठ महिनामा मात्रै विभिन्न मुलुकमा कार्यरत १४४ नेपालीको मृत्यु भएको छ।

बोर्डको विवरणअनुसार पछिल्लो १० वर्ष ११ महिनाको अवधिमा वैदेशिक रोजगारीका क्रममा मृत्यु हुने नेपालीको सङ्ख्या १२ हजार १३२ पुगेको छ।

विशेषज्ञहरूका अनुसार बोर्डको तथ्याङ्कमा श्रम स्वीकृति लिएर गएका र सहायता पाउने मापदण्डभित्र परेका श्रमिकमात्र समेटिने भएकाले विदेशमा मृत्यु हुने नेपालीको वास्तविक सङ्ख्या अझ बढी हुन सक्छ।

| **आर्थिक वर्ष** | **मृत्यु** | **आर्थिक वर्ष** | **मृत्यु** |
|---|---|---|---|
| २०७२/७३ | ८१६ जना | २०७३/७४ | ७५६ जना, |
| २०७४/७५ | ८२१ जना | २०७५/७६ | ७५४ जना |
| २०७६/७७ | ६६१ जना | २०७७/७८ | १,२४२ जना |
| २०७८/७९ | १,३९५ जना | २०७९/८० | १,२०८ जना |
| २०८०/८१ | १,४५८ जना | २०८१/८२ | १,५८३ जना |
| २०८२/८३ | १,४३८ जना | | |

रोजगारीमा गएकाहरूमध्ये अङ्गभङ्ग वा बिरामी भएकाको सङ्ख्या पनि धेरै रहेको छ। गएको ११ महिनामा ९६० जना अङ्गभङ्ग वा बिरामी भएका छन् भने गत आर्थिक वर्षमा ५७८ जना अङ्गभङ्ग भएर स्वदेश फर्किएका थिए।

# अख्तियारको 'फुल' टिम प्रम कार्यालयमा ९ घन्टा 'थुनिए'

सरकारमाथि निगरानी राख्न र सन्तुलन कायम गर्न गठित संवैधानिक अङ्ग अख्तियार दुरुपयोग अनुसन्धान आयोगका सबै पदाधिकारीलाई प्रधानमन्त्री बालेन शाहका सहयोगीहरूले आफ्नो कार्यालयमा घन्टौँसम्म 'थुनेर' करकापमा निर्णय लिन लगाएका छन्।

त्यस्तै, मित्रराष्ट्रका कूटनीतिक प्रतिनिधिलाई प्रधानमन्त्रीको कार्यालयमा उनका सहयोगीले अशोभनीय व्यवहार र बोलीवचन गरेका छन्।

सोमबार बिहान जर्मन राजदूत उडो भोल्जलाई प्रधानमन्त्री कार्यालयमा प्रधानमन्त्रीका सहयोगीले जर्मन कम्पनीले इ-पासपोर्टको ठेक्का पाएको विषयमा अशोभनीय बोलीवचन गरेका थिए।

त्यसलगत्तै प्रमुख आयुक्त प्रेम राई सहितको अख्तियार टिमलाई प्रधानमन्त्री कार्यालय बोलाएर जर्मन कम्पनीले इ-पासपोर्टको ठेक्का लिँदा अनियमितता भएको भन्दै कारबाही अघि बढाउन बाध्य पारिएको थियो।

उच्च स्रोतका अनुसार अख्तियार प्रमुख प्रेम राई र अख्तियारका तीनै जना आयुक्तहरू जयबहादुर चन्द, हरि पौडेल र सुमित्रा श्रेष्ठ अमात्य, अख्तियार सचिव र केही अनुसन्धान अधिकृतहरूलाई पनि प्रधानमन्त्री कार्यालय डाकिएको थियो ।

उनीहरू आएपछि प्रधानमन्त्रीका प्रमुख सल्लाहकार कुमार बेन, सल्लाहकार असिम शाह, मुख्य स्वकीय सचिव सुवास शर्मा र प्रधानमन्त्री कार्यालयमा आइटी (सूचना-प्रविधि) हेर्ने केही व्यक्तिले अख्तियारको टिमलाई इ-पासपोर्ट प्रकरणमा किन मुद्दा नचलाएको भनेर 'थर्काएको' स्रोतले बतायो ।

'आजै, अहिल्यै यहीँबाट कारबाही अघि बढाउनुपर्छ भनेर उहाँहरूले अड्डी कस्नुभयो,' उच्च स्रोतले भन्यो, 'हामीले बुझाउन खोज्दा केही लागेन। राहदानी विभागका मानिसहरूलाई अहिल्यै पक्रिनुपर्छ भनेर उहाँहरूले दबाब दिनुभयो।'

अख्तियारको टिमले आफ्नो कुरा राख्न खोज्दा पनि नसुनिएको, बरू अपशब्दहरू प्रयोग गरेर तुरुन्तै कारबाही गर्न दबाब दिएको स्रोतले बतायो।

स्रोतका अनुसार प्रधानमन्त्रीका प्रमुख राजनीतिक सल्लाहकार कुमार बेनले 'उनीहरूलाई कारबाही प्रक्रिया अघि नबढाई र पक्राउ पुर्जी जारी नगरी आज तिमीहरू यहाँबाट जान पाउँदैनौ' भनेर थर्काएका थिए।

'हामीलाई घन्टौँ राखेर जबर्जस्ती गरेपछि पक्राउ पुर्जीहरू जारी गर्न बाध्य भयौँ,' अख्तियार स्रोतले भन्यो।

अख्तियारको टिमलाई एउटा कोठामा राखेर 'थर्काउँदै' गर्दा प्रधानमन्त्रीको टिमले अर्को कोठामा परराष्ट्र मन्त्रालयका अधिकारीहरूलाई बोलाएर राखेको थियो।

त्यो कोठामा थिए – परराष्ट्र सचिव अमृत राई, राहादानी विभागका महानिर्देशक तीर्थराज अर्याल र आइटी निर्देशक सुनील केसी।

दिनभरिको माथापच्चीपछि अन्ततः अख्तियारको टिमले साँझ राहदानी विभागका कार्यकारी निर्देशक तीर्थराज अर्याल र आइटी निर्देशक सुनील केसीविरूद्ध प्रधानमन्त्री कार्यालयमै टाइप गरेर पक्राउ पुर्जी जारी गऱ्यो। र, उनीहरूलाई राति ८ बजेतिर पक्राउ गरेर लगियो।

त्यसपछि मात्र त्यहाँ उपस्थित अख्तियार र परराष्ट्र मन्त्रालयका अधिकारीहरू घर जान पाए।

यो सम्पूर्ण घटनाक्रममा प्रधानमन्त्री बालेन शाह आफै भने कोठामा आएनन्।

(सेतोपाटी)

# मन्त्री निवासको पर्खाल नाघेर भित्र छिरेको थियो प्रहरी

कोशी प्रदेशका आन्तरिक मामिला तथा कानुन मन्त्री इन्द्रमणि पराजुलीको विराटनगरस्थित निवासमा असार ४ गते बिहीबार मध्यरातमा छापा मार्न पुगेको प्रहरी पर्खाल नाघेर मन्त्री निवास प्रवेश गरेको पाइएको छ ।

जिल्ला प्रहरी कार्यालय मोरङबाट खटिएको प्रहरी टोली विराटनगर-३ ल क्याम्पस छेउमा रहेको मन्त्री पराजुलीको क्वाटरमा राति ११ बजेतिर पुगेको थियो।

'प्रहरी टोली पर्खाल नाघेर आएको थियो,' मन्त्री निवासका एक कर्मचारीले भने, 'कोठाहरू खानतलासी गरेपछि टोली फर्केको थियो। हिजो राति मन्त्रीज्यू निवासमा हुनुहुन्नथ्यो।'

धनकुटाबाट प्रदेश सभामा दोस्रोपटक निर्वाचित एमाले नेता पराजुलीको निवासमा प्रहरीले किन छापा मारेको भन्ने खुलेको छैन।

मन्त्री निवासमा मध्यरातमा प्रहरी प्रवेश गरेर छापा मारेको घटनापछि मुख्यमन्त्री कार्यालयले यसबारे प्रशासनसँग सोधेको मुख्यमन्त्री कार्यालय स्रोतले जानकारी दिएको छ।

'विमल भट्टराई नामका एक जना फरार व्यक्ति खोज्ने क्रममा प्रहरी त्यहाँ पुगेर पर्खाल नाघेर भित्र छिरेछ। तर, खानतलासी गरिसकेपछि मात्रै प्रहरीलाई मन्त्री निवास भन्ने जानकारी भएछ,' मोरङ जिल्ला प्रशासनले मुख्यमन्त्री कार्यालयलाई घटनाबारे भनेको छ, 'मन्त्री निवास भन्ने थाहा नभएर प्रहरी प्रवेश गरेको हो ।'

(सेतोपाटी)

# हेटौंडा कपडा उद्योग पुन: सञ्चालनमा ल्याउने




लामो समयदेखि बन्द अवस्थामा रहेको हेटौंडा कपडा उद्योगलाई पुनः सञ्चालनमा ल्याउने सरकारको तयारीसँगै सरकारी निकायबाट यसको स्थलगत अनुमगनसँगै सक्रियता बढाइएको छ ।

चिनियाँ सरकारको सहयोगमा हेटौंडा औद्योगिक क्षेत्रभित्र २० करोड लगानीमा २०३२ सालमा हेटौंडा कपडा उद्योग स्थापना भएको थियो । यसले २०३५ सालबाट उत्पादन सुरू गरेको थियो । यो उद्योग २०५७ सालदेखि बन्द भएको थियो ।

कपडा उद्योगसँगै तत्कालीन समयमा नै यससँग सम्बन्धित बुटवलमा धागो कारखाना र बाँकेको नेपालगन्जमा कपास उत्पादन कारखाना पनि सँगसँगै सञ्चालनमा ल्याइएको थियो । हेटौंडा कपडा उद्योग बन्द भएपछि यी दुई उद्योग पनि बन्द भएका थिए ।

यस अघिका सरकारले पनि 'मुख मिठ्याउन' कुरा उच्चारण गरेका थिए । अहिले पनि केवल औपचारिकताका लागि सञ्चालन गर्ने उद्घोष गरिएको प्रतिक्रिया आइरहेको छ ।

# आलाकाँचाका कुरा

## नेपालले भारतको जग्गा मिचेको

प्रधानमन्त्री बालेन शाहले जेठ ७ गते प्रतिनिधिसभा बैठकमा 'नेपालले पनि भारतको जग्गा मिचेको छ' भन्ने अभिव्यक्ति दिए ।

उनले भने, '...तपाईंहरूलाई एउटा कुरा अचम्म लाग्छ होला । मैले पनि प्रधानमन्त्री भएपछि थाहा पाएँ । भारतले नेपालको जग्गा मात्र होइन, नेपालले पनि भारतको जग्गा धेरै ठाउँमा मिचेको रहेछ ।'

'यो कुरा मलाई अस्ति भर्खर थाहा भयो,' उनले अगाडि भने, 'हामीले मिचेका छौँ, उहाँहरूले मिच्नुभएको छ । बसेर साथीका रूपमा समाधान गर्ने सोच राखेका छौँ ।'

## प्रमको नम्बर प्रमलाई ?




(मलाई पनि राजदूत बन्न मन छ । प्रमको नम्बर छ भने यस्सो दिनुस् न ??)

## खुट्टा भाँच्ने धम्की

पूर्वाधार विकास मन्त्री सुनिल लम्सालले सडक पूर्वाधार निर्माणका कामलाई तीव्रता दिने नाममा शृङ्खलाबद्ध रूपमा अस्वाभाविक धम्की र कानुन विपरीतका निर्देशन दिने कार्यलाई निरन्तरता दिएका छन् ।

गत वैशाख २८ गते बाटोमा हिँडिरहेका दुई निर्माण व्यवसायीलाई एक्कासि पक्राउ गरी सहरी विकास मन्त्रालयमा बुझाइएको थियो । जतिबेला उनीहरूलाई कुन कसुरमा पक्राउ गरिएको हो भन्ने समेत जानकारी दिइएको थिएन ।

त्यसै गरी असार १ गते धादिङ पुगेर मन्त्री लम्सालले सडक विस्तारको क्रममा पोल सार्ने र गाड्ने काम गर्ने ठेकेदारलाई धर्तीमा जहाँ छ खोजेर ल्याउन र काम नगरे खुट्टा भाँच्न भन्दै सार्वजनिक धम्की दिएका थिए ।

## अर्थमन्त्रीको धम्की

सार्वजनिक लेखा समितिको बैठकमा अर्थमन्त्री डा.

स्वर्णिम वाग्लेले आर्थिक विधेयक सच्याइएको विषयमा स्पष्टीकरण दिँदै 'विगतका अर्थमन्त्रीहरूले ७० वटासम्म गल्ती गरेकोमा आफूले ६ वटा मात्रै गल्ती गरेको' भन्दै आफ्नो कदमको बचाउ गरेका थिए ।

प्रश्न गर्ने सांसदहरूलाई उनले 'तपाईंका काण्डका बारेमा हामी अनभिज्ञ छैनौं, ती पनि खुल्नेछन्' भनी धम्क्याए ।

हिजो रास्वपाको सांसद छँदा स्वर्णिम वाग्लेले भनेका थिए, 'सरकारका अर्थमन्त्रीलाई निद्रा लाग्छ कि लाग्दैन मलाई थाहा छैन तर मलाई निद्रा लाग्न छोडेको छ, यो ऋणको व्ययभार असाध्य चर्को रूपमा आएको छ ।'

आज रास्वपा सरकारको अर्थमन्त्री भएर संसद्मा वाग्ले भन्दै छन्, 'ऋण लिँदैमा जहाजै डुब्ने र आकाशै खस्ने होइन । ऋण लिने हाम्रो बाध्यात्मक अवस्था हो । ३० खर्ब रुपियाँ ऋण त बोकेरै हिँड्या छ ।'

## नेपोबेबीको नयाँ संस्करण ?

हिजोका शासक दलका नेता र उच्च पदाधिकारीहरूले देश डुबाएको भनेर विरोध गर्नेहरूमा तिनीहरूकै छोराछोरी पनि देखिएका छन् । तिनीहरूमध्ये कतिपयका अकुत सम्पत्ति बारे धेरै प्रकाशमा आइसकेका छन् ।

पूर्व सरकारका मन्त्री र नेताहरूको विरोध गर्ने रास्वपाकी सांसद लिमा अधिकारी तीन पटकसम्म अर्थमन्त्री भएका नेकपा एमाले नेता भरतमोहन अधिकारीकी छोरी हुन् ।

त्यस्तै रास्वपा की सांसद एवं प्रतिनिधि सभाको कानुन समिति सभापति समीक्षा बाँस्कोटा नेकाका पूर्वगृहराज्यमन्त्री दीपकप्रकाश बाँस्कोटाकी छोरी हुन् ।

केहीले 'नेपो–बेबी' को नयाँ संस्करण भनी आलोचना पनि भइरहेको छ ।

## कागजातहरू अध्ययन

परराष्ट्रमन्त्री शिशिर खनालले सीमासम्बन्धी राष्ट्रिय अभिलेखालयमा भएका कागजातहरू अध्ययन गरिरहेको बताएका छन् । भारतको तीनदिने भ्रमण सकेर स्वदेश फर्किएपछि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा गरिएको पत्रकार सम्मेलनमा उनले सीमा विवादलाई तथ्य र प्रमाणका आधारमा कूटनीतिक माध्यमबाट टुङ्गोमा पुऱ्याउने बताएका हुन् ।

स्मरणीय छ, जेन–जीको 'भयङ्कर विद्रोहमा' राष्ट्रिय अभिलेखालयमा पनि आगजनी गर्न विध्वंशकारीहरू आएका थिए । तर, केही सचेत युवाहरूले अभिलेखालय बचाएका थिए र आज रास्वपालाई पनि काम लाग्यो !

## बालेन-प्रेम राई शीतयुद्ध

जेनजी आन्दोलनको केही दिनपछि काठमाडौँ मेयर बालेन शाहको मोबाइलमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रमुख आयुक्त प्रेमकुमार राईको फोन गयो ।

बालेन निकट स्रोतका अनुसार अख्तियार प्रमुख राईले भने, 'मेयरसाप, तपाईंलाई मुद्दा चलाउन मलाई मनै थिएन । तर, यस्ता फाइलहरू मकहाँ आइपुगेका छन्, मैले जोगाउन चाहँदा चाहँदै पनि केही गर्न नसक्ने अवस्थामा पुगेको छु ।'

काठमाडौं महानगरपालिकाको मेयर हुँदा फ्रान्समा आयोजित कान्स फिल्म फेस्टिभलमा सहभागी हुन २०८१ जेठको पहिलो साता बालेन शाह आफ्ना दुई सल्लाहकार लिएर त्यहाँ गएका थिए । उनका साथमा सल्लाहकारहरू कुमान बेन र सुनिल लम्साल पनि सहभागी थिए ।

फिल्म फेस्टिभलबाट फर्किएको केही महिनामा सल्लाहकारको टोली सहभागी भएको विषयमा अख्तियारमा उजुरी पऱ्यो । सल्लाहकारहरू बेन र लम्सालले गैरकानूनी रूपमा महानगरपालिकाको खर्चमा फिल्म फेस्टिभलमा सहभागी भएको भनी अख्तियारले अनुसन्धान गरिरहेको थियो ।

त्यही फाइलमाथि इंगित गर्दै अख्तियार प्रमुख राईले महानगर मेयर शाहलाई फोन गरेका थिए ।

पछि, बेन र लम्सालले फ्रान्स जाँदा लागेको खर्च बराबरको रकम फिर्ता गरे । लम्सालले त्यतिबेला ऋणसापटी गरेर करिब २० लाख रुपैयाँ तिरेको, महानगर सम्वद्ध स्रोतले बतायो ।

# ठाकुरबाबा मन्दिरमा 'गुप्तकाल सभ्यता'



बर्दियाको ठाकुरबाबा मन्दिरपरिसरमा गरिएको उत्खननका क्रममा गुप्तकालअधिका पुरातात्त्विक अवशेष फेला

परेको दाबी गरिएको छ । लुम्बिनी र कपिलवस्तुभन्दा पुराना सामग्री भेटिनुले बर्दियामा करिब १७ सय वर्ष वा सोभन्दा पुरानो मानव सभ्यता रहेको सङ्केत गरेको अनुसन्धानकर्ताले बताएका छन् ।

गुप्तकाल भन्नाले सामान्यतया भारतमा गुप्त वंशको शासनकाल (सन् ३२० देखि ५५० सम्म) लाई बुझिन्छ भने अहिलेको समयमा १५ सय वर्ष वा १७ सय वर्षअघिको अवधिलाई मानिन्छ । यदि कुनै पुरातात्त्विक सामग्री भेटिएको छ भने कम्तीमा १७ सय वर्षअघिको भन्ने बुझ्न सकिने जानकार बताउँछन् । दुई वर्षअघि पुरातात्त्विक विभागले प्राचीन वस्तु भेटिन सक्ने आकलन गरेको थियो । त्यसयता ठाकुरबाबा मन्दिर परिसरमा विभागले उत्खननका लागि तयारी गरिरहेको स्थानीयले बताए । पश्चिम क्षेत्र (बर्दिया, बाँके, कैलाली, कञ्चनपुर) मा पुरानो मानव सभ्यता रहेको अनुमान गरेको पुरातात्त्विक विभाग पहिलो चरणमा ठाकुरबाबा मन्दिर परिसरमा उत्खनन सुरु गरेसँगै उत्साहित भएको छ ।

बर्दियाको ठाकुरबाबा मन्दिर परिसरमा गरिएको पुरातात्त्विक अध्ययनका क्रममा ब्रिटिसकालीन सिक्का र सानो शिवलिङ्ग फेला परेको छ । ब्रिटिसकालीन सिक्का भेटिएकाले पूजापाठ गर्दा चढाइएको हुन सक्ने प्रारम्भिक अनुमान छ । कलात्मक शिवलिङ्ग भेटिएपछि नागरा शैलीको मन्दिर रहेको पुष्टि हुने पुरातात्त्विक विभागका अधिकृत भास्कर ज्ञवालीले बताए । अनुसन्धानकर्ताहरूका अनुसार प्राप्त सामग्रीहरूले यस क्षेत्रमा प्राचीन मानव बसोबास तथा धार्मिक गतिविधिको महत्त्वपूर्ण प्रमाण रहेको पुष्टि गर्छन् ।



विभागका कर्मचारीले गरिरहेको अध्ययनका क्रममा रथ प्रकारको शिखर शैलीमा निर्मित मन्दिरका अवशेष, त्रिरथ संरचना, मण्डप तथा विभिन्न पुरातात्त्विक सामग्रीसमेत भेटिएका छन् । त्रिरथ संरचना र मण्डप भेटिनुले नागरा शैलीको मन्दिरको अवशेष रहेको पुष्टि गरेको छ । अन्य फेला परेका पाला, करुवाको बिट तथा कलात्मक इँटालगायत सामग्रीले गुप्तकालीन सभ्यता रहेको पुष्टि गर्छन् । संरचना र सामग्रीहरू विभिन्न ऐतिहासिक कालखण्डसँग सम्बन्धित रहेको प्रारम्भिक अनुमान गरिएको छ ।

अनुसन्धान टोलीका अनुसार भेटिएको ब्रिटिसकालीन सिक्काले यस क्षेत्रको ऐतिहासिक, व्यापारिक तथा सामाजिक सम्बन्धबारे थप अध्ययनको आवश्यकता देखाएको छ । त्यस्तै, शिवलिङ्गको प्राप्तिले यहाँ प्राचीनकालदेखि धार्मिक आस्था र पूजा-आराधनाको परम्परा रहेको सङ्केत गरेको छ । त्रिरथ मन्दिर र मण्डपलाई कलात्मक पुराना शैलीका इँटा जडान गरेर उठाइने अधिकृत ज्ञवाली बताउँछन् ।

विशेषज्ञहरूले ठाकुरबाबा मन्दिरपरिसरमा थप उत्खनन र अनुसन्धान आवश्यक रहेको बताएका छन् । प्राप्त पुरातात्त्विक अवशेषहरूको विस्तृत अध्ययनपछि बर्दियाको ऐतिहासिक महत्त्वबारे थप तथ्य सार्वजनिक हुने अपेक्षा गरिएको छ । साथै, यस क्षेत्रलाई महत्त्वपूर्ण पुरातात्त्विक तथा धार्मिक पर्यटन गन्तव्यका रूपमा विकास गर्न सकिने सम्भावना पनि औँल्याइएको छ । ठाकुरबाबा मन्दिरमा थारू पुजारी राख्ने चलन छ । सदियौँदेखि थारू पुजारीले पहिलो पूजा र आराधना गरेपछि मन्दिरको ढोका भक्तजनका लागि खुला गरिन्छ । थारू समुदायको महान् पर्व माघीमा एक सातासम्म स्थानीय व्यवसायीले मेला वा महोत्सव लगाउँछन् ।

## राप्ती सोनारीमा प्रागऐतिहासिक सभ्यताको सङ्केत




बाँकेको राप्ती सोनारी गाउँपालिका-१, कुसुम क्षेत्रमा पुरातत्त्व विभागले गरेको अनुसन्धानका क्रममा करिब १९ लाखदेखि २७ लाख वर्ष पुराना प्राचीन ढुङ्गे औजारहरू फेला परेका छन् । प्रारम्भिक अध्ययनहरूले यो क्षेत्र प्रागऐतिहासिक मानव सभ्यताको एक महत्त्वपूर्ण वासस्थान रहेको सङ्केत गरेका छन् । पुरातत्त्व विभागका पुरातत्त्व अधिकृत राजेश परियारका अनुसार अनुसन्धानका क्रममा विशेष प्रकारका

ढुङ्गे औजार र तिनका अवशेषहरू फेला परेका हुन्। गत वर्ष गरिएको एक आकस्मिक अध्ययनले पनि कुसुम क्षेत्रलाई प्रागऐतिहासिक मानव गतिविधिसँग जोड्ने प्रारम्भिक तथ्यहरू फेला पारेको थियो। तर, यस वर्ष गरिएको विस्तृत अनुसन्धानले राप्ती नदी आसपासको ठूलो क्षेत्रमा प्रागऐतिहासिक मानव सभ्यता फैलिएको हुनसक्ने थप प्रमाणहरू फेला पारेको परियारले बताए। उक्त ढुङ्गे औजारहरू 'होमो इरेक्टस' (Homo erectus) र 'होमो ह्याबिलिस' (Homo habilis) जस्ता प्रारम्भिक मानव प्रजातिहरूले प्रयोग गरेको हुनसक्ने उनको भनाइ छ। उनका अनुसार फेला परेका औजारहरूको बनोट अफ्रिकाको तान्जानियामा फेला परेका प्राचीन 'ओल्डोवान संस्कृति' (Oldowan culture – २६ लाख देखि १७ लाख वर्ष पुरानो) का ढुङ्गे औजारहरूसँग मिल्दोजुल्दो देखिएको छ। 'ढुङ्गाको भित्री र बाहिरी सतहबाट बनेका र बेलौरे (ढुङ्गाको टुक्रा) मा धार लगाइएका औजारहरू फेला परेका छन्,' परियारले भने, 'यसले नेपालमा मानव सभ्यताको प्रारम्भिक विकासको अध्ययनका लागि एउटा महत्त्वपूर्ण आधार प्रदान गर्न सक्छ।' पुरातत्त्व विभागका प्रमुख पुरातत्त्व अधिकृत भास्कर ज्ञवालीको नेतृत्वमा पुरातत्त्व अधिकृत राजेश परियार र त्रिभुवन विश्वविद्यालयका विद्यार्थी कमल शाहीसहितको टोलीले स्थानीय तहसँगको समन्वयमा कुसुम क्षेत्र, राप्ती नदीको उत्तर-दक्षिण तटीय क्षेत्र र भुँवरभवानी मन्दिर वरपरको सामुदायिक वन क्षेत्रमा अनुसन्धान गरेको थियो। अनुसन्धानका क्रममा फेला परेका केही ढुङ्गे औजारहरू थप वैज्ञानिक परीक्षणका लागि पुरातत्त्व विभागमा लगिएको छ भने केही नमुनाहरू स्थानीय तहलाई हस्तान्तरण गरिएको टोलीले जनाएको छ। उक्त अध्ययन अवलोकनमा राप्ती सोनारी गाउँपालिकाका अध्यक्ष तप्त पौडेलको पनि सहभागिता थियो। गाउँपालिका अध्यक्ष तप्त पौडेलले प्रारम्भिक अध्ययनमै ढुङ्गे युगको संस्कृतिसँग सम्बन्धित औजारका अवशेषहरू फेला पर्नु राप्ती सोनारीका लागि ठूलो उपलब्धि भएको बताए। उनले कतिपय ढुङ्गाहरूमा मानव प्रयोग वा प्राकृतिक प्रक्रियाका कारण बनेका विशेष चिह्नहरू रहेकाले थप गहन अध्ययनबाट यसको ऐतिहासिक महत्त्व प्रस्ट हुने बताए। पुरातत्त्व विभागका अनुसार प्रागऐतिहासिक मानव सभ्यताको विकास मुख्यतया नदी किनार, उपत्यका, गुफा र खुला मैदानहरूमा भएको मानिन्छ। लेखनकलाको विकास हुनअघि मानव समुदाय पानीको स्रोत र सुरक्षित वासस्थानको खोजीमा फिरन्ते जीवन बिताउने गर्दथे।

# चोरी गरी अमेरिका पुऱ्याइएका नेपालका दुई अमूल्य मूर्ति फिर्ता

नेपालबाट चोरी गरी अमेरिका पुर्याइएका नेपालका दुई वटा अमूल्य मूर्ति फिर्ता नेपाललाई फिर्ता गरिएको छ।

न्युयोर्कस्थित नेपाली महावाणिज्यदूतावासमा आयोजित विशेष हस्तान्तरण समारोहमा न्युयोर्कको सरकारी वकिलको कार्यालयले पद्मपाणी र नृत्यदेवीका मूर्तिको स्वामित्व औपचारिक रूपमा नेपाल सरकारलाई हस्तान्तरण गरेको छ।



समारोहमा न्युयोर्कस्थित नेपाली महावाणिज्यदूत दधिराम भण्डारी तथा म्यानहटन सरकारी वकिलको कार्यालयअन्तर्गतको पुरातात्त्विक वस्तु तस्करी नियन्त्रण एकाइका प्रमुख कर्नेल म्याथ्यु बोग्डानोसले हस्तान्तरणसम्बन्धी सहमति पत्रमा हस्ताक्षर गरे।

महावाणिज्य दूतावासले जारी गरेको विज्ञप्ति अनुसार तेह्रौँ शताब्दीको कास्य पद्मपाणीको मूर्ति काठमाडौँस्थित थमबहिल (विक्रमशील महाविहार, भगवानबहाल) को अनुपम कलाकृति मानिन्छ। उक्त मूर्तिको अन्तिम तस्बिर सन् १९७१ मा लिइएको अभिलेखमा उल्लेख छ भने सन् १९७१ र १९७७ बीच कुनै समयमा अवैध रूपमा अमेरिका पुऱ्याइएको ठानिएको छ।

त्यसैगरी, सोह्रौँ शताब्दीको काठबाट निर्मित नृत्यदेवीको मूर्ति ललितपुरको इबहा बहीको उत्कृष्ट काष्ठकलाको नमुना मानिन्छ। उक्त मूर्ति सन् १९६९ र १९८३ बीच कुनै समयमा चोरी गरी अमेरिका लगिएको अनुमान गरिएको छ। पछि यो मूर्ति न्युयोर्कस्थित महानगर सङ्ग्रहालयबाट बरामद गरिएको थियो।

यी दुवै सम्पदा न्युयोर्क सरकारी वकिलको कार्यालयले अमेरिकी गृह सुरक्षा अनुसन्धान निकाय तथा अन्य साझेदार संस्थासँगको सहकार्यमा खोजी गरेर नेपाललाई हस्तान्तरण गरिएको हो।

त्यस अवसरमा महावाणिज्यदूत भण्डारीले नेपाल सरकार तथा नेपाली जनताका तर्फबाट सरोकारवाला सबैप्रति आभार व्यक्त गरे।

हस्तान्तरणपछि ती दुवै सम्पदालाई यही जुन २५ मा नेपाल पठाइने जनाइएको छ। ढुवानी तथा व्यवस्थापनको

कार्य नेपाली महावाणिज्यदूतावास र नेवा गुठी न्युयोर्कको समन्वयमा गरिनेछ भने गुठीका प्रतिनिधिहरूले सम्पदासँगै नेपालसम्म यात्रा गर्नेछन् ।

काठमाडौँ आइपुगेपछि ती सम्पदा पुरातत्त्व विभागलगायत सम्बन्धित सरकारी निकायलाई हस्तान्तरण गरिनेछ ।

(नागरिक, १० असार २०८३)

# चिनियाँ राष्ट्रपति सीको प्रजग कोरिया भ्रमण



चिनियाँ कम्युनिष्ट पार्टीका महासचिव तथा चीनका राष्ट्रपति सी चिनफिङ प्रजातान्त्रिक जनगणतन्त्र कोरियाको औपचारिक भ्रमण सकेर असार ५ गते स्वदेश फर्किएका छन् ।

राष्ट्रपति सी चीनको दुई दिने औपचारिक भ्रमणका लागि बिहीबार प्योङयाङ पुगेका हुन् । त्यहाँ उनले प्रजग कोरियाली नेता किम जोङ उनसँग द्विपक्षीय वार्ता गरे । चीन र प्रजग कोरियाबीच दौत्य सम्बन्ध स्थापना भएको यस वर्ष यी दुई देशले ७० औँ वर्षगाँठ मनाइरहेका छन् ।

यसै उपलक्ष्यमा चिनियाँ राष्ट्रपति सी प्रजग कोरियाको औपचारिक भ्रमणका लागि पुगेको बताइएको छ । चिनियाँ राष्ट्रपति सी र प्रजग कोरियाली नेता किम जोङ उनको उपस्थितिमा दुवै देशबीचको सहकार्यलाई थप प्रगाढ बनाउने सम्बन्धी एक सम्झौतामा पनि बिहीबार हस्ताक्षर भएको थियो ।

आर्थिक तथा परामपरागत सम्बन्ध कायम रहँदै आएका यी दुई देशबीच राष्ट्रपति सीको यस भ्रमणबाट परम्परागत सम्बन्धमा नयाँ अध्याय सुरु भएको प्रतिक्रिया राष्ट्रपति सीले दिएका छन् ।

चीन र प्रजग कोरियाबीचको असल सम्बन्धले दुई देश र ती देशका नागरिकका साथै विश्व तथा क्षेत्रीय शान्ति, स्थायित्व र समृद्धिका लागि पनि प्रत्यक्ष रूपमा लाभ पुग्ने धारणा चिनियाँ राष्ट्रपति सीले राखेका थिए । (रासस)

# प्यालेस्टिनी बालबालिकाहरू दुर्व्यवहारको उच्च जोखिममा : संयुक्त राष्ट्रसङ्घ



न्युयोर्क, २३ जून (क्यूएनए) । मानव अधिकारवादीहरू तथा मानवीय संस्थाहरू गाजा र वेस्ट बैङ्कलगायत इजरायलले कब्जा गरिएको प्यालेस्टिनी क्षेत्रमा इजरायली दमन र दबाबका कारण आफ्नो काम रोक्न वा घटाउन बाध्य भएकाले प्यालेस्टिनी बालबालिकाहरू असुरक्षित र दुर्व्यवहारको उच्च जोखिममा रहेको चेतावनी बाल अधिकारसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय समितिले दिएको छ ।

असार ९ गते विज्ञप्ति जारी गर्दै समितिले मानव अधिकार रक्षकहरू र अन्य नागरिक समाजलगायतका सङ्गठनहरूलाई आतङ्ककारीको आरोप लगाउने इजरायलको दमनकारी रणनीतिको कडा शब्दमा निन्दा गरेको छ ।

सैन्य छापा, यात्रा प्रतिबन्ध, व्यक्तिगत वित्तीय प्रतिबन्ध, गिरफ्तारीको धम्की, र उनीहरूको कामलाई समर्थन गर्ने साझेदारहरू विरुद्ध प्रतिबन्धको धम्कीलगायतका कारणहरूले मानव अधिकारवादी संस्थाहरूलाई सुरक्षित रूपमा मानविय सेवा सञ्चालन गर्न असम्भव बनाएको जनाइएको छ ।

समितिले यस क्षेत्रमा चलिरहेको उत्पीडन, धम्की, प्रतिबन्ध, प्रतिबन्ध र उनीहरूको प्रतिष्ठामा आक्रमणका कारण बालबच्चाहरूलाई समर्थन गर्ने संस्थाहरूले आफ्नो सेवा सुविधा रोक्न वा घटाउन बाध्य भएकोमा गहिरो चिन्ता व्यक्त गर्दै तीन दशकभन्दा बढी समयदेखि यी संस्थाहरूले प्यालेस्टिनी बालबालिकाको रक्षा गर्न भूमिका खेलेको बताएको छ ।

यी संस्थाहरूको सक्रियताबिना, प्यालेस्टिनी बालबालिकाहरू असुरक्षित हुनुका साथै उनीहरूको अधिकारको उल्लङ्घन दण्डहीनताका साथ जारी रहने जोखिम उच्च हुने कुरामा समितिले जोड दिएको छ । यसले इजरायललाई गाजा र वेस्ट बैङ्कलगायत कब्जा गरिएका प्यालेस्टिनी क्षेत्रहरूमा

बाल अधिकार रक्षकहरू र मानवीय संस्थाहरूले सामना गर्ने सबै प्रतिबन्धहरू र अवरोधहरू तुरुन्तै हटाउन र उनीहरूलाई सुरक्षित र स्वतन्त्र रूपमा आफ्नो काम गर्न अनुमति दिन आह्वानसमेत गरेको छ।

प्यालेस्टिनी मानव अधिकार रक्षकहरूलाई लक्षित गरी गरिएका आक्रमण र दमनका लागि इजरायली अधिकारीहरूलाई जवाफदेही बनाउन र प्यालेस्टिनी बालबालिकाको जीवन र अधिकारलाई प्राथमिकता दिन अन्तर्राष्ट्रिय समुदायलाई सबै उपलब्ध माध्यमहरू प्रयोग गर्न पनि समितिले आग्रह गरेको छ।

गम्भीर जोखिम र सीमित स्रोतका बाबजुद, बाल अधिकार रक्षकहरूले असाधारण खतरनाक अवस्थामा प्यालेस्टिनी बालबालिका र परिवारहरूसँग उभिएर उनीहरूलाई संरक्षण गर्नुपर्ने जनाउँदै थप सजाय दिन नहुने बताइएको छ।

## ट्रम्पको इरान युद्धविरुद्ध कंग्रेसबाट प्रस्ताव पारित

अमेरिकी कंग्रेसले राष्ट्रपति डोनाल्ड ट्रम्पको इरानविरुद्धको युद्ध नीतिप्रति असहमति जनाउँदै सैन्य कारबाही रोक्न ऐतिहासिक कदम चालेको छ। अमेरिकी संसद्ले पहिलो पटक 'वार पावर्स' सम्बन्धी प्रस्ताव पारित गर्दै ट्रम्प प्रशासनलाई इरानसँगको युद्ध अन्त्य गर्न दबाब दिएको हो।

रिपब्लिकन पार्टीको नियन्त्रणमा रहेको अमेरिकी सिनेटले केही रिपब्लिकन सांसदकै समर्थनमा प्रस्ताव पारित गरेको हो। यसअघि प्रतिनिधिसभाले पनि यही प्रस्ताव पारित गरिसकेको थियो, जसले ट्रम्पको युद्ध रणनीतिप्रति दुवै सदनबाट स्पष्ट असन्तुष्टि देखिएको छ।

मंगलबार (असार १० गते)भएको मतदानमा केही रिपब्लिकन सांसदहरू पनि डेमोक्र्याट सांसदहरूसँग उभिँदै प्रस्तावको पक्षमा मतदान गरे। ५०-४८ मतसहित पारित भएको यो प्रस्तावले इरानसँगको द्वन्द्व र गत अप्रिलमा भएको युद्धविराम सम्झौताप्रति अमेरिकी संसद्भित्र बढ्दो चासो र चिन्ता देखाएको छ।

यसअघि जुन महिनामा अमेरिकी प्रतिनिधिसभाले पनि यही प्रस्ताव पारित गरेको थियो। त्यहाँ चार जना रिपब्लिकन सांसदले सबै डेमोक्र्याट सांसदसँग मिलेर २१५-२०८ मतका साथ प्रस्ताव अनुमोदन गरेका थिए।

यद्यपि, यो प्रस्ताव कानुनी रूपमा बाध्यकारी भने छैन। कंग्रेसका दुवै सदनबाट पारित भए पनि यो राष्ट्रपति ट्रम्पसमक्ष हस्ताक्षरका लागि पठाइने छैन र यसले प्रत्यक्ष कानुनी हैसियत राख्दैन।

यो मतदान सन् १९७३ मा लागू भएको 'वार पावर्स रेजोलुसन' पछि पहिलो पटक अमेरिकी कंग्रेसका दुवै सदनले कुनै राष्ट्रपतिलाई सैन्य कारबाही अन्त्य गर्न निर्देशन दिने संयुक्त प्रस्ताव पारित गरेको घटना बनेको छ।

अमेरिकी कानुनअनुसार यस्तो 'कन्करेन्ट रेजोलुसन' ले कंग्रेसको धारणा वा इच्छा व्यक्त गर्छ, तर अन्य विधेयकजस्तो राष्ट्रपति समक्ष पुगेर कानुन बन्दैन। यसअघि सन् २०१९ मा ट्रम्पले यमन गृहयुद्धमा अमेरिकी सैन्य संलग्नता हटाउन माग गरिएको संयुक्त प्रस्तावमा भिटो प्रयोग गरेका थिए।

इरान युद्धका कारण अन्तर्राष्ट्रिय बजारमा पेट्रोलियम पदार्थको मूल्य बढ्नुका साथै अमेरिकी नागरिकहरूमा युद्धप्रति असन्तुष्टि बढिरहेका बेला यो प्रस्ताव पारित हुनु व्हाइट हाउसका लागि थप राजनीतिक दबाबको विषय बनेको विश्लेषण गरिएको छ।

विशेषज्ञहरूका अनुसार यो कदमले ट्रम्प प्रशासनमाथि इरानसँगको तनाव अन्त्य गर्न कूटनीतिक समाधान खोज्न दबाब अझ बढाउने देखिएको छ।

(नागरिक)

## फिफा विश्वकप २०२६ : नक आउट चरणमा

फिफा विश्वकप २०२६ समूह चरणका खेलहरू सकिएपछि नक आउट खेल्ने सबै ३२ टोलीको टुङ्गो लागेको छ।

१२ वटा समूहबाट विजेता र उपविजेता बनेर चौबिस टोली नक आउट प्रवेश गरेका छन्। बाँकी ८ देश तेस्रो स्थानमा रहेका टोलीमध्ये उत्कृष्ट नतिजाका आधारमा छनोट भएका हुन्।

समूह 'ए' बाट मेक्सिको र दक्षिण अफ्रिका, 'बी' बाट स्विट्जरल्याण्ड र क्यानडा, 'सी' बाट ब्राजिल र मोरक्को, 'डी' बाट अमेरिका र अस्ट्रेलिया, 'ई' बाट जर्मनी र आइभोरी कोस्ट, 'एफ' बाट नेदरल्याण्ड्स र जापान, 'जी' बाट बेल्जियम र इजिप्ट, 'एच' बाट स्पेन र केप भर्डे, 'आई' बाट फ्रान्स र नर्वे, 'जे' बाट अर्जेन्टिना र अस्ट्रिया, 'के' बाट कोलम्बिया र पोर्चुगल, 'एल' बाट इंग्ल्याण्ड र क्रोएशिया समूह विजेता र उपविजेता बनेर नक आउट प्रवेश गरेका हुन्।

तेस्रो स्थानमा उत्कृष्ट नतिजाका आधारमा कंगो, स्वीडेन, घाना, इक्वेडर, बोसनिया एन्ड हर्जगोभिना, अल्जेरिया, पाराग्वे र सेनेगल नक आउटमा पुगेका छन्।

नक आउट चरणका खेलहरू दक्षिण अफ्रिका र क्यानडाबीच; नेदरल्याण्ड्स र मोरक्को; जर्मनी र पाराग्वे; फ्रान्स र स्वीडेन; बेल्जियम र सेनेगल; अमेरिका र बोसनिया एन्ड हर्जगोभिना; स्पेन र अस्ट्रिया; पोर्चुगल र क्रोएशिया; ब्राजिल र जापान; आइभोरी कोस्ट र इक्वेडर; इंग्ल्याण्ड र कंगो; कोलम्बिया र घाना र अर्जेन्टिना र केप भर्डेसँग खेल्नेछ।

## भ्रष्टाचारै भ्रष्टाचार

# पोखरा विमानस्थल निर्माणमा साढे तीन अर्ब भ्रष्टाचार



पोखरा विमानस्थल निर्माणमा ठेक्का सम्झौता विपरीत राजस्व छुट दिएर भ्रष्टाचार गरेको आरोपमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगले गतसाता विशेष अदालतमा भ्रष्टाचार मुद्दा दायर गऱ्यो।

अख्तियारले पोखरा विमानस्थल निर्माणमा कर छुट दिएर ३ अर्ब ६२ करोड रुपैयाँ भ्रष्टाचार गरेको तेस्रो मुद्दामा पूर्वमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीसहित दुई पूर्वसचिव र ठेकेदार समेत गरी १४ जनामाथि मुद्दा चलाएको थियो।

उनीहरूमाथि अख्तियारको एकमुष्ट आरोप हो, 'चीनसँगको ठेक्का सम्झौता विपरीत राजस्व छुट दिएर ३ अर्ब ६२ करोड रुपैयाँ भ्रष्टाचार भयो।'

मन्त्रिपरिषद्मा प्रस्ताव पेश भएमा सम्झौताको विवरण उल्लेख गरेर कुर छुटको निर्णय हुन नसकेपछि त्यसलाई छलेर मन्त्रिस्तरीय निर्णय भएको छ, जसलाई अख्तियारले नियतमाथि प्रश्न उठाएको छ।

अख्तियारले त्यो काममा अर्थ मन्त्रालयका पदाधिकारीहरू पनि मिलेमतोमा रहेको दाबी गरेको छ। अर्थका अधिकारीहरूले कार्यान्वयन सम्झौतामा कर छुटको प्रावधान घुसाएको अख्तियारको जिकिर छ।

अख्तियारले पोखरा विमानस्थल निर्माणमा अनियमितता भएको भन्दै श्रृङखलावद्ध रूपमा भ्रष्टाचार मुद्दा दायर गरेको छ।

गत मंसिरमा पाँच पूर्वमन्त्रीहरूसहित ५६ जनाविरुद्ध मुद्दा दायर भएको थियो। अस्वभाविक रूपमा विमानस्थल निर्माणको लागत ८ अर्ब ३६ करोड रुपैयाँ बढाएको अख्तियारको दाबी थियो।

अख्तियारले गत चैत ८ गते पूर्वसचिव केदारबहादुर अधिकारी सहित २३ जनाविरुद्ध मुद्दा दायर गरेको थियो।

उनीहरूमाथि ४६ करोड १५ लाख रूपैयाँ रकम दाबी गर्दै उसले ठेक्का सम्झौता अनुसारकै रकम खर्च गर्नुपर्नेमा लागत बढाएर नेपाल नागरिक उढड्डयन प्राधिकरणको सम्पत्तिबाट अतिरिक्त र दोहोरो खर्च गराएको आरोप लगाएको थियो।

(अनलाइनखबर, वैशाख ३१)

# संस्कृत विश्वविद्यालयको जग्गा अरूकै कब्जामा




दाङमा केन्द्रीय कार्यालय रहेको नेपाल संस्कृत विश्वविद्यालयको स्वामित्वमा रहेको १६ सय ६२ बिघा जग्गाजमिनमध्ये १३ सय ३६ बिघा जग्गाजमिन २५ वर्षदेखि अरूकै कब्जामा रहेको छ। राजनीतिक आडमा २०५८ सालदेखि केही सुकुम्बासीको नाममा हकुमवासीको नियन्त्रणमा रहेको विश्वविद्यालयको जमिन अहिलेसम्म फिर्ता हुन सकेको छैन।

विश्वविद्यालय स्थापनार्थ दाताहरूले दान गरेको १३ सय ३६ बिघा जग्गा अरूकै कब्जामा रहेको छ।

विश्वविद्यालयले आफ्नो स्वामित्वमा रहेको १३ सय ३६ बिघा जग्गाको भोगचलन र आयस्ता २५ वर्षदेखि पाउन सकेको छैन। तर राजस्व भने नियमित रूपमा तिरिरहेको विश्वविद्यालयले जनाएको छ।

विश्वविद्यालयले अरूले कब्जा गरेको जग्गाको वार्षिक दुई लाख राजस्व राज्यलाई तिर्दै आएको छ। विश्वविद्यालयले भने ३ सय २६ बिघा जग्गामात्र विश्वविद्यालयले भोगचलन तथा उपभोग गरेको छ।

तत्कालीन माओवादीले थालेको सशस्त्र युद्धको समयमा २०५८ सालमा विश्वविद्यालयको देउखुरी क्षेत्रका विभिन्न

स्थानमा रहेको १३ सय ३६ बिघा जग्गा विश्वविद्यालयबाट कब्जा गरिएको थियो ।

पटक-पटक विश्वविद्यालय पदाधिकारी र सरोकारवालाहरूले २०६४ पछिका प्रायः सबै सरकारका प्रधानमन्त्रीलाई समाधानका लागि प्रयास गरिदिन आग्रह गर्दै आएको भए पनि सही निकास निस्कन नसकेको विश्वविद्यालय प्रशासनले बताएको छ ।



त्रिभुवन विश्वविद्यालयअन्तर्गत महेन्द्र बहुमुखी क्याम्पस घोराही, दाङको जग्गा पनि लामो समयदेखि अरूकै कब्जामा छ ।

क्याम्पसको स्वामित्वमा रहेको ८२ बिघा जग्गा करिब १३ वर्षदेखि कब्जामा रहेको छ । द्वन्द्व र मुक्त कमैयाको मुक्तिसँगै क्याम्पसको जग्गा कब्जा भएको थियो ।

(अन्नपूर्णपोस्ट, वैशाख १९)

## सिंहदरबारकै जग्गा अतिक्रमण



सिंहदरबार पूर्वपट्टिको जग्गा अतिक्रमण गरी निर्माण गरिएको हनुमानस्थान-अनामनगर सडकखण्ड। तस्बिर : सुजन गुरुङ

खोलानाला, नदी र सडक किनारका मात्र नभई मुलुकको प्रमुख प्रशासनिक केन्द्र सिंहदरबारको जग्गासमेत मिचिएको (अतिक्रमणमा परेको) पाइएको छ । सडक विस्तार गर्दा दुवैतिरबाट जमिन लिनुपर्ने भए पनि एकातिरबाट जमिन लिँदा सरकारी जग्गा अतिक्रमणमा परेको हो ।

सिंहदरबारको जग्गा सडक विस्तारका क्रममा एकतर्फी रूपमा पर्खालभित्रबाटै मिचेर अतिक्रमण गरिएको हो । अनामनगरतर्फको सडक निर्माण गर्दा सिंहदरबारको ४६ रोपनी छ आना जग्गा अतिक्रमणमा परेको सरकारी छानबिनले देखाएको छ । सिंहदरबारतिरबाट मात्र एकतर्फी जमिन लिएर सडक विस्तार गर्दा सिंहदरबारको जग्गा अतिक्रमणमा परेको हो ।

काठमाडौँ महानगरभित्र सरकारी, सार्वजनिक र गुठी जग्गाको अतिक्रमण अध्ययन र छानबिन गर्ने उद्देश्यसहित तत्कालीन सरकारले २०४९ सालमा गठन गरेको 'सरकारी तथा सार्वजनिक जग्गा संरक्षणसम्बन्धी उच्चस्तरीय आयोग' (रावल आयोग) को प्रतिवेदन अनुसार सिंहदरबारको सो जग्गा अतिक्रमण भएको पाइएको हो । कुल ६९३ रोपनी नौ आना क्षेत्रफलको सिंहदरबारबाट ४६ रोपनी छ आना जग्गा अतिक्रमणमा परेको प्रतिवेदनमा औँल्याइएको छ ।

उक्त प्रतिवेदनमा उल्लेख छ, "सिट नं. ११०५/२० र कित्ता नं. ९७ को क्षेत्रफल ६९३ रोपनी नौ आनाको सिंहदरबार क्षेत्रको जग्गा २०४७ सालमा सिंहदरबारको मूल परिसरदेखि उत्तर-दक्षिण र पूर्व दिशातिर सडक खोली ४२ रोपनी छ आना क्षेत्रफलको जग्गा बाटोमा समावेश हुन गई सिंहदरबार क्षेत्रको जग्गा घट्न गएको देखिन्छ ।" थप जमिन अन्यत्र घटेको छ ।

सरकारी जग्गा हिनामिनाबारे छानबिन गर्न गठित रामबहादुर रावल नेतृत्वको आयोगले उक्त जग्गा अतिक्रमण भएको ठहर गर्दै फिर्ता गराउन सिफारिस गरेको थियो । प्रतिवेदनमा जग्गा अतिक्रमण गर्ने व्यक्तिको सूची तयार गरी त्यस्ता व्यक्तिमाथि कारबाही गर्न र सरकारी जग्गा फिर्ता ल्याउन सिफारिस गरिएको थियो । मुलुक लोकतन्त्र हुँदै गणतन्त्रसम्म आइपुग्दा धेरै पटक सरकारको नेतृत्व परिवर्तन भए पनि तत्कालीन आयोगले बुझाएको प्रतिवेदनको कार्यान्वयनमा अहिलेसम्मका कुनै पनि सरकारले चासो देखाएका छैनन् ।

### कसरी मिचियो सिंहदरबारको जग्गा ?

सिंहदरबार गुरुयोजना अन्तर्गत पूर्वतर्फ (अनामनगर) सडक बनाउँदा बाटोको दुवैतर्फबाट बराबरी जग्गा लिनुपर्ने मापदण्ड तयार पारिएको थियो । सिंहदरबारको पूर्वपट्टि रहेका व्यक्तिका निजी जग्गा र खेत जोगाउनका लागि शतप्रतिशत जमिन सिंहदरबारतर्फबाट मात्रै लिइयो । सिंहदरबारबाहिरको उक्त क्षेत्रमा तत्कालीन समयमा उच्च तहमा रहेका सरकारी कर्मचारीको निजी जग्गा पर्ने हुनाले उनीहरूले गुरुयोजना नै उल्ट्याउन लगाएर सरकारी जग्गा मिचेर सडक बनाएको आयोगको दाबी छ ।

### गुरुयोजना उल्ट्याइयो

**तत्कालीन सरकारले गुरुयोजना कार्यान्वयन गर्न भौतिक योजना तथा निर्माणमन्त्री अच्युतराज रेग्मीको अध्यक्षतामा अधिकारसम्पन्न सिंहदरबार सचिवालय पुनर्निर्माण समिति गठन गरेको थियो। उक्त समितिले सिंहदरबार गुरुयोजना उल्टाएर सडक विस्तार गर्ने निर्णय गरेको थियो।**

**सर्वोच्च अदालतले २०६७ सालमै रावल आयोगको प्रतिवेदन कार्यान्वयन गर्न आदेश दिए पनि अहिलेसम्म उक्त आदेश कार्यान्वयनमा आएको छैन। आयोगले हदबन्दी नाघेको हजारौँ रोपनी जग्गा सरकारी नाममा ल्याउन सिफारिस गरे पनि सो कार्यान्वयन नभएको र थप छानबिनको नाममा प्रतिवेदन लुकाएर फेरि नयाँ समिति बन्ने गरेका छन्। अख्तियार दुरूपयोग अनुसन्धान आयोगले समेत पटक पटक प्रतिवेदन पूर्ण कार्यान्वयनका लागि तत्कालीन भूमि सुधार मन्त्रालयलाई पत्राचार र निर्देशन दिएको भए पनि अहिलेसम्म कार्यान्वयन हुन सकेको छैन।**

**(गोरखापत्र ३ जेठ २०८३)**

# व्यवस्थाविपरीतको उपचार खर्च फिर्ता




**जनस्वास्थ्य ऐन–२०७५ को व्यवस्थाविपरीत उपचारका नाममा सरकारी ढुकुटीको रकम दुरुपयोग गरेको सम्बन्धमा अख्तियारले छानबिन टुङ्ग्याउनै लाग्दा एमालेले उपचारखर्च रकम सरकारको राजस्व खातामा दाखिला गरेको छ।**

वैदेशिक उपचारमा भिभिआइपीका लागि राज्यकोषबाट रकम निकासा हुन थालेपछि दुरूपयोग रोक्न २ असोज ०७५ देखि जनस्वास्थ्य ऐन, २०७५ कार्यान्वयनमा ल्याइएको थियो। उक्त ऐनको दफा ३० मा 'वैदेशिक उपचारबापत खर्च उपलब्ध नहुने' शीर्षकमा उल्लेख छ, 'प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए पनि कुनै व्यक्तिलाई विदेशमा उपचार गर्नुपर्ने भएमा सोको लागि लाग्ने खर्च नेपाल सरकारबाट उपलब्ध गराइनेछैन।' तर, कानुनको बर्खिलाप गर्दै तत्कालीन प्रधानमन्त्री ओलीको पालामा उनीसहित तीन विशिष्टले पटक-पटक विदेशमा उपचार गराउँदा राज्यकोषबाट खर्च निकासा गरिएको थियो।

**एमाले अध्यक्षसमेत रहेका तत्कालीन प्रधानमन्त्री केपी ओलीले आफ्नो पालामा आफूसहित तीनजना भीभीआईपीको वैदेशिक उपचारका नाममा राज्य कोषबाट तीन करोड ९० लाख रुपैयाँ लिएका थिए।**

**तत्कालीन प्रधानमन्त्री ओलीसहित पूर्वराष्ट्रपति रामवरण यादव र अर्का पूर्वप्रधानमन्त्री झलनाथ खनालको वैदेशिक उपचारमा खर्च भएको रकम फिर्ता भएको हो।**

**यादव र खनालले लिएको रकमसमेत एमालेबाटै फिर्ता भएको हो। ओलीका नाममा खर्च भएको दुई करोड ३९ लाख, खनालको ८१ लाख र यादवको ७० लाख रुपैयाँ फिर्ता भएको अख्तियार स्रोतले जनाएको छ।**

**(नेपालखबर, जेठ ८, २०८३)**

### रावल आयोगको प्रतिवेदन कार्यान्वयन गरिने

# काठमाडौँ मनपामा १८५९ रोपनी जग्गा अतिक्रमणमा

**तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले सरकारी-सार्वजनिक जग्गा छानबिनका लागि २०४९ मा आयोग गठन गरेका थिए। आयोगको प्रतिवेदन गत २१ फागुनको निर्वाचनपछि बनेको रास्वपाको सरकारले कार्यान्वयन गर्ने निर्णय गरेको हो। 'मन्त्रिपरिषद्को यस निर्णयसँगै ०२१ सालको नापीका आधारमा रावल आयोगको प्रतिवेदनले समेटेको तत्कालीन काठमाडौँ महानगर क्षेत्रका ३५ वटै वडामा अतिक्रमण भएको सम्पूर्ण सार्वजनिक तथा सरकारी जग्गा खाली गर्ने बाटो खुलेको छ,' प्रधानमन्त्री सचिवालयले भनेको छ, 'साथै, उल्लिखित सार्वजनिक तथा सरकारी जग्गाको अतिक्रमणकारीलाई प्रचलित कानुनबमोजिम कारबाही गर्ने प्रक्रिया पनि अघि बढ्ने भएको छ।'**

**बालुवाटारस्थित चर्चित 'ललितानिवास जग्गा प्रकरण'को छानबिन गरेका पूर्वसचिव शारदाप्रसाद त्रितालले लामो समय बितिसकेकाले रावल आयोगको प्रतिवेदन कार्यान्वयन केही असहज भए पनि यो कार्य अनिवार्य रहेको बताएका छन्। उनका अनुसार भूमाफियाले योजनाबद्ध रूपमा तथा**

सस्तो मूल्यको प्रलोभनमा कतिपय अवस्थामा सर्वसाधारणले समेत जानाजानी सरकारी तथा सार्वजनिक जग्गा खरिद गरेको देखिन्छ । 'रावल आयोगको प्रतिवेदन कार्यान्वयन नभएकाले झन् जे गर्दा पनि हुने रहेछ भन्ने मानसिकता बनेर काठमाडौँमा जग्गा अतिक्रमण अझ बढेको देखिन्छ,' उनले भने, 'त्यतिवेला नै प्रतिवेदन कार्यान्वयन भएको भए आजको स्तरको विकृति हुने थिएन ।'

त्रितालका अनुसार सरकारको निर्णयपछि प्रतिवेदन कार्यान्वयन अघि बढाउन चुनौती भए पनि आवश्यक छ । 'आयोगले उल्लेख गरेका कित्ता यकिन गरेर कसले अतिक्रमण गरेको हो भन्ने स्पष्ट हुन्छ । त्यसपछि सूचना जारी गरी कानुनअनुसार जग्गा सरकारको नाममा ल्याउन सकिन्छ,' उनले भने, 'जग्गा मिच्ने व्यक्तिमात्र होइन, निर्णय प्रक्रियामा संलग्न सरकारी संयन्त्रका पदाधिकारीमाथि समेत कानुनी कारबाही आवश्यक हुन्छ ।'

उक्त आयोगको नेतृत्व ३ पुस ०५० देखि २६ वैशाख ०५२ सम्म पूर्वसचिव रामबहादुर रावलले लिएका थिए ।

प्रतिवेदनअनुसार काठमाडौं महानगरमा तत्कालीन अवस्थामा कुल १८ हजार ९४१ रोपनीभन्दा बढी सार्वजनिक तथा सरकारी जग्गा रहेकोमध्ये करिब १० प्रतिशत अर्थात् एक हजार ८५९ रोपनीभन्दा बढी जग्गा अतिक्रमणमा परेको छ । त्यस अवधिमा एक हजार १८७ जना अतिक्रमणकारीले ३०८ कित्ता सरकारी तथा सार्वजनिक जग्गा निजी प्रयोजनका लागि उपभोग गरिरहेको तथा थप ६ हजार ९०६ जना अतिक्रमणकारीले एक हजार ७६२ कित्ता जग्गा आफ्नै नाममा घुसाएको प्रतिवेदनमा उल्लेख छ । यसरी कुल आठ हजार ९३ जना अतिक्रमणकारीमार्फत दुई हजार ७० कित्ता सरकारी तथा सार्वजनिक जग्गा अतिक्रमण भएको तथ्य प्रतिवेदनमा समेटिएको प्रधानमन्त्री कार्यालयले जनाएको छ ।

सर्वोच्च अदालतले १२ जेठ ०६७ मा अन्तिम सुनुवाइ गर्दै विपक्षीका नाममा निर्देशनात्मक आदेश जारी गरेको थियो । आदेशमा 'विशेषज्ञ समितिको प्रतिवेदनअनुसार रावल आयोगको प्रतिवेदन कार्यान्वयन हुन र देशका अन्य स्थानमा भएको सरकारी तथा सार्वजनिक जग्गा अतिक्रमणको विषयमा समेत छानबिन गरी कानुनबमोजिम कारबाही गर्न वाञ्छनीय देखिएकोले सो कार्यलाई उच्च प्राथमिकता दिई छिटो कार्यान्वयन गर्नू-गराउनू' भनिएको थियो ।

## बढ्दो बेरुजु

कानुनको परिपालना र आर्थिक पारदर्शिताको अभाव तथा जवाफहीनताले देशको बेरुजु साढे सात खर्ब नाघेको छ । महालेखा परीक्षक कार्यालयले राष्ट्रपति रामचन्द्र पौडेललाई बुझाएको ६३औँ वार्षिक प्रतिवेदनअनुसार गत आर्थिक वर्ष ०८१/८२ सम्ममा कुल अद्यावधिक बेरुजु सात खर्ब ५५ अर्ब १७ करोड २२ लाख रुपैयाँ छ । ०८०/८१ को तुलनामा गत आवमा अद्यावधिक बेरुजुको आकार २१ अर्ब ९८ करोड १३ लाखले थपिएको छ । प्रतिवेदन अवधिमा ६६ अर्ब ११ करोड सम्परीक्षण तथा समायोजन भई बाँकी बेरुजुमा गत आवको बेरुजु जोडेर अद्यावधिक बेरुजु कायम गरिएको हो ।

सङ्घीय सरकारी कार्यालयको बेरुजु मात्र तीन खर्ब ७८ अर्ब ५३ करोड ६४ लाख छ । त्यस्तै, प्रदेश सरकारी कार्यालयको ३३ अर्ब ९६ करोड ९० लाख र स्थानीय तहको दुई खर्ब २० अर्ब ४७ करोड २६ लाख छ । समिति र अन्य संस्थातर्फको बेरुजु एक खर्ब २२ अर्ब १९ करोड ४२ लाख छ ।

यसबाहेक कारबाही टुङ्गो लगाउनुपर्ने रकम सात खर्ब ८७ अर्ब ८६ करोड तीन लाख रहेको महालेखाले औँल्याएको छ ।

यस शीर्षकअन्तर्गत सबैभन्दा ठुलो अङ्क राजस्व बक्यौताको छ । राजस्व बक्यौता सात खर्ब नौ अर्ब ३५ करोड ८४ लाख छ । त्यस्तै, लेखा परीक्षण बक्यौता सात अर्ब ७९ करोड ८१ लाख, शोधभर्ना लिन बाँकी वैदेशिक अनुदान दुई अर्ब ५१ करोड ५८ लाख, शोधभर्ना लिन बाँकी वैदेशिक ऋण १५ अर्ब ७२ करोड ७० लाख र जमानत बसी दिएको ऋणको भाखा नाघेको साँवा-ब्याज ५२ अर्ब ४६ करोड १० लाख छ ।

महालेखापरीक्षक तोयम रायाले लेखा परीक्षणबाट देखिएका बेथिति बेरुजुका रूपमा प्रतिवेदनमा आएको बताए । 'लेखा परीक्षण गर्दा देखिएको बेरुजुको अवस्था प्रतिवेदनमा समेटिएको छ,' उनले भने, 'आर्थिक पारदर्शीता कायम गर्दै बेरुजु कम गर्न सुधारका उपायसहितका सुझाव सरकारलाई दिइएको छ ।'

### किन बढिरहेको छ बेरुजु ?

श्रीकुमार राई, प्रवक्ता, महालेखा परीक्षक कार्यालय

'वार्षिक रूपमा ९० देखि ९५ अर्बको आसपासमा बेरुजु वृद्धि भइरहेको छ । तर, फर्स्योट दर निकै कम छ । १२-१५ अर्बजति मात्रै फर्स्योट छ । बेरुजु यसरी बढ्नुमा कुनै पनि कार्यालयको लेखा उत्तरदायी अधिकारी प्रमुख रूपमा जिम्मेवार हुन्छ । बेरुजुले वित्तीय सुशासनको सूचकाङ्क घटाउँछ । लेखापरीक्षण लोकतन्त्रमा 'चेक एन्ड ब्यालेन्स' को संयन्त्र पनि हो । बेरुजु देखिनुले कानुनको परिपालना नभएको, वित्तीय अनुशासन पालना नगरेको, पारदर्शिता नभएको, सुशासनका लागि मिहिनेत नगरेको देखिन्छ । बेरुजुसमेतलाई हेरेर बहुपक्षीय दाताहरूले देशको वित्त व्यवस्थापनको मूल्याङ्कन

गरिरहेका हुन्छन् । बेरुजु बढ्दा देशको सार्वजनिक वित्त व्यवस्थापन कमजोर भएको देखिन्छ । बेरुजु घटाउन लेखा उत्तरदायी अधिकारी जिम्मेवार हुनुपर्छ । सङ्घ र प्रदेशका लेखा समितिदेखि स्थानीय गाउँ/नगर सभाले पनि बेरुजु छलफललाई प्राथमिकतामा राखेर समयमै उचित निर्णय र निर्देशन दिनु महत्त्वपूर्ण हुन्छ । बेरुजु आउनै नदिने अवस्था बनाउन बेरुजुलाई कर्मचारीको कार्यसम्पादन मूल्याङ्कनसँग जोड्नुपर्छ । आर्थिक अनुशासन कायम गर्न नसक्ने र बेरुजु बढाउन भूमिका खेल्नेलाई उसको कार्यसम्पादनमा फरक पर्ने गरी व्यवस्था गर्नुपर्छ ।'

### लेखापरीक्षण हुन सकेन

२०८२ भदौ २३ र २४ गते भएको जेन–जी आन्दोलनको असर सरकारी लेखापरीक्षण प्रणालीमै परेको देखिएको छ । आन्दोलनका क्रममा विभिन्न सरकारी तथा सार्वजनिक संस्थाका कागजात आगजनी र क्षति हुँदा १ खर्ब ४७ अर्ब ८९ करोड ७० लाखबराबरको लेखापरीक्षण हुन नसकेको तथ्य महालेखा परीक्षकको कार्यालयको वार्षिक प्रतिवेदनले सार्वजनिक गरेको छ ।

महालेखाको प्रतिवेदनअनुसार आन्दोलन र त्यसक्रममा भएका घटनाका कारण १ सय ७९ सरकारी निकायले आवश्यक स्रेस्ता तथा कागजात पेस गर्न सकेनन् । त्यसका कारण ती निकायको आर्थिक कारोबार परीक्षण गर्न नसकिएको उल्लेख गरिएको छ ।

(अन्नपुर्ण पोस्ट)

### बढ्दो बेरुजु चुनौती

'सबै बेरुजु भ्रष्टाचार नहुन पनि सक्छ । ... सङ्घीय सरकारको बेरुजु सबैभन्दा बढी अर्थ मन्त्रालयमै देखिनु भने अर्को विडम्बना भएको छ । सबैलाई वित्तीय सुशासनको नमुना प्रस्तुत गर्नुपर्ने सङ्घीय मन्त्रालयमध्ये अर्थ मन्त्रालय र मातहतका निकायमा सबैभन्दा धेरै बेरुजु देखिएको छ । त्यसपछि साबिकको भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय,.. भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयमा .. बेरुजु छ । अरू मन्त्रालय पनि बेरुजुविहीन देखिन सकेनन् ।

बढ्दो बेरुजु वित्तीय सुशासनका निम्ति ठुलो चुनौती हो । आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन अनुसार खर्च प्रक्रिया नभएपछि बेरुजु बढ्ने हो । सो ऐनले सरकारी रकम हिनामिना, म्याद नाघेको पेस्की वा नियमविपरीत बढी भुक्तानी दिइएको रकमलाई बेरुजु मानेको छ । यस्तो बेरुजु कानुनबमोजिम फर्स्योट अनिवार्य छ ।

(गोरखापत्र अनलाइन, ३ जेठ २०८३)

### बजेटको ८० प्रतिशत हाराहारी बेरुजु

महालेखा परीक्षकको कार्यालयले राष्ट्रपतिलाई बुझाएको र त्यसलगत्तै सार्वजनिक गरेको ६३ औँ वार्षिक प्रतिवेदनमा हालसम्मको कुल बेरुजु १५ खर्ब ४३ अर्ब रुपैयाँ पुगेको हो ।..गतवर्ष करिब १२ खर्ब रुपैयाँ बेरुजु रहेकोमा यसपाली करिव तीन खर्ब रुपैयाँ बढेको देखिन्छ । महालेखाको प्रतिवेदनअनुसार, यसपाली मात्रै करिब २ खर्ब ३७ अर्ब रुपैयाँ राजस्व बक्यौता थपिएको छ । ...पछिल्लो एक वर्षमै करिब तीन खर्ब हाराहारीमा बेरुजु बढेको हो । गतवर्ष करूल बेरुजुको रकम १२ खर्ब ८४ अर्ब थियो ।

चालु आर्थिक वर्षमा सरकारले १९ खर्ब ६४ अर्बको बजेट वक्तव्य जारी गरेको थियो । बजेट वक्तव्यको अनुपातमा हेर्दा कुल बेरुजुको रकम ८० प्रतिशत हाराहारीमा पुग्न लागेको छ । पाँच वर्षअघिको तुलनामा बेरुजुको रकम आधाले बढेको छ ।

(अनलाइनखबर, वैशाख ३१)

## सङ्गठित अपराध तथा सम्पत्ति शुद्धीकरणसम्बन्धी मुद्दा फिर्ता

संसदीय विशेष छानबिन समितिको प्रतिवेदनका आधारमा रवि लामिछानेमाथि सहकारी ठगी, संङ्गठित अपराध तथा सम्पत्ति शुद्धीकरणसम्बन्धी मुद्दा विभिन्न अदालतमा दायर गरिएको थियो । उक्त प्रतिवेदनले विभिन्न सहकारी संस्थाको रकम गोर्खा मिडिया नेटवर्कलगायतका संस्थामा अनियमित रूपमा परिचालन भएको निष्कर्ष निकालेको थियो ।

कास्की, रुपन्देही, पर्सा पछि काठमाडौं जिल्ला अदालतले पनि समान प्रकृतिका अभियोगमा मुद्दा फिर्ता गर्ने आदेश दिएको छ ।

रवि लामिछानेसँगै जीबी राई, कुमार रम्तेल र छविलाल जोशीलगायत प्रतिवादीविरुद्धका सङ्ठित अपराधसम्बन्धी अभियोग पनि फिर्ता भएका छन् । उनीहरूमाथि सहकारी ठगीसम्बन्धी मुद्दा भने कायम रहेको छ ।

## करिब ६० अर्ब रुपियाँ ठेक्काको अनुसन्धान अलपत्र

राज्यका ठूला र प्रतिष्ठित भवन निर्माणका अधिकांश ठेक्का हात पार्दै आएको समानान्तर निर्माण सेवा प्रालिमाथि नक्कली बिलबिजक प्रयोग, आयकर छली तथा आर्थिक

अनियमितताको आरोपमा सुरु गरिएको अनुसन्धान नौ महिनादेखि अलपत्र परेको छ। अनुसन्धान प्रक्रिया अस्वाभाविक रूपमा लम्बिँदा प्रभावशाली पहुँच, राजनीतिक संरक्षण र प्रशासनिक सेटिङको आशङ्का झन् गहिरिएको छ।

स्रोतका अनुसार समानान्तर निर्माण सेवासँग हाल पनि करिब ६० अर्ब रुपियाँ बराबरका विभिन्न सरकारी ठेक्का सञ्चालनमा छन्। यति ठूलो परिमाणको सार्वजनिक धन परिचालन गरिरहेको कम्पनीमाथि लागेको आरोपको निष्पक्ष र प्रभावकारी अनुसन्धान हुन नसक्नुले राज्यको नियामक क्षमता कमजोर भएको सन्देश दिएको छ।

राजस्व अनुसन्धान विभागले गत पुस २ गते पुरानो बानेश्वरस्थित समानान्तर निर्माण सेवाको कार्यालयमा छापा मारेर महत्त्वपूर्ण कागजात नियन्त्रणमा लिएको थियो। छापापछि अनुसन्धानले तीव्र गति लिने अपेक्षा गरिएको थियो। तर, नौ महिना बित्न लाग्दा पनि अनुसन्धान निष्कर्षमा पुग्न सकेको छैन। बरु अनुसन्धान आफैं रहस्यमय ढङ्गले रोकिएको देखिन्छ।

विभागकै एक उच्च अधिकारीका अनुसार अनुसन्धान रोक्न शक्तिशाली केन्द्रबाट दबाब आएको थियो। ती अधिकारीले नाम नखुलाउने सर्तमा नेपाल समाचारपत्रसँग भने– 'छापा मारेलगत्तै अनुसन्धान अघि बढाइएको थियो। तर, विभिन्न शक्तिकेन्द्रबाट आएको दबाबका कारण प्रक्रिया सहज रूपमा अघि बढ्न सकेन।'

काभ्रेका व्यवसायी अच्युत खरेलको नेतृत्वमा रहेको समानान्तर निर्माण सेवा पछिल्ला वर्षहरूमा सरकारी भवन निर्माणको सबैभन्दा प्रभावशाली कम्पनीका रूपमा स्थापित भएको छ।

समानान्तरले विगत दुई दशकमा राज्यका सबैभन्दा प्रतिष्ठित भवनहरूको निर्माणको जिम्मा पाएको छ। राष्ट्रपति निवास, उपराष्ट्रपति भवन, महान्यायाधिवक्ताको कार्यालय, गंगालाल हृदय रोग केन्द्र, रक्षा मन्त्रालय भवन, परराष्ट्र मन्त्रालय भवन, काठमाडौँ उपत्यका विकास प्राधिकरण भवन, भक्तपुर जिल्ला अदालत भवन, काठमाडौँ महानगरपालिकाको टेकु भवन तथा निर्माणाधीन सर्वोच्च अदालत भवनजस्ता परियोजनाहरू यसै कम्पनीको जिम्मामा परेका छन्।

स्रोतहरूका अनुसार समानान्तरले सरकारी अधिकारी, राजनीतिक नेतृत्व तथा निर्णय तहका व्यक्तिसँग निकट सम्बन्ध कायम गरेर ठेक्का व्यवस्थापन गर्ने गरेको आरोप लामो समयदेखि लाग्दै आएको छ। तर, ती आरोपमाथि कहिल्यै गम्भीर अनुसन्धान हुन सकेको देखिँदैन।

समानान्तरका सञ्चालक अच्युत खरेलको नाम पूर्व प्रधानन्यायाधीश चोलेन्द्रशमशेर जबरासँग जोडिएपछि विवाद अझ चर्किएको थियो। सर्वोच्च अदालत भवन निर्माणको ठेक्का प्रक्रिया र तत्कालीन न्यायिक नेतृत्वबीचको सम्बन्धबारे विभिन्न समयमा प्रश्न उठे पनि त्यसबारे कुनै औपचारिक निष्कर्ष सार्वजनिक भएको छैन।

(न्युज अफ नेपाल, १७ जेष्ठ २०८३)

# इतिहासमै ठूलो वित्तीय अपराध : एकैपटक चार मुद्दा दायर



नेपालको इतिहासमै सबैभन्दा ठूलो सङ्गठित वित्तीय अपराधमा बिचौलियादेखि प्रतिष्ठित व्यावसायिक घरानाविरुद्ध एकैपटक चार मुद्दा दायर भएका छन्। बिचौलिया दीपक भट्ट तथा उद्योग वाणिज्य महासङ्घका पूर्वअध्यक्ष शेखर गोल्छालगायत दर्जनौँ उद्योगी/व्यवसायीसहित ९१ विरुद्ध सम्पत्ति शुद्धीकरण, धितोपत्र, बिमा र बैङ्किङ कसुरका मुद्दा प्रकृतिका आधारमा जिल्ला, उच्च र विशेष अदालतमा दायर गरिएका हुन्।

प्रहरी, सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग, राजस्व अनुसन्धान विभाग र आन्तरिक राजस्व विभागको संयुक्त टोलीले करिब पाँच महिना निरन्तर अनुसन्धान गरेको थियो। वित्तीय अपराधको आडमा देशको राजनीतिक, प्रशासनिक र वित्तीय क्षेत्रलाई प्रभावमा पार्दै आएको समूह एकै झमटमा न्यायिक कठघरामा पुगेका छन्। छानबिनमा संलग्न अनुसन्धान अधिकारीहरू भन्छन्, 'यी मुद्दाले नेपालको इतिहासमै सबैभन्दा ठूलो सङ्गठित वित्तीय अपराधलाई पर्दाफास गरिदिएका छन्।'

बिचौलिया भट्ट र उद्योग वाणिज्य महासङ्घका पूर्वअध्यक्ष गोल्छासहित नेपाल उद्योग परिसङ्घका उपाध्यक्षत्रय राजबहादुर शाह, रोहित गुप्ता र अमित मोर मुद्दाका प्रतिवादी छन्। आश्चर्य त बिमा क्षेत्रको नियामक निकाय नेपाल बिमा प्राधिकरणका दुई पूर्वअध्यक्ष मदन दाहाल र शरद ओझाविरुद्ध समेत मुद्दा दायर भएको छ।

तत्कालीन प्रधानमन्त्री सुशीला कार्की र अर्थमन्त्री

रामेश्वर खनालको अग्रसरतामा सङ्गठित वित्तीय अपराधको छानबिन अघि बढाइएको थियो। ती छानबिनलाई आंशिक टुङ्गो लगाउँदै मुद्दा दायर भएका छन्। अनुसन्धान अधिकारीहरूका अनुसार अझै आधा दर्जन मुद्दा दायर हुने चरणमा छन् जसको छानबिन जारी छ। अब हुने छानबिनबाट राजनीतिक–प्रशासनिक 'नेक्सस'समेतको पर्दाफास गर्ने अनुसन्धान अधिकारीहरूले बताएका छन्।

## सम्पत्ति शुद्धीकरणमा ३४ व्यक्ति र पाँच कम्पनीविरुद्ध मुद्दा

सम्पत्ति शुद्धीकरण अभियोगमा लागेको मुद्दाको बिगो सबैभन्दा ठूलो आकारको छ। जसमा बिचौलिया दीपक भट्टसँग मात्रै २६ अर्ब ६३ करोड बिगो दाबी गरिएको छ। सम्पत्ति शुद्धीकरण विभागले तयार गरेर सरकारी वकिलमार्फत विशेष अदालतमा दायर मुद्दाको अभियोगपत्र ४३६ पेज लामो छ।

सम्पत्ति शुद्धीकरण कसुरको केन्द्रमा पनि भट्ट र शंकर ग्रुप छन्। भट्टसँग अग्रवाल दाजुभाइ साहिल र शुलभसमेत जोडिएर सङ्गठित वित्तीय अपराध गरेको अभियोगपत्रमा उल्लेख छ। उनीहरूको सम्पत्ति शुद्धीकरणको शृंखलाबद्ध गतिविधि ०७९ देखि सुरु भएको थियो। त्यसयता करिब दुई वर्षमै अर्बौंको वित्तीय घोषणा भएको देखिन्छ।

विभागले सम्बद्ध कसुरका फरक–फरक गतिविधिमार्फत आर्जित सम्पत्ति र त्यसको शुद्धीकरणको शृंखला केलाएको छ। बैंकिङ कसुरबाट प्राप्त ४२ करोड १४ लाख लगेर दीपक भट्ट अध्यक्ष रहेको इन्फिनिटी होल्डिङको सेयर चुक्ता पुँजी बढाई सो रकमबाट हिमालयन रिइन्स्युरेन्सको ४५ करोडको संस्थापक सेयर खरिद गरेको भेटिन्छ।

त्यस्तै, ग्रिन डेभलपर्स प्रालिको सेयर खरिद–बिक्रीको आवरणमा गार्डेन माइक्रो लाइफ र नेपाल माइक्रो इन्स्योरेन्सको २४ करोड ८९ लाख ९४ हजार संस्थापक सेयर खरिद गरेका थिए। इन्फिनिटी होल्डिङको सिद्धार्थ बैंकमा रहेको खातालाई सम्पत्ति शुद्धीकरणको माध्यम बनाएको भेटिएको छ। त्यहाँ रहेको १९ करोड ९६ लाख सम्पत्ति शुद्धीकरणमा प्रयोग गरेको पाइएको छ।

सिद्धार्थ बैंकमा दीपक भट्टको खातामा रहेको नौ करोड ११ लाख पनि सम्पत्ति शुद्धीकरणमा प्रयोग भएको थियो। भट्टसहितका प्रतिवादीले बिमाको दुई अर्ब ८९ करोड दुरुपयोग गरेर आफ्नो नाममा सेयर खरिद गरेको भेटिएको छ।

हिमालयन क्यापसर्भ लिमिटेडको ३७ करोड, हिमालयन रिइन्स्योरेन्स लिमिटेडको दुई अर्ब ७३ करोड, हिमालय सेक्युरिटिज बैंकर लिमिटेडको २२ करोड, नेपाल माइक्रो इन्स्योरेन्स कम्पनीको १६ करोड, एचएलआई लार्जक्याप फन्डको २५ करोडसहित कुल तीन अर्ब ७३ करोड रकम जम्मा गरेर तिनै कम्पनीको नाममा सेयर किन्न भनेर भृकुटी स्टक ब्रोकिङ कम्पनी प्रालिको खातामा ल्याइएको थियो। ती पाँचै कम्पनीमा दीपक भट्ट र सुलभ अग्रवालको प्रभुत्व थियो। दोस्रो बजारमा सेयर खरिद गर्ने भनेर भृकुटीको खातामा ल्याइएको रकम दुरुपयोग गरिएको थियो। उक्त रकममध्ये दुई अर्ब ८९ करोड दीपक भट्टले सेयर खरिद गरी दुरुपयोग गरे भने सुलभकी श्रीमती सुभी अग्रवालले ६२ करोड र ऋषिराज मोरले २३ करोड रकम लगेर दुरुपयोग गरेका थिए।

नेपाल रिइन्स्योरेन्सको पैसा दुरुपयोगका लागि शृंखलाबद्ध बदमासी गरेका थिए। प्रतिकित्ता ७०० को सेयरलाई १८०० पुऱ्याएर अकुत लाभ लिएको अनुसन्धानमा खुलेको छ। उनीहरूको गतिविधिका कारण दोस्रो बजारमा आमलगानीकर्ताले १० दिनमा मात्र एक अर्ब २९ करोड गुमाउनुपरेको थियो। यो वित्तीय अपराधमा नियामक निकायको समेत गम्भीर बदमासी र गैरकानुनी कार्य देखिएको अभियोगपत्रमा उल्लेख छ।

## सेयर बजारमा चार अर्ब ७८ करोडको कृत्रिम कारोबार, ८१ जनाविरुद्ध मुद्दा

दीपक भट्ट र उनीनिकट समूहले कृत्रिम सेयर कारोबार गरी नेपाल रिइन्स्योरेन्स कम्पनीको ६५.२५ प्रतिशत सेयर केन्द्रीकृत गरेको थियो। त्यसका लागि उनीहरूले पब्लिक कम्पनीहरूकै रकम दुरुपयोग गरी एक करोड ४० लाख १३ हजार ३५२ कित्ता सेयर खरिद गरेका थिए। जसमा चार अर्ब ७८ करोड ८५ लाख रकम प्रयोग भएको थियो। यसमा धितोपत्रसम्बन्धी कसुरमा ८१ जनालाई प्रतिवादी बनाइएको छ।

यो काम सङ्गठित र योजनाबद्ध अभ्यासबाट भएको अनुसन्धानको निष्कर्ष छ। अभियोगपत्रमा भनिएको छ, 'यसरी उक्त सेयरको मूल्य बढाउने मनसायले ठूलो मात्रामा संस्थापक र व्यक्तिगत पुँजी एकै ठाउँमा केन्द्रित गरी सङ्गठित र योजनाबद्ध अभ्यासमार्फत नेपाल रिइन्स्योरेन्सको सेयरलाई अप्राकृतिक हस्तक्षेपबाट अस्वाभाविक बनाएको देखिन्छ।' आफ्ना कम्पनीको सेयर मूल्य कृत्रिम रूपमा बढाउनका लागि उनीहरूले यस्तो अपराध गरेको धितोपत्र बोर्डको छानबिन निष्कर्ष छ। बोर्डकै प्रतिवेदनका आधारमा सिआइबीले थप अनुसन्धान गरी सरकारी वकिलमार्फत मुद्दा दायर गरेको हो। सुलभ अग्रवाल अध्यक्ष रहेको सौर्य सिमेन्टको नक्सालस्थित

कार्यालयबाट यसरी सेयरको कृत्रिम कारोबार गरिएकोसमेत प्राविधिक छानबिनबाट खुलेको छ ।

८१ प्रतिवादी भए पनि यसमा प्रहरीले भट्ट, नेपाल रिइन्स्योरेन्सका पूर्वअध्यक्ष दिवाकर गोल्छा तथा हिमालयन सेक्युरिटिजका प्रमुख कार्यकारी अधिकृत सुभाषकुमार श्रेष्ठलाई मात्र नियन्त्रणमा लिई बयान लिएको थियो ।

सुलभ अग्रवालको हकमा एक अर्ब १४ करोड, भृकुटी स्टक ब्रोकिङका सन्दीप चाचन, सुधा कर्ण र राजीव ठाकुरको हकमा एक अर्ब १४ करोड बिगो कायम गरी मुद्दा दायर गरिएको छ । त्यस्तै, दीपक भट्टको हकमा १२ करोड ९१ लाख, सुभी अग्रवालको हकमा १५ करोड सात लाख, ऋषिराज मोरलाई ७० करोड ६२ लाख बिगो कायम छ ।

शेखर गोल्छाले प्रत्यक्ष रूपमा सेयरको कारोबार नगरे पनि भृकुटी स्टक ब्रोकिङ कम्पनीलाई ५२ करोड ५० लाख अग्रिम रूपमा दिएका थिए । गोल्छाको सो कम्पनीमा टिएमएस नभए पनि सुलभ अग्रवालको योजनामा दीपक भट्टका मानिसहरूको नाममा सेयर खरिद गर्न उनले सो रकम दिएको अभियोग छ । रोहित गुप्ताले पनि त्यसैगरी ५२ करोड ५० लाख भृकुटी स्टक ब्रोकिङलाई दिएका थिए । हिमालयन रिइन्स्योरेन्सलगायत कम्पनीलाई क्षतिपूर्ति दिलाउनसमेत अभियोगमा माग गरिएको छ ।

### बिमा कम्पनीहरुको तीन अर्ब ७३ करोड अपचलन, ४२ विरुद्ध मुद्दा

हिमालयन रिइन्स्योरेन्स र यसका सहायक कम्पनीबाट तीन अर्ब ७३ करोड ३३ लाख १५ हजार १६० रुपैयाँ अपचलनमा ४२ जनाविरुद्ध बिमासम्बन्धी कसुरमा जिल्ला अदालत, काठमाडौँमा मुद्दा दायर भएको छ । बिमा कम्पनीको पैसा भट्ट र उनीनिकट समूहले गैरकानुनी रूपमा सेयर बजारमा लगानी गरेका थिए । सो रकम फिर्तासमेत नगरेको धितोपत्र बोर्डकै छानबिनमा खुलेको थियो । सोही प्रतिवेदनलाई आधार बनाएर सिआइबीले अनुसन्धान सकाएर मुद्दा प्रक्रिया अघि बढाएको हो ।

अभियोगपत्रमा उल्लेख भएअनुसार भट्टले मात्र हिमालयन रिइन्स्योरेन्स लिमिटेड र नेपाल माइक्रो इन्स्योरेन्सको मात्र दुई अर्ब ८९ करोड २० लाख ४८ हजार दुरुपयोग गरेका थिए । त्यस्तै, राजबहादुर शाहले ८९ करोड ७० लाख ९७ हजार, ऋषिराम मोरले २३ करोड एक लाख, सुभी अग्रवालले ६२ करोड ८९ लाख र हिमालयन इन्भेस्टमेन्ट बैङ्कर लिमिटेडले २२ लाख २६ हजार दुरुपयोग गरेको थियो ।

'यसरी नेपाल माइक्रो इन्स्योरेन्स कम्पनी लिमिटेड, हिमालयन रिइन्स्योरेन्स लि. र सोही बिमकका सहायक कम्पनीहरू हिमालयन सेक्युरिटिज बैङ्कर लिमिटेड, हिमालय क्यापसर्भ र हिमालयन लाइफ इन्स्योरेन्सको कोष प्रवर्द्धक रहेको एचएलआई लार्ज क्याप फन्ड समेतका बिमक तथा सहायक कम्पनीको रकम योजनाबद्ध रूपमा असम्बद्ध व्यक्ति तथा संस्थाको नाममा प्रयोग गरी गराई बिमकलाई हानि–नोक्सानी पुऱ्याइएको देखिन्छ,' अभियोगपत्रमा उल्लेख छ ।

भृकुटी स्टक ब्रोकिङ कम्पनीमार्फत यसरी इन्स्योरेन्स कम्पनीको रकमबाट सेयर खरिद भएको थियो । धितोपत्रमा लगानी गर्न बिमा प्राधिकरणबाट स्वीकृतिसमेत नलिएको अनुसन्धानमा खुलेको छ । यस मुद्दामा बिमा प्राधिकरणका तत्कालीन दुई अध्यक्षलाई समेत प्रतिवादी बनाइएको छ । मदन दाहाल र शरद ओझाले अनियमिततामा साथ दिएको अनुसन्धानको निष्कर्ष छ । उनीहरूमध्ये ओझालाई गत वर्ष नै सरकारले बर्खास्त गरेको थियो भने दाहाल नेपाल सरकारको बहालवाला सचिव हुन् । यसमा भट्टलाई दुई अर्ब ८९ करोड, सुलभलाई तीन अर्ब ७३ करोड, सुभी अग्रवाललाई ६२ करोड, ऋषिराज मोरलाई २३ करोड, राजबहादुर शाहलाई ८९ करोड रुपैयाँ बिगो कायम गरिएको छ ।

त्यस्तै, शेखर गोल्छा, अमित मोर, साहिल अग्रवाल, रोहित गुप्ता, राजीव मोर, शुभेच्छा खरेल, सुभासकुमार झुनझुनवाला, उपासना पौडेल, मनीषकुमार र दीपककुमार श्रेष्ठविरुद्ध संयुक्त रूपमा दुई अर्ब ७३ करोड ३३ लाख संयुक्त बिगो कायम गरिएको छ । उनीहरू नेपाल रिइन्स्योरेन्ससँग सम्बन्धित छन् ।

आशिष श्रेष्ठ, सिद्धार्थ झुनझुनवाला, ललिता गोल्यान, सुनिता श्रेष्ठ, अनुप ताम्राकार, बद्री सिग्देल, प्रविना दाहाल र मृगेन्द्रनाथ रिमालविरुद्ध १६ करोड १७ लाख बिगो कायम गरिएको छ । उनीहरू नेपाल माइक्रो इन्स्योरेन्सका सञ्चालक तथा व्यवस्थापक हुन् ।

हिमालयन सेक्युरिटी बैङ्करका दीपककुमार श्रेष्ठ, सीताराम वाग्ले, आकांक्षा श्रेष्ठ र सुभाषबहादुर श्रेष्ठविरुद्ध २२ करोड १९ लाख बिगो छ । हिमालयन क्यापसर्भका सञ्चालकहरू शिशिर गैरे, दीपककुमार श्रेष्ठ, सीताराम वाग्ले र रितेश प्रधानलाई संयुक्त ३७ करोड बिगो कायम गरिएको छ ।

हिमालयन इन्भेस्टमेन्ट बैङ्कर र एचएलआई लार्ज क्याप फन्डका कपिलकुमार दाहाल, राजनप्रसाद अधिकारी, बिनु घिमिरे, नारायणकुमार अधिकारी, उत्सव प्रधानाङ्ग, सुमेरशमशेर जबरा, सुभाष पौडेल, शालिनी संघाई र प्रतीक जोशीविरुद्ध संयुक्त रूपमा २५ करोड ३७ लाख बिगो छ ।

भृकुटी स्टक ब्रोकिङ कम्पनी प्रालिका कार्यकारी अध्यक्ष सन्दीप चाचन अग्रवाल, सुधा कर्ण र राजीव ठाकुरलाई संयुक्त तीन अर्ब ७३ करोड बिगो कायम गरिएको छ।

### बैङ्कहरूको ४२ करोड अपचलन, भट्ट र अग्रवाल परिवारविरुद्ध मुद्दा

शंकर ग्रुपको जगदम्बा स्टिल्सले विभिन्न बैङ्कबाट लिएको रकम सो कम्पनीको मिलेमतोमै दुरुपयोग गरेकोमा छुट्टै मुद्दा दायर गरिएको छ। यसमा भट्टसहित शंकर समूहका शंकरलाल अग्रवाल, सुलभ अग्रवाल र साहिल अग्रवाललाई प्रतिवादी बनाइएको छ। जगदम्बा स्टिल्सलाई नेपाल इन्भेस्टमेन्ट मेगा बैङ्कको अगुवाइमा प्रवाह भएको ७५ करोड २६ लाख ३२ हजार १३२ रुपैयाँकर्जा प्रवाह भएकोमा त्यसमध्ये ४२ करोड १४ लाख ८८ हजार अपचलन गरिएको दाबीसहित मुद्दा दायर भएको छ। सिआइबीको अनुसन्धानमा २४ पटक गरेर सो रकम भट्टको इन्भेस्टमेन्ट बैङ्कमा रहेको खातामा ट्रान्सफर गरिएको थियो। यही पैसाबाट भट्टले हिमालयन रिइन्स्योरेन्सलगायत कम्पनीको सेयर खरिद गरेका थिए। शंकर समूहलाई विभिन्न नीतिगत अनियमिततामा सघाएबापत भट्टले सो रकम लिएको आशङ्कासमेत गरिएको छ।

भट्टको तीन करोड चुक्ता पुँजी भएको इन्फिनिटी होल्डिङको चुक्ता पुँजी ४८ करोड अस्वाभाविक रूपमा वृद्धि भएको थियो। यसरी शंकर ग्रुपबाटै ल्याएको पैसाले चुक्ता पुँजी वृद्धि गरेको अनुसन्धानको निष्कर्ष छ। उनीहरूबिच कृत्रिम जग्गा बिक्रीको कागज बनाई लगानीको स्रोतको वैधता पुष्टि गर्ने प्रयास गरिएको अभियोगपत्रमा उल्लेख छ। नेपाल राष्ट्र बैङ्कको स्थलगत निरीक्षणमा समेत यो विषय उठ्दा पनि विगतमा कारबाही हुन सकेको थिएन। बिहीबार उच्च अदालत पाटनमा मुद्दा दायर भएको हो।

### विदेशमा सुलभको दुई अर्ब, ललितपुरको लामाटारमा दीपकको २५० रोपनी जग्गा

अनुसन्धान अधिकारीहरूका अनुसार सुलभ अग्रवालको नाममा विदेशमा मात्र दुई अर्बआसपास रकम भेटिएको छ। यो रकम उनले घरजग्गा र व्यवसायमा लगाएको भेटिएको छ। दीपक भट्टको पनि ठूलो रकम विदेशमा रहेको आशङ्कामा विभागले खोजी गरिरहेको छ। भट्टले ललितपुरको लामाटारमा खरिद गरेको २५० रोपनीभन्दा बढी जग्गाको स्रोत भेटिएको छैन। उक्त जग्गा जफतका लागि पूरक अभियोग लैजाने विभागको तयारी छ।

(सुवास भट्ट/नवराज मैनाली, नयाँ पत्रिका, जेठ २९)

## एनसेलबाट असुल्नुपर्ने अर्बौं रुपियाँ गोलमाल

कर विवाद, स्वामित्व हस्तान्तरण र छोटो लाइसेन्स अवधिलगायतका कारण निजी क्षेत्रको मोबाइल सेवाप्रदायक कम्पनी एनसेलको भविष्य र त्यससँग जोडिएको विषय पुनः बहसमा आएको छ। कम्पनीले तिर्नुपर्ने कर, विभिन्न शुल्क तथा अन्य आर्थिक दायित्वहरूको आकार ठूलो बन्दै जाँदा सरकारले त्यस्तो रकम कसरी असुल गर्ने भन्ने प्रश्न झन् पेचिलो बन्दै गएको छ।

एनसेलको पछिल्लो वित्तीय विवरणअनुसार कम्पनीले आर्थिक वर्ष २०८१/८२ मा करपछि करिब २ अर्ब ५४ करोड रुपियाँ नाफा आर्जन गरेको छ। तर, पछिल्ला वर्षहरूमा दूरसञ्चार बजारमा प्रतिस्पर्धा, घट्दो भ्वाइस आम्दानी तथा डिजिटल सेवातर्फको सङ्क्रमणका कारण कम्पनीको नाफा विगतको तुलनामा उल्लेखनीय रूपमा घट्दै गएको स्थितिमा लाइसेन्स अवधि बाँकी रहँदासम्म एनसेलको नाफाले भविष्यमा कम्पनीमाथि आउनसक्ने दायित्व भुक्तानी गर्ने सम्भावना न्यून देखिन्छ।

सर्वोच्च अदालतमा विचाराधीन रहेको पुँजीगत लाभकरसम्बन्धी करिब ५७ अर्ब रुपियाँको विवाद अझै टुङ्गिएको छैन। उक्त मुद्दा एनसेलको पूर्व स्वामित्व हस्तान्तरणसँग सम्बन्धित छ। एनसेलको ८० प्रतिशत सेयर बेलायतमा दर्ता भएको स्पेक्ट्रलाइट यूकेलाई बिक्री गरिएको विषयमा सरकारले गठन गरेको अध्ययन तथा छानबिन समितिले स्वामित्व हस्तान्तरण प्रक्रियामाथि प्रश्न उठाएको थियो।

अदालतको अन्तिम निर्णय सरकारको पक्षमा आएमा राज्यले अर्बौं रुपियाँ असुल गर्नुपर्ने अवस्था आउन सक्छ। तर, कम्पनीको वर्तमान वित्तीय क्षमता र भविष्यको नगद प्रवाह हेर्दा त्यस्तो रकम छोटो अवधिमा असुल गर्न सकिनेमा आशङ्का पैदा भएको छ।

साथै, कम्पनीको पछिल्लो स्वामित्वसँग जोडिएका सतिशलाल आचार्य र उनका भाइ सचिनलाल आचार्य पनि विदेशमा बस्दै आउनुभएको छ।

यसले भविष्यमा कुनै कानुनी वा आर्थिक उत्तरदायित्व निर्धारण गर्नुपर्ने अवस्था आए कसलाई जिम्मेवार बनाउने भन्ने प्रश्न झन् पेचिलो बनेको छ।

छानबिन समितिले दुई वर्षअघि नै सरकारलाई तत्काल अनुसन्धान, कर असुली र कानुनी प्रक्रिया अगाडि बढाउन सुझाव दिएको थियो। तर, अहिलेसम्म निर्णायक कदम

नचालिँदा अब कम्पनीको लाइसेन्स अवधि सकिनुअघि कर, शुल्क, बैङ्क ऋण र अन्य दायित्वहरू असुल भएनन् भने करिब १ खर्ब बराबरको सम्भावित दायित्व कसले व्यहोर्ने ? भन्ने प्रश्न छ ।

यस प्रकरणमा स्मार्ट टेलिकमको पतनसँगै सरकारको राजस्व, बैङ्क तथा वित्तीय संस्थाहरूको लगानी, टावर रहेका घरधनीहरूको भाडा रकम तथा सर्वसाधारणले रिचार्जमार्फत तिरेका करोडौँ रुपियाँसमेत जोखिममा परेको छ ।

स्मार्ट टेलिकम र एनसेलका सञ्चालक एउटै भएका कारण स्मार्ट टेलिकममा भएको घटना फेरि नदोहोरिएला भन्न सकिँदैन । तसर्थ, अहिले नै सचेत हुनुपर्ने सुझाव सर्वत्रबाट आएको छ ।

अहिले पनि स्मार्टका धेरै टावर रहेका घरधनीहरूले भाडा र बिजुलीको बक्यौता रकम नपाएर समस्यामा छन् । नेपालको दूरसञ्चार क्षेत्रका 'टाइकुन' पृष्ठभूमि भएका सतिशलाल आचार्यले अर्बौं रुपियाँको सम्पत्ति तथा पूर्वाधार रहेको एनसेललाई पनि स्मार्ट टेलिकमको अवस्थामा नपुऱ्याउलान् भन्ने अवस्था छैन ।

(न्युज अफ नेपाल, २० जेष्ठ २०८३)

## समानान्तरका खरेल दाजुभाइमाथि अनुसन्धान




विगत एक दशकदेखि सरकारी कर्मचारीदेखि प्रधानमन्त्रीसम्म सेटिङ मिलाएर सरकारी ठूला ठेक्कामा एकछत्र राज गर्दै आएका समानान्तर निर्माण सेवाका सञ्चालक अच्युतप्रसाद खरेल र उनका दाइ केशवप्रसाद खरेलमाथि सम्पत्ति शुद्धीकरणमा अनुसन्धान हुने भएको छ ।

पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'देखि विचौलिया दीपक भट्टसम्मलाई छानबीनको दायरामा ल्याएको सम्पत्ति शुद्धीकरण विभागले करोडौं रकमको शङ्कास्पद कारोबार गरेको आरोपममा खरेल दाजुभाइमाथि अनुसन्धान सुरु गरेको विभाग स्रोत बताउँछ ।

विभागले लामो अनुसन्धानपछि समानान्तरका सञ्चालक तथा निर्देशक केशवप्रसाद खरेलमाथि मुद्दा चलाउन सिफारिस गरेको थियो । तर, तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीसँग निकट सम्बन्ध बनाएकै कारण खरेल दाजुभाइमाथि कुनै कारबाही हुन सकेको थिएन ।

विभागले उनीमाथि सन् २०१७ देखि २०२१ सम्मका खाता विवरण अनुसन्धान गरेको थियो । ५ वर्षको आवधिमा खरेलको खातामा १ अर्ब १५ करोडको रुपैयाँको शङ्कास्पद कारोबार भएको देखिएको थियो ।

सेटिङमा देशभरका अधिकांश ठूला ठेक्का हत्याउँदै आएको समानान्तर र त्यसका सञ्चालक खरेलमाथि कारबाहीको माग गर्दै अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा दर्जनौं उजुरी पर्दा समेत उनी जोगिँदै आएका छन् ।

तत्कालीन प्रधानमन्त्री ओली, अख्तियारका पूर्वप्रमुख नवीन घिमिरे, एमाले सचिव महेश बस्नेत, सर्वोच्च अदालतका तत्कालीन प्रधानन्यायाधीश चोलेन्द्रशमशेर राणाका भाइ प्रभु शमशेरलगायतसँगको सेटिङमा खरेलले ठेक्का हत्याउँदै आएका थिए ।

(अनलाइन नेपाल, वैशाख २७, २०८३)

## भन्सार नपुग्दै बीवाईडीका गाडी 'क्लियरेन्स' ?



उच्च क्षमताका विद्युतीय सवारीसाधन (ईभी) लाई कम क्षमताका देखाई भन्सार तथा अन्तःशुल्कमा छुट लिएको विषयमा राजस्व अनुसन्धान विभाग तथा नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी) लगायतका निकायबाट भएको छानबीन निष्कर्षमा पुग्नै लागेका बेला चिनियाँ विद्युतीय गाडी 'बिल्ड योर ड्रिम' (बीवाईडी) को नेपालस्थित बिक्रेता साइमेक्स इंक प्रालि फेरि अर्को लफडामा परेको छ । सो कम्पनीले भन्सारमा गाडी नै नआउँदै जाँचपास गराएपछि कम्पनी पुनः विवादमा मुछिएको हो ।

बजेटपछि विद्युतीय सवारीसाधनको मूल्य बढ्ने सुइँको पाउँदा साइमेक्स इंकले भन्सारका कर्मचारीहरूसँगको मिलेमतोमा गाडी नै नभए पनि जाँचपास गरी भन्सार क्लिरेन्स गरेपछि अहिले सो कम्पनी र रसुवा भन्सार कार्यालयका अधिकारीमाथि अर्थ मन्त्रालय र भन्सार विभागबाट छानबिन भइरहेको स्रोतले जानकारी दियो।

घटनापछि अर्थ मन्त्रालय र भन्सार विभागले रसुवागढी नाकामा विशेष अनुसन्धान टोली खटाएर छानबिन थालेको उच्च स्रोतले जनाएको छ। उक्त छानविनसँगै अर्थ मन्त्रालयको निर्देशनमा रसुवा भन्सार कार्यालयका प्रमुख भन्सार अधिकृत तुलसीप्रसाद भट्टराईसहितको टोलीलाई भन्सार विभाग तानिएको छ। भन्सारमा गाडी नआउँदै कागजको भरमा गाडी जाँचपास गराएको पाइएपछि रसुवाका भन्सार प्रमुख अधिकृतसहितको टोलीलाई विभागमा तानिएको हो।

स्रोतका अनुसार आगामी आर्थिक वर्षको बजेटमार्फत विद्युतीय सवारीमा करको दर बढ्न सक्ने सङ्केत पाएपछि साइमेक्सले बीवाईडीका करिब दुई सय गाडीको भन्सार प्रज्ञापनपत्र दर्ता गरी कर बुझाएको थियो। तर अनुसन्धानका क्रममा तीमध्ये ५० वटाभन्दा कम गाडीमात्र भन्सार यार्डमा रहेको र बाँकी गाडी नेपाली सीमाभन्दा बाहिर चीनमै रहेको तथ्य फेला परेको बताइएको छ।

साइमेक्स इंकमाथि बीवाईडीका उच्च क्षमताका ईभीलाई कम क्षमताको देखाई भन्सार तथा अन्तःशुल्कमा करोडौं रुपैयाँ छुट लिएको आरोपमा राजस्व अनुसन्धान विभागले २०८१ असार ४ गते छापा मारेर कागजात नियन्त्रणमा लिएको थियो।

तर दुई वर्ष बितिसक्दा पनि अनुसन्धान निष्कर्षमा पुगेको छैन। यस अवधिमा राजस्व अनुसन्धान विभागमा आधा दर्जनभन्दा बढी महानिर्देशक फेरिए पनि प्रकरण टुंगोमा पुग्न नसकेको देखिन्छ। लामो समयदेखि छानबीन जारी रहे पनि राजनीतिक पहुँचका कारण साइमेक्स इंक प्रालिमाथिको छानबिन निष्कर्षमा पुग्न सकेको छैन।

महालेखा परीक्षकको प्रतिवेदनले समेत रसुवा र तातोपानी नाकाबाट आयात भएका केही विद्युतीय सवारीमा वास्तविक क्षमताभन्दा कम, विशेषगरी ९९ किलोवाट देखाएर न्यून कर तिरिएको औंल्याएको थियो। प्रतिवेदनले यसबाट करिब ३ अर्ब ७७ करोड रुपैयाँ बराबर राजस्व जोखिममा परेको प्रारम्भिक निष्कर्षसमेत प्रस्तुत गरेको थियो।

(न्युज अफ नेपाल, २० जेष्ठ २०८३)

## मुस्ताङबाट भित्रिएका विद्युतीय सवारीसाधन नियमसङ्गत, रसुवाकोमा कैफियत

मुस्ताङबाट भित्रिएका विद्युतीय सवारीसाधन नियमसङ्गत भएको र रसुवाका भित्रिएका सवारीसाधनको जाँचपास प्रक्रियामा भने कैफियत भेटिएको छ।

भन्सार विभागद्वारा शुक्रबार जारी विज्ञप्तिमा मुस्ताङ भन्सार कार्यालयमा खटिएको अनुगमन टोलीले ६४९ वटा विद्युतीय सवारीसाधन नियमसङ्गत भित्रिएको प्रतिवेदन दिएको जनाएको छ। ती सवारी साधन गत जेठ १४ गते नेपाल प्रवेश गरेको थियो।

त्यस्तै रसुवा भन्सार कार्यालयबाट विद्युतीय सवारीसाधनको भन्सार जाँचपास गर्ने क्रममा कर्मचारीबाट पर्याप्त सावधानी तथा पदीय जिम्मेवारी पूरा गरेको नदेखिएको सो कार्यालयमा गएको अनुगमन टोलीले औंल्याएको छ। सो टोलीले प्रज्ञापनपत्र कार्यालयको अभिलेखलगायतका विषयमा स्थलगत अध्ययन गर्दा कतिपय सवारीसाधन भन्सारमा भौतिक रूपमा आइ नपुग्दै कागजातका आधारमा मात्र जाँचपास गरिएको कैफियत फेला पारेको छ।

अर्थ मन्त्रालय र भन्सार विभागले रसुवा भन्सार कार्यालयका कार्यमा संलग्न तत्कालीन कार्यालय प्रमुखसहित १३ जना कर्मचारीलाई तत्काल निलम्बन गरी विभागीय कारबाहीको प्रक्रिया अघि बढाइएको थियो।

भन्सार विभागले लक्ष्मी इमोविलिटी प्रालि काठमाडौँ, साइमेक्स इन्क लिमिटेड, काठमाडौँ, सिजी मोटर्स प्रालि ललितपुर, पूजा इन्टरनेसनल प्रालि काठमाडौँ र एजेन्ट नम्बर ८३३ र एजेन्ट नम्बर ४७८ लगायतका भन्सार जाँचपास प्रतिनिधिहरूलाई प्रचलित भन्सार कानुनबमोजिम कारबाहीका लागि रसुवा भन्सार कार्यालयमा लेखी पठाइएको बताइएको छ।

(नागरिक, ६ असार २०८३)

## पासपोर्ट खरिद : १८ विरुद्ध भ्रष्टाचार मुद्दा



तीर्थराज अर्याल
महानिर्देशक,
राहदानी विभाग

सिद्धार्थ थापा
जर्मन कम्पनी
भेरिडोसका एजेन्ट

मणिन्द्रराज मल्ल
जर्मन कम्पनी
म्युहलबाउरका एजेन्ट

राहदानी छपाइ ठेक्का प्रक्रियामा अनियमितता भएको भन्दै अख्तियार दुरुपयोग अनुसन्धान आयोगले असार ८ गते विशेष अदालतमा १८ विरुद्ध मुद्दा दायर गरेको छ। राहदानी विभागका महानिर्देशक तीर्थराज अर्याल, सूचना प्रविधि निर्देशक सुनिलकुमार केसी, तत्कालीन निर्देशक शत्रुधनप्रसाद शर्मा पोखरेल, तत्कालीन निर्देशक रवीन्द्र राजभण्डारी, तत्कालीन लेखा अधिकृत तुलसीप्रसाद आचार्य, कम्प्युटर इन्जिनियर विपीन प्रसाईं, तत्कालीन शाखा अधिकृत सोमेश थापा, परराष्ट्र मन्त्रालयका तत्कालीन उपसचिव (कानुन) राजाराम दाहाल, तत्कालीन उपसचिव (लेखा) भेषप्रसाद भुर्तेल र तत्कालीन उपसचिव (कानुन) पुष्करराज नेपालविरुद्ध मुद्दा दायर गरिएको हो ।

यसैगरी छपाइको ठेक्का पाएको जर्मन कम्पनी भेरिडोस र मुल्हबाउरका एजेन्टलाई पनि प्रतिवादी बनाएको छ। मुल्हबाउर आइडी सर्भिसेस र उक्त कम्पनीका मुख्य भई काम गर्ने गेरहार्ड माउरेर, पाम्ली राकिक र नेपालका प्रतिनिधि मणीन्द्रराज मल्ललगायत विरुद्ध पनि मुद्दा दायर भएको छ।

भेरिडोस र उक्तकम्पनीका मुख्य भई काम गर्ने फेबिओला फेलरसिम, फ्लोरियन प्याक्विलिन र नेपाल प्रतिनिधि सिद्धार्थ थापाविरुद्ध पनि मुद्दा दायर भएको छ।

उनीहरूविरुद्ध अख्तियारले १० अर्ब १३ करोड चार लाख ६१ हजार ४७७ रुपैयाँ सरकारलाई हानि पुऱ्याई भ्रष्टाचार गरेको दाबी लिएको छ।

बोलपत्रको सुरूआती चरणबाटै गम्भीर अनियमितता र भ्रष्टाचार गरेको भन्ने व्यहोरासहित उजुरी परेको अख्तियारले जारी विज्ञप्तिमा जनाएको छ। राहदानी विभागले २०८१ मंसिरमा पाँच वर्ष अवधिका लागि ६४ लाख थान नयाँ विद्युतीय राहदानी आपूर्ति तथा त्यससँग सम्बन्धित प्रणाली व्यवस्थापनका लागि अन्तर्राष्ट्रिय बोलपत्र आह्वान गऱ्यो। २०८१ फागुन ९ गते विभागका महानिर्देशक तीर्थराज अर्यालको संयोजकत्वमा बोलपत्र मूल्याङ्कन समिति गठन गरिएको थियो। त्यतिबेला तत्कालीन परराष्ट्रमन्त्री आरजु राणा देउवा थिइन्। विभागका सूचना प्रविधि निर्देशक सुनिल केसीको नेतृत्वमा प्राविधिक कर्मचारी सम्मिलित उपसमिति पनि गठन गरिएको थियो ।

छपाइ ठेक्का जर्मन कम्पनी भेरिडोस र मुल्हबाउरले प्राप्त गरेका थिए। तीमध्ये मुल्हबाउरले एक अर्ब ५५ करोड रुपैयाँको प्याकेज र भेरिडोसले ६ अर्ब ५५ करोड रुपैयाँको ठेक्का पाएका थिए।

सम्झौताअनुसार राहदानी छपाइ तथा प्रणाली व्यवस्थापनको काम भने अझै सुरु गरिएको छैन।

आरजुमाथि अनुसन्धान हुँदै

अख्तियारका प्रवक्ता सुरेश न्यौपानेले तत्कालीन परराष्ट्रमन्त्री आरजु राणा देउवामाथि विशेष अदालतमा मुद्दा दायर नभएको बताएका छन्। आयोग स्रोतका अनुसार राहदानी छपाइको विषमया सोमबार विशेष अदालतमा दर्ता गरिएको मुद्दामा आरजुविरुद्ध मुद्दा दायर नगरे पनि उनीमाथि आयोगका उच्च कर्मचारीहरूले छुट्टै अनुसन्धान गरिरहेका छन् ।

(नागरिक, ९ असार २०८३)

## १० अर्ब बिगोमा ५ लाख धरौटी !

विशेष अदालतले राहदानी छपाइको भ्रष्टाचार मुद्दामा राहदानी विभागका महानिर्देशक तीर्थराज अर्यालसँग ५ लाख, सूचना प्रविधि निर्देशक सुनिलकुमार केसीसँग ४ लाख, तत्कालीन शाखा अधिकृत सोमेश थापासँग ३ लाख, कम्प्युटर इन्जिनियर विपिन प्रसाईंसँग ३ लाख र राहदानी छाप्ने ठेक्का पाएको जर्मन कम्पनी म्युल्बाउअर आइडी सर्भिसेसका नेपाल प्रतिनिधि मणिन्द्रराज मल्ललाई ५ लाख धरौटीमा छाड्न आदेश दिएको छ।

उनीहरूमाथि अख्तियारले १० अर्ब १३ करोड ४ लाख ६१ हजार ४७७ रुपैयाँ बिगो कायम गरेको छ।

## जर्मन सरकारको आपति

जर्मन सरकारले नेपालको राहदानी छाप्ने ठेक्का पाएका दुई जर्मन कम्पनीहरूलाई 'बिनाप्रमाण' भ्रष्टाचारको आरोप लगाइएको भन्दै गम्भीर आपत्ति जनाएको छ।

जर्मन विदेश मन्त्रालयले आज बिहीबार जर्मनीस्थित नेपालका चार्ज-डे-अफेयर्स (कार्यवाहक राजदूत) सागर प्रसाद फुयाँललाई कार्यालयमै बोलाएर उक्त घटनामा कडा विरोध जनाउनुका साथै लिखित पत्र नै थमाएको छ ।

उच्च स्रोतका अनुसार नेपाल सरकारलाई प्राप्त विरोधपत्रमा जर्मन सरकारको स्वामित्व रहेको कम्पनी 'भेरोडोस' र अर्को निजी जर्मन कम्पनी 'म्युल्बाउअर आइडी सर्भिसेस' लाई नेपालमा भ्रष्टाचार मुद्दा लगाएकोमा आफ्नो गम्भीर चासो रहेको उल्लेख गरिएको छ।

राहदानी ठेक्कामा भ्रष्टाचार गरेको भन्दै मुद्दा चलाइए पनि अदालतमा पेस गरिएको अभियोगपत्रमा भ्रष्टाचारको कुनै पनि प्रमाण उल्लेख नभएको जर्मन सरकारको विरोधपत्रमा छ ।

'हाम्रो कम्पनीले कुनै पनि भ्रष्टाचारजन्य काम गरेको छैन। त्यसैले अभियोगपत्रमा पनि कुनै प्रमाण उल्लेख छैन,' पत्र उद्धृत गर्दै उच्च सरकारी स्रोतले सेतोपाटीसँग भन्यो।

जर्मन कम्पनीका कर्मचारीहरूलाई अभियोग लगाएर कम्पनीको प्रतिष्ठामा हानि पुऱ्याएको भन्दै पत्रमा विरोध जनाइएको छ। त्यस्तै, जर्मन कम्पनीहरूसँग गरिएको करार योजनाबद्ध रूपमा रद्द गरियो भने त्यसले जटिल कानुनी र आर्थिक जोखिम ल्याउने चेतावनी पनि जर्मन सरकारले दिएको छ।

करार रद्द गरिएको अवस्थामा जर्मन कम्पनीहरू आफ्नो प्रतिष्ठामा पुऱ्याइएको आँच र व्यावसायिक हानिबापत् क्षतिपूर्तिको कारबाही अघि बढाउन बाध्य हुने पनि विदेश मन्त्रालयले चेतावनी दिएको छ।

यस अघि, प्रधानमन्त्री बालेन शाहका सहयोगीहरूले असार १ गते संवैधानिक अङ्ग अख्तियार दुरूपयोग अनुसन्धान आयोगका पदाधिकारीहरूलाई प्रधानमन्त्री कार्यालयमै बोलाएर, उनीहरूलाई करिब ९ घन्टा 'थुनेर' पासपोर्ट ठेक्कामा अनियमितता भएको भन्दै मुद्दा चलाउन दबाब दिएका थिए।

त्यही दबाबबीच छलफल गर्न सिंहदरबार पुगेका दुई जना कर्मचारीलाई अख्तियारले त्यहीँ मुद्दा चलाएर पक्राउ गरेको थियो। त्यही दबाबका कारण अख्तियारले राहदानी ठेक्कालाई लिएर विशेष अदालतमा मुद्दा चलाइसकेको छ।

(सेतोपाटी, असार ११, २०८३)

## एमाले उपाध्यक्ष विष्णु पौडेल पक्राउ

सम्पत्ति शुद्धीकरणको कसुरमा पुर्पक्षका लागि थुनामा पठाइएका बिचौलिया दीपक भट्टलगायत व्यवसायीसँग एमाले उपाध्यक्ष विष्णु पौडेलले करोडौँको संदिग्ध कारोबार गरेको अनुसन्धानमा भेटिएको छ। सम्पत्ति शुद्धीकरण विभागले अनुसन्धानमा पौडेलको गैरकानुनी सम्पत्ति र कारोबारको पर्याप्त प्रमाण संकलन भएपछि मात्रै सुर्खेतबाट पक्राउ गरेको खुलेको हो।

अर्थमन्त्री भएका वेला पौडेलले बिचौलिया भट्टलगायतलाई सहयोग गरी आर्थिक लाभ लिएको प्रमाणहरू सङ्कलन गरेको विभागले जनाएको छ। यसरी आर्जन गरेको सम्पत्ति विभिन्न कम्पनीमा अन्य व्यक्तिको नाममा राखेकोसमेत अनुसन्धानमा पत्ता लागिसकेको छ। श्रीराम टोबाको कम्पनीमा पौडेलको पैसामा भट्टले ३० करोड रुपैयाँबराबरको सेयर निःशुल्क लिएको खुलेको छ। सो सेयर तीन करोड ७५ लाख रुपैयाँमा खरिद गरेको देखिए पनि त्योभन्दा धेरै गुणा लाभांश लिइसकेको देखिन्छ। सो सेयर बिचौलिया भट्टको नाममा छ। विभागले श्रीराम टोबाको कम्पनीका सञ्चालकसँग बयान गरेर यसको पुष्टि गरिसकेको छ। नीतिगत रूपमा कम्पनीलाई फाइदा हुने निर्णय गरेर उनले सो सेयर हात पारेका हुन्। जसमा भट्टले मध्यस्थताको भूमिका खेलेका थिए। पौडेलले हिमालयन रिइन्स्योरेन्स र सातवटा लघुबिमालाई लाइसेन्स दिन सघाएको तथा सुपारी आयातमा सहजीकरण गरेबापत करोडौँको लाभ लिएको पनि अनुसन्धानमा खुलेको छ। बिचौलियाको प्रभावमा उनले ३० करोडभन्दा धेरै लाभ लिएको विभागको निष्कर्ष छ।

त्यस्तै, बुटवलमा एक गाई फार्मको नाममा ३५ बिघा जग्गा भेटिएको छ। जुन जग्गा एक सामान्य व्यक्तिको नाममा लुकाएकोसमेत अनुसन्धानबाट पुष्टि भएको छ। सो फार्ममा मङ्गलबार विभागको टोली पुगेर विवरण सङ्कलन गरेको छ।

जनकपुर चुरोट कम्पनी निजीकरण गरेर नयाँ कम्पनीलाई दिने प्रक्रिया अघि बढाएबापत पनि उनले लाभ लिएको विभागको निष्कर्ष छ। अन्य काम गरे पनि जनकपुर चुरोट कम्पनीको लाइसेन्स अन्य कम्पनीलाई दिने प्रक्रियाको विषयमा भने मन्त्रिपरिषद्बाट निर्णय गराएर पनि कार्यान्वयन भइसकेको थिएन।

पौडेलको गैरकानुनी सम्पत्ति र कारोबारको विषयमा पर्याप्त प्रमाण सङ्कलन भएपछि मात्र पक्राउ गरिएको विभागले जनाएको छ। पक्राउअघि विभागले भैँसेपाटीस्थित उनको घरमा समेत खानतलासी लिएर ल्यापटप, पेनड्राइभलगायत केही सामान बरामद गरेको छ।

सम्पत्ति शुद्धीकरणको कसुरमा पौडेललाई सात दिन थुनामा राखेर अनुसन्धान गर्न विशेष अदालतले अनुमति दिएको छ।

नेता पौडेल यसअघि बालुवाटार जग्गा प्रकरणमा पनि मुछिएका थिए। छोरा नवीनको नाममा ललिता-निवासपरिसरमा चार आना जग्गा रहेको पाइएको थियो। पछि सो जग्गा फिर्ता गरेपछि अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मुद्दा नचलाउने निर्णय गरेको थियो।

पौडेलको गिरफ्तारीलाई एमालेले राजनीतिक प्रतिशोधको पराकाष्ठा, प्रतिवाद गर्ने बताएको छ।

# हाम्रो स्वास्थ्य

## पूर्ण स्तनपानले घटाउन सक्छ बाल मृत्युदर



डा. शैलेन्द्र वीर कर्माचार्य

स्तनपान कम बजेटमा मृत्युदर घटाउने सर्वोत्कृष्ट उपाय हो । शिशु मृत्युदर घटाउनका लागि हामीले ७५ प्रतिशत काम थोरै लगानीबाट पनि घटाउन सक्छौं । नेपाल जस्तो आर्थिक रूपमा कमजोर मुलुकले शिशु मृत्युदर घटाउनका लागि स्तनपान गराउने दर बढाउन सक्नु आवश्यक हुन्छ । पूर्ण स्तनपान गराइएको अवस्थामा ३३ प्रतिशत बाल मृत्युदर घटाउन सकिन्छ ।



स्तनपानका लागि ठूलो मात्रामा बजेटको आवश्यकता नपर्ने भएपनि हाम्रो देशमा अझै पनि यस प्रकारको अभ्यास गर्न सकिएको छैन । तथ्याङ्क अनुसार भन्नुपर्दा नेपालमा स्तनपान गराउने आमाहरूको सङ्ख्या दिनप्रतिदिन घट्दो क्रममा रहेको छ ।

### स्तनपान आमा बच्चा दुवैका लागि फाइदाजनक

स्तनपानले आमा बच्चा तथा समाजलाई फाइदा पुग्ने गर्छ । स्तनपान गराउने महिलाहरूमा क्यान्सर तथा ट्युमर हुने जोखिम कम हुन्छ । यसले बच्चाहरूमा हुने विभिन्न प्रकारको इन्फेक्सनको मात्रा घटाउने गर्छ । आधुनिक जीवनशैलीको नाममा स्तनपानले शारीरिक बनोट बिग्रन्छ भन्ने भ्रम आमाहरूमा रहेको हुन्छ । स्तनपान गराउँदा महिलाहरूको शरीर अझै राम्रो हुँदै जान्छ । गर्भावस्थामा धेरै महिलाहरूको शरीरको तौल बढ्ने गर्छ । नियमित स्तनपानले यसरी गर्भावस्थामा बढेको अनावश्यक तौललाई नियन्त्रणमा ल्याउन सहयोग गर्छ । नियमित रूपमा स्तनपान गराउने महिलाहरूमा अन्य कुनै पनि प्रकारको शारीरिक अभ्यास आवश्यक पर्दैन । स्वास्थ्यका अन्य सूचकहरूका आधारमा भन्ने हो भने शिक्षित महिलाहरूको सङ्ख्या बढी भएको क्षेत्रमा स्तनपान गराउनेको सङ्ख्या पनि बढी हुनुपर्ने हो ।

### शिक्षित महिला नै गराउँदैनन् स्तनपान

तर, स्तनपान गराउने महिलाको सङ्ख्याका आधारमा भन्ने हो शिक्षित महिलाहरू बढी भएका क्षेत्रमा नै स्तनपान गराउनेको सङ्ख्या कमी रहेको पाइन्छ । त्यसैले स्तनपान नगराउनुमा शिक्षा मात्रै कारक तत्त्व नभएको अध्ययनले बताउँछ । त्यसका लागि अन्य समस्याहरूको समेत पहिचान भई त्यसको उचित सम्बोधन हुनु आवश्यक छ । बच्चा जन्मिएको करिब १ घन्टाभित्र नै स्तनपान गराइसक्नुपर्छ । बच्चा जन्मिएको ६ महिनासम्म पूर्ण रूपमा स्तनपान तथा ६ महिनापश्चात् अन्य खानेकुराहरू समेत मिलाएर बच्चालाई खुवाउन सकिन्छ ।

### नेपालमा स्तनपान परामर्शको कमी

बच्चाले बढी चुसेमा आमाको शरीरमा दूध उत्पादनको मात्रा पनि बढ्दै जान्छ । नेपालजस्तो मुलुकमा सुरुवाती अवस्थामा नै बच्चालाई कम मात्रामा दूध चुसाइने गरिन्छ, जसकारण दूध कम उत्पादन हुने गर्छ । नेपाल जस्तो विकासोन्मुख मुलुकमा स्तनपानका लागि गरिने परामर्शको कमी भएको अवस्था छ । धेरै जस्तो महिलाहरू बिनायोजना नै गर्भवती हुने गर्छन् । यद्यपि, विकसित मुलुकहरूको कुरा गर्ने हो महिलाहरू योजना बनाएर मात्रै गर्भवती हुने गर्छन् । परोपकार प्रसूति तथा स्त्री रोग अस्पतालमा आइसियूमा भर्ना भएर बसेका आमाहरूले बच्चालाई स्तनपान गराउन नसक्दा तथा धेरै प्रयासमा पनि आमाको दूध नआएको अवस्थामा ह्युमन मिल्क बैङ्कको माध्यमबाट दूध दिने गरेको छ ।

## यूरोपमा १ सय वर्ष अगाडि नै मिल्क बैङ्क स्थापना

यसको अभ्यास पहिलोपटक नेपालमा गरिएको २ वर्ष मात्रै भएको छ। यद्यपि यूरोपियन मुलुकहरूमा भने यसको स्थापना करिब १०० वर्ष अगाडि नै भइसकेको बताइन्छ। छिमेकी मुलुक भारतको कुरा गर्नुपर्दा करिब ४० वर्ष ह्युमन मिल्क बैङ्कको स्थापना गरिएको थियो।

भारतको राजस्थानमा डेलिभरीपश्चात् सही रूपमा स्तनपान नभएसम्म अस्पतालले डिस्चार्ज नै नगर्ने नियम रहेको छ। जसले स्तनपानमा सकारात्मक सहयोग गर्छ। स्तनपानको सही तरिका सिक्न तथा सिकाउनका लागि यसले आमा तथा अस्पतालका कर्मचारीहरूलाई समेत बाध्यात्मक अवस्था सृजना गरिदिने गर्छ।

सही रूपमा स्तनपान गराइयो भने केही समयपछि पर्याप्त मात्रामा दूध उत्पादन हुने गर्छ। त्यसैले बच्चा जन्मिएपछि सुरुवाती अवस्थामा सही रूपमा स्तनपान गराउनका लागि आमाहरूलाई सचेत बनाउनुपर्ने हुन्छ। परोपकार प्रसूति तथा स्त्री रोग अस्पताल (काठमाडौँ) मा स्थापना भएको मिल्क बैङ्कमा विगत १४ महिनामा करिब १ हजार आमाहरूले दूध दान गरेका छन्। बैङ्कमा सङ्कलित दूधबाट हालसम्म करिब ११ सय बच्चाहरूले उक्त मिल्क बैङ्कबाट सेवा लिइसकेका छन्।

(डा. कर्माचार्य बाल रोग विशेषज्ञ)


भक्तपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भनपा २, ब्यासी, भक्तपुर

**राष्ट्रिय परिचय पत्र वितरण सम्बन्धी सूचना**


भक्तपुर नगरपालिका १ देखि १० नं. वडा कार्यालयमा राष्ट्रिय परिचयपत्रको लागि सम्बन्धित वडा कार्यालयहरुमा विवरण दर्ता गराएका नगरवासीहरुको राष्ट्रिय परिचय पत्रको अन्तिम चरणको कार्ड वितरण यहि मिति २०८३ आषाढमसान्तसम्म मात्र वितरण गरिने भएकोले राष्ट्रिय परिचय पत्र लिन बाँकी नगरवासीहरुले फोटो खिचाउँदा प्राप्त गरेको रुजु भर्पाई पत्र वा नागरिकता साथमा लिई व्यक्ति स्वयम् उपस्थित भइ भक्तपुर नगरपालिका नगर कार्यपालिकाको कार्यालयको कोठा नं ७ बाट कार्यालय समय भित्र राष्ट्रिय परिचय पत्र बुझिलिनुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

नोट :-
- नयाँ राष्ट्रिय परिचयपत्रका लागि फोटो खिचाउनेहरुले जिल्ला प्रशासन कार्यालय भक्तपुरमा सम्पर्क गर्नुहुन अनुरोध छ।
- आफ्नो मोबाइलमा कार्ड लिन आउनु भनी सन्देश (*SMS*) आएका/नआएका सबै वडावासीहरुलाई राष्ट्रिय परिचय पत्र लिन आउनु हुन समेत अनुरोध छ।

राष्ट्रिय परियचपत्र वितरण शाखा



## आ.व. २०८२/८३ जेष्ठ महिनामा पर्यटक सूचना तथा सेवा केन्द्रको पर्यटक आगमन तथ्याङ्क




| गते ➡ | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ | १५ | १६ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| □ गैर सार्क | २७१ | २५६ | २७५ | १९३ | १४२ | २१० | २१७ | १८२ | २११ | २५२ | २४८ | २३३ | २२८ | २३० | २५९ | २३६ |
| ■ सार्क तथा चिनियाँ | ४६९ | ४४६ | ५२६ | ६३२ | ५८८ | ४३० | ६१४ | ६६९ | ५१९ | ६७४ | ८०१ | ६६० | ८६६ | ५९५ | ७६८ | ६०१ |

| गते ➡ | १७ | १८ | १९ | २० | २१ | २२ | २३ | २४ | २५ | २६ | २७ | २८ | २९ | ३० | ३१ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| □ गैर सार्क | १८७ | २०३ | १२९ | १३९ | १४८ | ११४ | १३९ | १२५ | ८६ | ९९ | १०१ | ५० | ८८ | ११३ | ११६ |
| ■ सार्क तथा चिनियाँ | ४५६ | ५२४ | ५४० | ४०५ | ५४५ | ५१५ | ५२३ | ४९३ | ५४५ | ४४३ | ६३८ | ४५३ | ३१८ | ५३३ | ३६५ |

| | गैर सार्क | सार्क तथा चिनियाँ | कूल पर्यटक सङ्ख्या |
|---|---|---|---|
| २०८३ जेष्ठ | ५,४८० | १७,१५४ | २२,६३४ |
| २०८२ जेष्ठ | ६,६७९ | १४,१०० | २०,७७९ |
| प्रगति | - १,१९९ | ३,०५४ | १,८५५ |

सम्पादकको पृष्ठ

# अदुअआ प्रमको पाल्तु हो ?

सार्वजनिक पदधारण गरेको कुनै व्यक्तिले अनुचित कार्य अथवा भ्रष्टाचार गरी अख्तियारको दुरूपयोग गरे अनुसन्धान र तहकिकात गर्न संवैधानिक निकायको रूपमा नेपालको संविधान २०४७ ले अख्तियार दुरुपयोग अनुसन्धान आयोग (अदुअआ) गठन गरिएको हो । २०३५ सालमा यो अख्तियार दुरुपयोग निवारण आयोग थियो । त्यसवेला आयोगलाई अख्तियारको दुरुपयोगसम्बन्धी मुद्दामा अनुसन्धान, मुद्दा दायर र हेर्ने/छिन्नेसम्मको अधिकार थियो । अनुसन्धान र मुद्दा दायर गर्ने निकायलाई नै फैसलासमेतको अधिकार दिनु प्राकृतिक न्यायको सिद्धान्तविपरीत भएकोले बहुदलीय प्रजातन्त्रको पुनःस्थापनापछि परिवर्तन गरियो । अब भ्रष्टाचार मानिने कुनै अपराधमा संलग्न व्यक्तिउपर अदालतमा मुद्दा दायर गर्न वा गराउन सक्नेमात्र बनाइयो ।

संवैधानिक अङ्गलाई प्रधानमन्त्री कार्यालयले आफ्नो मातहतझैँ व्यवहार गरेको समाचार प्रकाशमा आएको छ ।

समाचारअनुसार प्रधानमन्त्री कार्यालयबाट अख्तियार प्रमुख प्रेम राई र अख्तियारका तीनै जना आयुक्तहरू जयबहादुर चन्द, हरि पौडेल र सुमित्रा श्रेष्ठ अमात्य, अख्तियार सचिव र केही अनुसन्धान अधिकृतहरूलाई सिंहदरबारमा डाकियो । त्यहाँ संविधानले नचिनेका तर प्रधानमन्त्रीका भनिएका प्रमुख सल्लाहकार कुमार बेन, सल्लाहकार असिम शाह, मुख्य स्वकीय सचिव सुवास शर्मा र प्रधानमन्त्री कार्यालयमा आइटी (सूचना-प्रविधि) हेर्ने केही व्यक्तिले अख्तियारको टिमलाई इ-पासपोर्ट प्रकरणमा किन मुद्दा नचलाएको भनेर 'थर्काएको' बताइएको छ । तिनीहरूले 'राहदानी विभागका मानिसहरूलाई अहिल्यै पक्रिनुपर्छ' भनेर दबाब दिए । अख्तियारको टिमले आफ्नो कुरा राख्न खोज्दा उल्टै अपशब्दहरू प्रयोग गरेर तुरुन्तै कारबाही गर्न दबाब दिएको समाचारमा भनिएको छ ।

समाचारअनुसार प्रधानमन्त्रीका प्रमुख राजनीतिक सल्लाहकार भनिएका कुमार बेनले त 'उनीहरूलाई कारबाही प्रक्रिया अघि नबढाई र पक्राउ पुर्जी जारी नगरी आज तिमीहरू यहाँबाट जान पाउँदैनौ' भनेर थर्काएका थिए ।

अन्ततः अख्तियारको टिम प्रधानमन्त्रीको कार्यालयमा झन्डै नौ घण्टा 'थुनिए' पछि राहदानी विभागका कार्यकारी निर्देशक तीर्थराज अर्याल र आइटी निर्देशक सुनील केसीविरुद्ध प्रधानमन्त्री कार्यालयमै टाइप गरेर पक्राउ पुर्जी जारी गर्‍यो । उनीहरूलाई राति ८ बजेतिर प्रम कार्यालयबाटै पक्राउ गरेर लगियो । त्यसपछि मात्र त्यहाँ उपस्थित अख्तियार अधिकारीहरू घर जान पाए ।

यसबारे प्रधानमन्त्रीले चितवनमा संवैधानिक अङ्गका पदाधिकारीहरूलाई आफ्नो कार्यालयमा भएको घटना स्वीकार गर्दै आवश्यकताअनुसार त्यो फेरि पनि हुन सक्ने आशय व्यक्त गरे । उनले भने, 'अख्तियारलाई सोधपुछ गर्नुपर्छ, सरसल्लाह गर्नुपर्छ भने हामी पाँच घण्टा मात्रै होइन, पाँच वर्ष राख्छौँ । ... त्यसमा चिन्ता लिइराख्नु पर्दैन । हामी नियमकानुन मिच्दैनौँ, नियममै बसेर काम गर्छौं ।'

तर, कार्यपालिका प्रमुखलाई आफ्ना कर्मचारीमार्फत संवैधानिक अङ्गका पदाधिकारीलाई 'थुनेर', 'थर्काएर' र 'दबाब' दिएर काम गराउन पाइने नेपालको कुन नियम, कानुन र संविधानमा छ ? प्रधानमन्त्रीमा अदुअआलाई पाँच वर्ष आफ्नो कार्यालयमा थुनेर राख्ने आँट छ भने आफै अगाडि नआई कुनै जमीनदारका लठैतजस्ता कर्मचारीलाई मोहरा बनाउने थिएन होला !

व्यक्तिको निजी घर पनि एउटा परम्परा, संस्कार र नियममा चल्छ भने राज्य त झन् संवैधानिक बन्दोवस्त र कानुनको मर्यादामा चलाउनु पर्छ, चल्नु पर्छ । कसैको लहड र सनकमा चलाउन खोजे अराजकता निम्तिन्छ र त्यसको परिणामको घानमा भोलि आफैले ठूलो मूल्य चुकाउनु पर्ने हुन्छ ।

सन्दर्भमा, अदुअआजस्तो महत्त्वपूर्ण संवैधानिक अङ्गका पदाधिकारीहरू प्रमबाट पनि अख्तियारको दुरुपयोग भए कारबाही गर्न दरो हुनुपर्नेमा संविधान, संसद् र संवैधानिक परिषद्ले नचिनेका 'कर्मचारी' को दबाब र थर्काइमा लुत्रुक्क परेर 'आदेश' तामेल गरेर आफूलाई पदीय योग्यता प्रदर्शन गरेको कसरी भन्ने ? कतै प्रमको सदिच्छा साकार बनाउन अदुअआलाई जागीरको मायाले प्रमको पाल्तु बनाउन सघाएको त होइन ? सर्वत्र चर्चाको विषय भएको छ ।



भक्तपुर नपाको आ.व. २०८३/०८४ को नीति तथा कार्यक्रम सर्वसम्मतीबाट पारित गर्दै सभासद्हरू




भक्तपुर नपाको आ.व. २०८३/०८४ को बजेट प्रस्तुत गर्दै उपप्रमुख रजनी जोशी




भक्तपुर नगरपालिकाको बीसौं नगरसभाको पाँचौं बैठकले आर्थिक विधेयक २०८३, विनियोजन विधेयकसहित आ.व. २०८३/०८४ को बजेट सर्वसम्मतिले पारित गऱ्यो । असार १५ गते

